# आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि

(समालोचना)

नइ प्रकाशन

# आख्यानकार इन्दिरा प्रसाई
## सिर्जना र दृष्टि

प्रा. राजेन्द्र सुवेदी

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
आवरण फोटो : इन्दिरा प्रसाई
आवरण चित्रकार : प्रज्वल थापामगर
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १५१
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०७७ साल (2021)
ISBN: 978-9937-509-85-5
Akhyankar Indira Prasai Sirjana ra Dristi
(A Collection of Critisism by Prof. Rajendra Subedi)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेला, मौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

प्रा.राजेन्द्र सुवेदी नेपाली समालोचनाका क्षेत्रमा सुविख्यात नाउँ हो । महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले भनेका छन्– 'नेपाली समालोचना हराए राजेन्द्र सुवेदीलाई खोज्नु !' ४० पुस्तकका लेखक तथा सम्पादक सुवेदी निबन्ध, समालोचना, महाकाव्य, उपन्यासका स्रष्टा तथा समालोचकका रूपमा सिद्धहस्त मानिन्छन् । यति हुँदाहुँदै पनि उनले समालोचकका रूपमा चाहिँ ख्याति आर्जन गरेका छन् ।

प्रा.सुवेदीका समालोचना वैज्ञानिक ढाँचाका र बौद्धिक चेतनादायी साथै न्यायिक विवेचनाका दृष्टिबिन्दुबाट समेत हेरिएका हुन्छन् । यसै क्रममा उनले इन्दिरा प्रसाईद्वारा लिखित साहित्यिक कृतिहरूमध्ये आख्यानविधाको समीक्षा गरेका छन् । त्यसैले यस कृतिमा प्रा.सुवेदीले प्रसाईका कृतिहरूमध्ये हालसम्म प्रकाशित भएका प्रसाईका कथा र उपन्यासहरूका बारेको समालोचना मात्र यस ग्रन्थमा प्रविष्ट गराएका छन् ।

इन्दिरा प्रसाई नेपाली साहित्यका क्षेत्रमा सुपरिचित नाउँ हो । प्रसाईले नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध, समीक्षालगायत विविध विधामा आफ्नो प्रबल उपस्थिति जनाइसकेकी छिन् । प्रसाईका सृजनामध्ये आख्यानका सन्दर्भमा समालोचकीय दृष्टान्त यस कृतिमा प्रस्तुत गरिएको छ ।

**आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि**नामक समालोचनात्मक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची


१. **परिचय खण्ड**

आख्यानकार इन्दिरा प्रसाई : पृष्ठभूमि र सृजनयात्रा • ११

२. **कथा खण्ड**

(क) **मन सायद उघ्रँदैन** : कथासङ्ग्रहबाट उद्घाटित इन्दिरा प्रसाईका नयाँ क्षितिजहरू • २५

(ख) आख्यानकार प्रसाईका लघु कथाहरूको कथ्य र **बयान**का परिधिमा तिनको संरचनागत प्राप्ति • ४५

(ग) **दोस्रो सत्ता** सङ्ग्रहमा सङ्कलित कथाहरूको प्राप्ति • ६३

(घ) **मेरो कथा नलेखिदिनू** सङ्ग्रहका कथामा सञ्चारसंवेदना र विज्ञान कथात्मकता • ८१

३. **उपन्यास खण्ड**

(क) यौन र कारुणिक संवेदनाको परस्पराकर्षण र विकर्षणमा सृजित **विश्वामित्र** उपन्यास • १०५

(ख) नृशंसक संवेदनाको अनावृत आकृतिमा **रनमाया** उपन्यास • १२७

(ग) **शिखा** उपन्यास र इन्दिरा प्रसाईको औपन्यासिक कला • १५०

(घ) मनोविघटन तथा व्यवस्थापनमूलक उपन्यास : **उसको लोग्ने र बिरालो** • १७२

४. **समग्र निष्कर्ष**

आख्यानकार प्रसाईका प्राप्ति र सीमा • १९२

५. **सन्दर्भसामग्री**

# १. परिचय खण्ड

## आख्यानकार इन्दिरा प्रसाई : पृष्ठभूमि र सृजनयात्रा

# आख्यानकार इन्दिरा प्रसाई पृष्ठभूमि र सृजनयात्रा

## १. पृष्ठभूमि र प्रादुर्भाव

नेपाली साहित्यको समवर्ती चरणका आख्यान स्रष्टाका रूपमा परिचित इन्दिरा प्रसाई (भूवानी पुष्प, २०१४) भारतको दार्जिलिङमा जन्मेकी प्रतिभा हुन् । वंशजका आधारमा नेपाल वंशको सन्तति बनेकी इन्दिरा पिता गणेशप्रसाद शर्मा र माता श्री दुर्गादिवी नेपालको प्रथम सन्तानको रूपमा देखिएकी नारीस्रष्टा प्रतिभा हुन् । धनकुटा जिल्लाको चुङवाङ पैतृक थलो भए पनि जीवनका ऊहापोहले भारतको दार्जिलिङ र कोलकाता पुगेका गणेशप्रसाद शर्मा पछि आएर विराटनगर निवासी बनेका हुन् । सुसंस्कृत पारिवारिक पृष्ठभूमि भएका घृतकौशिक गोत्रीय नेपाल थरका महर्षितुल्य व्यक्तित्व गणेशप्रसाद शर्माको सन्ततिको शृङ्खलामा जोडिएको एक सदस्यका रूपमा इन्दिरा प्रसाईको अवतरण भएको हो । बाल्यकालदेखि नै शिक्षादीक्षाको संस्कार पाएका कारण प्रसाईको व्यक्तित्व सार्वजनिक बन्दै गएको देखिन्छ ।

औपचारिक वाणिज्य प्रशासन विषयमा स्नातकोत्तर तह एम.बी.ए.को अध्ययन पूरा गरेकी प्रसाई व्यवसायी, सरकारी नोकरी, प्राध्यापन, पत्रकारिता, साहित्य सिर्जना र भाषा तथा साहित्यको सेवा र साधनामा अधिकतर समय खर्चिने व्यक्तित्व हुन् । गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष र श्री ५ को सरकारको सल्लाहकार

बन्ने अवसरसमेत प्राप्त गरेकी उनी पत्रकारिता तथा समाजसेवामा समेत समर्पित बनेको व्यक्तित्वका रूपमा स्थापित बनेकी छन् । साहित्य सिर्जनाका सन्दर्भमा कथा, कविता, निबन्ध, समीक्षा र सम्पादन एवं सङ्गठित संस्था परिचालन कार्यमा दत्तचित्त बनेकी प्रसाईको चेतना समवर्ती साहित्य सिर्जनाका सन्दर्भमा आफ्नो परिचय स्थापना गर्न सफल स्रष्टा साबित भएको छ । यस परिप्रेक्षमा प्रसाईको सिर्जना, सम्पादन र भाषासाहित्यको सेवाभाव निकै सबल बनेर सार्वजनिक भएको छ ।

२. **सृजनयात्रा**

सिर्जनाको इतिहासमा कथा, उपन्यास, कविता, समीक्षा, निबन्ध र सम्पादनको क्रममा इन्दिरा प्रसाईको ऊर्जा खर्च भएको छ । यिनका अतिरिक्त भाषा तथा साहित्यको सेवाका क्षेत्रमा पनि प्रसाईको उपस्थिति निकै उल्लेख्य रहेको छ । आख्यानका सन्दर्भमा कथा र उपन्यासका सन्दर्भहरू सबल ढङ्गले उपस्थापन भएका छन् । २०३० बाट नै आरम्भ भएको सृजनयात्राको सन्दर्भ इन्दिरा स्वयम्का कृतिहरू 'मन सायद उघ्रँदैन' (कथासङ्ग्रह : २०५१), 'बयान' (लघु कथासङ्ग्रह : २०५५), 'दोस्रो सत्ता' (कथासङ्ग्रह : २०६२) र 'मेरो कथा नलेखिदिनू' (विज्ञान कथासङ्ग्रह : २०७४) ले साक्ष्यको काम गरेका छन् । यसका अतिरिक्त सङ्ग्रहमा आउन बाँकी रहेका कथाहरू पनि फुटकर रूपमा प्रकाशित भएका छन् ।

इन्दिरा प्रसाईको उपन्यास सिर्जनाको यात्रा पनि निकै सबल रहेको छ । मनोवैज्ञानिक उपन्यास कृतिहरूमा प्रसाईको सिर्जनात्मक प्रतिभा निकै प्रबल र हस्तक्षेपकारी रहेको सन्दर्भलाई उनका उपन्यास कृतिले साक्ष्य गरेका छन् । यस्ता उपन्यास कृतिहरूमा 'विश्वामित्र' (२०५५), 'रनमाया' (२०५८), 'शिखा' (२०५९), 'उसको लोग्ने र बिरालो' (२०६०) तथा यसै कृतिको अङ्ग्रेजी रूपान्तरित उदाहरण 'द हस्ब्यान्ड एन्ड द क्याट' (अनूदित २०६२) र इजिप्ट सरकारद्वारा

अरबिक भाषामा अनुवाद (सन् २०१०) जस्ता कृतिहरू प्रकाशित भएका छन् । त्यस्तै 'रनमाया' उपन्यासको अङ्ग्रेजी भाषामा अनुवाद (२०७४) पनि साक्ष्य छ । यिनका आधारमा प्रसाईको सिर्जनाचेत निकै प्रबल बनेको छ भन्ने कुरा स्पष्ट छ । त्यसो त प्रसाईको साहित्य सिर्जनाको बहुआयामिक व्यक्तित्व अनेक दिशामा विस्तारित बनेको सन्दर्भ पनि भुल्न मिल्दैन ।

कविताका सन्दर्भमा प्रसाईको गति त्यत्तिकै तीव्र अवस्थामा सार्वजनिक भएको स्थिति देखिन्छ । 'वायुपङ्खी घोडा' (कवितासङ्ग्रह : २०५७), 'तिमी हुनुको' (लामो कविता : २०५७), 'ए समुद्र' (लामो कविता : २०६३), 'शारदा' (लामो कविता : २०६९) 'नेपाल न्युज डट कम' (कवितासङ्ग्रह : २०५९), 'माल्दाइलाई चिठी' (कवितासङ्ग्रह : २०६१), 'विइङ अफ यु' अङ्ग्रेजी भाषामा अनुवाद (लामो कविता : सन् २०१७), 'हरिमाया' (खण्डकाव्य : २०७४) लगायतका कविता कृतिहरूको प्रकाशनले प्रसाईको योगदानलाई सार्वजनिक गरेको छ । यसरी नै सिर्जनात्मक तथा पत्रात्मक निबन्ध र जीवनी तथा समीक्षात्मक सिर्जनामा पनि प्रसाईको योगदान रहेको छ ।

समीक्षात्मक तथा जीवनीमूलक लेखन र पत्रात्मक लेखनमा क्रियाशील प्रसाईका 'प्रिय नरेन्द्र' (समीक्षात्मक पत्र निबन्ध, २०६१), 'मेरी सासू' (जीवनीमूलक निबन्ध, २०६५), 'भागीरथा प्रसाईको निर्वाण' (जीवनीमूलक निबन्ध : २०६९), 'उषा शेरचनको शङ्खघोष' (समीक्षा : २०७२) छन् । निजात्मक अनुभूति र जीवनीका कोणहरूका दोभान बनेका सिर्जना र समीक्षाको चिन्तनले कृतित्वको रूप प्राप्त गरेको स्थिति प्रकाशमा आएका ग्रन्थहरूले साक्ष्य गरेका छन् । यिनका अतिरिक्त प्रसाईको योगदान सम्पादनको सन्दर्भमा पनि जोडिन आएको छ ।

पत्रिका सम्पादनका सन्दर्भमा 'कथाक्रम' ( कथाप्रधान साहित्यिक त्रैमासिक : २०४१), 'नवचन्द्रिका' (२०४२), 'प्रज्ञापत्र' (साहित्यिक समाचारपत्र : २०५२), 'भानुमोती' (२०५५) जस्ता साहित्यिक पत्रिका र 'साप्ताहिक बहस' (२०४३), 'निष्कर्ष दैनिक' (२०४६) जस्ता समाचार पत्रिका सम्पादनका सन्दर्भमा प्रसाई साहित्यिक पत्रकार र समाचार पत्रकारका रूपमा पनि परिचित व्यक्तित्व निर्माण भएको प्रतिभाका रूपमा प्रस्तुत भएको देखिन्छ । नेपाल टेलिभिजनको विराटनगर प्रसारण केन्द्रबाट समाचार वाचिका (२०४५-२०४६) मा कार्य गरेर दृष्य पत्रकारको भूमिका पनि निर्वाह गरेकी व्यक्तित्व देखिन्छ । यस्तै साहित्यकार तथा अन्य विशिष्ट प्रतिभाका जीवनी, समीक्षा र मतअभिमतहरूलाई सम्पादन गर्ने काम पनि प्रसाईबाट सिद्ध भएको देखिन्छ ।

इन्दिरा प्रसाईबाट अर्को सबल पक्ष पनि प्रस्तुत भएको देखिन्छ । त्यो के हो भने समाज निर्माण क्षेत्रमा र योगदानका क्षेत्रमा विशिष्ट प्रतिभाको योगदान दिने ग्रन्थको सम्पादन र कतिपय सहसम्पादनका रूपमा प्रकाशित भएका कृतिहरूमा 'भारती खरेल : सिर्जना र समीक्षा' (२०५२), 'गणेश गुरु : साधनादेखि समाधिसम्म' (२०५४), 'रुद्रराज पाण्डे : सृष्टि र दृष्टि' (२०५४), 'एउटा अमर प्राज्ञ : बालकृष्ण सम' (२०५४) 'भूपाल अर्चना' ( २०५५), 'उकाली ओरालीमा तारादेवी' (२०५६), 'ईश्वर बराल : कृति र कीर्ति' (२०५७), 'श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व' (२०५७) 'सङ्गीत शिरोभूषण : नातिकाजी' (२०५८), 'कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म' (२०६०), 'ईश्वरवल्लभ आयाम र आकृति' (२०६०), 'मिश्रका कृति : कविका दृष्टि' (२०६०), 'त्रिमूर्ति निकेतन' (२०६०), 'शरदचन्द्र भट्टराईको इतिवृत्त' (२०६२), 'बगेको खोला' : सम्पादन (आत्मकथा, मूल लेखक दुर्गादेवी नेपाल) जस्ता कृतिले प्रसाईको सम्पादकीय व्यक्तित्व उजागार गरेको छ । 'मेरा जीवन : मेरी

कहानी' (हिन्दी भाषामा, मूल लेखक त्रैलोक्यनाथ श्रेष्ठ २०५४) कृतिले प्रसाईको अनुवादक व्यक्तित्व सार्वजनिक भएको छ ।

यिनका अतिरिक्त अनुवाद तथा प्रकाशकीय तथा सम्पादकीय लेखन र शुभकामना मन्तव्य लेखनका आधारमा पनि प्रसाईको सिर्जना तथा समीक्षाचेत प्रखर बन्दै गएको स्थिति देखिन्छ । यस्ता अनेक सन्दर्भबाट निरूपित हुन सक्ने स्थिति निष्कर्षित बन्न पुगेको कुराले यिनलाई पनि अध्ययनको विषय बनाउन सकिन्छ । यस कारण उनको सिर्जनाचेत निकै प्रबल बन्दै गएको छ भन्ने कुरा सिद्ध गर्न त्यति अस्वाभाविक र अतिशयोक्ति ठहर्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

प्रसाईलाई भुल्नै नमिल्ने अर्को पक्ष के पनि हो भने त्रिमूर्ति निकेतन तथा नइ प्रकाशनको स्थापना र यसबाट कृतिहरू प्रकाशन तथा अधिकांश नि:शुल्क प्रदान गर्ने काम पनि विशेष स्पृहणीय रहेको छ । विश्वस्तरमा छरिएर बसेका नेपाली स्रष्टाहरूलाई मूल सूत्रमा आबद्ध गर्ने र साहित्य सञ्चारको दूतको रूपमा विस्तारित गर्ने काम पनि उनबाट भएको छ । त्यस्तै नेपालका विभिन्न क्षेत्रमा रहेका बाल, वयस्क र बृद्ध प्रतिभाको पहिचान गरी तिनका विविध योगदानलाई कदर गर्ने, सम्मान र पुरस्कार अर्पण गर्ने, संस्कृतिको जग बसाउने काम पनि उनबाट भएको छ । भाषा, साहित्य, कला, संस्कृति, विज्ञान तथा प्रविधिलगायत नेपाली राष्ट्रियता प्रवर्धनहेतु विविध क्षेत्रमा योगदान गर्ने देशभित्रका विभिन्न कुनाकन्दरामा रहेका र विदेशमा बसेका नेपाली र विदेशी प्रतिभाहरूलाई समेत खोजीखोजी सम्मान, अभिनन्दन र पुरस्कार प्रदान गर्ने काममा पनि प्रसाईको विशिष्ट योगदान रहेको छ ।

प्रसाईको योगदानको अर्को पक्ष झन् विशिष्ट रहेको छ । राष्ट्रका दिवङ्गत प्रतिभाहरूका जयन्ती, शतवार्षिकी र द्विशतवार्षिकीका उत्सव, महोत्सवका आयोजनाका माध्यमबाट राष्ट्रको जिम्मा लिएका शासकलाई नै लज्जित बनाउने स्तरका कार्यक्रम गर्ने

काम पनि प्रसाईबाट भएका छन् । लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी, भानभुक्त आचार्यको द्विशतवार्षिकीजस्ता राष्ट्रियभन्दा माथि उठेर अन्तर्राष्ट्रिय रूप लिएका महोत्सवहरूको अवधारणा तथा कार्यान्वयनका पक्षहरू यस राष्ट्रलाई नै महिमाशाली गराउने ढङ्गले सम्पन्न भएका छन् । त्यस्तै जीवित प्रतिभाहरूलाई केन्द्र बनाएर गरिएका अत्युच्च सम्मानको अवधारणा निर्माण र त्यस्ता अवधारणाको कार्यान्वयनमा कवि माधवप्रसाद घिमिरेलाई अर्पण गरिएको राष्ट्रकविको सम्मान, सत्यमोहन जोशीलाई अर्पण गरिएको वाङ्मय शताब्दी पुरुषको सम्मान पनि प्रसाईसमेत (नइ)को पहलमा भएको हो र राष्ट्रले यसलाई औपचारिकता प्रदान गरिसकेको स्थिति सार्वजनिक भएको छ ।

प्रसाईबाट जीवित प्रतिभाकै सम्मानको क्रममा स्रष्टा वानीरा गिरिलाई नेपाली साहित्यका विश्वनारी रत्न नामको सम्मान पनि अर्पण गरिएको छ । राष्ट्रले गर्न नसकेका यस्ता कामहरूका आधारमा विमर्श गरेर निकालिएका योगदानको केन्द्रमा यहाँ स्रष्टा प्रसाईको मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ । यस विमर्शबाट के पनि सिद्ध हुन्छ भने स्रष्टा इन्दिरा प्रसाईका यी विविध अवधारणाहरूलाई कार्यान्वयनको तहमा पुऱ्याउने ऊर्जा त्यत्तिकै शक्तिशाली स्रष्टा, उनका पति नरेन्द्रराज प्रसाईबाट मिलेको सन्दर्भलाई स्मरण नगर्ने हो भने निकै ठूलो कृतघ्नता बेहोर्नुपर्नेछ । यी अनेक किसिमका सत्कार्यको कदर पनि प्रसाईलाई प्राप्त भएको छ । यसबाट के सिद्ध हुन्छ भने यस राष्ट्रका सञ्चालकहरूको आफ्नै दलबाट मान्यता र सिफारिस पाएका र सङ्कीर्ण चेतनाका पार्टी प्राज्ञ र पार्टी प्राध्यापक अर्थात् सङ्क्षिप्त रूपमा 'पाप्रा' भनिने प्रतिभाको सम्मान गर्ने सरकारको अकर्मण्य दृष्टिभन्दा उदार र उदात्त चिन्तन राख्दै आफ्नो एक्लो तहबाट काम गर्ने क्षमता भएका कारण प्रसाईलाई अनेक सम्मान पनि मिलेका छन् ।

**३. प्रसाईको योगदानको पहिचान र कदर**

प्रसाईलाई प्राप्त भएका पुरस्कार तथा सम्मानहरू देहायअनुसार रहेका छन्– राष्ट्रिय युवावर्ष मोती पुरस्कार (२०५१), मैनाली कथा पुरस्कार (२०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), राष्ट्रिय गौरव युवा सम्मान (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०५८), वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५८), भानुभक्त सम्मान (२०६२), भद्रकुमारी घले पुरस्कार (२०६४), दीपज्योति सम्मान (२०६७), देरूनीख पुरस्कार (२०६७), भारती खरेल स्मृति पुरस्कार (२०७४), धनमान लघु कथा पुरस्कार (२०७४) र वासुशशि स्मृति पुरस्कार (२०७६) पर्दछन् । यस्ता पुरस्कार, सम्मान र अभिनन्दनहरू कुनै एकल र कुनै पतिसमेतसँग संयुक्त रूपमा पाइसकेको व्यक्तित्वका रूपमा उनको परिचय कायम भएको छ ।

बहुआयामिक व्यक्तित्वका धनी प्रसाई साहित्यको आख्यान विधाअन्तर्गत पर्ने कथा र उपन्यास दुवै प्रविधामा सशक्त हस्ताक्षरका रूपमा परिचित छन् । प्रसाईको लेखनयात्रा २०३० को दशकदेखि नै आरम्भ भएको हो । सामाजिक धरातलमा अडेका सांस्कृतिक तथा आर्थिक स्थितिले जन्माइदिएका मानसिक चापबाट जन्मिएका विषय र मनोवैज्ञानिक रूपमा समेत सङ्ग्रन्थित बनेका समस्याहरू उनका आख्यानका रूपमा प्रकट भएका छन् । विशेष गरी सांस्कृतिक विसङ्गतिको स्थिति हाम्रो वर्तमान जीवनका परिधिमा देखिने वञ्चितीकरणका घुरीमा परेका साहित्यिक मूल्यलाई राजनीतिक तथा प्रशासनिक प्रताडनाको पीडा पनि भोग्न विवश बनेको जीवनलाई कवितामा उपस्थापन गर्न प्रसाई क्रियाशील देखिएकी छन् । समाज र जीवनका प्रतिनिधि बिम्बहरूलाई टिपेर यिनका जीवनका आयतनमा आख्यानीकरण गर्ने शिल्पी प्रसाई साहित्यका विभिन्न विधामा समान रूपमा सर्जक, समीक्षक र सम्पादक बनेर सार्वजनिक भएकी

प्रतिभा हुन् । यस सन्दर्भमा समग्र प्रतिभाको रूपण समीक्षित हुनु प्रसाईमाथि न्याय हुने ठानिएको छ र यसै विषयलाई यहाँ सान्दर्भिक पनि ठानिएको छ ।

सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनमा प्रसाईको चिन्तनले खेलेको भूमिका महत्त्वपूर्ण छ । भाषा, साहित्य र संस्कृतिका पोषकहरूको सम्मान, सम्मेलन, गोष्ठी, राष्ट्र तथा अन्तर्राष्ट्रसम्मका प्रतिभाको पहिचान गरी सम्मान गर्ने संस्कृति प्रसाईदम्पतीबाट सञ्चालित नइ प्रकाशन तथा त्रिमूर्ति निकेतनबाट हुने गरेको छ । राष्ट्रका प्रतिभाहरूको जयन्ती र जन्मोत्सव आदिको आयोजना गर्ने काममा पनि प्रसाईको पहलले राष्ट्रलाई उछिनेर अन्तर्राष्ट्रिय जगत्मा समेत पुगेको छ । यस क्रममा सर्जक प्रसाईको साहित्य सृजनकर्ममध्ये आख्यानविधालाई यहाँ विमर्शको केन्द्र बनाइएको छ ।

कथाको सृजनयात्रासँगसँगै उपन्यास सिर्जनामा पनि यसरी नै जोडिने प्रसाईको लेखन दुवै प्रविधामा त्यत्तिकै विशिष्ट संवेदनाका सूचकहरू लिएर प्रकट भएका छन् । आख्यानका उपकरणका रूपमा उपस्थित भएका विषयहरू नेपाली विश्व मानवले भोगेका विषयहरूमा वितरित बनेका छन् । त्यस्ता कथासङ्ग्रहहरूमा नेपाली समाज र संस्कृतिका, धर्म र परम्पराका, जीवन चिन्तन र राजनीतिक नियमनका, अर्थ र राज्यव्यवस्थाका स्थापित मान्यतामाथि औँलो ठडयाइएका सामाजिक विद्रूपताका प्रश्नहरू पनि उनका कथाका विषय बनेका छन् । यस्ता जीवनगत संवेदनाका उदाहरण बनेका उनका कथाकृतिहरू प्रशस्तै प्रकाशमा आएका छन् । आजका सन्दर्भमा इन्दिराका कथाहरू समाजको आकृतिलाई कतै कुरूप यथार्थका रूपमा र कतै सुरूप यथार्थका रूपमा बिम्ब बनेर प्रकाशमा आएका छन् । उनका कथाकृतिले समाज र जीवनको यथार्थलाई जीवन्त बनाएर प्रकटमा ल्याएको छ ।

अर्को पक्ष प्रसाईको निबन्धचेत पनि त्यत्तिकै सफल रूपमा प्रकटमा आएको छ । व्यक्तिको सिर्जनाचेतमा ऊर्जा प्रदान गर्ने अनेक पक्षहरू हुन्छन् । यसरी उनलाई उत्प्रेरित गर्ने स्थितिमा चाणक्यको उक्ति– 'संसर्गजा दोषगुणाः भवन्ति ।' अर्थात् मान्छेमा संसर्गका कारणबाट नै गुणदोषहरू जन्मिन्छन् भन्ने कथनअनुसार नै नेपाली साहित्यका विशिष्ट जीवनीकार नरेन्द्रराज प्रसाईकी सहधर्मिणीसमेत भएका नाताले र आफैँमा विशिष्ट मौलिक सिर्जनाचेतसमेत भएका कारण जीवनीलेखनमा पनि आफैँ सहभागी भएर लेखिएका सन्दर्भहरूले प्रसाईलाई निकै नै विशिष्ट आत्मसहभागितात्मक जीवनीकारका रूपमा प्रतिष्ठा प्रदान गरेको छ । यस दिशाको प्रतिष्ठा 'मेरी सासू' शीर्षकमा इन्दिराले लेखेको आत्मसमाहित बनेको परकीय जीवनीले आधिकारिक लेखनको साक्ष्य गरेको छ । निबन्ध र आत्मसमीक्षा तथा परकीय जीवनीचेतका विशिष्टताहरूलाई समायोजित गरेर जीवनी सिर्जना गर्ने क्षमता पनि इन्दिरामा उपस्थित भएको छ । यहाँ किञ्चित् आख्यान, किञ्चित् निबन्ध, किञ्चित् आत्मसमीक्षा, किञ्चित् नाटकीय संवेदनासमेतको उपस्थापनबाट पनि सिर्जनाचेत प्रक्षेपित गर्ने सहज संवेदना इन्दिराका सिर्जनामा समाहित भएका छन् भन्ने कुरा सिद्ध हुन्छ ।

## ४. सर्जक प्रसाईको चेतना र चिन्तन

इन्दिराको भावयित्री प्रतिभा समालोचना तथा सम्पादनका क्रममा पनि क्रियाशील बनेर देखा परेको छ । त्रिमूर्ति निकेतनबाट प्रकाशित विभिन्न कृतिहरू र नइ प्रकाशनबाट प्रकाशित कृतिहरूको सम्पादन, सम्पादकीय तथा प्रकाशकीय लेखन, सहसम्पादन तथा प्रत्यक्ष तथा परोक्ष रूपमा साहित्यिक तथा गैरसाहित्यिक सामग्रीको परिशोधन र परिष्करणका सन्दर्भमा भूमिका खेल्ने प्रसाईको योगदान विशिष्ट किसिमको रहेको छ । यस्ता कृतिहरूको प्रकाशन, तिनको सार्वजनिकीकरण र पुरस्करण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका

उच्चस्तरीय सम्मेलन र गोष्ठीहरूको आयोजना र तिनको परिचालन आदिको व्यक्तित्व इन्दिरामा समाहित भएका कारण नेपाली समाज तथा विश्वसमाजका साहित्यिक तथा सांस्कृतिक संवेदनाले विशिष्ट व्यक्तित्व तथा दृष्टि सञ्चेतना निर्माणमा विशिष्ट योगदान पुगेको स्थिति देखिन्छ । देशभित्र र देशबाहिर रहेर नेपाली भाषा र साहित्यमा प्रदान गरिँदै आएको योगदानको कदर गर्दै आएको अनि छायामा परिरहेका स्रष्टा एवं साधकहरूको सोध, खोज र पहिचान गरेर सम्मान तथा पुरस्कार प्रदान गर्ने काममा पनि समर्पित इन्दिराको योगदान यहाँनिर उल्लेखनीय विषय बनेको छ ।

एक व्यक्तिको सृजनशील प्रकृति निर्माणमा यस्ता विशिष्ट पक्षले भूमिका त खेलेकै हुन्छ । यसरी प्रेरक तत्त्व बनेर रहेका स्रष्टाको सिर्जनाचेतमा वंशाणुगत गुणको पनि प्रभाव जीवन्त रहन्छ । इन्दिराका सन्दर्भमा उनका पिता गणेशप्रसाद शर्मा अर्थात् गणेश गुरुको आत्मस्वाभिमान, सिर्जनशील तथा प्राज्ञिक निष्ठाको प्रभाव जीवाणुमा र संस्कारमा नै परेको सन्दर्भ पनि यहाँनिर स्मरण गर्नुपर्ने हुन्छ । नेपाली समाजमा प्रवेश गरेका आधुनिक शिक्षा, आधुनिक समाज तथा जीवन चिन्तन र सांस्कृतिक संवेदनाका अनेक ऊहापोह र उतारचढाउ आदिको स्थितिलाई आफूमा समाहित गर्न सक्ने संस्कार बनाएका सर्जकमा पर्ने प्रभावलाई तिनका सिर्जनाले आफूमा समायोजित गरेर राखेका हुन्छन् भन्ने सन्दर्भ इन्दिराबाट सृजित साहित्यिक कृतिले साक्ष्यको काम गरेका छन् । आरम्भमा मनोविज्ञानका पनि यौन सन्दर्भमा अनुरक्त इन्दिरा बिस्तारै नेपाली समाजले आत्मसात् गरेका आदिमानवीय सभ्यता, पौराणिक तथा पूरा मानवशास्त्रीय संवेदना एवं सामाजिक यथार्थताका बिम्बहरू सिर्जनाका आधार बिम्ब बनाउने स्थितिमा प्रवेश गर्दै गएको देखिन्छ । यो स्थिति यहाँ प्रसाईका कवयित्री चेतनाको उत्प्रेरक विषय बनेर प्रकटमा आएको पाइन्छ । यिनै पृष्ठभूमिमा स्रष्टा इन्दिराको सृजनचेतना निर्माण भएको छ ।

## ५. निष्कर्ष

स्रष्टाको सृष्टि चेतनाका क्रममा प्रभाव पार्न आउने आन्तरिक तत्त्वहरूमा उसको आदिवृत्ति, संस्कार तथा वंशाणुगत गुण आदिको भूमिका रहन्छ । त्यस्तै समाज र संस्कृतिका, पर्यावरण र परम्पराका, समय र युगका अनेक प्रभावहरू स्रष्टाका सिर्जनामा जीवन्त रहन्छन् । सृजनशील चेतनाको ऊर्जा उसले प्राप्त गरेको शिक्षादीक्षा, उसका वरिपरिको पर्यावरण र सांस्कृतिक तथा सामाजिक स्थितिसमेत उत्प्रेरक पक्ष बनेर रहेको हुन्छ । स्रष्टा इन्दिरामा पूर्वीय संस्कारको अविच्छिन्न शृङ्खलाको अनुस्यूति छ, नेपाली संस्कार र संस्कृतिको पनि अविच्छिन्न अनुस्यूति छ र आधुनिक ज्ञान र तिनले पारेका प्रभावहरूको पनि यसै अनुस्यूतिमा समायोजित बनेको रङ्ग तरङ्ग छ । यिनै प्रभावको न्यूनता र अधिकताका सन्दर्भहरू संयोजित बन्दै गएर स्रष्टा इन्दिरा प्रसाईको विशिष्ट स्रष्टा चेतना निर्माण भएको छ ।

इन्दिरा प्रसाईको सर्जक व्यक्तित्व निर्माणमा खपत भएको ऊर्जाको सङ्क्षिप्त सूचना यहाँ यति मात्र प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । उनको लेखनयात्रा र व्यक्तित्व निर्माणको पारस्परिक सम्बन्ध सृजित सामग्रीले सहज र संवेदित सत्यको साक्ष्य गरेर प्रकटमा आएका छन् । यिनै सत्यहरू प्रद्योतीकरण पनि बन्दै सर्जकको सृजनयात्राका सोपान क्रममा प्रकटमा आएका छन् । यिनै तथ्यहरूको उपयोग गर्दै इन्दिराका आख्यानलाई यहाँ आख्यान तथा सामाजिक र सांस्कृतिक चेतनाका आधारमा विवेचना गर्न प्रयत्न गरिएको छ । यसरी आख्यानमा पनि पहिलो सन्दर्भमा कथा र दोस्रो सन्दर्भमा उपन्यासको चर्चा गरिएको छ । अन्ततः परिशिष्टमा चाहिँ केही समीक्षा र जीवनीमूलक रचनाको विवेचना गरेर यस ग्रन्थको अन्त गरिएको छ । यसको अध्ययनबाट आधुनिक नेपाली उपन्यास र कथाको परम्परामा इन्दिरा प्रसाईको प्राप्ति निरूपण गर्न सहज र सुगम हुने विश्वास गरिएको छ ।

# २. कथा खण्ड

(क) **मन सायद उघ्रँदैन** : कथासङ्ग्रहबाट उद्घाटित इन्दिरा प्रसाईका नयाँ क्षितिजहरू

(ख) आख्यानकार प्रसाईका लघु कथाहरूको कथ्य र **बयान**का परिधिमा तिनको संरचनागत प्राप्ति

(ग) **दोस्रो सत्ता** सङ्ग्रहमा सङ्कलित कथाहरूको प्राप्ति

(घ) **मेरो कथा नलेखिदिनू** सङ्ग्रहका कथामा सञ्चारसंवेदना र विज्ञान कथात्मकता

# 'मन सायद उघ्रँदैन' कथासङ्ग्रहबाट उद्घाटित इन्दिरा प्रसाईका नयाँ क्षिजितहरू

**१. विषयप्रवेश**

आख्यान : प्रसाईको कथा सिर्जनाले २०५१ सालमा सङ्ग्रहको तहमा आएर मूर्त रूप प्राप्त गऱ्यो । यस कार्यको साक्ष्यका रूपमा पन्ध्रओटा कथाको बिटो लिएर 'मन सायद उघ्रँदैन' शीर्षकमा कथा प्रकाशित भएपछि प्रसाईको उपस्थिति नेपाली कथा क्षेत्रमा निकै हस्तक्षेपकारी हैसियत लिएर देखा पऱ्यो । प्रस्तुत सङ्ग्रहका कथाहरूले समाज, संस्कृति, अर्थव्यवस्था र मनोविज्ञानका अनेक आयामहरूको आधार भूमिमा कथा सिर्जना गर्ने स्रष्टाका रूपमा उनको दरिलो उपस्थिति देखिएको छ । यस सङ्ग्रहमा जीवन र जगत्का आयाममा छरिएका नयाँनयाँ अनुभूतिलाई कथाको आयतनमा सजाएर राख्ने र कथामा निहित कथ्यका माध्यमबाट समाजलाई अपेक्षित सन्देश पनि दिने काम प्रसाईको कथाकारिताको धर्म बनेको छ । यसै प्रवृत्तिका आधारहरू प्रस्तुत गर्ने सन्दर्भमा प्रसाईका कथा सिर्जना भएका छन् । यिनै तथ्य र कथ्यका सन्दर्भमा जोडेर प्रस्तुत सङ्ग्रहका कथाको विवेचना गरिनु सान्दर्भिक हुने हुँदा यहाँ सोही विषयअनुरूप लिइएको छ ।

प्रस्तुत सङ्ग्रहका कथाहरूको व्यवस्थापन निम्नअनुसार गरिएको छ । यसमा रहेका कथाको क्रम निम्नानुसार रहेको छ :

(क) ‘दिग्भ्रान्त’, (ख) ‘नेल्सन र नेली’, (ग) ‘पात्र र पात्रहरू’, (घ) ‘माटाका फूलहरू’, (ङ) ‘आ आत्महत्या, आत्महत्या दुष्यन्त’, (च) ‘मास्क’, (छ) ‘मन सायद उघ्रँदैन’, (ज) ‘करोटन’, (ऊ) ‘हिमायती’, (ञ) ‘मृगतृष्णा’ (ट) ‘... र एउटा बालुवाको घर’, (ठ) ‘प्रसङ्गहीन’, (ड) ‘मर्म’, (ढ) ‘सापेक्षित सुख’ र (ण) ‘राधा ! मलाई तिमी चाहिन्छ’ । त्यसो त पन्ध्रओटा कथाको वैशिष्टचका आधारमा कथाकार इन्दिरा प्रसाईको प्रारम्भिक कथाचेतना मुखर बनेको सन्दर्भ अध्ययन गर्न सकिने स्थिति देखिएको छ । आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणमा देखिने समग्र कथाकारहरूका पङ्क्तिमा स्पष्टै ठमिने र नारी कथाकारहरूका पङ्क्तिमा अग्रणी देखिने प्रसाईको कथा चेतनाको सबल साक्ष्यका रूपमा उनको उपस्थिति देखिन्छ र उनको कथा सिर्जनाको पूर्वार्द्ध चरणको सबल साक्ष्यका तहमा प्रस्तुत कथासङ्ग्रह उभिएको छ । कथाका सन्दर्भमा ‘बयान’ लघु कथासङ्ग्रहले साक्ष्य गरेको २०५५ साल र ‘विश्वामित्र’ उपन्यासले साक्ष्य गरेको २०५५ साल आख्यानका सन्दर्भमा पूर्वार्द्ध चरणको सीमारेखा बनेको छ ।

समाज मनोविज्ञानका सन्दर्भमा शिवकुमार राई, दौलतविक्रम विष्ट, रमेश विकललगायतका कथाकारहरूको निरन्तरतामा प्रसाईको उपस्थिति देखिन्छ । यौनमनोवैज्ञानिक कथा सिर्जनाका सन्दर्भमा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, तारिणीप्रसाद कोइराला, पोषण पाण्डे, पारिजात तथा प्रेमा शाह, किशोर नेपाललगायतका कथाकारहरूको शृङ्खलामा कथाकार प्रसाईको सबल स्थान बन्दै गएको कुरा यस सङ्ग्रहका कथाले सङ्केत गरेका छन् । त्यसरी नै नेपाली नारी कथाकारहरूका पङ्क्तिमा पनि पारिजात, गीता केशरी, प्रेमा शाह, पद्मावती सिंह, माया ठकुरी, भागीरथी श्रेष्ठ, चन्द्रकला नेवार, हिरण्यकुमारी पाठक, सीता पाण्डेलगायतका समूहमा आफ्नो अग्रणी पहिचान राख्न सक्ने खुबी इन्दिरा प्रसाईमा देखिन्छ । उक्त विशेषताहरूलाई यस पहिलो कथासङ्ग्रहका कथाहरूले नै सिद्ध

गरेका छन् । उनको सृजनयात्राको यस पूर्वार्द्ध चरणले नै समाज, यौनचेतना, मनोविज्ञान र भौतिक विज्ञान आदिको शिष्ट र सौम्य आवरणका आधारमा सृजित कथाका साथ आफूलाई प्रकट गर्न सक्छन् भन्ने सन्दर्भ प्रकटमा आएका छन् ।

**२. सङ्गृहीत कथाको विषय सन्दर्भ**

प्रस्तुत सङ्ग्रहमा समावेश भएका यस प्रकारका विषयगत सीमाका परिधिमा प्रसाईका उपर्युक्त कथाहरू समेटिन्छन् । कथाको विश्लेषणको सन्दर्भलाई निम्नानुसारका सूत्रमा समाहित गर्न सकिन्छ । नेपाली समाज आर्यपरम्पराबाट निर्मित मर्यादा र सामाजिक तथा सांस्कृतिक मूल्यको परिवृत्तमा पारस्परिक सहयोग तथा वसुधैव कुटुम्बकम्को भावले ओतप्रोत छ र यसको निरन्तरतामा शृङ्खलित बन्दै आएको समाज हो । यस समाजको संरचना पारिवारिक, सामाजिक तथा राष्ट्रिय परिधिसम्मको आन्तरिक सम्बन्धमा नियमित तथा निरन्तरित पनि बन्दै आएको समाज हो । यसको शिष्टता र मर्यादाका आफ्नै विशिष्ट सीमाहरू छन् । प्रसाई यिनै मर्यादाको पक्षलाई नियमन गर्ने दिशामा निकै सचेत र मर्यादामा रहेर कथा सिर्जना गर्ने स्रष्टाका रूपमा स्थापित बनेकी छन् । सङ्कलित कथाहरूलाई कथ्यका दृष्टिले निम्न आधारमा सामूहिकीकरण गरेर विवेचना गर्नु सान्दर्भिक देखिन्छ । (१) सामाजिक आवरणमा संरक्षित यौनचेतना, (२) नारीका पीडाको उपस्थिति, (३) आर्थिक अभावका कारण जन्मिएका संवेदना, (४) जीवनको सङ्घर्ष र वितृष्णाबाट जन्मिएको पलायन, (५) वैज्ञानिक सन्त्रासबाट जन्मिएको संवेदना । यसरी प्रसाईका कथाहरूलाई यहाँ साक्ष्यका आधारमा व्याख्या गर्नु सान्दर्भिक देखिएको छ । प्रसाईका कथाहरू जीवनका व्यापक आयामहरू लिएर पाठकसमक्ष प्रकट भएका छन् । यी कथाहरूको विवेचना कार्य सहजताका दृष्टिले उनका कथाहरू माथि विभाजन गरिएका पाँचओटा वर्गमा राखेर निरूपण गर्ने जमर्को गरिएको छ । जीवनको सरलताभित्र

अनेक जटिलता प्रतिबिम्बित हुने सृजनधर्तीमा ऊर्जाशील कथा सिर्जना गर्ने प्रसाईको चिन्तन निकै ऊर्जस्वी सिद्ध भएको पाइन्छ ।

(१) सामाजिक आवरणमा संरक्षित यौन चेतना : यस समूहमा पर्ने पाँचओटा कथाहरू छन् । यस समूहमा पर्ने ती कथाहरू हुन्– 'दिग्भ्रान्त', 'नेल्सन र नेली', 'प्रसङ्गहीन', 'सापेक्षित सुख' र 'मर्म' । यी कथाहरूमध्ये पहिलो कथा 'दिग्भ्रान्त'मा समरनाथ शिक्षकको रूपमा देखिने व्यक्ति आफैँले पढाउने गरेकी विद्यार्थी अभिलाषाप्रति एकतर्फी यौनआकाङ्क्षामा अल्झेको देखिन्छ । साथै बाहिरी सतहमा संयमित देखिने यौन आन्तरिक तहमा निकै अशिष्ट र अमर्यादितझैँ अभिव्यञ्जित बनेको छ । यस स्थितिलाई कथाले संयतापूर्वक स्थापित गरेको छ । 'नेल्सन र नेली' अनेपाली समाजका युवाजोडीको केन्द्रमा सृजित यस कथामा पनि नारी र पुरुषबीचका विपरीत यौनआकर्षणको संवेदना प्रतिपादन भएको छ । 'प्रसङ्गहीन' शीर्षकको कथा पनि एकतर्फी ढङ्गले आकर्षित बनेको यसको यौनसंवेगको प्रस्तुतिमा केन्द्रित छ । मान्छेको अचेतनमा रहेको यौनसंवेगलाई यहाँ प्रस्तुत गरिएको छ । सापेक्षित सुख पनि यौनको प्रत्यक्ष अनुभूति प्रक्षेपण गर्ने र असन्तुलित यौनको सिकार बनेको पुरुषको तथा पतिपरायणा नारीको संवेदनापूर्ण अनुभूतिको दयनीय अवस्था प्रदर्शन गर्ने कथा हो । त्यस्तै 'मर्म' शीर्षकको कथा पनि उत्तेजनायुक्त कामवासना र अजागृत यौनचेतनाको द्वन्द्वमा जन्मेको यौनको पीडालाई सन्तुलनमा ल्याउन नसकिरहेकी नारीको यौनतिर्खाबाट आतङ्कित बनेको किशोरको मनोदशा यस कथामा अभिव्यञ्जित भएको छ । प्रसाईले यस कित्ताका कथालाई यौनको सीमा अतिक्रमण हुने स्थितिलाई भने यहाँ उपस्थापन गरिएको स्थिति देखिन्छ । यसरी जीवनलाई प्रभावित पार्न आउने सामाजिक मर्यादाका सीमाभित्रको यौन आकर्षण र विकर्षणका स्थितिहरू संयमित अवस्थाका आवरणमा प्रकट भएका छन् ।

(२) नारीका पीडाको उपस्थिति : पुरुषसत्ताले कायम गरेको कथित बलियो सांस्कृतिक, आर्थिक, नैतिक पर्खालभित्र घेरिएका नेपाली नारीका दारुण दशाहरू यस समूहका कथामा रहेका विषय हुन् । नारीलाई एकातर्फ पूजनकी प्रतीक मान्ने र अर्कातर्फ यहीँ नै नारीलाई भोग्याका रूपमा लिने र नारीका सन्दर्भ पनि यस समूहका कथाहरूले प्रकट गरेका छन् । यस्ता कथाहरूमा पर्ने पहिलो 'पात्र र पात्रहरू' कथा पनि प्रसाईका कथाका विषय बनेका छन् । यस समूहमा पर्ने कथाहरूमा विविध संस्कृति, पर्यावरण र जाति धर्म र पर्यावरणमा संस्कार निर्माण भएका पौने दर्जनजति पात्रहरूको चयन गरेर कथाको रूप प्रदान गरिएका यस कथाको अनेक नारीले समीकृत एकै नारीत्व र पुरुष प्रताडित चरित्रको बिम्बमा प्रकट भएको सन्दर्भमा कथाको निर्माण भएको स्थिति देखिन्छ । नारीको पराश्रयताको अवस्था, आफू वालबिधुवा भएकी र मालिककी छोरी विवाह भएर पतिगृह जाँदा सँगै गएकी एक भान्छे नारीको पीडित र असन्तुष्ट चिन्ता 'मन सायद उघ्रँदैन' कथाले प्रकट गरेको छ ।

यस्तै 'हिमायती' शीर्षकको कथामा नारी नै नारीकी विद्वेषिणी बन्न सक्छे भन्ने आशय सिद्ध गर्ने प्रयत्न गरिएको छ । प्रस्तुत कथा नारीमुक्तिको अभियानको आवरणमा उभिएकी धूर्त नारीचरित्रको करतुत अनावरण गर्ने काममा सफल बनेको छ । यस कथाले पुरुष समाजका नारीहरू विपरीत लिङ्गीय सदस्यबाट मात्र होइन, नारीबाटै नारीहरू शोषित छन् भन्ने कुरा 'हिमायती' कथाले प्रकट गरेको छ । यस समूहको अर्को कथा 'राधा ! मलाई तिमी चाहिन्छ' हो । यस कथामा राधा बालखकालमै बलात्कृत बनेको घटना अत्यन्त घृणित विषय बनेर सार्वजनिक भएको छ । त्यस स्थितिलाई स्वयम् बाबुले नै पचास हजार रुपियाँ लिएर सामसुम पारेर चुपचाप बसेको तर त्यस सम्पत्तिको आधारमा बाबु विष्णुप्रसाद सहरमा नवधनिक बनेर शाखा सन्तानलाई नै सम्पन्न बनाएको स्थिति एकातिर छ भने

अर्कातिर त्यही बलात्कृत राधा उपेक्षा र विक्षिप्तताको पीडा पिएर अर्द्धमृत जीवन बाँच्न विवश बनिरहेको सन्दर्भ यस कथाले प्रस्तुत गरेको छ । यसरी यस समूहका कथाले नारीको पीडालाई जीवन्त रूप प्रदान गरेर प्रकटमा ल्याएको देखिन्छ ।

(३) आर्थिक अभावका कारण जन्मिएका संवेदना : मानवीय संवेदनाका विविध पक्षहरूमा एउटा तर महत्त्वपूर्ण पक्ष आर्थिक पनि हो । मान्छेको सामाजिक तथा पारिवारिक जीवनमा आउने असन्तुलन, विभिन्न अभावका कारणमध्ये आर्थिक अभाव र त्यसको सन्तुलित व्यवस्थापन नभएका कारण जन्मिएका समस्यालाई पनि यहाँ कथाको विषय बनाइएको छ । आजको आर्थिक सङ्कटको युगमा मान्छेले अभाव र असुविधाका अनेक दारुण सङ्कट झेल्नुपरेका सन्दर्भहरू पनि यस सङ्ग्रहका कथाका कथ्य बनेका छन् । त्यस्ता कथाहरूमध्ये पहिलो कथा हो '... र एउटा बालुवाको घर' । आर्थिक अभावका कारण समयमा विवाह हुन नसकेकाले जीवनको सम्मोहन नै गुम्दै गएकी नारी पात्रको सन्दर्भ यस कथामा प्रकट भएको छ । त्यस्तै आर्थिक अभावको पीडाले जन्माएको कारुणिक संवेदना 'माटाका फलफूलहरू' कथाले प्रकटमा ल्याएको छ । यस कथामा कुपोषणका कारण बिरामी परेकी बालिकालाई फलफूल र पौष्टिक भोजन दिएमा स्वस्थ हुने डाक्टरको सल्लाहअनुसार फलफूल खानमा आकर्षित बनेको अवस्थामा बालिकाको मनमा आलोडनको ऊहापोह जन्मेको छ । बाबुले केही समयअघि सजावटका निम्ति बनाइएका फलफूल खान हुन्न भन्ने सन्देश दिएको कुरा सुनेको र आज फलफूल खान मिल्छ भनेको सुन्दा अचम्म मान्ने बालिकाको मार्मिक अभिव्यक्तिका आधारमा आर्थिक स्थितिको ज्वलन्त पीडा पनि यस कथाले प्रकट गरेको छ । यस समूहको अन्तिम कथा 'मृगतृष्णा' हो । यस कथाले पनि आर्थिक जीवनलाई सम्झौतामा लिन नसक्दा जन्मिएको स्थितिमा जन्मेका आकाङ्क्षाहरू, अर्थको अभावका कारण उत्पन्न पीडाका

साथ पतिप्रतिको सन्दर्भमा जोडिएर कथाको रूप लिन पुगेको छ । यसरी उपस्थित भएको आफ्नो घरपरिवार र परिस्थितिको संवेदनालाई प्रस्तुत कथाले प्रकट गरेको छ ।

(४) जीवनको सङ्घर्ष र वितृष्णाबाट जन्मिएको पलायन : भौतिक जीवन भोगबाट मात्र अर्थिने विषय हो । यसलाई प्रसाईमा निहित कथाकारले राम्ररी बुझेको छ । जीवनको महत्तालाई कम मूल्यमा आँक्ने र पलायनको आलम्बनबाट जीवन नै ध्वस्त गर्ने पात्रहरूको उपस्थितिमा सिर्जना भएका कथाहरू पनि यहाँ कथ्य बनेर प्रकटमा आएका छन् । यस सन्दर्भमा प्रस्तुत भएका कथामध्ये पहिलो कथा 'आ. आत्महत्या आत्महत्या. दुष्यन्त' शीर्षकको कथामा जीवनलाई व्यर्थ खर्च गर्ने हृदयको दुर्बलतामाथि विजय गर्न नसक्ने दुष्यन्तको स्थितिप्रति अत्यासलाग्दो जीवनको सङ्केत यस कथाले प्रकट गरेको छ । हामीभित्रको क्षुद्र र दुर्बल दुष्यन्तलाई परास्त गर्न नसक्ने हो भने जीवनको सार नै निरर्थक हुन्छ भन्ने कुरा यस कथाले प्रकटमा ल्याएको छ । प्रजनन शक्तिको अभावमा सन्ततिहीन रहेका शिवप्रसाददम्पतीको नफुल्ने र फल्दै नफल्ने बिरुवामा पानी हालेर जीवन बिताउने प्रतीकात्मक सन्दर्भलाई 'करोटन' शीर्षकको कथाले सिद्ध गरेको छ । यहाँ पनि हृदयको दुर्बलताका कारण मान्छेमा विकसित बनेको वितृष्णाले मान्छेलाई पलायित दशामा पुऱ्याइदिन्छ र दुर्घटनाको सिकार बनाइदिन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

(५) वैज्ञानिक सन्त्रासबाट जन्मिएको संवेदना : मान्छेले विज्ञानका विभिन्न आविष्कारका कारण आफैँलाई ध्वस्ततातर्फ प्रस्थापन गरेको सन्दर्भ यहाँ उपस्थित भएको छ । दिनप्रतिदिन यान्त्रिकीकरण बन्दै गएको वर्तमान जीवन विज्ञानको दासतातर्फ उन्मुख बन्दै गएको छ र यसरी यान्त्रिकताको दास बनेको वर्तमानमा विज्ञानकै उत्पादनका साधनहरू मान्छेका सङ्घात चेतना र मनोऽभिघातका

कारण बन्दै गएका छन् भन्ने कुरा पनि प्रसाईका कथाका कथ्य बनेका छन् । पछिल्लो चरणमा आएर सफल विज्ञान कथासर्जक बनेकी कथाकार प्रसाईमा यस पूर्वार्द्ध चरणको सन्दर्भमा 'मास्क' शीर्षकको कथाले आवश्यक अभिलक्षण प्रकट गरेको छ । प्रदूषणग्रस्त वातावरणबाट ध्वस्त हुन लागेका स्थितिमा बाँच्नका निम्ति सिर्जना गरेका मास्कहरू मानवताको साक्ष्यका निम्ति आविष्कार गरिनैपर्ने र सुरक्षित पनि गरिनैपर्ने कुरा जान्दाजान्दै पनि ती मास्कहरू हत्याएर अमानवहरूले आत्मरक्षा गर्न प्रयत्न गरिहेका हुन्छन् भन्ने कुरा यस कथाले सिद्ध गरेको छ ।

**४. केही साक्ष्यका आधारमा कथाकार प्रसाईका कथाको पुष्टि**

नारीप्रतिको विषाक्त दृष्टिकोणको सिकार बनेका पुरुषहरूको संवेदना र त्यसका अनेक सन्दर्भलाई प्रसाईका कथामा यौनविषयका अनेक समस्याहरू सघन रूपमा प्रस्तुत गरिएका छन् । यस्ता विषयहरूमा अभिव्यञ्जित अनेक पक्षहरूलाई पनि यहाँ प्रकटमा ल्याइएका छन् । यौनका अनेक संवेदना तथा मनोवेगका समस्याहरू यहाँ उपस्थापन भएका छन् । तिनलाई मसिनो पाराले चिन्तनको विषय बनाएर प्रकटमा ल्याउन गरेका प्रयत्नहरू कथाका कणकण बनेर प्रकटमा आएको स्थिति देखिन्छ । पुरुषप्रधान संस्कृतिको प्रभाव एकातर्फ यौनको दुरुपयोगको कारक बनेर बसेको छ भने अर्कातर्फ मानवमा रहने नैसर्गिक तर असंयमित उद्वेगमा आउने स्थितिका कारण समाजका मर्यादाका विषयहरू भत्किन लागेका सन्दर्भहरू पनि कथाका विषय बनेर प्रकट भएका छन् । जीवनका यथार्थलाई संयोजन गरेर प्रकटमा ल्याउने यस्ता स्थितिको साक्ष्य गर्ने एक उद्धरण यहाँ प्रस्तुत गरिनु सान्दर्भिक नै हुन्छ :

'धनसम्पत्तिको मामलामा जति नै लोभी वा पिपासु कहलिए पनि स्त्रीका सम्बन्धमा आफ्नी पत्नीबाहेकको स्वाद र चाह पनि कहिल्यै भएन– उनलाई । एक पटक एउटी प्राध्यापक बूढीकन्याले

उनलाई सकेसम्म आफूप्रति आकर्षित पार्न खोजेकी हो । अनावश्यक मिटिङ र छलफल भनेर आफ्नै घरमा एकान्त पारेर पनि बोलाएकी हो । त्यस्तो अग्निपरीक्षामा समेत पूर्ण चोखो रहेर पत्नीव्रत भइरहेका हुन् । तर जहिलेदेखि अभिलाषासँगको एकान्तवास सुरु भएको छ तबदेखि उनको मनस्थिति आफ्नो वशमा राख्नै नसकेको ठहर गरेका छन् उनले, गत छ महिनादेखिको उनको बदलिँदो प्रवृत्ति देखेर उनकी पत्नी पनि कुनै अनिष्टको आशङ्काले भयभीत रहेको कुरा व्यक्त नगरेकी होइनन्' ('दिग्भ्रान्त', **मन सायद उघ्रँदैन**, २०५१/२०) ।

व्यक्ति सामान्य दैनिक जीवनमा सौम्य र सन्त देखिए पनि वैयक्तिक मनोभावमा भने नग्न र अनैतिक विचारले कुण्ठित हुन सक्छ भन्ने सन्दर्भ यस उद्धरणले प्रकटमा ल्याएको छ । जीवनका सकारात्मक तथा नकारात्मक पाटाहरूको इतिवृत्त पति र पत्नीका बीचमा छिपेको हुन्न भन्ने विषयलाई पनि तिरोहित गरेर प्रस्तुत कथाका नायक समरनाथले रचेको अभिलाषासँगको प्रणयलीला र बूढीकन्या बनिसकेकी प्राध्यापक महिलाले रचेको यौनलीलाले जीवनका शिष्टता र भद्रताका आचरणलाई यहाँ प्रकट गरिएका विषयले अतिक्रमण गरेको सन्दर्भलाई यहाँ कथ्य बनाएको कुरा प्रकटमा आएको छ । मान्छे यौनको मर्यादा अतिक्रमण गर्न पनि हिचकिचाउन बेर नमान्ने प्राणी हो । मानवीय मर्यादाको अतिक्रमण गर्ने किसिमका कथाहरू पनि यहाँ सन्दर्भित बनेका छन् । तिनले विधि र निषेधभन्दा पनि पर पुगेका मान्छेको नैसर्गिक सत्यलाई उद्घाटनमा ल्याउन गरेको प्रयास सहजै देखिन्छ ।

आन्तरिक रूपमा यौनको विसङ्गत प्रस्तुति र बाहिर शिष्ट तथा सभ्य रूपको प्रस्तुतिमा मान्छे अलगअलग आवरणमा देखिने प्राणी हो । यस प्रकारको सामाजिक मानव सदस्यका आचरणगत संवेदना र मर्यादाका पक्षहरू यहाँ कथाका विषय बनेका छन् । बाहिर संयमित र आचरणको शिष्ट विशिष्टतामा देखिने कतिपय

व्यक्तिहरू पनि यौनरोगको ज्वालामा परेर दग्ध बनेका देखिन्छन् । फ्रायडले व्याख्या गरेको मनोरचनामा जागरित यौनको प्रवाहले मान्छेलाई मर्यादाको सीमाबाट निकै टाढा पुऱ्याउन सक्छ भन्ने कुरा पनि यहाँ प्रसाईका कतिपय कथाले प्रस्तुत गरेका छन् । वैपरीत्य लैङ्गिक आकर्षणलाई नियन्त्रण गर्न नसक्नाले यौनका नैसर्गिक प्रवाहमा अनियन्त्रित बग्दै जाने हो भने यौनको दारुण दावानलमा मान्छे स्वयम् दग्ध हुन्छ र यसरी दुर्घटित भएपछि मर्यादाको सीमा पनि मान्छेले नै अतिक्रमण गर्छ भन्ने आशय स्पष्ट गर्न यसै समूहका कथा सक्षम छन् । यस कुराको साक्ष्यका निम्ति एक उद्धरण प्रकटमा ल्याउनु सान्दर्भिक हुन्छ :

'म यन्त्रवत् ढोकामा पुगेर छिटकनी लगाएर फर्केको हुन्छु । उनी उत्तानो परेर गाउनलाई तिघ्रासम्म तानेर तेल मालिस गर्न अह्राउँछिन् । म आज्ञाकारी नोकरको भूमिकामा नतमस्तक हुन्छु । एकनास तेल मालिस गरिरहेको आफूलाई अचानक मालिक्नीको अँगालोमा कसिएको पाउँदा म छट्पटिन्छु । मालिक्नीका शरीरको प्रचण्ड ताप र विदेशी अत्तरको बास्नाले म निसास्सिएँ । अब हामी दुईबीच भीषण युद्ध चल्छ । मालिक्नी मलाई आफ्नो अँगालोमा सक्दो कसेर मेरा निधार ओठहरूमा चुम्न थालेकी हुन्छिन्, म भने उनको अँगालोबाट फुत्किने प्रयत्नमा हुन्छु । निकै बेरसम्म युद्ध चले पनि आखिर मालिक्नीलाई पराजित गरेर म यस्तरी भागेँ कि कसरी त्यहाँबाट विराटनगर आफ्नो घरसम्म आइपुगेँ मलाई खास होस रहेन' ('मर्म', **मन सायद उघ्रँदैन**, २०५१/८५) ।

यौवनको बढ्दो उखरमाउलोबाट मत्त एक नारी र भर्खर किशोर अवस्थामा प्रवेश गर्दै गरेको अबोध किशोरका बीचमा भएको वैपरीत्य आकर्षणमा नारीका तर्फबाट भएको यौनरागको अनियन्त्रित प्रकटीकरण र त्यसको आकर्षणको उत्तेजना र जवानी जागरित भइनसकेको किशोरको मनस्थिति तथा नारीमा रहेको अतृप्त

कामोत्तेजनाको उपस्थिति यहाँ भयानक रूपमा प्रकट भएको छ। किशोरले मालिक्नीको सेवा आदेशानुसार सम्पन्न गर्नपर्ने बाध्यता एकातर्फ र यौनको उपभोग क्षमता विकास भइनसकेको किशोरप्रति मालिक्नीले दिएको आदेश धान्न नसकेको स्थिति अर्कातर्फ यहाँ समाधान गर्न नै नसकेको स्थितिका रूपमा खडा भएको छ। यस्ता अनेक संवेगका ऊहापोह यहाँ कथाको कथ्य बनेर प्रकटमा आएका छन्। प्रस्तुत कथामा यस प्रकारको विपरीत यौनसम्बन्धी द्वन्द्व, नैसर्गिक आकर्षण र विकर्षणको स्थिति यहाँ कथाका विषय बनेर आएका छन्। यस्ता सन्दर्भको पुष्टिका निम्ति एक मात्र साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक ठहर्छ भन्ने कुरा माथिका साक्ष्यले सिद्ध गरेको छ।

मान्छेमा अचेतनका आकर्षण र विकर्षणले अनेक उतारचढाउ ल्याउने गर्दछन्। मान्छेको आकर्षण विपरीत लिङ्गका सन्दर्भमा मात्र होइन। समलिङ्गका सदस्यमा पनि सामान्य स्थितिमा आकर्षण हुन्छ नै। आफ्नो समवयस्क समलिङ्गीप्रतिको आकर्षण र सहभाव, मनोवेदनाको अभिव्यञ्जना समलैङ्गिक आकर्षणमा पनि प्रकट हुन्छ नै। तर यस्तो अवस्थामा विषमताको स्थिति आइदियो भने त्यही पनि विकर्षण र विद्वेषको कारक बनिदिन्छ भन्ने कुरा कथाकार प्रसाईका कथाहरूले प्रकट गरेका छन्। यस्तो परिस्थिति निकटतम मित्रमा नै हुन सक्छ र केही असन्तुलन जन्मियो भने त्यहीँ पनि विद्वेषको भाव जन्मिन सक्छ। आफ्ना निकटतम मित्रको यौन तृप्तिको वातावरण तयार भइदियो र आफ्नो चाहिँ त्यसै प्रकारको स्थिति जन्मिन सकेन भने त्यहाँ अतृप्तताबाट जन्मिने प्रतिक्रियामा प्रतिशोधको भावना जागृत हुन सक्छ भन्ने कुरा पनि प्रसाईका कथाले प्रकटमा ल्याएका छन्। यस प्रकारको भावलाई साक्ष्य गर्ने एक उद्धरण यहाँ यसरी प्रस्तुत गर्न सकिन्छ :

'अहिले सम्झन्छु, उनी केवल दुई महिना पनि मसँग बस्न सकिनन्। मैले त उनीप्रति नराम्रो व्यवहार गरेजस्तो लाग्दैन। अहँ,

मलाई त केही थाहा छैन । तर एउटा कुरा मकहाँ आएदेखि उनको अनुहारमा पहिलाको जस्तै त्यति उज्यालोपन देखिएन । मैले नै उनलाई एकदुईपल्ट सोधेँ पनि । तर उनी केही भएको छैन भनी हाँसेर टार्थिन् । मलाई भने उनको हाँसो कताकता आँसुमा डुबुल्की लगाएर आएजस्तै लाग्थ्यो । श्रीमान् अफिसबाट फर्केपछि हामी प्रायशः साँझपख घुम्न निस्कन्थ्यौँ । कहिलेकाहीँ रातिको सो सिनेमा हेरेर फर्कन्थ्यौँ । नत्र आफ्ना कोठैमा बस्थ्यौँ । हामी नवविवाहित जोडीलाई गृहकार्यको अभिभारा बाहुनीदिदीले बोकिदिएकीले झन् रमाइलोपनको आभास महसुस भएको थियो । तर बाहुनीदिदी हामी दुवैलाई हेर्दा अनौठो आँखाले हेर्थिन्' ('मन सायद उघ्रँदैन', **मन सायद उघ्रँदैन**, २०५१/४९) ।

आफ्नो पारिवारिक र आर्थिक आश्रयको आधार नभएका कारण भान्छेबाहुनी बनेर एक सम्पन्न परिवारमा बसेकी अधबैँसे नारी र आफूभन्दा उमेरमा केही सानी मालिकपुत्रीसँग बस्दाबस्दै मालिकपुत्रीसँग मन र व्यवहार मिलेकी तथा दिदीबहिनीसरह बनेर बसेकी भान्छेको मनमा मालिकपुत्री बिहा भएर गएपछि आफू पनि भान्छेकै रूपमा उनकै घरमा बस्न पुगेकी बाहुनीदिदीको नाजुक अवस्थालाई यहाँ मानसिक स्थितिको चित्रण गर्ने कारुणिक कथाको रूप प्रदान गरिएको छ । यस अवस्थाले कथाका दुई नारी पात्रमध्ये मालिकपुत्रीका पतिपत्नीका बीचको आकर्षक दाम्पत्य जीवन देखेर अचेतनमा विकसित बनेको ईर्ष्या, प्रतिशोधात्मक र स्वपीडनको सन्दर्भ प्राप्त गरेको छ । मन मिलेकी र जीवनभर अभिन्न बनेर बस्ने प्रतिज्ञा गरेकी भान्छेदिदी मालिकपुत्री बिहा गरेर आएको घरमै भान्छे बनेर आएकी महिलाभित्र रहेको नारी अहम् मालिकपुत्रीले प्राप्त गरेको पतिको उपस्थितिप्रति ईर्ष्याको भाव जन्मिएको छ । यहाँ क्षतिपूर्तिको सिद्धान्तअनुसार हीनभावना विकास भएका कारण दाम्पत्य सन्दर्भमा पनि पराजित बन्नुपरेको संवेदनाले यहाँ कथाको रूप प्राप्त गरेको कुरा यस साक्ष्यले सिद्ध गरेको छ ।

वर्तमान समयको सामाजिक प्रतिष्ठा अर्थमा केन्द्रित बन्दै गएको छ । मानवीय आदर्श, नैतिकता र सदाचारहरू विलय भइसकेका छन् । मर्यादाका सीमाहरू भत्किइसकेका छन् । आफ्नो अस्मिता आफैं धरौटी राखेर जीवन निर्वाह गर्ने पद्धति प्राय: पन्छिँदै गएको छ । यौनव्यभिचार बलात्कारका घटनाहरू आर्थिक लेनदेनबाट सामसुम पारिन्छन् । हत्या र अपहरणका समस्याहरू थोरै पैसाको लेनदेनबाट समाधान हुन्छन् । मर्नेको आत्मा सधैं पीडित रहन्छ । मान्छे पैसाको दबाबमुनि पिसिएका वर्तमानमा आचार व्यवहारका परिभाषा नै बदलिँदै गएका छन् । सकिन्छ भने कसैको सतीत्व विनिमय गरेर कमाऊ, सकिन्न भने आफ्नै अस्मिता विनिमय गरेका आधारमा कमाऊ । पैसा कमाउनुमा आजका मान्छेको इज्जत उच्च बन्दै गएको छ । कसरी कमायौ भन्ने हिम्मत कसैको हुन्न । 'द्रव्येषु सर्वे वशा:' अर्थात् सबै पैसाबाट वशीभूत हुन्छन् । पैसा कसरी कमायो भन्ने फुर्सद मिले पो प्रश्न गर्ने हिम्मत राखोस् कसैले ? प्रसाईका कथामा यस्ता प्रश्नजन्य विषयहरू कति छन् कति ! यस्ता विषयमा प्रश्न गर्ने नैतिक सदाचार नै गुमिसकेको हुँदा यस्ता विषयमा शिर ठाडो पारेर प्रश्न गर्नेको सङ्ख्या अब त नगण्य बनेको छ भन्ने एक साक्ष्य प्रस्तुत छ :

'उनीहरूको के कुरा गर्छौ र भाइ, त्यो हाम्रो हरुवाचरुवा भएर बसेको विष्णेले अलल्यको सम्पत्ति कमायो । त्यही राधेको अभागी खप्पर नै विष्णेको भाग्योदय साबित भयो । आजकाल नन्दे खेत हेर्न कार चढेर आउँछ, कहिलेकाहीँ पानी खान यहाँ पनि पस्छ, कहाँ उसको सुटबुटको रवाफ, कहाँ हाम्रो यस्तो घरबार, पटक्कै मेल खाँदैन । तर बाबू ! उसको शिर त उठ्दैन मेरो अघि है ! जे जति नै सम्पत्ति कमाए पनि के र त्यो मूल धन ता राधाकै इज्जतको न हो' ('राधा ! मलाई तिमी चाहिन्छ', **मन सायद उघ्रँदैन**, २०५१/९४) ।

हिजोका निर्धन र पराश्रयबाट दैनिकी धान्नेहरू आजका नवधनिक बनेर सानसौकतको प्रदर्शन गरिरहेका छन् । तिनका सानसौकतको आधार के थियो भन्नेहरू खडा भए पनि तँ त हिजोको निकृष्ट आचरणको व्यक्ति होस् भनेर यहाँ कसैले औंलो उठाउन हिम्मत नै गर्दैन । समाजमा नैतिक सदाचारका आधारमा कमाउनेहरू न्यून बन्दै गएका छन् । यस उद्धरणको नवधनिक विष्णु छोरी राधा बाल्य उमेरमै बलात्कृत भएको घटनामा पचास हजार क्षतिपूर्ति लिएर घटना सामसुम पारी त्यही पैसाबाट व्यवसाय आरम्भ गरेर छोटै समयमा सहरमा दर्जनौं महल, चलचित्रभवन, अनेक वित्तीय संस्था र अनेक खेती विस्तार गर्न सफल भएको सन्दर्भ कथामा प्रस्तुत भएको छ । हिजोको बिस्ने आज विष्णु बाबूको परिचयमा बदलिएको र उसका निम्ति बास्नादार बनेको यो समृद्धिमा अरू जान्नेहरूले राधाको बलात्कृतिबाट फैलिएको बीभत्स गन्धमा नाक थुनिरहेका छन् भन्ने सन्दर्भ प्रस्तुत साक्ष्यले पुष्टि गरेको छ ।

आर्थिक अभावका दारुण संवेदनाहरू पनि यस समयका नेपाली समाजमा टिठलाग्दा विषय बनेका छन् । समाजमा आर्थिक सम्पन्नता र विपन्नताका खाडलहरू भयावह रूपमा बढेका छन् । त्यस्ता विपन्नताका खाडलमा धसिँदै गएको आजको मान्छे अत्यन्त दयनीय स्थितिको सिकार बन्दै गएको छ र यस स्थितिको दारुण अवस्था आजका समाजको मार्मिक चित्र बनेको छ । एकातर्फ मान्छे सानोतिनो रुघामर्की मात्र लाग्दा पनि उपचारको नाममा विदेश यात्राको सैर गर्ने अवसरको सदुपयोग गरिहेको छ भने अर्कातर्फ मान्छेको हैसियतमा उपस्थित हुन पनि नसक्ने मान्छेको उपस्थिति पनि यसै समाजमा छ । अझ बिमारबाट मुक्त हुन र स्वास्थ्य लाभ गर्न आवश्यक पर्ने औषधि र थोरै फलफूल खान सक्ने हैसियतको पनि अभाव खपिरहेका स्थितिलाई यहाँ टिठलाग्दो पाराले प्रदर्शन गरिएको पनि देखिन्छ । बिरामीहरूले बैठकमा सजाउन राखेका माटाका फलफूल र बिक्रीका

निम्ति बजारमा राखेका खाने फलफूलमा भिन्नता नदेख्ने अवस्था पनि यहाँ कथाको कथ्य बनेको छ । यसका निम्ति पनि एक साक्ष्य प्रस्तुत गर्नु उपयुक्त हुन्छ :

'डचाडी डाक्टरले फलफूल खानू भनेको होइन ?' आखिर उसले अभिनय गर्न सकिनँ, आफ्नो कमजोर र बिरामीले खँगारिएको इच्छालाई जिब्रोसम्म ल्याएर नै ऊ विवश भएकी थिई । मैले कुनै जबाफ नदिएपछि उसले बिस्तारै आफ्ना कमला हातहरू बढाएर मेरो हात समातेकी थिई ।

'डचाडी बजारका फलफूलहरू पनि माटाकै हुन्, होइन ?'

त्यसपछि हामी दुवैका आँखा टेबुलमा सजाएर राखेका माटाका फलफूलहरूमा एकै चोटि ठोकिएका थिए । ऊ बिस्तारै बिछ्यौनामा उठेर बसेकी थिई, त्यसपछि फलफूल राखेको प्लेट जतनले बिछ्यौनानजिक पुऱ्याएकी हुन्छे र एकएक फलफूललाई पालैसँग सुमसुम्याएकी हुन्छे । उसको हातको छुवाइ र अनुहारको रङ्गले एकै अर्थ भएर ती माटाका फलफूल पनि सजीवझैँ लागिरहेका हुन्छन् । केहीबेरपछि मानौँ तृप्त भएझैँ ऊ निदाएकी थिई' ('माटाका फलफूलहरू', **मन सायद उघ्रँदैन**, २०५१/३३) ।

समाजको विषम अर्थ व्यवस्था र रोजगारीका अवसरहरूको वितरण समान नभएका कारण यहाँ आर्थिक दृष्टिले विषम खाडलहरू व्याप्त छन् । स्वास्थ्यको सामान्य अधिकारबाट पनि मान्छेहरू वञ्चित छन् । प्रसाईका कथामा यस प्रकारका समस्याको पनि चित्रण भएको छ । रोगव्याधिको अवस्थाबाट मुक्त हुन डाक्टरी परीक्षण, औषधिको सेवन, स्वस्थकर भोजन र फलफूलको सेवन आदिको आवश्यकताबारे सूचित बने पनि आर्थिक अभावका कारण डाक्टरको सल्लाहअनुसार यस कथाको प्रमुख पात्र आफ्नी छोरीले बिमारीबाट तङ्ग्रिन फलफूलको तृष्णा जागेको स्थितिमा सजाउन प्रयोजनका माटाका फलफूलका

आकृति र यसै बिरामी पात्रकी आमाले पनि कुनै बेला कहीँबाट ल्याएर सजाउन राखेका फलफूल अनि बजारको पसलमा सजाइएका पौष्टिक तथा स्वादिष्ठ फलफूलमा भिन्नता नरहेको बोध गर्ने छोरीका सामु आर्थिक अभावको पहाडमा किचिएका निरीह बाबुको दयनीय चित्र यस उद्धरणले प्रस्तुत गरेको छ ।

दाम्पत्य जीवन पति र पत्नीको सार उपभोग हो । यसमा सुखदु:ख, लाभहानी, विजयपराजय, स्वस्थ बिमारलगायतका पक्षहरू सहभोगका विषय बनेर उपस्थित हुन्छन् । प्रसाईका कथामा प्रशस्तै यस्ता स्थितिहरूले कथ्यको स्वरूप प्राप्त गरेका छन् । मान्छेमा कतै दाम्पत्य सुखको प्रतिफलन सन्तति पनि हो भन्ने धारणा पनि छ र कतै सन्तानको निरन्तरता केही पनि होइन भन्ने संस्कार पनि छ । समाज र इष्टमित्रको सद्भाव र सदाचार जीवनको सार्थकता हो । अनि यस स्थितिको प्रकटीकरण पनि जीवनको सार्थकता हो भन्नेजस्ता अनेक सन्दर्भहरू प्रसाईका कथाका कथ्य बनेका छन् । यी सबै पक्षहरू बाहिरबाट अनुभूत भइरहँदा पनि भित्रभित्र मान्छे अत्यन्त दु:खित, क्रोधित र असहिष्णु बन्न विवश बनिरहेको हुन्छ । आफैँलाई प्रतिशोधको भुमरीमा जलाउन मान्छे आफैँ विवश बनिरहेको हुन्छ । यस्ता स्थितिहरूले पनि प्रसाईको कथाको विषय र कथ्यको स्थान ग्रहण गरेका छन् । त्यस्ता अनेक सन्दर्भमध्येको एक साक्ष्य यहाँ प्रस्तुत गर्न प्रयत्न गरिएको छ :

'दिनहरू आफ्नै गतिमा बितिरहेका छन् । कैले छिट्टै बितेको जस्तो लाग्छ, कैले बित्नै नसकेको जस्तो लाग्छ । शारीरिक रूपले गर्नेपर्ने केही परिश्रम छैन, मेरो दिनचर्यामा तर मानसिक रूपले म सधैँ लखतरान भएकी हुन्छु । मानसिक दौडको खेलाडी बन्न पुगेकोमा पनि अभिशप्त भएझैँ लाग्छ आफूलाई । नत्र यही दृश्यसुखमै चुर्लुम्म हुने थिएँ कि ? सम्पूर्ण भौतिक सुखसुविधाले परिपूर्ण भएर पनि म

किन खुसी हुन सकिनँ ? यथार्थमा मेरो मन के मागिरहेको छ त्यो पनि म किटेर भन्नै सक्तिनँ । यस यात्रामा म र मेरा सहयात्री दोषी छौँ या जुन यात्रा म गरिरहेकी छु त्यो नै दोषी छ ! यो पहिल्याउनै नसकिने अनकन्टार बाटो र समाप्त नहुने यात्रा बनेको छ' ('करोटन', **मन सायद उघ्रँदैन**, २०५१/५४) ।

प्रस्तुत उद्धरणमा बाटिकामा लगाइएको फूल नफुल्ने तर बिरुवा मात्र चाहिँ सुन्दर देखिने एक वनस्पतिको उपस्थिति छ र त्यसको हेरचाहमा कथाको नायक पात्र समर्पित छ । बाहिर स्वस्थ र पूर्ण देखिने बिरुवा भित्रभित्र खोक्रो पनि हुन्छ अर्थात् फुल्न र फल्न सक्दैन । त्यस्तै मान्छे पनि भित्रभित्र अस्वस्थ र अपूर्ण र खोक्रो पनि हुन्छ भन्ने कुरा यहाँको बिरुवामा फूल नलागेका स्थितिको बिम्बले प्रक्षेपण गरेको छ । करोटन जसको फूल लाग्दैन तर वाटिकाका निम्ति सुन्दर शोभा प्रदान गर्ने बिरुवा हो । यस बिरुवाको र वाटिकाका मालिकको पुंसत्वमा प्रजनन क्षमताको अभाव रहेको सन्दर्भ माथिका साक्ष्यले सिद्ध गरेको छ । नफुल्ने करोटनका बिरुवा उखेल्न लागेको स्थितिमा उनकी पत्नीले प्रतिकार गरेको सन्दर्भबाट जुनसुकै अवस्थालाई पनि सम्झौतामा ल्याएर जीवन बाँच्नुपर्छ, फूल नलाग्नेबित्तिकै उखेलेर फ्याँक्ने हो भने यहाँ वाटिकाको मालिकको पनि प्रजनन क्षमता छैन, उसलाई पनि निमोठेर फ्याक्नैपर्ने स्थिति आउँछ भन्ने सन्दर्भ यस साक्ष्यले सिद्ध गरेको छ । यसलाई सजीव बिम्बको उदाहरणका रूपमा लिन सकिने स्थिति देखिन्छ ।

वैश्विक समाज आज वैज्ञानिक उन्नतिका नाममा युद्धग्रस्त बन्दै गएको छ । परस्परको तानातानका कारण एकातर्फ युद्धको बादल मडारिइरहेको छ र अर्कातर्फ त्यसबाट कसरी जोगिने भन्ने चिन्ता पनि व्यापक बन्दै गएको छ । युद्धको पर्यावरणबाट कसरी बाँच्ने भन्ने चिन्ता पनि त्यत्तिकै व्याप्त बन्दै गएको छ । यसबाट जोगिने प्रयत्नमा

मान्छेले आत्मरक्षाका निम्ति अनेक उपाय रच्नैपर्ने विवशता आजको सामान्य विषय बन्दै गएको छ । यहाँ विषयका संवेदना बनेर प्रकटमा आएका अनेक भयावह स्थितिहरू आजका साहित्यमा व्यक्तिन थालेका छन् । युद्धको पर्यावरण मडारिरहेको समयमा त्यसबाट साम्य र सद्भावयुक्त तथा युद्धनिरपेक्ष मान्छेलाई जोगाउन गरिएका प्रयत्नको बिम्ब बनेका अभिव्यञ्जनाहरू साहित्यका विषय बनेका छन् । यिनै यथार्थहरूलाई टिपेर रचिएका कथाहरू स्रष्टा प्रसाईका सिर्जनामा जीवन्त बनेर प्रकटमा आएका छन् । प्रस्तुतिमा स्वैरकल्पनात्मकताको आभास दिने तर जीवनको यथार्थलाई प्रतिबिम्बन गर्ने किसिमको एक मात्र 'मास्क' शीर्षकमा सिर्जना भएको छ । यस कथाबाट पनि एक साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक ठहर्छ :

'र, अन्त्यमा आफ्नो निर्णयअनुसार युद्धमा तैनाथ सेनाहरूलाई यो पोसाक नदिने विनम्र अनुरोध गर्दै सम्पूर्ण पोसाकहरू संसारभरि समान रूपले बाँड्न मानवकल्याण संस्थाकी केन्द्रीय अध्यक्षालाई बिनामूल्य पोसाकहरू जिम्मा लगाएका थिए । तर मानवकल्याण संस्थाकी केन्द्रीय अध्यक्षबाट बिनामूल्य पोसाक लिएका राष्ट्रहरूका केही धनपिपासु व्यक्तिहरूले महाशक्ति राष्ट्र तथा लडाकु राष्ट्रहरूलाई असङ्ख्य धनराशिमा त्यो यन्त्र पोसाक बिक्री गरेपछि युद्ध समाप्त हुनुको साटो एकनास कायम रहेको थियो । आफ्नो अनुसन्धानको दुरुपयोग भएको थाहा पाएपछि आजको युद्धको निरन्तरतामा आफ्नोसमेत सहभागिताको अपराधबोधले सताउन खोजेको थियो अङ्कुशलाई तर आफ्नो परिवारलगायत अन्य असल व्यक्तिहरूलाई समेत पृथ्वीको शून्यमा विलीन हुनबाट बचाएर मानव अस्तित्व कायम राख्न सकेकोमा गौरवान्वित पनि हुने गर्थ्यो उनको वैज्ञानिकता ('मास्क', **मन सायद उघ्रँदैन**, २०५१/४६) ।

वैज्ञानिक आविष्कार एकातर्फ मान्छेका निम्ति रक्षक र वरदान बनिरहेको र अर्कातर्फ घातक तथा अभिशाप पनि बनिरहेका क्षणमा

आज मान्छे आत्मरक्षाका अनेक उपायको खोजीमा जुटिरहेको स्थिति छ । यसरी मानव रक्षाको उपायको उपकरणको आविष्कारका निम्ति जुटेका अङ्कुशनामक पात्रको युद्ध बिभीषिकाबाट जोगाउने युद्धमुक्त, युद्धविरोधी संस्था र युद्धविरोधी अभियन्तालाई मात्र प्रदान गरिने भनेर आविष्कार गरिएको पोसाक असङ्ख्य पैसा लिएर दलालहरूले तिनै युद्ध पिपासुहरूका हातमा बिक्री गरेको थाहा पाएपछि वैज्ञानिक अङ्कुश निराश तथा किंकर्तव्यविमूढ बनेको छ । यस्तो स्थितिमा आफ्नो आविष्कारलाई निरन्तरता दिने कि नदिने भन्ने द्विविधाग्रस्त मन लिएर प्रयोगशालातर्फ उन्मुख भएको सन्दर्भ यस साक्ष्यले सिद्ध गरेको छ । आजको विभीषिकाग्रस्त विश्व एकातर्फबाट प्रतिरोध गरिँदागरिँदै अर्कातर्फबाट बल्झिँदै गरेको दारुण सन्दर्भको चक्रव्यूहमा फसिरहेको छ भन्ने स्थिति सिद्ध गर्न कथाकारले प्रयत्न गरेको देखिन्छ । आजको विश्व बिस्तारै युद्धको प्रवाहमा हेलिँदै छ । यसलाई रोक्नुपर्छ भन्ने चिन्तकहरू एक्लो बन्दै गएका छन् भन्ने कुरालाई प्रस्तुत साक्ष्यले जीवन्त रूप प्रदान गरेको छ ।

### ४. उपसंहार

**मन सायद उघ्रँदैन** २०५१ पूर्वको समयमा लेखिएका कथाहरूको सङ्ग्रह हो । यसमा रहेका कथाले प्रसाईको कथा सिर्जनाको आधारशिला तयार गरेका छन् । तिनमा कथाकार प्रसाई समाज, मनोविज्ञान, यौन र विपरीत लैङ्गिक आकर्षण तथा विकर्षणको मनोविज्ञानमा केन्द्रित कथा सिर्जना गर्नमा प्रयत्नरत देखिएकी छन् । अर्थ र राजनीतिका संस्कार तथा पुरुषप्रधान सत्ताको प्रभाव आदिले जन्माएका विकृतिहरूले कथाको आवरण प्राप्त गरेका छन् । कथाकार प्रसाईमा हामी वरिपरि छरिएर बसेका, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक समस्याहरूका संवेदनाले मानवीय मर्ममा स्पर्श गरेका स्थिति नै कथा बनेका छन् । यस्ता सहज तर गम्भीर विषयलाई कथाको रूप प्रदान गर्न समर्थ बन्दै गएको

सन्दर्भ कथाकार प्रसाईमा प्रस्तुत भएको देखिन्छ । यसरी प्रसाईको आख्यान सिर्जनाको धरातल २०५१ पूर्व नै तयार भएको कुरा यहाँ सङ्कलित कथाका आधारमा सार्थक बन्न पुगेको देखिन्छ । प्रसाईको स्रष्टाले सिर्जनात्मक भावी जीवनमा यिनै धरातललाई आधार बनाएर सिर्जनाको शिखर आरोहण गर्न आरम्भ गरेको कुराको साक्ष्य पनि यसै सङ्ग्रहले गरेको छ ।

# आख्यानकार प्रसाईका लघु कथाहरूको कथ्य र 'बयान'का परिधिमा तिनको संरचनागत प्राप्ति

**१. विषयप्रवेश**

समानान्तरता कथा लिएर कथा क्षेत्रमा प्रवृत्त प्रसाईको पहिलो कथासङ्ग्रह **मन सायद उघ्रँदैन** (२०५१) प्रकाशनमा आइसकेको स्थितिले स्रष्टाको प्रतिष्ठाको साक्ष्य गरेको छ । **मन सायद उघ्रँदैन** भन्दा पछि २०५५ सम्मको समयमा सिर्जना भएका लघु आकृतिका कथाहरूको सङ्ग्रह **बयान** शीर्षकमा प्रकाशनमा आएको अवस्था छ । आज यो समीक्षा कार्य गरिरहँदाको स्थितिमा उनका कथासङ्ग्रह **दोस्रो सत्ता** (२०६२) र **मेरो कथा नलेखिदिनू** (२०७४) सङ्ग्रह पनि प्रकाशनमा आइसकेको सन्दर्भमा यो काम भइरहेको छ । त्यसो त प्रसाई नेपाली कथा साहित्यमा समाज यौन र समाज संस्कृति तथा विज्ञानले पारेका प्रभावलाई आख्यानीकरण गरेर कथाको स्वरूप दिने समवर्ती कथाकारहरूका पङ्क्तिको प्रतिनिधित्व गर्ने स्रष्टाका रूपमा परिचित व्यक्तित्व हुन् । कथाकारका रूपमा सिर्जनात्मक चिन्तनमा पनि त्यत्तिकै सफलता आर्जन गरिरहेकी स्रष्टा इन्दिराको कथात्मक संवेदनालाई **बयान** शीर्षकको सङ्ग्रहमा सङ्कलित कथाहरूले साक्ष्य गरिरहेका छन् ।

लघु कथाका केही आफ्नै विशेषताहरू हुन्छन् । सङ्क्षिप्त आयतन हुनु, सीमित पात्र र सीमित परिवेश तथा सीमित कथ्यको

व्यवस्थापन हुनु, उत्कर्षोन्मुख अवस्थाबाट आरम्भ भएर तीव्र गतिमा उत्कर्षता प्राप्त गरेर अवसानमा पुग्नु लघु कथाका बाह्य विशेषताहरू हुन् । त्यसरी नै आन्तरिक विशेषताहरूका आधारमा मानवीय मर्मलाई स्पर्श गर्ने विषयको चयन, विषयको प्रारम्भिक स्थापना, विषयको प्रारम्भिक उद्भावना, विकास उत्कर्ष र अवसानको स्थितिमा पुगेर कथाको समापन हुन्छ । भाषामा हुने तीव्र अभिव्यक्ति संवेग, संरचनामा हुने सङ्क्षिप्त आख्यान योजना, प्रस्तुतिमा रहने समासशैली र अभिधाको सापेक्षतामा लक्ष्यार्थक र व्यञ्जनार्थक प्रस्तुतिमा कथाको व्यवस्थापन गर्ने स्थितिको संवेदनाको पनि यहाँ उपस्थापन भएको हुन्छ । लघु कथाको प्रस्तुतिको परिचयलाई यसरी प्रकटमा ल्याउन सकिने स्थिति देखिन्छ । यिनै विशेषताका आधारमा कथाकार इन्दिरा प्रसाईको लघु कथाको निरूपण गर्नु सान्दर्भिक हुन्छ ।

**बयान** (लघु कथासङ्ग्रह २०५५), **दोस्रो सत्ता** (कथासङ्ग्रह २०६२) **मेरो कथा नलेखिदिनू** (२०७४)का अतिरिक्त यसै समयावधिमा आख्यानको अन्य परिधिमा उपन्यासहरू प्रकाशित भएका छन् । तिनमध्ये यहाँ लघु कथासङ्ग्रहमा सङ्कलित कथाहरूको मात्र समीक्षा गर्न खोजिएको छ । प्रसाईका लघु आकृतिमा रचित जम्मा ३७ ओटा कथाहरू यहाँ समावेश भएका छन् । ती कथाहरू सैद्धान्तिक आधारमा रचित आख्यान हुन् र तिनको संरचना प्रक्रिया पनि सैद्धान्तिक दृष्टिले व्याख्या हुने किसिमका देखिएका छन् । यी कथाहरू विषयका आधारमा बहुविधामा छन् र तिनले मानवजीवनका वैयक्तिक तहदेखि विश्वबोधसम्बन्धी मान्यतालाई आख्यानीकृत गरेर लघु आयतनमा समेटिन सकेका छन् । प्रसाईद्वारा सांस्कृतिक, मनोविज्ञान, यौनमनोविज्ञान, वर्ग र समाजका समस्या, समृद्धि र ंवेदनाका स्थितिहरू, शिक्षा, विज्ञान तथा भौतिक र आध्यात्मिक दर्शनका सन्दर्भहरू पनि यहाँ विषयको संवेदनाका परिस्थिति पनि यहाँ रचनाको परिस्थितिका रूपमा उपस्थापन भएका छन् । यिनलाई तलको तालिकामा रहेका सङ्केतअनुसार पनि उपस्थापन गर्न सकिने स्थिति देखिन्छ :

## २. कथाको क्रम तालिका

| क्रम | विषय क्षेत्र | संवेदना | कथ्य |
|---|---|---|---|
| १ | सत्यअसत्य | सांस्कृतिक | निष्ठा र आस्थाका युगीन मूल्य विघटनको परिणाम |
| २ | अञ्जलीका बुबा | यौन र समर्पण | समाज र परिवारको बीचका आन्तरिक समस्याको बोध |
| ३ | जात | वर्ग र समाज | समाजले जन्माएका विभेदबाट प्रताडित मान्छेको उपस्थिति |
| ४ | बहुला | एकाङ्गी प्रणय | समाजले जन्माएका विभेदबाट प्रताडित मान्छेको उपस्थिति |
| ५ | सहपीडा | विभग्न अस्मिता | जीवनको सुरक्षित अस्मिता र फूलको अस्तित्वको समापन |
| ६ | डाहा | विघटित संवेदना | परस्परको सहभावको ध्वस्ततामा सुरक्षित र विनष्ट संवेदना |
| ७ | ज्युनार | वर्गीय वितण्डा | समाजमा वर्गीय तुष्टि अर्थमा होइन भावनामा निर्भर रहन्छ । |
| ८ | फूल | वर्गपीडत प्रकृति | माली मालिकबीचको फूल संवेदना शून्यताको आक्रमण |
| ९ | व्यङ्ग्य | अपाच्य समृद्धि | पतिमा पुंसत्वको अभाव रहेको यथार्थताको उद्घाटन |
| १० | प्रेमको पराजय | ईर्ष्या र प्रेम | ईर्ष्याका सामु पवित्र प्रेम पनि पराजित बन्न पुग्दछ । |
| ११ | निर्माण कला | कला र विपन्नता | कला र स्थापत्य शिल्पीको घर नै पहिरो र बाढीमा बग्छ । |
| १२ | मोह त्याग | विकृति र स्नेह | सन्तानको मायामा समानताको मापन गर्न नसकिने निष्कर्ष |
| १३ | मत | विकृत यौन | प्राकृतिक वितण्डामाथि पनि मान्छे यौनको बुभुक्षा मेटिरहन्छ । |
| १४ | विश्वास | परस्परको आहत | विश्वासको अवसान बन्दै गएको वर्तमानमा वर्तमानकै मृत्यु |
| १५ | कुसन्तान | सन्तानको प्रकार | जन्मिनासाथ मरेको, होनहार कीर्ति कमाएर मरेको र कुकर्मी |
| १६ | अहङ्कार | अनपेक्षित द्वन्द्व | परस्परको अविवेकी द्वन्द्वको प्रतिफल अत्यन्त नकारात्मकता |

| | | | |
|---|---|---|---|
| १७ | बयान | अक्षम प्रजनन | पुरुषमा रहेको प्रजननको अभावमा नारीको मातृत्व सम्मान |
| १८ | देवी र रन्डी | विभग्न आस्था | समाजले बनाएका संवेदना र निष्ठा ध्वस्तताको उद्घाटन |
| १९ | अन्तरेको फलिफाप | ईर्ष्या र विद्वेष | उन्नति र अवनतिको अवस्थामा विषमताको स्थिति उपस्थित |
| २० | आफ्नो मरदलाई | शिक्षाको दुरुपयोग | पठनबाट मान्छे पतिपत्नीका बीचमा विद्वेषित बन्ने देखिन्छ । |
| २१ | कुमारित्व | समाज र जैविक | जैविक र सामाजिक मूल्यका प्रसङ्गमा अहम् प्रश्नको स्थिति |
| २२ | एउटा क्षीण सङ्कल्प | सङ्कल्पको सम्मान | समग्र सत्यको अभिव्यक्तिको अवस्था पनि यहाँ संवेदना |
| २३ | मङ्गली | सडक बालबालिका | यौन र सन्तति तथा तिनको स्खलनका सन्दर्भको उपस्थापन |
| २४ | शान्तिमार्ग | शान्तिको स्थिति अन्त | मानव दुराचारका कारण शान्तिको अवसान भएको निष्कर्ष |
| २५ | महत्त्व | आफ्नै स्वार्थ प्राथमिकता | निद्रा, भोजन र गफगाफका सन्दर्भमा आआफ्नै तुष्टिहरू |
| २६ | प्रेमार्थी | निरपेक्षता र मान्छे | समग्र मानवजगत् द्वन्द्वको अन्तमा मात्र मानवसमाज बन्दछ । |
| २७ | अचूक औषधि | सफलता तथा उपचार | ईश्वरको सिर्जना संसार र मान्छे अनि नयाँ मूल्यको स्थापना |
| २८ | ईश्वर लोप भए | ईश्वरको विस्थापन | ईश्वरप्रति कम अर्पण गरी धेरै लाभ गर्ने इच्छा शान्ति शून्य |
| २९ | आस्था | ईश्वर निष्ठामा प्रश्न | स्वास्थ्य लाभ र दिवङ्गतको मुक्तिको कामना एकै ईश्वरसँग |
| ३० | मन्डले खोइ मन्डले | होहल्लाको फाइदा | चोरी भएको बेला चोर लखेट्नेसँग चोर पनि लखेट्न सामेल |
| ३१ | युद्ध | मान्छे नै युद्धको प्रतीक | परस्परको द्वन्द्वको बीच मान्छेमान्छे रहेसम्म युद्ध अनवरत |
| ३२ | सावित्री सत्यवान् | यथार्थ आदर्शको विपर्यय | बाहिर जे देखिन्छ त्यो होइन, आदर्श अन्तर्तहमा निहित हुन्छ । |

| | | | |
|---|---|---|---|
| ३३ | प्लास्टिकको जङ्गल | पर्यावरणीय विनाश | प्रकृतिमाथि विकृतिले विजय पाउँदै गएको टिठलाग्दो सन्दर्भ |
| ३४ | मेरो गोरुको बाह्रै टक्का | आत्मश्लाघाको विकृति | विकृतितर्फ मोडिँदै गएका धार्मिक र सांस्कृतिक आस्थाहरू |
| ३५ | अनमोल पारिश्रमिक | आत्मीयताको स्थापना | प्रेमपूर्वक प्रदान गरिएको नगण्य वस्तु पनि अनमोल हुन्छ । |
| ३६ | अकथा | आत्मीयताको स्थापना | जीवनका अनेक विडम्बनाको पूर्वाभास आजका नयाँ पुस्तामा |

**विडम्बनाको पूर्वाभास आजका नयाँ पुस्तामा**

माथिका कथाहरू विषयका दृष्टिले अनेक क्षेत्रको प्रतिनिधित्व गर्ने किसिमका छन् । यिनमा निहित संवेदनाका स्थितिहरू मानवीय संवेगका चरम सन्दर्भ बनेर कथाको रूपमा प्रकट भएका छन् । यस कारण यी कथाको समीक्षा गर्दा मानवको मनोविज्ञान, समाज र संस्कृतिगत मर्यादा, भौतिक विज्ञानका अनेक सन्दर्भ, यौन र जीवनका चेतनागत अनेक स्थितिका आधारहरू अवलम्बन गर्नुपर्ने स्थिति देखिन्छ । साहित्यका निम्ति समीक्षाको उपकरण मानिने अनेक सन्दर्भ र विषयका क्षेत्रहरू यी कथामा आकर्षित भएका छन् । त्यस्ता पक्षलाई यहाँका संवेदनाले काव्यिक स्थिति र कथात्मक संवेगको रूप प्रदान गरेर समेट्ने काम गरेका छन् । यस्ता संवेदनाका आधारमा उपस्थापन भएका लघु आख्यान कणहरूले प्रसाईबाट कथाको रूप प्राप्त गरेका छन् । यिनै तथ्यहरूलाई दृष्टिगत गरी सङ्ग्रहमा रहेका कथाहरूलाई तलका समूहका आधारमा वर्गीकृत गर्नु सान्दर्भिक रहेको देखिन्छ :

१. सांस्कृतिक, जात र वर्ग : 'सत्यअसत्य', 'जात', 'ज्युनार', 'फूल', 'निर्माण कला' र 'सावित्री सत्यवान्' ।

२. यौन संवेदना र त्यसप्रतिको समर्पण : 'अञ्जलीका बुबा', 'सहपीडा', 'मात', 'बयान', 'आफ्नो मरदलाई' र 'कुमारित्व' ।

३. प्रणय तथा वात्सल्यप्रतिको एकाङ्गी भाव : 'बहुला', 'मोह त्याग' र 'कुसन्तान' ।

४. विभग्न संवेदना : 'डाह', 'ईर्ष्या र प्रेम', 'विश्वास', 'देवी र रन्डी', 'मङ्गली', 'युद्ध', 'प्लास्टिकको जङ्गल' र 'मेरो गोरुको बाह्रै टक्का' ।

५. आस्था र विश्वास : 'शान्तिमार्ग', 'अचूक औषधि' र 'आस्था' ।

६. व्यङ्ग्य चेतना : 'व्यङ्ग्य', 'प्रेमको पराजय', 'अहङ्कार', 'ईश्वर लोप भए', 'मन्डले खोइ मन्डले' र 'अनमोल पारिश्रमिक' ।

७. विद्वेषको भाव : 'अन्तरेको फलिफाप', 'एउटा क्षीण सङ्कल्प', 'महत्त्व', 'प्रेमार्थी' र 'अकथा' ।

**३. विषय क्षेत्र र कथाको वैशिष्टय**

(क) सांस्कृतिक, जात र वर्ग : यस समूहमा पर्ने छओटा कथाहरू संस्कृतिप्रतिको तीव्र चेतना लिएर लघु आकृतिमा सिर्जना भएका छन् । यिनमा 'सत्यअसत्य' कथाले जीवनका निष्ठा र आस्थागत युगीन मूल्यहरू बिस्तारै विघटनको दिशातर्फ उन्मुख बन्दै गएको र तिनले जन्माएको दुष्परिणाम मान्छेले भोग्नुपरेको सन्दर्भ प्रस्तुत गरेको छ । त्यस्तै यसै समूहमा पर्ने अर्को कथा 'जात' शीर्षकमा प्रस्तुत छ । यसमा जात जस्तो विषय सांस्कृतिक विडम्बनाको विषयका रूपमा प्रतिपादन गर्दै समाजले जन्माएका विभेदबाट प्रताडित मान्छेको माध्यमबाट समाजका आडम्बरी चरित्रलाई गहिरो रूपमा प्रहार गरिएको छ । तेस्रो कथाको शीर्षक 'ज्युनार' रहेको छ । यस कथामा समाजमा वर्गीय तुष्टि अर्थमा होइन भावनामा निर्भर रहन्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी नै समूहको अर्को कथाको शीर्षक 'फूल' रहेको छ । मान्छे जात, धर्म र वर्गको आडम्बर पालेर बसेका छन् । तिनमा बाहिरी स्वाङ रचेर आफ्नो हैसियत उठेको देख्ने तर भित्रभित्र कुहिएको पनि थाहा नपाउनेहरूप्रतिको आक्रोश यस कित्ताका कथामा प्रकट भएको छ । यस्ता संवेदनाहरूको एक मात्र साक्ष्य यहाँ प्रस्तुत गरिएको छ :

'उसले मलाई एकक्षण हेऱ्यो र चिनेछ क्यार, उसका अनुहारमा डरका रेखाहरू देखा परे । उसका घरपटीले 'भात सार न ! के हेरेको ? मान्छे देखेका छैनौ' भनेर हप्काएपछि उसले काम्दो हातले खाना सार्न थाल्यो । त्यस बखत उसका हात बेस्सरी काम्दै गरेको देखें । मेरा लागि ल्याउँदै गरेको दालले हात पोलेछ र अलिकति पोखियो पनि घरपटीले गाली गर्दै भने– 'यो बाहुनको ढङ्गै छैन । हरिकङ्गालले आफ्ना घरमा कहिल्यै भात पनि देखेको थिएन क्यार !' मपट्टि हेर्दै भन्दै गए– 'के गर्नु आजकाल मान्छे पाइन्न त्यसै हुनाले पहाडबाट भर्खर झरेको, सोझै रहेछ भनी राखेको ...' उनी अरू पनि केके भन्दै गए' ('जात', **बयान**, २०५५/१६) ।

प्रस्तुत उद्धरणमा म पात्रले पहिले दलित भनेर चिनिसकेको पात्र भान्से बनेर धोती, जनैसहित ब्राह्मणको चुलोमा पुगेको स्थिति मूल विषय बनेको छ । आर्थिक हिसाबले सम्पन्न र जातीय व्यवस्थाअनुसार ब्राह्मण भनिने मालिकचाहिँ वर्गीय अहम्का कारण मानवता र नैतिक संवेदनाबाट निकै तल गिरिसकेको स्थिति यस उद्धरणबाट प्रकटमा आएको छ । यस्ता अनेक सन्दर्भहरू यस कित्ताका कथामा प्रस्तुत भएका छन् । प्रत्येक कथा भाव र संवेदनाका दृष्टिले निकै शक्तिशाली बनेर प्रकटमा आएका छन् ।

त्यसरी नै यस समूहका अरू कथाहरूले पनि जाति, धर्म र संस्कृतिका विषयलाई अभिजात्यीकरण गरेर प्रकटमा ल्याइएको अर्को कथा 'फूल' मा फूलको संरक्षक माली र उद्यानका मालिकबीचमा रहेका फूलप्रतिको वर्गीय र कथित धार्मिक अहम्मा प्रकट भएको संवेदना शून्यताको स्थितिले आस्थामा आक्रमण गरेको सन्दर्भ प्रतिपादन गरेको छ । यस समूहको अर्को विडम्बनापूर्ण रचनाका रूपमा 'निर्माण कला' शीर्षकको कथा पनि उल्लेखनीय रहेको छ । यस कथामा कला र स्थापत्य शिल्पीको घर नै पहिरो र बाढीमा बग्छ भन्ने भाव संवेदनाको अभिव्यञ्जन रहेको स्थिति देखिन्छ । समूहको अन्तिम कथाको शीर्षक 'सावित्री सत्यवान्' रहेको छ । यस कथामा

बाहिर जे देखिन्छ त्यो आदर्श होइन, आदर्श अन्तर्तहमा निहित हुन्छ भन्ने निष्कर्ष प्रकट भएको छ ।

(ख) यौन संवेदना र समर्पण : यस समूहमा पर्ने कथा जम्मा छओटा छन् । तिनमा पहिलो कथा 'अञ्जलीका बुबा' शीर्षकमा प्रस्तुत भएको छ । यसले यौन संवेगको भावलाई प्रकटमा ल्याएको छ । विपरीत लिङ्गीय सदस्यप्रतिको आकर्षण र विकर्षणको द्वन्द्वमा यो कथा तयार भएको छ । 'सहपीडा' शीर्षकको दोस्रो कथामा पनि यौनको प्राकृतिक सम्मोहनको अवस्थाले कथाको रूप ग्रहण गरेको छ । यसमा जीवनको सुरक्षित अस्मिता एकैपल्टको यौनको संसर्गबाट ध्वस्त भएजस्तै फूलको अस्तित्व पनि एकैपल्ट विदीर्ण बनेर समाप्त हुन्छ भन्ने सन्देश प्रक्षेपण भएको छ । 'मात' शीर्षकको तेस्रो कथामा पनि यौनको विकृत उपयोग ध्वन्यात्मक रूपमा प्रस्तुत भएको छ । असहायमाथि पनि मान्छे विकृत यौनको वितण्डा रचेर यौनको बुभुक्षा मेटिरहन्छ भन्ने विकृत सन्देश यहाँ प्रस्तुत भएको छ । यस प्रकारको यौनचिन्तन यस समूहका अन्य कथामा सजीवतापूर्वक प्रस्तुत भएको देखिन्छ । यौन विकृतिको साक्ष्यका रूपमा 'मात' शीर्षकको कथाबाट एक उद्धरण प्रस्तुत गर्नु उपयुक्त देखिन्छ :

'रमेशचन्द्रलाई यतिखेर अचम्म लाग्यो, बौलाहीको शरीर र लुगाहरूबाट खपिनसक्नुको दुर्गन्ध आइरहेको थियो । उसलाई हिजो रातिको कुरा सम्झना भएर आयो, रक्सीको नशाले हो कि किन होला, हिजो राति यो बौलाही पटक्क गह्नाएकी थिइन, यति फोहोरी छेजस्तो पनि उसलाई लागेको थिएन' ('मात', **बयान**, २०५५/२७) ।

मादक पदार्थको नशामा डुबेको स्थितिमा विक्षिप्त र बेवारिसे नारीमा बलात्कार गरिरहँदा कुनै विधि र निषेधको स्थिति नदेख्ने यौनोपभोक्ता नायक रमेश भोलिपल्ट त्यही नारी मृत अवस्थामा देख्दा हिजो बलात्कारको क्षणमा यति दुर्गन्धित र फोहोरमैलामा

पिण्ड नभएको र अहिले भने अत्यन्त बीभत्स दुर्गन्धमा डुबेको लासका रूपमा देख्छ । मादक द्रव्यको प्रभावमा डुबेको मान्छेमा अरू पाशविक यौन सम्मोहनमा भासिएको पाशविक हिंसा आरूढ हुन्छ भन्ने सन्देश यस कथाले प्रक्षेपित गरेको छ ।

यसरी नै यौनको संवेग र त्यसको उपयोगका विकारका प्रश्नलाई सङ्केत गर्ने अर्को कथा हो– 'बयान' । यस कथामा पुरुषमा रहेको प्रजनन क्षमताको अभावका कारण नारीको मात्र वत्सलता परितृप्त हुन नसकेको स्थितिलाई आख्यान बीज बनाएर निष्कर्ष दिने काम भएको छ । समूहको अर्को कथाको शीर्षक 'आफ्नो मरदलाई' रहेको छ । यौन र पुरुष सम्मानको कथित आडम्बरमाथि व्यङ्ग्य प्रहार गर्ने क्रममा यो कथा तयार भएको छ । यस कथाका आधारमा मान्छे पतिपत्नीका बीचमा पनि विद्वेषित बन्न सक्छ र यौनको अनैतिक विनिमय गर्न सक्छ भन्ने संस्कारबाट मुक्त हुन सकेको छैन भन्ने सन्दर्भलाई कथ्य बनाएको छ । यसै समूहको अन्तिम कथाको शीर्षक 'कुमारित्व' रहेको छ । यस कथामा पनि जैविक र सामाजिक मूल्यका प्रसङ्गहरूको अहम् प्रश्न उभिएको छ । यस स्थितिलाई सूक्ष्म निरीक्षण गरेर निष्कर्ष दिने काम भएको अवस्था देखिन्छ । यसरी जीवनको एक अनिवार्य सत्य मानिने यौनलाई मर्यादित बनाउने काम समाज र संस्कृतिअनुसार व्यवस्था गरिएको हुन्छ । यौन अनेक सत्यमध्ये एक अनिवार्य सत्यका रूपमा स्थापित हुने विषयलाई हेर्ने अनेक आयामहरू यस समूहका कथामा अभिव्यञ्जित भएका छन् ।

(ग) प्रणय तथा वात्सल्यको एकाङ्गी भाव : यस समूहमा जम्मा तीनओटा कथाको उपस्थिति देखिन्छ । तिनमा पहिलो कथाको शीर्षक हो– 'बहुला' । यस कथामा कथाकार प्रसाईले प्रणयको एकाङ्गी भावका कारण जन्मिने वियोगबाट आविर्भाव विक्षिप्तताको यथार्थ बिम्ब विषयका रूपमा ग्रहण गरेको देखिन्छ । यस्तै वात्सल्यको एकाङ्गी

भावको उपस्थापन गर्ने अर्को कथाको शीर्षक 'मोहत्याग' रहेको छ । यस कथामा अनेक सन्तानको मायामा समानता हुन्छ भन्ने आदर्श वाक्यहरू बोलिए पनि त्यस्तो अवस्थाको मापन गर्न नसकिने निष्कर्ष कथाले नै प्रकटमा ल्याएको छ । समूहको पछिल्लो कथाको शीर्षक 'कुसन्तान' रहेको छ र यस कथाले सन्तानको आचरणको विकृत यथार्थलाई प्रकटमा ल्याएको छ । यस कथामा जन्मिनासाथ मरेको, होनहार कीर्ति कमाएर मरेको र कुकर्मी बनेर लामो जीवन बाँचेका सन्ततिलाई हेर्ने र गर्ने वात्सल्यको व्यवहारको विभेदता कथा बनेर प्रकट भएको छ । यस्ता विषयहरूमध्येको एक मात्र साक्ष्य 'कुसन्तान' शीर्षकको कथाबाट प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

'तपाईंहरू जति भाग्यमानी म हुन सकिनँ, आज तपाईंहरूसँग आआफ्ना सन्तान जीवित नभए पनि उनीहरूप्रतिको तृष्णा जीवित छ र उनीहरूप्रतिको असीम प्रेमको गङ्गामा तपाईंहरू पौडिइरहनुभएको छ । तर म भने जीवित सन्तानप्रतिको वितृष्णाले दिनरात भतभती पोलिइरहेको छु ' ('कुसन्तान', **बयान**, २०५५/२९) ।

हितोपदेश मित्रलाभका प्रणेता विष्णु शर्माले गरेको सन्ततिको वर्गीकरणमा पहिलो नजन्मिएको, दोस्रो जन्मिएर मरेको र तेस्रो मूर्ख र दुष्ट बनेर बाँचेको तीन किसिमका सन्तानको अस्तित्व हुन्छ । यी तीन सन्ततिमा पहिलो अर्थात् नजन्मिएको सन्तति नै उत्तम हो भन्ने भाव प्रकट भएको छ । यसै भावलाई ग्रहण गरेर सिर्जना गरिएको प्रस्तुत कथाले कुनै सन्तान जन्मेर उसले दिएको मानसिक प्रताडना जीवनभर भोग्नुभन्दा त जन्मिँदै नजन्मिएको सन्तान नै उत्तम सन्तान हो भन्ने निष्कर्ष प्रकट गरेको छ । यस्तो कुसन्तानको रूपमा अवतरित सन्तान हुनुभन्दा हुँदै नहुनु नै राम्रो हो भन्ने सन्दर्भ यस कथाले प्रस्तुत गरेको छ ।

(घ) विभग्न मानसिकताले जन्माएका संवेदना : यस समूहमा जम्मा आठओटा कथाहरू रहेका छन् । तिनमध्येको पहिलो कथाको

शीर्षक 'डाहा' रहेको छ । यस कथामा मान्छे आफ्नो समस्यामा भन्दा पनि अधिक अरूका उन्नति र प्रगतिमा चिन्तित रहन्छ भन्ने भाव प्रकट भएको छ । मान्छेमा रहनुपर्ने परस्परको सहभाव र मैत्रीभाव क्रमश: ध्वस्त हुँदै गएका कारण असुरक्षित र विनष्ट बन्दै गएको आत्मिक संवेदनालाई यस कथाले आख्यानीकृत गरेको छ । यस्तै अर्को कथा हो– 'देवी र रन्डी' । यस कथामा ईर्ष्या र आस्था तथा विद्वेष र मैत्रीका बीचको द्वन्द्व प्रकट भएको छ । समाजले निर्माण गरेका संवेदना, निष्ठाहरू बिस्तारै हुँदै गएका ध्वस्तताले निर्देशित गरेका विषयलाई उद्घाटन गरेको स्थिति यसमा प्रकट भएको छ । त्यस्तै अर्को कथा हो– 'विश्वास' । यस कथामा आजको समाज र जीवनमा विश्वासको अवसान बन्दै गएको छ भन्ने आशय प्रस्तुत गरिएको छ । विश्वास, संयम र जीवनका समग्र सत्य लुप्त बन्दै गएको सन्दर्भमा यो कथा तयार भएको छ ।

यसै समूहको कथा 'मङ्गली' पनि हो । यस कथामा पनि विश्वासको जरामा धमिरा लाग्दै गएको स्थिति प्रकट गरिएको छ । एकातर्फ अनेक अधिकार र संरक्षणका नाराहरू लागिरहेका छन् र अर्कातर्फ हिंसा, हत्या र मानव अङ्गसम्म पनि विनिमयका निम्ति ओसारपसार भइरहेका छन् भन्ने स्थितिमा सडक बालबालिकाको अवस्थाको नाजुक अवस्था, यौन र सन्तति तथा तिनको स्खलनका सन्दर्भको उपस्थापन पनि यस कथामा प्रकट भएको छ । त्यस्तै यस किताको अर्को कथा हो– 'युद्ध' । यस सन्दर्भमा पर्ने प्रस्तुत कथाले परस्परको द्वन्द्वको बीज मान्छे रहेसम्म अनवरत रहन्छ भन्ने निष्कर्ष प्रदान गरेको छ । अर्को समग्र दूषित पर्यावरणलाई बिम्बित गर्न लेखिएको कथा 'प्लास्टिकको जङ्गल' शीर्षकमा समावेश भएको छ । यस कथामा प्रकृतिमाथि विकृतिले विजय पाउँदै गएको टीठलाग्दो सन्दर्भ प्रकटमा आएको छ । यसरी नै अर्को कथा 'मेरो गोरुको बाह्रै टक्का' शीर्षकमा समावेश भएको छ । यस कथामा विकृतितर्फ

मोडिँदै गएका धार्मिक र सांस्कृतिक आस्थामा आएका वितण्डाहरूलाई आख्यानीकरण गरिएको छ । यस्ता विभिन्न विकृतिको साक्ष्यका रूपमा एक उद्धरण प्रस्तुत गर्ने प्रयत्न गरिएको छ :

'हाम्रो क्षेत्रमा प्रवेश गरेपछि हत्तपत्त कोही पनि बाहिर निस्किँदैनन् । फेरि तपाईंको नियमकानुनमा समयानुकूल परिवर्तन नभएको उनीहरूको गुनासो छ । हामीले भने हाम्रै क्षेत्रमा पनि मोक्ष प्राप्तिका भऱ्याङहरूको व्यवस्था गरिसकेका छौँ । मेरा विचारमा अब तपाईंले आफ्नो व्यवसाय बन्द गर्नुभए हुन्छ जस्तो मलाई लाग्छ । अनाचारले बुज्रुग भएर धर्मशास्त्रलाई उपदेश दियो' ('मेरो गोरुको बाह्रै टक्का', **बयान**, २०५५/५६) ।

यस उद्धरणमा आज धर्म, निष्ठा र आदर्श परास्त बन्दै गएको छ र मानवीय मूल्यहरू स्खलित बन्दै गएका छन् भन्ने निष्कर्ष प्रकट भएको छ । तिनको संरक्षण गर्ने शाश्वत धर्मशास्त्र, आचार व्यवहार पूरै पराजित बनिसकेका छन् । विधर्मीहरूको आक्रमण भयावह रूपमा बढिरहेछ भन्ने कुरा यस साक्ष्यले सिद्ध गरेको छ । आस्था र निष्ठा, नियम र सदाचारको क्षेत्र अबका स्थितिमा अनाचारले आफ्नो कब्जामा लिइसकेको छ । यिनै अनेकौँ विशेषताहरूमा यस समूहका कथाहरू केन्द्रित बनेका छन् ।

(ङ) आस्था र विश्वासमा आएको सङ्कट : यस समूहमा पर्ने पहिलो कथा 'शान्तिमार्ग' हो यसले पलायित भएको शान्तिको पुनस्थापना हुनुपर्ने सन्दर्भलाई प्रकटमा ल्याएको छ । दोस्रो कथा 'अचूक औषधि' मान्छेले गरेको विभीषक उन्नतिको परिस्थितिलाई देखेर भगवान्ले बनाएको संसारलाई अपूर्ण देख्ने आजका सन्ततिलाई अब भोकै नलाग्ने औषधिको आविष्कार गर्न दिइएको सल्लाहले स्थान पाएको यो कथा आफैँमा ध्वन्यात्मक भावको सम्वाहक बनेर प्रकटमा आएको छ । मान्छेले नै सर्वशक्तिमान् ईश्वरलाई चुनौती दिएका सन्दर्भ 'आस्था' कथामा प्रकट भएको छ । त्यस्तै मान्छेले

आफूलाई अन्य प्राणीबाट पृथक् तुल्याउन स्थापना गरेका आस्था र मर्यादाका मूल्यहरूमा आज धमिरा लाग्दै गएका छन् भन्ने सन्दर्भ पनि यहाँ 'आस्था' शीर्षकको कथाले नै प्रकट गरेको छ ।

यस्ता धारणाहरू उनका अन्य कथाहरूमा पनि प्राप्त गर्न सकिन्छ । यद्यपि यस्ता मूल्यहरूलाई विशिष्ट ढङ्गले प्रकट गर्ने यस समूहका कथालाई यहाँ विशिष्ट तवरले निरूपण गर्न सकिन्छ । उदाहरणका निम्ति यहाँ एक मात्र साक्ष्य प्रस्तुत गर्नु पनि सान्दर्भिक हुनेछ । मान्छे स्वयम्ले निर्माण गरेका आस्था र विश्वासप्रति आफैँ नै अविश्वास, अनास्थाजस्ता सङ्कट निम्त्याइरहेछ भन्ने कुरा आजको मानवको आचरणले नै सिद्ध गरिरहेको छ । यस प्रकारका भावनाहरूलाई प्रसाईका अन्य कथाहरूले पनि प्रमाणित गरेकै छन्, तैपनि प्रतिनिधिका रूपमा यस समूहका कथामध्येबाट पुष्टि गर्न तलको उद्धरण पर्याप्त छ :

'साँच्चै विश्ववैज्ञानिकले संरक्षणदेखि संहारसम्म, 'जीवनदानदेखि मृत्युको भयङ्कर स्वरूपसम्म पुग्ने अनेकौँ वस्तुहरूको आविष्कार गरिसकेका छन् । हो सबै आवश्यकताहरूको परिपूर्तिका निमित्त आविष्कार भइसकेका छन् तर यतिका आविष्कारपछि पनि जहीँतहीँ किन अतृप्तिको भोक नै जागेर यत्रतत्र अशान्ति नै अशान्ति मच्चिइरहेछ ? यही भोक मार्ने औषधिको आविष्कार मात्र भएको छैन' ('अचूक औषधि', **बयान**, २०५५/४८) ।

प्रस्तुत उद्धरणमा प्रकट भएको भोक एकातर्फ अनेक वस्तुको अन्वेषणको आकाङ्क्षा बनेर नयाँनयाँ आविष्कार दिन सफल भएका कारण वरदानसिद्ध भइरहेको छ भने अर्कातर्फ नयाँनयाँ विषयको आविष्कार गर्न सफल बनेको त्यसै भोकलाई व्यवस्थापन गर्न नसकेका कारण मान्छे त्यही भोकको सिकार बनिरहेछ भन्ने कुरा पनि यहाँ सिद्ध भएको छ । यसबाट भोक एकातर्फ वरदान र अर्कातर्फ

अभिशाप सिद्ध भइरहेको छ भन्ने निष्कर्ष यस कथाको निष्कर्ष बनेर प्रकटमा आएको छ ।

(च) व्यङ्ग्य चेतनाको प्रक्षेपण : यस समूहमा परेका कथाहरू व्यङ्ग्य चेतनाको समायोजन तथा तिनको उपस्थानमा सफल छन् । यिनमा रहेका व्यङ्ग्यका सन्दर्भहरूलाई सामाजिक, सांस्कृतिक र आर्थिक संवेदनामा आएका विसङ्गतिप्रति वक्रोक्ति सम्प्रेषण गर्ने कलामा पोख्त छन् । यस्ता पक्षहरू प्रस्तुत गर्ने कथाहरूमा पहिलो कथा यहाँ 'व्यङ्ग्य' शीर्षकमा समावेश भएको छ । यस कथामा पति र पत्नीमा रहेका विषयको प्रजनन अर्थात् पुंसत्व पक्षमा रहेको संवेदनागत यथार्थताको उद्घाटन गर्ने काम भएको छ । समृद्धिका नाममा नवधनिकहरूका जीवनमा आएका संवेदनशील समस्या र तिनका विकारहरू 'प्रेमको पराजय' शीर्षकमा रचित कथामा प्रकट भएका छन् । यस कथामा ईर्ष्याका सामु पवित्र प्रेम पनि पराजित बन्न पुग्दछ भन्ने विषयले स्थान पाएको छ । यस्ता अनेक स्थितिहरूप्रति सम्झौता नगर्ने हो भने जीवन तहसनहस हुन्छ भन्ने आशय यहाँ प्रकट भएको छ । यसरी नै मान्छेमा रहेका सामाजिक तथा सांस्कृतिक संवेदनाका सन्दर्भलाई रचनाको केन्द्र बनाउने कला प्रसाईको कथा सिर्जनाको विषय बन्न सकेका सन्दर्भहरू प्रशस्त छन् ।

यस सन्दर्भलाई नै गति दिने स्थितिका प्रश्नहरूमा अग्रणी देखिने रचनामा 'अहङ्कार' शीर्षकको कथालाई लिन सकिन्छ । यस कथाले परस्परको अविवेकी र अदूरदर्शी द्वन्द्वको प्रतिफल अत्यन्त नकारात्मक परिणाम दिन पुग्दछ भन्ने अभिमत प्रकटमा आएको छ । यस स्थितिको उपस्थापनको प्रमुख स्थिति पनि यसै कथाले प्रकट गरेको छ । यस समूहको अर्को कथा पनि त्यस्तै व्यङ्ग्य चेतनामा आधारित छ । त्यस्ता कथाहरूका पङ्क्तिमा पर्ने कथा हो– 'ईश्वर लोप भए' । यस कथामा पनि आध्यात्मिक आस्थाको स्थितिलाई

व्यङ्ग्य गर्ने काम भएको छ । यस प्रकारको कटाक्ष अवस्था प्रस्तुत गर्ने क्रममा ईश्वरप्रति कम अर्पण गरी धेरै लाभ गर्ने इच्छा राख्ने मान्छेमा निहित स्वार्थले उसको शान्ति शून्यतामा पुगेको सन्दर्भ यहाँ अभिव्यञ्जित भएको स्थिति देखिन्छ । यस्ता सन्दर्भको पुष्टिका निम्ति एक साक्ष्य प्रस्तुत गर्नु पनि सान्दर्भिक ठहर्छ :

'धेरै वर्षपछि ईश्वरको अदालत पुनः बस्यो । यस बेला ईश्वरसामु उभिएका तिनै भक्तले संसारमा आफूले अनेकौं वैज्ञानिक आविष्कार गरेपछि पाएको शान्तिका निम्ति ईश्वरलाई कृतज्ञतापूर्वक धन्यवाद अर्पण गरे । भक्तका उपलब्धिहरूबाट प्रसन्न र प्रभावित भएका ईश्वरले जुरुक्क उठेर ती भक्तको स्वागत गर्दै आफ्ना आसनमा बसाले । ती भक्तलाई आफ्नो उत्तराधिकारी घोषित गरेर ईश्वर लोप भए' ('ईश्वर लोप भए', **बयान**, २०५५/५०) ।

यस उद्धरणले मान्छेको अहम्को उत्कर्षता चुलिएको स्थितिमा मान्छेले अन्तिम सत्य त ईश्वर नै हो भन्ने कुरा भुलिसकेको हुन्छ । यस्तो निष्कर्ष दिने कथाकार यहाँ औसत मान्छेको चिन्तनभन्दा धेरै माथि पुगेको सन्दर्भमा देखिएकी छन् । यस कथाको व्याजोक्तिका रूपमा प्रस्तुत सन्दर्भ प्रकटमा आएको छ । मान्छेमा अहम् बढेका कारण ईश्वरप्रतिको आस्था लोप हुँदै गएको कथ्यलाई पनि यस कथाले प्रहार गरेको छ। मान्छेले आफ्नै अविवेकी र अदूरदर्शी स्वभावका कारण आफ्नो दुर्दशा निम्त्याइरहेको छ भन्ने कुरा यस उद्धरणले प्रकट गरेको छ ।

यसरी नै यस समाजको हल्लाका भरमा बहकिने प्रवृत्तिलाई लक्ष्यित गर्ने कथा 'मन्डले खोइ मन्डले' शीर्षकमा यहाँ प्रतिष्ठापन भएको छ । यस स्थितिलाई चोरी भएको बेला चोर लखेट्नेसँग चोर पनि सामेल भएर चोर लखेट्ने काममा सामेल भएको सन्दर्भ यहाँ प्रकटमा आएको देखिन्छ । त्यस्तै यस समूहको अन्तिम कथा 'अनमोल पारिश्रमिक' शीर्षकमा समावेश भएको छ । यस कथामा प्रेमपूर्वक

प्रदान गरिएको नगण्य वस्तु पनि अनमोल हुन्छ भन्ने भावलाई सजीवतापूर्वक प्रतिष्ठा गरिएको छ ।

(छ) विद्वेषको भाव : आजको समाजमा विद्वेषका भाव पनि त्यत्तिकै मौलाएका छन् । यस समूहका त्यस्ता कथाहरूमा विद्वेषको भावना मडारिएको छ । यस समूहको पहिलो कथा हो 'अन्तरेको फलिफाप' । मान्छेमा निहित विद्वेषको भावना यस कथाको विषयवस्तु हो । यसमा मानिसको उन्नति र अवनतिको अवस्थामा विषमताको स्थिति उपस्थित हुन्छ भन्ने कुरा प्रकटमा आएको छ । यस कथामा प्रकट भएका ईर्ष्या र विद्वेषले मान्छेलाई मान्छे रहन दिँदैन भन्ने आशय अभिव्यञ्जित गरेको छ । यस्तै प्रकारको भाव संवेगमा केन्द्रित अर्को कथा हो– 'एउटा क्षीण सङ्कल्प' । यस कथामा पनि विद्वेष र संवेदनाका सन्दर्भलाई समग्र सत्यको अभिव्यक्ति दिने अवस्थामा प्रस्तुत गरिएको छ । यस्तो अवस्था प्रकट भएका कारण संवेदनाका आयामहरू पनि यहाँ विशिष्ट भावका विषय बनेर प्रकटमा आएको स्थिति छ । यस्ता स्थितिको अभिव्यञ्जन गर्न निम्न साक्ष्य प्रस्तुत गर्न सकिन्छ :

'त्यस बिहान पनि सदा झैँ उसकी भाउजूचाहिँ पूजाकोठामा घण्ट बजाउँदै थिई । भाइचाहिँको ईर्ष्याले गर्दा सम्पूर्ण मासु सुकेर हाडछाला मात्र भएको दाजुचाहिँ पूजाकोठाका ढोकामा देखा पऱ्यो । स्वास्नीलाई धकेलेसरी ऊ देवताका अघि पुग्यो । उसले वर्षौंदेखि पुज्दै आएका देवतालाई थुकेर लात्ताले पनि हान्यो ('अन्तरेको फलिफाप', **बयान**, २०५५/३४) ।

आस्था र धैर्यको अभावमा कुनै पनि काम सफल हुन्न । अर्काको ईर्ष्यामा गरिने पूजाआजा र धर्मकर्म सबै आडम्बर मात्र हुन् । तिनमा निष्ठा नहुने हो भने कुनै पनि कार्य सफल हुन्न भन्ने यस उद्धरणको निष्कर्ष रहेको छ । देवताको पूजा भनेको कर्म हो र यस कर्ममा सदा समर्पित रहन सक्नुपर्छ भन्ने पनि यस उद्धरणको आशय रहेको छ ।

समूहको अर्को कथा 'महत्त्व' शीर्षकमा प्रकाशित भएको छ । यस कथाले निद्रा, भोजन र गफगाफका सन्दर्भहरू आआफ्नै तुष्टिका कारक हुन्छन् र तिनमा समुचित विषयका विशेषता रहेका हुन्छन् भन्ने विषयलाई यस कथाले सिद्ध गरेको छ । यस्तै अर्को कथा यहाँ 'प्रेमार्थी' शीर्षकमा प्रकाशित भएको छ । अरु यस कथाको वैशिष्टचका सन्दर्भमा समग्र मानवजगत्का द्वन्द्वको अन्तमा मात्र मानव मानव बन्दछ भन्ने सन्दर्भ यहाँ विषयका रूपमा प्रकटमा आएको छ । यसरी नै यस समूहको अन्तिम कथा 'अकथा' शीर्षकमा तयार भएको छ । यस कथाले जीवनका अनेक विडम्बनाको पूर्वाभास आजका नयाँ पुस्तामा अभिशापका रूपमा आएको छ भन्ने सन्दर्भ यहाँ प्रकटमा आएको छ ।

## ४. निष्कर्ष

**बयान** सङ्ग्रहमा रहेका लघु कथाहरू एकातर्फ पारम्परिक प्रक्रियाका आधारमा वर्तमानका सीमामा रहेका संवेदनाहरूमा टेकेर प्रकट भएका छन् भने अर्कातिर विविध प्रश्नहरू बोकेर विशिष्ट संवेदनाका विषय लिएर आएका छन् । समाज, जीवन, मनोविज्ञान, यौन, धर्म, संस्कृति र दर्शनका अनेक आयामहरू कथाका बीज बनेर आएका छन् र सामाजिक तथा सांस्कृतिक पक्षका सीमामा रहेका मानवीय आचार, व्यवहार मानवीय अस्मिताका पक्षहरू यहाँ विषयका पक्ष बनेर प्रकटमा आएका स्थितिहरू पनि देखिएका छन् । भाषाको स्पष्ट अभिव्यक्ति कला र सङ्क्षिप्त संवेदनाका विषयहरू पनि यहाँ कथ्यको संवाहक बनेर आएका छन् । त्यस्ता स्थितिलाई यहाँ कथा कथनको विषय बनाएर प्रकटमा ल्याएको देखिन्छ । यसबाट सङ्क्षिप्त कथनमा व्यापक विषयको उपयोग गरेर कथाको स्वरूप प्रदान गरिएको स्थिति पनि देखिन्छ । यस कलाका आधारमा प्रसाई सफल एवं प्रतिनिधि लघु कथाकारका रूपमा स्थापित बनेको सन्दर्भ पुष्टि हुन आउँछ ।

‘अङ्ग्रेजी भाषामा अनुवाद गरिने हो भने इन्दिरा प्रसाईका कथाहरू विश्वस्तरीय छन् ।’ **बयान** लघु कथाकै लोकार्पणका समयमा अर्थात् २०५५ सालमा प्रसिद्ध प्रगतिशील समालोचक गोविन्द भट्टको समालोचकीय मन्तव्यलाई पनि यहाँ स्मृति विशेषबाट प्रस्तुत गर्नु सन्दर्भ ठहरिएको छ ।

# 'दोस्रो सत्ता' सङ्ग्रहमा सङ्कलित कथाहरूको प्राप्ति

**१. विषयप्रवेश**

२०६२ सालमा सङ्कलित **दोस्रो सत्ता** कथासङ्ग्रहमा २०५६ पछिको समयमा रचित सोह्रओटा कथाहरू समावेश भएका छन् । यिनीहरूमा नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक र वैज्ञानिक जीवनका आधारमा मानवीय संवेदनाहरूको विशिष्ट सिर्जनाको उपस्थापन पनि यहाँ सहज र कलात्मक ढङ्गले उपयोग गर्ने काम भएको स्थिति देखिन्छ । यहाँ प्रयुक्त विषय नेपाली समाजमा ज्ञान र विज्ञानले प्रक्षेपण गरेका जीवनमूल्यहरूको उपस्थापन पनि सहज र संवेद्य ढङ्गले भएको अवस्थालाई आत्मसात् गर्न सकिने स्थिति रहेको छ । कथाकार प्रसाईमा क्रमश: विकसित बन्दै गएको कथाचेत यस तेस्रो सङ्ग्रहको समयमा आइपुग्दा उनको सिर्जनाको प्रौढ र निकै परिपक्व चरणको स्थिति आइपुग्दछ । **मन सायद उघ्रँदैन**' कथासङ्ग्रहले कथाको उम्दा प्रतिभाको लक्षण देखाएको सिर्जनात्मक यात्रालाई **बयान**ले लघु आयतनमा विशिष्ट र बृहत् संवेदनका आयाम प्रक्षेपणको कला प्रदर्शन गरिसकेको स्थिति देखिन्छ । यस **दोस्रो सत्ता** कथासङ्ग्रहका चरणमा आइपुग्दा कथाकार प्रसाईको आख्यान यात्राले चिन्तनको विशिष्ट प्रतिभाको अवस्था यहाँ प्रस्तुत भएको छ ।

**दोस्रो सत्ता** कथासङ्ग्रहमा प्रसाईको २०५१-२०६१ को सृजनयात्रालाई प्रतिनिधित्व गर्ने सोह्रओटा कथाहरू समावेश भएका

छन् । मोटामोटी एक दशकको समययात्राको प्रतिनिधित्व गर्ने यी कथाहरू प्रसाईको कथाचेतमा समाज तथा सांस्कृतिक मनोविज्ञानका अतिरिक्त विज्ञान र प्रविधिले ल्याएका जीवनचिन्तनका विषय र यिनको गलत प्रयोगका कारण जन्मेका वितण्डाहरूको अवस्था पनि यहाँ विषयको आधारभूमिका कथाको रूपमा प्रतिपादन भएको छ । यी कथाहरूलाई निम्नानुसारको व्यवस्थापन र वर्गीकरणका आधारमा विवेचना गर्न सकिने अवस्था रहेको छ । यी कथाहरू पहिले विज्ञान र समाज मनोविज्ञान केवल दुई वर्गमा विभाजन गरिनु सान्दर्भिक हुन्छ । यी दुई वर्गीकरणमा पहिलो वैज्ञानिक आधारमा वर्गीकृत कथाहरूमा 'बिहेअघिको रात' र 'नौ नम्बरकी' यी दई कथा यहाँ विज्ञानले जन्माएका प्राविधिक प्रतिफलनका रूपमा विकसित बनेको अवस्थाका प्रतिनिधि बनेका छन् । समाज मनोविज्ञानका राजनीतिक, यौन तथा सांस्कृतिक मनोदशाका पक्षका आधारमा विभाजित कथाका आयामहरू विस्तारित बनेका छन् । यस्तै वर्ग तथा लिङ्गप्रताडित मनोदशाका कथाहरूमा १.'क्रमशः उपनायकहरू', २.'११११११', ३.'दोस्रो सत्ता' पर्दछन् । त्यसै गरी यस सङ्ग्रहमा भएका कथाहरूमध्ये केही कथाहरूमा मनोसांस्कृतिक संवेदनाका सन्दर्भहरू पनि कथाका आधार बनेका छन् । त्यस्ता कथाहरूमा १.'घटना र दुर्घटना', २.'बिहेको बाजा', ३.'परी कान्छी', ४.'पूर्णबहादुर', ५.'थ्रो अवे', ६.'मायाको आँसु' शीर्षकका कथाहरूमा नेपाली समाजका मान्छेले भोगेका सामाजिक र सांस्कृतिक मनोपीडाका विषयहरू कथाका आधारभूमिका रूपमा उपस्थित भएका छन् । यसरी नै यौन र यौनिक आकर्षण तथा विकर्षणका आधारमा सृजित कथाहरूमा १.'राग', २.'मधुरात', ३.'घटना र दुर्घटना', ४.'धक', ५.'शिव सर', ६.'दृष्टि' जस्ता कथाहरू रहेका छन् । विषयगत गम्भीरता र तिनको विशिष्टतम मनोवेगको उपस्थिति नै यी कथाहरूको प्राप्तव्य रहेको छ । यसै आधारमा यी कथाहरूको यथा समूहमा विश्लेषण गरिनु वाञ्छनीय रहेको छ ।

### २. विज्ञान तथा प्रविधिप्रताडित मनोदशाका कथाहरू

यस कित्ताका कथाहरू प्रस्तुत सङ्ग्रहमा दुईओटा मात्र परेका छन् र ती कथाहरू 'बिहेअघिको रात' र 'नौ नम्बरकी' हुन् र यी कथाहरू 'मेरो कथा नलेखिदिनू' (२०७४) शीर्षकको कथासङ्ग्रहमा पनि सङ्गृहीत छन् । यस सन्दर्भमा 'नौ नम्बरकी' कथामा वैज्ञानिकद्वारा निर्मित मानव अङ्गप्रत्यङ्गहरू आवश्यकीय मानवमा प्रत्यारोपण गरेर मानवजीवन बचाउन सकिन्छ भन्ने आशय रहेको छ । अर्को 'बिहेअघिको रात' शीर्षकको कथा पनि मानिसले विज्ञानका आधारमा अपाङ्ग मानवको प्राकृतिक विशृङ्खलित अवस्थालाई पनि नैसर्गिक र प्राकृतिक रूपमा सञ्चालन गर्न सकिने रहेछ भन्ने सन्देश दिन सफल देखिन्छ । यस कथामा विज्ञानले जति नै सफलता प्राप्त गरे पनि प्रकृतिको निर्माणमा चराचर विश्वको उपस्थिति जे, जसरी र जति सम्पन्न बनेर रहन्छ; मानवको नियमनमा भने सहज राख्न सकिन्न भन्ने विषय खेलाइएको छ । वैज्ञानिक विकासका आधारमा निर्मित मानवका अङ्ग प्रयोगपछि आउने समस्याका कारण मानवीय संवेदनशीलताको चरम ताडनाले कथाको बैठान गरेको छ । कृत्रिमतामा सजीवता मानवको चरम विकास र उपलब्धि भए तापनि यसमा शाश्वत र सत्यको स्तर भने नहुने कुरा 'नौ नम्बरकी' र 'बिहेअघिको रात' कथाहरूले प्रकट गरेका छन् । आधुनिक कथाको सीमारेखालाई उत्तरआधुनिकतातर्फ पुऱ्याउँदै कथालाई विशिष्टतम उचाइमा पुऱ्याएको सन्दर्भलाई यी दुई कथाले साक्ष्य गरेका छन् ।

यी कथाहरू 'मेरो कथा नलेखिदिनू' शीर्षकको विज्ञान कथासङ्ग्रहमा समेत समावेश भएका कारण र तिनको विवेचना तत्सन्दर्भमै हुने भएकाले यहाँ यिनको सूचना मात्र सङ्केत भएको छ । यिनका अतिरिक्त अन्य कथाहरूको मात्र यहाँ विवेचनाको प्रयत्न भएको छ ।

### ३. वर्ग तथा लिङ्गप्रताडित मनोदशाका कथाहरू

'क्रमश: उपनायकहरू', '११११९', 'दोस्रो सत्ता' जस्ता कथाहरूमा समाजमा निर्माण भएका वर्गीय विषमताका कारणले जन्माएका जघन्य मानसिक पीडा र त्यसका प्रताडनाका पक्षहरू यस कित्ताका कथाहरूले प्रदर्शन गरेका छन् । यी कथामा अर्थस्वामित्वमा जोडिएका लैङ्गिक अधिकारहरूले सांस्कृतिक तथा राजनीतिक संवेदनाचेतलाई व्यवस्थापन गर्ने प्रयत्न भएको छ । यिनमा पहिलो कथा 'क्रमश: उपनायकहरू' शीर्षकमा सिर्जना भएको छ । यिनमा कतै राजनीतिक अहम्, कतै आर्थिक अहम्, कतै वर्गीय अहम् अनि कतै लैङ्गिक अहम्ले काम गरेको सन्दर्भ यहाँ कथाका विषय बनेर आएका छन् । तिनको व्यवस्थापन कथाकारमा सहज ढङ्गले उपस्थित भएको स्थिति देखिन्छ ।

(क) 'क्रमश: उपनायकहरू' शीर्षकमा रचित कथा मानवीय आर्थिक तथा राजनीतिक दुष्कर्मको साक्षी बनेर प्रकटमा आएको छ । दुष्कर्मत: प्रवृत्तिका प्रतीक बनेका नायकबाट प्रेरित अनेक प्रकारका नायकका बिम्ब बनेका राजनीतिक, आर्थिक तथा नैतिक भ्रष्ट उपनायकहरू यस समाजको परिधिमा अनेकतम आवरणमा उपस्थित बनेका देखिन्छन् । तिनका आचार व्यवहार समाज र जीवनका प्रदूषण बनेर रहेका सन्दर्भहरू पनि यहाँ उपस्थित भएका छन् र यस कथाका नायकहरू पार्टी चरित्रका पार्टीका प्रतिनिधि बिम्ब, भ्रष्टाचार, चन्दाको धन्दा, धाक, धम्की आदिको प्रतीक बनेका उपनायक दुई, नागरिकताको व्यापार, काङ्ग्रेसको सन्दर्भ अरु संस्थाको बिक्रीवितरणका प्रश्नहरू उपनायक तीनमा हत्याको राजनीति मौलाउने वातावरणको प्रस्तुति पनि कथामा प्रस्तुत भएको छ । उपनायक चारमा समूह र दलभन्दा पनि गिरिजा, सुजाता आदि व्यक्तिगत आचरणका बिम्बहरू यहाँ उपनायकीय विषय बनेर प्रकट भएका छन् । पाँचौं नायकीय

आचरण विदेशी दलाल बनेर रहेका सरकारका मन्त्री र अर्थमन्त्रीहरूका आचरण पनि यही रूपमा प्रकट भएका छन् । छैटौँ प्रकारका उपनायकको उपस्थिति पनि दुराचारको उत्कर्षतामा पुगेका कमाउ नेताको उपस्थापन गरेर कथा अन्त भएको छ ।

(ख) '११११११', पाँचओटा एक अर्थात् एघार हजार एक सय एघारबाट सम्बोधित बनेको यस कथामा सकारात्मक रमेशनाथ र नकारात्मक शम्भु नायक तथा खलनायकका रूपमा प्रयोग भएका छन् । यस कथामा रमेशकी पत्नी निर्जलाले घरको सम्पन्नताको अभीप्सा जाहेर गरेको, छोरी रजनीले सामाजिक उपकारका निम्ति चन्दा सङ्कलनको इच्छा प्रकट गरेको र छोरो रघुले क्रिकेट खेलको आयोजनाका निम्ति चन्दा सङ्कलनसमेत गरेको क्रियाकलापको केन्द्रीयतामा रचित यस कथाले वर्तमान नेपालको भ्रष्ट आचरणको पुञ्ज बनेका चरित्रको अनावरण गरेको छ । यस स्थितिलाई खेलको प्रतीक सन्दर्भ उपस्थापन गरेर भ्रष्टाचारका पक्षलाई उद्घाटन गरिएको छ । जागिरेजीवनको तल्लो तह मात्र भए पनि कमाइमा माथिल्लो कला भएको शम्भुको अवैध सम्पत्तिको जोरजामबाट तिरोहित बनेको रमेशनाथको एकतले घरमा तला थप्न पनि गाह्रो परेको र शम्भुको आलिसान महल निर्माण भएको सन्दर्भ यस कथाको कथ्य बनेको देखिन्छ । परिवारको फर्माइस र परिवारमूलीको सीमित आयका बीचमा रहेको विषमताको विडम्बनापूर्ण प्रस्तुति यहाँ अत्यन्त टीठलाग्दो अवस्थामा प्रकट भएको छ । एघार हजार एक सय एघार रुपियाँ चन्दा दिएर आफ्नो धाक देखाउने शम्भुका माध्यमबाट नेपाली समाजको भ्रष्ट तथा अर्थ मनोविज्ञानको आचरण यस कथामा कलात्मक ढङ्गले प्रतिपादन भएको छ ।

(ग) **दोस्रो सत्ता**मा नारीलाई अधिकारविहीन मात्र देख्ने संस्कार रहेका समाजको संस्कारलाई मनोवैज्ञानिक ढङ्गले अमिता र संवेगका मनोदशा र समाजको पुरुषप्रधान सत्ताको प्रभुत्वका

आधारमा विकसित संस्कृतिलाई चुनौती दिने यस अमिता र संवेगका पितामह पुस्तामा अनेक पत्नी, पिता पुस्तासम्म दुई पत्नीको समाजमा अमितामा आइपुग्दा अनेक पतिमा पुगेका नारी चरित्रको संवेगको अभिव्यञ्जनालाई उपस्थापन गरेको स्थिति पनि यहाँ सहज रूपमा प्रकट भएको छ । पतिको रूपमा विराजित संवेगको केन्द्रको वरिपरि अन्य अनुत्तरित र अनवरत दुई पुरुषसमेतको उपस्थितिमा अमिता सप्ताहका तीन दिन मूल पति संवेगका निम्ति र बाँकी चार दिन अनुत्तरित र अनवरतका निम्ति दुईदुई दिनको वितरण गरेर एउटी नारीले अनेक पति भोग गरेको सन्दर्भ हिजोसम्म दोस्रो तहमा स्विकारिएका नारीको अवस्था आज पहिलो तहमा धकेलिँदै छ भन्ने सन्दर्भ यस कथाले उपस्थापन गरिएको स्थिति देखिन्छ ।

'क्रमशः उपनायकहरू', '११११११' र 'दोस्रो सत्ता' जस्ता तीनओटा कथाहरूमा रहेका लिङ्गप्रताडित मानव मनेविज्ञानको सन्दर्भका विशिष्ट पक्षहरू यहाँ व्यवस्थापित भएका छन् । तिनको मूल्याङ्कनका सन्दर्भमा यहाँ विशिष्ट स्तरमा रहेको स्थिति एक मात्र उद्धरणको साक्ष्यको आधारमा प्रमाणित गर्ने सन्दर्भ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

'अमेरिकामा कालामाथि गोराले गरेको अत्याचार अथवा हाम्रै देशमा पनि ठूला जातका भनाउँदाले साना जात परिएका माथि गरेका अतिचार र पुरुषहरूले नारीमाथि गरेका व्यवहारमा मैले एकरूपता देखेकी छु । मेरी आमालाई यसै समाजले कज्याएर मानसिक रूपबाट अपाङ्ग तुल्याइएका आइमाईहरूको प्रतिनिधि पात्र भन्दा हुन्छ । साउनमा आँखा फुटेको गोरुले सधैँ हरियाली देखेझैँ मेरी आमा खडेरी परेको बेला पनि ऊरी नै देख्ने अपाङ्ग आइमाई हुन्' 'दोस्रो सत्ता', **दोस्रो सत्ता**, २०६२/१३६) ।

समयले बिस्तारै संस्कृतिका परम्परित ढाँचालाई रूपान्तरण गर्दै छ भन्ने आशयमा यस कथाको अन्त भएको छ । यहाँ प्रयुक्त पात्रहरू मनोविज्ञानका प्राविधिक विषय र तिनको व्यवस्थापनका सूचक संज्ञाका तहमा प्रकट भएका देखिन्छन् । यहाँ नारीस्रष्टा प्रसाईको अचेतनको अहम्ले कथाको स्वरूप ग्रहण गरेको छ ।

### ४. **यौन तथा सांस्कृतिक मनोदशाका कथाहरू**

यस कित्ताका कथाहरूमा निकै कथाहरू रहेका छन् । त्यस्ता कथाहरू यौन र सांस्कृतिक संवेगका आधारमा विभाजित हुने स्थितिमा देखिएका छन् । त्यस्ता कथाहरूमध्ये पहिलो समूहमा पर्ने कथाहरूमा 'राग', 'मधुरात', 'परी कान्छी' र 'दृष्टि' कथाहरू पूरै यौनको प्रपीडनबाट तयार भएको मनोविज्ञानको सन्दर्भ यहाँ उपस्थित भएको पाइन्छ । विषयको सबल स्थापना र प्रस्तुतीकरणको कलात्मक संवेगका आधारमा प्रसाईका यस कित्ताका कथाहरू पनि निकै सहज र संवेद्य कलाका आधारमा सिर्जना भएका छन् । यी कथाहरूका विषय र प्रस्तुतिलाई पनि उपयुक्त रूपमा समीक्षा गरिनु सान्दर्भिक देखिन्छ । यिनको प्राप्ति र सीमाको पनि निरूपण गर्नु उपयुक्त ठहर्छ ।

(क) 'राग' : ऋतु र रागिनी केन्द्रीय पात्र प्रयोग भएको प्रस्तुत कथा प्रणय, संवेग र आकर्षण तथा विकर्षणको शिल्पमा निर्माण भएको छ । जीवन राग र विरागको आकर्षण र विकर्षणको स्थापन र प्रतिस्थापन, जीवन र यसको निराशाको उपस्थापनको प्रयत्न, जीवनको स्थितिमा आमा, पत्नी र पुत्रीको नारीत्वमा समाहित पुरुष संवेगको स्थिति पनि यस कथाको केन्द्रमा रहेको देखिन्छ । करुणा, मातृवत्सलता र प्रणय रागको त्रिवेणी बनेको प्रस्तुत कथा जीवन रागको सापेक्षतामा विरागकै बिम्ब हो भन्ने सन्दर्भ पनि यहाँ कथाको सार बनेर प्रकटमा आएको देखिन्छ । जीवनमा अधिकतर नैराश्यको प्रतिष्ठापन र आशाको विस्थापन भएको सन्दर्भले कथाको जीवनदृष्टि र मानवीय संवेग चेतनाको उन्माद तथा प्रमादको

व्यवस्थापनको अपेक्षामा रहने विषय हो । यिनका साथै बाँच्नेको आकर्षणलाई केन्द्रमा राखेर कथात्मक चेतना प्रक्षेपण गर्ने काम पनि यस कथाले गरेको छ । यो कथा साच्चै नै सुललित कलाको प्रतिबिम्ब बनेको छ ।

(ख) 'मधुरात' : यस समूहको दोस्रो कथा मधुरात हो । मधुरात या मधुयामिनी कथाले यौनभोगको बुभुक्षालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । आकृति र निराकार दुई नारीपुरुषको केन्द्रीय पात्र बनाएर निर्माण गरेका यस कथाको चरित्रयोजना पनि दार्शनिक बिम्बका तहमा जीवनका आकृति र निराकृति प्रस्तुत गर्न सक्षम भएको छ । मनका तहमा प्राप्त संस्कार र मानवीय संवेगका आधार, मानवजीवन र संयोगका प्रश्नहरू, मानवलाई आपसी सहयोगी भावका जीवनका प्रश्नका पक्षहरू पनि यहाँ उपस्थित भएका छन् । यौनको पुनराकर्षण नै यहाँ विषयको केन्द्रका रूपमा प्रतिपादन भएको छ । मानवीय संवेदना तथा मानसिक तहमा रहेको आत्मिक आकर्षणले गर्दा प्रौढोत्तर जीवनमै भए पनि अवैध होइन वैध दाम्पत्यसम्बन्धको प्रबल आवश्यकता हुन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

(ग) 'परी कान्छी' : यस समूहको अर्को कथा 'परी कान्छी' हो । यस कथामा सौन्दर्य र यौनको कलात्मक संयोजन भएको छ । यसै संयोजनका आधारमा अभिव्यञ्जित उदात्तता नेपाली समाजको सौन्दर्य पारख, संस्कृतिको सीमा र यौनको आकर्षण, वैपरीत्य लिङ्गप्रतिको आकर्षण तथा समलैङ्गिक ईर्ष्या र प्रतिशोधको भावनाको केन्द्रमा जेलिएका मनोग्रन्थिहरूको उपस्थितिका कारण मान्छे आफैं पनि विनाशको गर्तमा धकेलिन पुग्छ भन्ने आशयमा यस कथाको निर्माण भएको छ । पिता र पुत्रका बीचको मनोविभेदको स्थिति, आमाको सुन्दरताको सापेक्षताका निकै असुन्दर अर्की नारी राधाप्रति पिताको आकर्षण र सम्मोहन बढेको कारण पत्ता लगाउन सक्रिय

बनेका पुत्रको उत्सुकताको सन्दर्भ यहाँ विषयका रूपमा उपस्थित भएको देखिन्छ । दुर्घटनाका कारण राधाको मृत्यु भएपछि राधाका सन्तानलाई आफैँ भरणपोषणमा संलग्न भएर पिता पात्रले सन्तुष्टि लिएको छ । पिता पात्रले प्राप्त गरेको सन्तुष्टिका आधारमा हालसम्म तृप्त नभएको बुभुक्षा पत्नी परी कान्छीबाट तृप्त हुन नसकेको कारण यस कथाका बाबु पात्रको कामेच्छाले परस्त्री राधाबाट परितृप्ति बोध गरेको सन्दर्भका आधारमा यस कथालाई पनि यौनको ध्वनित बिम्ब प्रतिपादन गर्ने विषयका रूपमा ग्रहण गर्न सकिन्छ ।

(घ) 'दृष्टि' : सहज र सन्तोषपूर्ण जीवन भोग गरिरहेका पत्नी राममाया र उसको पति पात्र केन्द्रमा रहेको प्रस्तुत कथा राधेश्यामको खलनायकत्वको प्रवेश भएपछि दाम्पत्य जीवन विध्वंस्ततातर्फ उन्मुख भएको सन्दर्भमा प्रस्तुत कथा तयार भएको छ । सहरिया जीवनको आर्थिक र सांस्कृतिक पीडा, धर्म र अर्थको सांस्कृतिक प्रपीडन तथा सङ्घर्ष पनि यहाँ विषयका रूपमा आएका छन् । रूप र संवेगका कारण विमोहित बनेर झुम्मिएको राधेश्यामका कारण बनिबनाउ र सन्तुलित पारिवारिक जीवन ध्वस्त बनेको सन्दर्भ यहाँ कथाको कथ्य बनेको छ । परकीय सम्पत्ति र स्वामित्वमा रहेका विषयलाई नसहने र त्यसलाई हत्याउन बल गर्ने पौरुष आचरण परकीय नारीप्रति पनि ईर्ष्यालु र सो नारीलाई कुनै मालझैँ ठानेर हत्याउन आतुर बन्दछ भन्ने सन्दर्भलाई यस कथाले जीवन्त रूप प्रदान गरेको छ । यौन राग स्वकीय पतिपत्नीको सापेक्षतामा परकीय नारीपुरुषका आकर्षणमा बढी फस्टाउनाको कारण समलैङ्गिक विकर्षण तथा ईर्ष्या र विषमलैङ्गिक आकर्षण हो । यस चिन्तनलाई प्रस्तुत कथाले आफ्नो केन्द्रीय कथ्यको स्वरूप प्रदान गरेको छ ।

यौन संवेदनाको इतिवृत्त अनेक सन्दर्भका प्रश्नहरू र अनेक संवेदनाको व्यवस्थापन गर्ने कला यहाँ विषयका रूपमा आविर्भाव भएका छन् । यसरी आफ्नै मनोदशाको सिकार बनेको मान्छेको

दृष्टिमा नचाहिँदा कुविचारहरू मौलाउन सक्छन्, तिनको प्रभावका कारण मान्छेमा मानसिक दुर्घटना पनि जन्मिन सक्छ भन्ने सन्दर्भ कथामा प्रकट भएको छ । त्यस्तो प्रतिनिधि स्थिति संस्थापन गर्न एक साक्ष्य प्रस्तुत गर्न आवश्यक देखिन्छ :

'यति मायालु स्वास्नीसँग मैले ठीक व्यवहार गरिनँ । उसको कुरा ठिकै त हो नि, मैले पहिले नै उसलाई 'कुर्थासुरुवाल नलगा', भन्नुपर्थ्यो तर म पनि के गरूँ ? ऊ पनि छटपटाइरहेको थियो । 'ए सीताराम तिम्रो घरमा त हीरा पो राखेका रैछौ त ! होइन, भाउजू त बिछट्टै राम्री पो हुनुहुँदो रैछ, मैले त राम्ररी देखेको रहेनछु । कलेजी रङ्गको कुर्थासुरुवालमा परीजस्तै देखिनुभएको थियो । आज बजारमा भेट भएको थियो । अब एक दिन भाउजूको हातको चिया खान तिम्रो घरमा नआई भएन ।' राधेश्याम यति भनिसकेपछि अफिसको कोठै थर्किने गरी हाँसेको थियो' ('दृष्टि', **दोस्रो सत्ता**, २०६२/९४) ।

समाजमा परस्त्रीलाई हेर्ने दृष्टि केही कुण्ठा र ईर्ष्याले ग्रस्त पनि रहेका हुन्छन् र केही आत्मवञ्चनाको उपकरण पनि बनेर रहेका हुन्छन् । 'स्वास्नी अर्काकी राम्री र छोराछोरी आफ्ना राम्रा' भन्ने नेपाली लोकजीवनको उक्तिलाई विश्वास गर्ने हो भने यस कथाको नायक सीताराम आफ्नी स्वास्नीको सुन्दरताको कुण्ठाबाट नै तिरोहित बनेको छ र स्वपीडनको रोगको स्वीकार बनेको छ भन्ने कुरा यस कथाले सिद्ध गरेको छ । राधेश्यामले आफ्नी पत्नीको सौन्दर्यबाट आफैं पीडित बनेको र त्यसमाथि राधेश्यामले पत्नीको रूपराशिको बखान गरेका कारण पनि दुई पुरुष पात्रको मानसिक स्थितिलाई यहाँ आआफ्नै दृष्टिबाट पीडित बनेको सन्दर्भ प्रकटमा ल्याएको देखिन्छ ।

**(४) सांस्कृतिक तथा विपरीत लैङ्गिक मनोविज्ञान केन्द्रित कथाहरू**

यस समूहमा पर्ने कथाहरूमा मानवीय संवेदना र सांस्कृतिक पक्षहरू, यौन र यौनजन्य क्रियाकलाप नै केन्द्रीय कथ्य बनेका

मनोविज्ञानका प्रश्नहरू पनि यहाँ विषयका स्थितिमा देखिएका छन् । नेपाली समाजले निर्धारण गरेको सांस्कृतिक सीमा र जीवनका मर्यादाका सन्दर्भहरू पनि यस समूहका कथाका विषय बनेका छन् । यस समूहमा पर्ने कथाहरू 'घटना र दुर्घटना', 'धाक', 'बिहेको बाजा', 'शिव सर', 'पूर्णबहादुर', 'थ्रो अवे' र 'मायाको आँसु' रहेका छन् यस्ता कथाहरूले सांस्कृतिक संवेदना र यौनका बिम्बहरूलाई विषयका रूपमा प्रतिपादन गर्ने काम गरेका छन् । यी कथामा पनि कलात्मक संवेदना र रचनाशिल्पले उपस्थापन गरेका स्थितिहरू पनि यहाँ कथाको सारभूत कथ्यका रूपमा उपस्थित भएका छन् । यस समूहका कथालाई पनि निम्न विधिअनुसार विवेचना गरिनु सान्दर्भिक हुन आउँछ ।

(क) 'घटना र दुर्घटना' : पुरुषप्रधान समाजको दुर्गुण भोगेका नारीमा रहेको दमित सांस्कृतिक पीडाबाट प्रताडित मानसिकता, एकै आमाका दुई छोरीले भोगेका बलात्कृतको साक्षी बनेकी आमाको अनूभूतिलाई केन्द्रमा राखेर सिर्जना गरिएको कथा हो– यो । घटनालाई मनोव्यवस्थापनका आधारमा सन्तुलित राख्न नसक्ने हो भने मानवजीवन स्वयम् ध्वस्त बन्दछ भन्ने आशय यस कथाले प्रकटमा ल्याएको छ । बलात्कृतको सिकार बनेकी जेठी छोरी सुमिता बलात्कृतपछि मृत्यु वरण गर्न पुग्छे भने त्यस घटनाको ठीक दस वर्षपछि सानी छोरी बलात्कार भएको दिन रुस्केकी आमाको मनोदशा र आज सानी छोरीले बलात्कारको घटनालाई पचाएको सन्दर्भमा यस कथाको निर्माण भएको छ । समाजले यस्ता विषमतालाई पनि बिस्तारै पचाउँदै जानुपर्ने बाध्यता बढ्दै गएको सन्दर्भ आजको यथार्थ हो भन्ने यस कथाको आशय निर्माण भएको छ । पलायन र सङ्घर्षका क्षणहरूमा मान्छेबाट विशिष्ट संवेदना प्रतिपादन भएको देखिन्छ ।

(ख) 'धक' : मदन र मीना भोक्ता रहेको प्रस्तुत कथामा नेपाली समाजको विकृतिग्रस्त संस्कृतिको उपस्थिति पनि यहाँ विषय

बनेको देखिन्छ । एकल प्रणय र सम्पर्क तथा वर्गीय विषमताको संवेदनाका सन्दर्भलाई पनि यस कथाले प्रतिष्ठा प्रदान गरेको सन्दर्भ प्रकटमा आएको छ । प्रणयको संवेगमा आकस्मिक रूपमा गरिएका निर्णयहरू आफ्नै निम्ति घातकसिद्ध हुन्छन् भन्ने कुरा पनि कथाको कथ्य बनेको देखिन्छ । आकस्मिक निर्णय गरेका कारण मदन र मीनाका जीवनमा आएका अप्रिय परिस्थिति पनि यहाँ गलत निर्णयका पक्षहरू नै विषय बनेर विवेचित बनेका छन् । नेपाली संस्कृतिका परिधिमा रहेका अनेक परिचयका चापमा गरिएका निर्णयले दिएको प्रताडना पनि यहाँ कथाको कथ्य बनेर प्रतिपादन भएको देखिन्छ । यसरी नेपाली समाजका अन्तर्विषयका प्रणय संवेदनाका सन्दर्भ आख्यानीकरण गरेर पाठकसमक्ष प्रकट गर्ने काम भएको स्थिति कथामा प्रकट भएको छ ।

(ग) 'बिहेको बाजा' : अञ्जली मूल पात्रको बिहाको विषयलाई केन्द्र बनाएर लेखिएको प्रस्तुत कथामा बिहाको सन्दर्भले उद्बोधन गराएका संवेदनाहरू अलगअलग मान्छेमा एकपछि अर्को र अर्कोपछि अर्को सन्दर्भमा शृङ्खलित बनेर प्रकटमा आएका छन् । संवेदनशील र प्रणयको आत्मिक रागमा निहित मनका पत्रपत्रहरू केलाइएका परिस्थिति यहाँ कथाका विषयका रूपमा समाहित भएका छन् । रामप्रसाद यस विवाहबाट स्वचालित मनको यात्रा गरेर आफ्नी दिवङ्गत पत्नी सुरभिको देहान्त र अझै आफ्नो निकै लामो जीवनको इतिहासको बिहाको प्रसङ्गसम्म पनि तानिएको स्थिति यहाँ प्रस्तुत भएको छ । यस बिहाले सेतै कपाल फुलिसकेकी काहिँली आमाले दिवङ्गत बनिसकेका पतिसँग वैवाहिक बन्धनमा जोडिएको सन्दर्भ पनि यहाँ चेतन प्रवाहका आधारमा प्रकट भएको छ । आकारनामक नायकले अरुन्धतीनामक नायिकासँग भागेर गरेको बिहाको सन्दर्भ, सन्तुलन स्वयम्ले मन नपराएकी केटीसँग आमाको करकापमा परेर गरेको बिहाको सन्दर्भ पनि यहाँ अचेतन

मनको यात्राबाट वर्तमानमा आएको छ । बिहा हेर्न आएका र आफ्नो बिहा पनि नजिकै आइपुगेका केटीहरूले भावी बिहाको सम्भावनालाई सम्झेको स्थिति पनि यहाँ विषयका रूपमा प्रकट भएको छ । केवल अञ्जलीको बिहामा बजेका बाजाको आवाज सुनेका आधारमा बिहामा सहभागी बनेका सबै पात्र आआफ्नो बिहा, प्रत्येक पात्रको मनोरचना र परिस्थितिअनुसार बल्झिन आएको सन्दर्भ कथाको विषय बनेर प्रकटमा आएको स्थिति छ ।

(घ) 'शिव सर' : शिवनामक पात्रप्रति आकर्षित युवती उर्मिला केन्द्रमा रहेको र शिवकी पत्नी कुन्तीसमेतको जीवनचर्यामा रचित यस कथाको विषय पनि त्रिकोणात्मक प्रणय संवेगमा केन्द्रित रहेको छ । सङ्गीत साधनाको कथित प्रयासमा होमिएकी कुन्ती र उसकी सखी उर्मिलाको जीवनचित्र यस कथामा यौनको आवेगमा जन्मिएको सम्मोहनमा घोलिएको अचेतनको प्रवाह बनेर आएको छ । यसरी मानसिक तहका जटिल प्रश्नहरूले यहाँको विषयको रूप प्राप्त गरेका छन् । सङ्गीत साधनाको सम्मोहन र यसको शिक्षाको अभ्यासका नाममा जोडिएका विषम वयका विपरीत लिङ्गी पात्र शिव र कुन्तीको जीवनको कारुणिक वियोगको कथा जोरजाम भएर यसले कथाको रूप प्राप्त गरेको छ । उर्मिलामा आकस्मिक रूपमा आएको पति निधनको घटनाबाट निस्पृह र असम्पृक्तझैं रहेकी नारीको पतिप्रतिको उपेक्षा भावबाट निकै चकित बनेकी कुन्तीको कारुणिक संवेदना व्यर्थ बन्न पुगेको सन्दर्भ यस कथाले प्रकट गरेको छ । लामो समयसम्म पनि बिहाको विषयलाई चासोमा नराखेकी उर्मिला किन विषम उमेरको प्रौढ र अन्य पनि पत्नीको पति रहेका शिवलाई जानीजानी लोग्ने वरण गरेर पत्नीको स्थितिसम्म तानिएकी हो भन्ने औडाहा पाठकमा जन्माउन यो कथा सफल भएको छ । उर्मिलामा विकसित बनेको प्रणय र यौन स्वचालित मानसिकताको प्रतिक्रिया हो भन्ने सन्दर्भ यस कथाले सहज ढङ्गले प्रतिपादन

गरेको देखिन्छ । यसरी प्रस्तुत घटनाका आधारमा मानसिक दुर्घटनाको रहस्यात्मक परिणति भोगिरहेकी उर्मिलाको उपस्थितिलाई कुन्ती स्वयम्ले अत्यन्त संवेदनशील बनेर बोध गरेको कारुणिक सन्दर्भमा कथा निर्माण भएको छ ।

(ङ) 'पूर्णबहादुर' : समयको लामो तारतम्य जोडेर तयार गरिएको प्रस्तुत कथाको केन्द्रीय भोक्ता पूर्णबहादुर हो । ग्रामीण परिवेशमा बाल्यजीवन भोग्दाभोग्दैको स्थितिमा जोडिएको सूचीकार आइते पुत्र पूर्णबाट प्रभावित बनेको र आफूसमेतको उपस्थितिमा गरिबीको अवस्थाको चित्र देखेकी जुनाको अवस्था पनि यहाँ कथा बनेर प्रकटमा आएको देखिन्छ । यी सामान्य सन्दर्भहरू पनि कथा बनेर आउन सक्ने स्थिति र अन्य सन्दर्भहरू पनि कथामा जोडिन आएको अवस्था देखिन्छ । गरिबी र कारुणिकताको जीवन्त उपस्थितिलाई यही छोडेर अमेरिका पुग्दाको स्थिति, पुन: नेपाल आएपछि पनि पूर्णे द्वन्द्वमा होमिएर मरेको सन्दर्भ कथाको विषय बनेर जोडिएको छ । आमाको चिन्तायुक्त कथनका माध्यमबाट म पात्र जुनाले प्रस्तुत गरेको गन्थनका सन्दर्भहरू यहाँ कथाका जुइना बनेका छन् । यस कथामा नेपालको माओवादीले चलाएको राजनीतिक द्वन्द्वको परिणाम भोग्न विवश निरीह र निर्दोष जनता, आर्थिक दुर्दशाको सिकार बनेको नेपाल र यहाँका जनताहरू, युवा अवस्थामै विदेश पलायन गर्न विवश बनेका मानवीय सत्यको उपस्थापन गर्ने काम यस कथामा भएको छ । यस कथाका आधारमा नेपालको वर्तमान समयका आर्थिक तथा राजनीतिक सङ्कट र भयावह मानसिक दैन्यलाई कथाले आफ्नो प्राप्ति बनाएको सन्दर्भ प्रकटमा आएको छ ।

(च) 'थ्रो वे' : प्रयोग गर र फ्याँकिदेऊको सिद्धान्तले संस्कृतिको रूप प्राप्त गरेको वर्तमानलाई यस कथाले आफ्नो मूल केन्द्रका रूपमा ग्रहण गरेको छ । म पात्र र उसका छोराछोरी कुन्दन र

कृपाको बेलायतको अध्ययनमा रहँदारहँदै उतै जोडी बाँधिएको सन्दर्भ यहाँ विषय बनेको छ । कथाका निम्ति चयन भएका यी पात्रको जीवनको केन्द्रमा रहेको दर्शन प्रयोग गर र त्यागिदेऊको सन्दर्भ स्पष्ट देखिएको छ । यसै चिन्तनमा केन्द्रित वर्तमानलाई गहिरो व्यङ्ग्य गरिएका यस कथामा मानवसभ्यताका विभग्न मूल्यको अत्यन्त दारुण कथा व्यवस्थापन भएको छ । आमा म प्रथम पुरुष पात्र र बाबा शरण तृतीय पुरुष पात्रको देश, संस्कार, संस्कृति र परम्परासँग जोडिएको मानसिकता एकातर्फ कथाको विषय बनेको छ भने अर्कातर्फ यिनै दम्पतीका सन्तति फालिएको घडीको बिम्बका रूपमा पति र पत्नीलाई ध्वनित गर्ने कारक तत्त्व बनेर कथामा आएका छन् ।

यति मात्र होइन धर्म, संस्कार र संस्कृतिका साथै पितामाता पनि प्रयोगपछि फालिन सक्ने वस्तुका रूपमा साङ्केतिक बनेका छन् । प्रयोग गर त्यसपछि फालिदेऊ भन्ने संस्कृतिको विस्तार हुँदै गएको आजको स्थिति यहाँ प्रतिपादित भएको छ । वर्तमान वस्तु मात्र होइन; पत्नी, पति, पुत्र, मातापिता आदि जो पनि आफ्नो स्वार्थपूर्ति नहोउन्जेल उपयोग गरिने र स्वार्थ पूरा भइसकेपछि बेवास्तासाथ फ्याँकिदिने कार्य सहज बन्दै गएको सन्दर्भ यस कथाले पुष्टि गरेको छ । सभ्यताका समग्र मूल्यहरू केही समय उपयोग गरिने र त्यसको रहर पूरा भएपछि त्यागिदिने विश्वको जड संस्कृति आज अत्यन्त कठोर रूपमा प्रकट हुँदै आएको देखिन्छ । यस्ता दारुण विषयमा केन्द्रित प्रस्तुत कथाले यिनै तथ्यलाई प्रतिपादन गर्ने काम गरेको छ ।

(छ) 'मायाको आँसु' : यस कथामा पनि यौन र प्रणयको विमिश्रणमा कथाको विषय निर्धारण भएको छ । म पात्र केन्द्रमा रहेको यस कथामा हरि अनि अमनसँग सम्बन्धित विषयले कथाको आयतन ढाकेको छ । जीनको जटिल समस्याको विषय र त्यसको कथन तथा अभिकथनका तहमा रहेका हरि र मायामा पुत्रहीनताका

कारण सितारा उपस्थित हुन आएकी र तीन सन्तान जन्माएपछि माइततर्फ लागेकी, दुवै पत्नी माइत गए पनि माया सन्तानोत्पादनमा असक्षम भएका कारण र सितारा क्यान्सर भएको पतिको यौनक्रियाको असक्षमताका कारण माइत गएकी छ । यहाँ दाम्पत्य सम्बन्धका विषयको रूपमा उपस्थापन भएको सन्दर्भमा नै कथा कारुणिक दशामा पुगेर अन्त भएको छ । पतिको क्यान्सरको स्थिति र पत्नीको प्रणय संवेगको विपयार्सीकृत अवस्थालाई यस कथाले निकै मार्मिक स्थितिमा प्रदर्शन गरेको देखिन्छ । यसरी कथामा प्रणयबाट आरम्भ भएर यौनिक स्वार्थपूर्तिको तह पार गर्दै निकृष्ट यौनभोगको गर्ततिर गिर्दै गएर अमानवीय विकृत तथा दानवीय भावनाका तहमा पुगेर यस कथाको अन्त भएको छ । प्रस्तुत कथामा पनि यौन, प्रणय र कारुणिक संवेदनाको त्रिकोणात्मक सङ्गम प्रतिपादन भएको छ । यसरी प्रस्तुत सङ्ग्रहका सबैजसो कथाहरूले आफ्नो निष्कर्ष स्वाभाविक र अकृत्रिम तवरबाट प्रदान गरेका छन् ।

यस समूहका कथा सांस्कृतिक सन्दर्भबाट प्रभावित विपरीत लैङ्गिक मनोविज्ञानलाई विषयको केन्द्रमा राखेर आख्यानीकरण गरिएका छन् । मनको स्वचालित दशालाई कथाको रूप दिने क्रममा पात्रको विपरीत लिङ्गीय आकर्षण र विकर्षण तथा स्वपीडन र परपीडनका अवस्थाका सन्दर्भले प्राप्त गरेको मनोविकारको स्थितिले सिर्जनाको रूप लिँदाको अवस्था नै कथाको कथ्य बनेको छ । वैचारिक संवेदना र पुस्तागत चिन्तनको भिन्नता तथा मनोवैज्ञानिक संरचनाको पनि व्याख्या हुन सक्ने 'थ्रो वे' शीर्षकको कथाबाट एक साक्ष्य उद्धृत गर्नु उपयुक्त नै हुने देखिन्छ :

'संयोगको कुरा हो एक वर्षअघि दाजुबहिनीको एकै पटक छुट्टी मिलेको थियो । शरण र म छोराबुहारी र छोरीजुवाइँको पहिलो पटकको गृहप्रवेशका निम्ति उत्साहित हुँदै पर्खेर बसेका थियौँ । हाम्रा आशा र उमङ्गलाई निराशाको पहिलो झड्का एयरपोर्टमा

कुन्दनलाई एक्लो भेट्दा लागेको थियो । त्यसै बेलुका कृपालाई पनि लिन हामी एयरपोर्ट पुगेका थियौँ । कृपालाई पनि एक्लै देखेपछि आशाको अर्को फूल पनि ओइलाएको थियो' ('थ्रो वे', **दोस्रो सत्ता**, २०६२/११६) ।

वर्तमान समाजको जीवन र यसले उपयोग गर्ने उपकरण मात्र प्रयोग गर र फालिदेऊको संस्कृतिबाट ग्रसित बनेको होइन, मान्छेका पारिवारिक र दाम्पत्य जीवन पनि काम दिने वा चित्त बुझ्ने अवस्था रहेसम्म उपयोग गर, चित्त बुझ्न छाडेपछि फालिदेऊको संस्कृति आज मानवको पारिवारिक तथा दाम्पत्य जीवनमा पनि भयावह विकृतिको जालो बनेर प्रवेश गरेको छ । यस्तै प्रदूषण पनि आज हाम्रो समाजमा संस्कृतिको रूप लिएर आएको छ भन्ने कुरा यस उद्धरणले प्रस्तुत गरेको छ । प्रस्तुत कथामा केही वर्षपहिले पश्चिमेली मुलुकमा पुगेका र त्यहाँको हावापानीबाट प्रभावित बनेका पात्रहरूमध्ये म पात्रका भर्खरै बिहा गरेका छोराले बुहारी र छोरीले जुवाइँ त्यागिसकेका छन् र उनीहरू थ्रो वेको संस्कृतिबाट प्रशिक्षित बनेर आमाबाबुसमक्ष एक्लै उपस्थित भएका छन् । कथाकार प्रसाईद्वारा यस कथाको माध्यमले अबको समाजमा दाम्पत्य जीवन पनि 'थ्रो वे' को माल नै साबित हुनेछ भन्नेतर्फ औँल्याइएको छ ।

## ५. निष्कर्ष

**दोस्रो सत्ता** शीर्षकमा सङ्कलित कथाहरूमा रहेको मनोवैज्ञानिक चिन्तनमा अचेतन र अर्द्ध चेतन मनको सक्रियता व्यापक रूपमा प्रकट भएको छ । यी कथाहरूमा मानवहृदयमा विशिष्ट संवेदनाका साथ प्रकट हुने मानवमनका विलोडनहरू कथ्यका रूपमा प्रकट भएका छन् । मानसिकताको विशिष्ट क्षणहरूलाई कथाको रूप प्रदान गर्ने कला कथाहरूमा आकर्षक देखिन्छ । त्यस्तै टीठलाग्दो अवस्थामा मनको दारुण अवस्था पनि प्रकट भएको देखिन्छ । लैङ्गिक आधारमा दमित बन्न विवश नारीहरूको पीडा,

आर्थिक अभावका कारण जन्मेका वितृष्णाका भाव र सांस्कृतिक प्रताडनाका आधारमा दमित नारी र पुरुष मनोविज्ञानका सन्दर्भहरू पनि यहाँ कथा बनेर प्रकटमा आएका छन् । बहुविवाह र अनमेल विवाहका सन्दर्भहरू, यौन प्रजनन क्षमता र परम्परित जैविक तथा यौनिक संस्कारका सन्दर्भहरू पनि यहाँ कथ्यका रूपमा प्रकट भएका छन् । मानवीय प्रणय भावको दुरुपयोगका कारण आफैँ सिकार बनेका प्रेमीप्रेमिकाका प्रश्नहरू यहाँ कथाका कथ्य बनेर उपयोग भएका छन् । यसरी प्रसाईको कथा सिर्जनामा विषयले मनोरचनाका आयाम प्रक्षेपण गर्ने काम गरेको छ । यिनै विषयले कलाको रूप प्राप्त गरेको सन्दर्भ पनि व्यापक रूपमा प्रकट भएको देखिन्छ ।

कथाको प्रस्तुतीकरण र संरचनामा पनि यस चरणमा आइपुग्दा प्रसाईमा निकै परिपक्वताको स्थिति देखिएको छ । कथामा विषय व्यवस्थापनको कला, भाषामा कवितात्मकता र व्यङ्ग्यात्मकताको प्रस्तुति र सूत्रात्मकता र ध्वन्यात्मकताको संवेदना पनि यहाँ उपस्थित भएको सन्दर्भहरू कथाका प्राप्ति बनेर प्रकटमा आएका छन् । सांस्कृतिक दृष्टिले सम्मानित भाषाको प्रयोग र यौनको शिष्ट र सन्तुलित अवस्थामै कथ्य प्रक्षेपण गर्ने निष्कर्ष प्रदान गर्ने कला प्राप्त गर्न कथाहरू सफल भएका छन् । यिनै विशेषताका आधारमा कथाकार प्रसाईका उपलब्धिलाई निरूपण गरेर निष्कर्ष प्राप्त गर्न सकिन्छ ।

# ‘मेरो कथा नलेखिदिनू’ सङ्ग्रहका कथामा सञ्चारसंवेदना र विज्ञान कथात्मकता

**१. विषयप्रवेश**

जीवन र जगत्का विषय भोगबाट मान्छेका आचरणमा आएको संवेग र क्रियाजन्य परिणामलाई कथाको सिर्जनात्मक संवेदनाको आख्यानीकरण गर्ने क्रममा स्रष्टाले कथाको सिर्जना गर्ने काम गर्दछ । भौतिक विज्ञान र मनोविज्ञानका तात्त्विक विसङ्गति र निर्मित विकृतिलाई आख्यानीकरण गर्ने क्रममा सिर्जना भएका कथाहरू यस सङ्ग्रहमा कथाका रूपमा समेटिएका छन् । यहाँ समाजविज्ञान, मनोविज्ञान र विशुद्ध विज्ञानका विषयहरू परिस्थिति आख्यानको विषय बनेर आएका छन् । हालसम्मको अवस्थामा प्रकाशनमा आएको पछिल्लो कथासङ्ग्रहका रूपमा पाठकको हातमा परेको **मेरो कथा नलेखिदिनू** (२०७४) यहाँ विवेचनाको विषय बनेको छ । यस सङ्ग्रहमा जम्मा सातओटा मात्र कथा समावेश भएका छन् । यी सातमध्ये पनि दुईओटा कथा अर्थात् ‘बिहेअघिको रात’ र ‘नौ नम्बरकी’ शीर्षकका कथाहरू (**दोस्रो सत्ता** : २०६२) पूर्वप्रकाशित सङ्ग्रहमा समावेश भएका छन् । त्यस्तै यहाँ सङ्गृहीत ‘यन्त्र पोसाक’ कथा ‘मास्क’ (**मन सायद उघ्रँदैन** २०५१) शीर्षकमा प्रकाशित देखिन्छ । यिनका अतिरिक्त अन्य कथाहरूचाहिँ यसै सङ्ग्रहमा मात्र सङ्कलित छन् । सबैजसो कथामा केही न केही रूपमा सञ्चार संस्कृति अर्थात् साइबर कल्चरको पनि उपयोग भएको छ ।

अङ्ग प्रत्यारोपणका आधारमा शरीर रचनाविज्ञान, प्रजनन क्षमताको परीक्षणका आधारमा यौनमनोविज्ञान, स्नायु सन्तुलनको परीक्षणका आधारमा मनोविज्ञानका विविध आयामहरूलाई विषय बनाएर कथा सिर्जना गर्ने कार्य प्रसाईबाट भएको छ । साहित्य कला हो र त्यस कलाको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा कथाको वाङ्मयिक धरातलमा स्थान छ । साहित्यका आयतनमा जीवन र जगत्का अनेक विषयहरू पनि कथाका सन्दर्भ बनेर आउँछन् । तथ्यको स्वायत्तीकृत स्थिति संवाहक बन्न सक्नु कथाकारको सिर्जनात्मक सन्दर्भ बनेको हुन्छ । यस दृष्टिले इन्दिरा प्रसाईको कथाको कथ्यले विज्ञानको गलत उपयोगका कारण मान्छे स्वयम् दुर्घटित बन्न पुग्छ भन्ने कुरामा उनको कथाकारिताको उपयोग गरेको स्थिति देखिन्छ । उनका कथामा यदाकदा सुघटित बन्दै गएका स्थितिलाई आधार मानेर जीवनका अनेक सन्दर्भहरू र जीवनका दर्शनहरू पनि उपस्थित भएका देखिन्छन् ।

**२. कथाका विषयगत सन्दर्भहरू**

**मेरो कथा नलेखिदिनू** शीर्षकमा प्रकाशित यी सबै कथाहरूमा धेरथोर रूपमा सञ्चार संस्कृतिको र विज्ञानको उपयोग त गरिएकै छ । यस सन्दर्भमा कला भनेको विभिन्न क्षेत्रको संवेदना र मानवीय मर्मलाई सञ्चार सूत्रका माध्यमबाट साहित्यका आयतनमा समाहित गरिने विषय हो पनि भन्न खोजिएको पाइन्छ । यसभित्र समेटिएका कथाका वस्तुहरूको उपयोगका सन्दर्भलाई स्वायत्तीकरण गर्ने कला साइबर साहित्यको विशेषता बन्दै गएको पनि छ । यस दृष्टिले इन्दिरा प्रसाईका कथाको कथ्य विज्ञानमा आधारित रहेको छ र विज्ञानको गलत उपयोगका कारण मान्छे स्वयम् दुर्घटित हुन्छ भन्ने कुरा पनि उनका कथाको निष्कर्ष रहेको छ । यसलाई समुचित उपयोग गरिएका स्थितिमा यो सुघटित पनि हुन सक्छ भन्ने पक्षहरू पनि यहाँ कथाका कथ्य बनेर प्रकटमा आएका छन् । कथाकारको

सिर्जनात्मक चिन्तन, मनोविज्ञान र जीवनदर्शन कथाका सन्दर्भगत विषय बनेका छन् । तिनकै परिधिमा आउने सहायक कथ्यहरू र तिनको पनि व्यवस्थापनका निम्ति आवश्यक तर्कहरू यहाँ आख्यानका आवश्यक उपकरण बनेर उपयोगमा आएका छन् । यसरी प्रसाईको लेखन कथात्मक आख्यानअन्तर्गत पर्ने कथ्य विज्ञानको प्रभावलाई केन्द्रमा राखेर एक स्थापत्यको रूप लिन सफल भएको छ ।

विज्ञान एक अन्वेषणको साधन हो र अन्वेषित विषयको प्रयोगका परिणतिबाट उद्घाटित हुने सत्य हो । यसलाई के कसरी जीवनको सन्दर्भमा उपयोग गर्ने भन्नेचाहिँ मान्छेको भावनात्मक संवेगको पक्ष हो । विज्ञान जीवनसापेक्ष बनेर जीवनसँग जोडिनुचाहिँ फेरि मानव चेतनाबाटै सञ्चालित हुने नियन्त्रीकरण हो । यस रचनात्मक दृष्टिलाई प्रसाईले आख्यान साहित्यमा विज्ञानलाई उपयोग गर्ने चिन्तन विश्वसनीय ढङ्गले स्थापना गरेकी छन् । आजको भौतिक विश्वमा गम्भीर स्थान लिन सफल बन्दै गएको र समग्र साहित्यको पनि कथ्य बनेको विज्ञानको प्रभावलाई केन्द्रमा राखेर कथा सिर्जना गर्ने काम प्रसाईबाट भएको छ । सोही सन्दर्भलाई यस समीक्षाका माध्यमबाट स्थापना गर्ने प्रयास गरिएको छ । यसरी प्रसाईले प्रक्षेपण गरेको कला दृष्टि र विवेक दृष्टि दुवैको सन्तुलनको स्थिति कथामा अभिव्यञ्जित बनेको छ । विवेचनाका दृष्टिले निरूपण गर्दा प्रसाईको आख्यान साहित्यमा विज्ञानलाई उपयोग गर्ने चिन्तन आज निकै सबल रूपमा प्रकटमा आएको छ । उनका कथाको कथ्यमा विज्ञानको प्रभाव केन्द्रीय विषय बन्दै आएको कुरा उनका कथाको मनोवैज्ञानिक विश्लेषणबाट पनि सिद्ध भइसकेको छ ।

वास्तवमा विज्ञानलाई केन्द्रमा राखेर विषयगत कथ्यको स्थापना गर्ने प्रयास गरिएका उनका कथाहरू पाठकको अनुभूतिलाई तरङ्गित बनाउने किसिमका छन् । साहित्यका सन्दर्भमा स्रष्टा पुनराविष्कारक हो भन्ने कुरा पनि यिनै विषयहरूका माध्यमबाट पुष्टि हुन्छ ।

प्रकृतिका भण्डारबाट पहिलोपल्ट कुनै वैज्ञानिकले आविष्कार गरिसकेका विषयवस्तुको प्रभावलाई बिम्बीकरण गरेर साहित्यमा समायोजन गर्ने स्रष्टा स्वयम्मा विज्ञान साहित्यकार हो । वैज्ञानिकले आविष्कार गरिसकेका विषयको प्रभाव र प्रतिफलनमाथि अर्को पुनराविष्कारणको रूप प्राप्त गरेको स्थितिमा अधिआविष्कार भएको स्थिति उपस्थित हुन्छ । आजको विश्वसाहित्यमा विज्ञान साहित्य निकै ठाडो शिर पारेर उभिने काम गर्दै छ र पाठक यसको उपभोक्ता बन्दै छ । यसरी आविष्कार भएका वैज्ञानिक उपकरण तिनबाट पुनरुत्पादित विषयको प्रयोक्ता मान्छेमा पर्न आउने प्रभावलाई अधिआविष्कारको रूप दिएर भाषिक प्रकार्यको कलामा प्रकट गर्ने काम विज्ञान साहित्यले गरेको हुन्छ । विज्ञान कविता/काव्य, उपन्यास, नाटक, कथा, निबन्ध लेखिने परम्पराले विश्वसाहित्यमा आफ्नो प्रभाव जमाउँदै आएको पाइन्छ ।

नेपाली आख्यानका क्षेत्रमा विज्ञान साहित्यको शृङ्खला पनि लामै बनेको छ । यस क्रममा इन्दिरा प्रसाईलाई जोड्ने सफलता पनि उनकै कथा सिर्जनाद्वारा मिलेको स्थिति देखिन्छ । यहाँनिर कला, साहित्य र विज्ञानको सम्बन्ध र तिनको पारस्परिक सङ्क्रमणको सम्बन्ध पनि कथाकारले प्रकटमा ल्याएको देखिन्छ । साहित्य र विज्ञानको पारस्परिकता र अन्तर्विषयकताका मार्गहरू उपस्थापन गरिने क्रममा प्रसाईको कथासङ्ग्रह **मेरो कथा नलेखिदिनू** (२०७४) जम्मा सातओटा तर पूर्ण रूपमा वैज्ञानिक विषयका सम्पोषक रचनाको तहमा प्रकाशित भएका छन् । ती कथाको क्रम यस्तो छ– (क) 'प्रेमदूत', (ख) 'नौ नम्बरकी', (ग) 'बिहेअघिको रात', (घ) 'श्री', (ङ) 'यन्त्रपोसाक', (छ) 'त्यो रात', र (ज) 'मेरो कथा नलेखिदिनू' । यी कथाहरूमा रहेको समग्र संवेदना सञ्चार सञ्जाल र वैज्ञानिक आधारमा अधिरचित बनेर रहेको स्थिति पनि व्याप्त बनेको छ । स्रष्टा प्रसाईका यी सबैजसो कथामा विज्ञानले प्रक्षेपण गरेका केही न

केही परिणतिले मानवीय संवेगका दु:खान्त सत्तालाई उद्घाटन गर्ने काम गरेका छन् । तिनका विशेषतालाई यथा सन्दर्भमा व्याख्या गरिने ध्येयले त्यसतर्फ उन्मुख हुनु सान्दर्भिक हुनेछ ।

**३. कथाको विवेचना**

(क) 'प्रेमदूत' : यो सङ्ग्रहमा समावेश भएको पहिलो कथा हो । यस कथामा प्रमुख भोक्ताका रूपमा धीराको उपस्थिति छ । यहाँ समीक्षात्मक दृष्टिले धीरा मात्र नभनेर भोक्ता भन्नुको कारण के हो भने उसले भोगेको मानसिक प्रताडनालाई केन्द्र मानेर निरीक्षण गरिने ध्येयका कारण यसो भनिएको हो । उसले भोग्न आरम्भ गरेका सञ्चार सञ्जालका भित्तामा तस्बिर हेरफेर गरेको क्षणबाट कथा आरम्भ भएको छ । धीराले प्रक्षेपण गरेका तस्बिरको टिप्पणीकारहरू अनेक देखिए पनि विशिष्ट संवेदना प्रक्षेपण गर्ने एक मात्र सम्बोधकमा धीराको ध्यान केन्द्रित भएको सन्दर्भबाट कथाले गति लिएको छ । भोक्ता धीराको मनलाई स्पर्श गर्ने एक मात्र अनाम टिप्पणीकारको टिप्पणीमा अल्झाउने शक्ति भएको विषय यहाँ आकर्षण बनेको छ । भोक्ताको मनोभावलाई आकर्षण गर्ने अनेक अभिकथनका संवाद र आलापहरू सञ्जालका भित्तामा आएर टाँसिएका कारण धीरा तानिँदै गएर त्यसै पात्रमा लहसिन पुग्नु भोक्ताले सम्भावित दुर्घटनातर्फ तानिनु हो भन्ने कुरा कथाले प्रस्तुत गर्दै गएको छ ।

अविरल र अविधाको प्रणय संवेगको गतिलाई सम्बोधन र अवबोधन गरिरहेकी भोक्ता धीराले आफ्नै प्रणय संवेग प्रेमदूत संज्ञाबाट जोडिन आएका ज्ञात तर छद्मनामिक पात्रसँग सम्बद्ध बनेको प्रसङ्ग यहाँ गति लिँदै गएर आफ्नो पतिको सौन्दर्य र सम्मोहनबाट वितृष्णित बन्नुपर्ने कारण पतिको सामाजिक तथा व्यावहारिक व्यस्तताको कामबाट पीडित भोक्ताको आकर्षण त्यसै सञ्चार सञ्जालको पात्रतर्फ बढेका सन्दर्भले दुर्घटनाको समीपमा तानिँदै गएको छ । सञ्चार सञ्जालको प्रेमीतर्फ आकर्षित बन्दै र

प्रेमीले सङ्केत गरेको दिशा र स्थानमानतर्फ तानिँदै नजिक पुगेकी धीराले प्रेमदूत एक नरकङ्कालतुल्य यन्त्र मात्रको आकृतिमा रहेको छद्मनामिक रहस्यको निकट पुगेर कथा समाप्त भएको छ । प्रणय भौतिक र मांसल आकर्षणमा मात्र हुन्छ भन्ने संस्कार बोकेकी धीराले मांसलताशून्य कङ्काल देखेपछि मात्र बुझ्न सकी– प्रणयलाई भौतिक मांसलतायुक्त सौम्य र सुगठित शरीर संरचनाबाट मात्र प्राप्त हुने विषय होइन, यो त अस्थिपञ्जर जर्जर कङ्कालनुमा यन्त्रबाट पनि प्राप्त हुन्छ तर भावनात्मक संवेगको उभयाकर्षण हुनुपर्छ भन्ने आशयचाहिँ प्रकट हुन आवश्यक छ । यसै आशयको बिन्दुमा पुगेर कथाले निष्कर्ष प्रदान गरिएको छ । एउटा रहस्यात्मक स्वैरकल्पनात्मक संवेग र साइबर प्रभावको परीक्षणका निम्ति यहाँ एक साक्ष्य प्रस्तुत गर्नु सन्दर्भिक ठहर्छ :

'म तिम्रै नजिक छु । अगाडि बढ र त्यो कपडा हटाऊ त !'

प्रेमदूतले उनलाई अह्राएको थियो । धीराले यन्त्रवत् उसको आदेश पालना गरेकी थिइन् ।

कपडा हटाउनासाथ त्यहाँ मानिसको कङ्कालजस्तो यन्त्र थियो र त्यसको टाउकोमा प्रेमदूत लेखिएको थियो ।

'मेरो स्वरूप यही हो धीरा !' पुनः प्रेमदूतद्वारा मेसेन्जरमा लेखिएको थियो ।

'हे भगवान् ! यो के हो ?' कङ्कालजस्तो स्वरूपलाई प्रेमदूत स्वीकार गर्न उनी तयार छँदै थिइनन् । ('प्रेमदूत', **मेरो कथा नलेखिदिनू**, २०७४/४४)

प्रस्तुत उद्धरणले एकातिर स्वैरकल्पनात्मक संवेगको प्रत्यक्षीकृत अवस्था यहाँ देखिएको छ । प्रेमदूतको मोबाइलमा आएको सूचना साइबर संस्कृतिको संवाहकका रूपमा प्रकट भएको छ यो परोक्ष यथार्थको अभिव्यञ्जन हो र कपडाले ढाकिएको अस्थिपञ्जरमा

निहित प्रेमदूतचाहिँ प्रत्यक्ष यथार्थको संवाहक बनेर प्रकटमा आएको छ । यस स्थितिको परिधिमा साइबर संस्कृति, प्रत्यक्ष र परोक्ष यथार्थ र प्रणयको आकर्षणलाई स्वैरकल्पनाको संवेगमा समेटिएको समन्वित संवेदना धीरामा जन्मेको प्रणयाकर्षण दुर्घटित बनेको स्थिति यस उद्धरणमार्फत सार्वजनिक भएको छ ।

धीराले भोगेको प्रणयको विकर्षण र आकर्षण अनि पुन: विकर्षणको बिन्दुमा पुगेर समाप्त भएको स्थितिमा गणितको ऋणंऋणं धन फल हात लाग्ने सिद्धान्त सार्थक भएको छ । अविरलबाट विकसित बनेका अनाकर्षण एक ऋणात्मक र प्रेमदूतको अस्थिपञ्जर अर्को ऋणात्मकता समायोजनको संवेगको सम्झौताको जीवनमा धनात्मक संवेदना उपस्थित भएको बोध गर्ने धीराको भोक्तामा फेरि नयाँ चिन्तनको पुनरावर्तनको स्थिति देखिन्छ । यस्ता सन्दर्भको अभिव्यञ्जित गर्ने यो कथा निकै रोमाञ्चक सिद्ध भएको अवस्थामा देखिन्छ । यस दृष्टिले प्रस्तुत कथा विज्ञान, मनोविज्ञान र समाज जीवनको त्रिवेणी बनेको सीमामा पुगेर समाप्त भएको छ र विज्ञानले मान्छेको मानसिक दुर्घटनालाई पनि निम्त्याउन सक्छ भन्ने निष्कर्ष दिएर समाप्त गरिएको छ ।

(ख) 'नौ नम्बरकी' : प्रस्तुत शीर्षकको कथाको उभय भोक्ता आर बि र आर सि अर्थात् रामबहादुर र रामचन्द्र देखिएका छन् । यी दुईका बीचमा कथाको तन्तु तयार भएको छ । एक कृत्रिम मानव उत्पादन केन्द्रको प्रयोगशालामा कार्यरत अनेक कामदारहरूको उपस्थितिमा केन्द्रीय भोक्ताका रूपमा रामबहादुर यहाँ मुख्य पात्रका रूपमा उपस्थित भएको छ । रामबहादुर कामको खोजीमा नयाँ र असम्बोधित भूमिमा खैरे वैज्ञानिकको प्रयोगशालामा काम गर्न पुगेको स्थितिमा घरमा रहेकी विवाहित पत्नी पलायित भएकी र बाबुले दिएको सल्लाह नमानेका कारण रामबहादुरको मानसिकतामा विचलन आएको छ । यसो हुनाको प्रमुख कारण के हो भने घरकी पत्नी

पोइल गएकी र यसै कारण निराश बनेर त्यसै खैरे साहेबको चाकरीमा लागेको कुराबाट कथाले गति लिएको छ । खैरेको प्रयोगशालामा उत्पादित मानवका अङ्गप्रत्यङ्गको उत्पादन बिक्रीवितरणको कार्य पहिलोपल्ट देखेर रामबहादुर निकै सम्मोहित बनेको छ । यहाँ एउटा कारखानाले गाडी उत्पादन गर्ने र त्यस गाडीलाई आवश्यक पर्ने कीलाकाँटा अर्थात् पार्टपुर्जा उत्पादन, जोरजाम र बिक्रीवितरण गरेझैँ मानव र मानव अङ्ग उत्पादन तथा बिक्रीवितरण गर्ने काममा समर्पित बनेको उद्योग यस कथाको केन्द्र बनेको छ र यसै उद्योगको परिसर कथाको परिवेश बनेको छ । यसै विषयलाई प्रस्तुत कथाले आफ्नो कथ्य बनाएको छ ।

फराकिलो कारखानाको आयतन र त्यसभित्रको मानव अङ्गको उत्पादन तथा तिनको जोरजामबाट मानवको तयारी गर्ने कामका साथै खुद्रा र थोककै रूपमा उत्पादित मानव अङ्गको विनिमयको व्यवस्था प्रचलनमा दैनिकी चलाइरहेको रामबहादुर त्यस कारखानामा उत्पादितमध्ये नम्बरको व्यवस्थापनअनुसार कृत्रिम मानवहरूको प्रदर्शनसमेत हेरदेख गर्न पाएपछि रामबहादुर आफैँमा घरमा रहेकी पत्नीको पलायनबाट नारी उपस्थितिको क्षति भोग्न विवश बनेको छ । यस क्षतिको परिपूर्ति यस प्रदर्शन कक्षमा रहेकी नौ नम्बर सङ्केताङ्क भएकी कृत्रिम नारीप्रति आकर्षित बनेर प्राप्त गरिरहेको स्थिति कथाले प्रकट गरेको छ । मानवीय संवेदना पूर्ण भएको रामबहादुरलाई यी कृत्रिम मानवमा संवेदनाशून्य हुन्छ भन्ने कुरा कहाँबाट थाहा होओस् ? केवल बाह्य आकृतिमा नारीको प्रत्यक्ष यथार्थ बोध गरेर तृप्ति लिइरहेको रामबहादुर कृत्रिम नारीका रूपमा उपस्थित त्यो नौ नम्बरकी युवती त्यस प्रदर्शन कक्षमा बिक्री नभईकन रहनुमा उसमा केही अपर्याप्तता रहेको परोक्ष यथार्थता बोध गर्न नसकेर त्यसै निर्मित युवतीप्रति आकर्षित बनेर टिकिरहेको देखिन्छ ।

आकर्षणको बिन्दु बनेकी त्यहीँ नौ नम्बरकीको सम्मोहनमा डुबेको रामबहादुरका मनमा पलाएका ऊहापोहलाई कथाले प्रखर मनोविचलनको केन्द्र बनाएको छ । त्यसै कृत्रिम नारीको संरचनामा अवलोकनको केन्द्र बनेका कारण रामबहादुर मानसिक रूपमा दुर्घटित बनेको छ । नग्न मानवहरूको उपस्थिति, मस्तिष्क र अन्य संवेदनात्मक अपूरित अङ्गको विन्यासमा आएका त्रुटिहरूको परीक्षण गरेर जुन मान्छेको जुन अङ्ग काम लाग्छ, त्यो मात्र विनिमय भएर रहेका खुद्रा अङ्गहरू र विकलाङ्ग भएका कारण बिक्री नभएका सिङ्गा मानवहरूको अवलोकन गर्न भ्याएको रामबहादुर यस प्रयोगशालाको जीवन्त साक्षी बनेको छ । यस प्रयोगशालाका कतिपय सबलाङ्ग मानवको बिक्री गरेर व्यवस्थापन निर्वाह गर्ने खैरेको कृपा पात्र बनेको रामबहादुर त्यस उत्पादनशालामा नौ नम्बर संज्ञा पाएकी कृत्रिम नारीप्रति आकर्षित बन्दछ । नारी वा पुरुषका निर्मित तर कलमी ब्याङ्कबाट उत्पादन गरिएका मान्छेको उद्यानमा काम गर्ने रामबहादुर यहाँको चौकीदारी गर्दागर्दै र यहाँको बाह्य रूपताका दृष्टिले सुन्दर पुरुषनारीहरूको सम्मोहनमा आमग्न डुबिसकेको छ । यस सन्दर्भको साक्ष्यका निम्ति एक उद्धरण प्रस्तुत गर्नु असान्दर्भिक हुन्न :

'यतिका वर्षपछिको सुन्दरीको संसर्गले रामबहादुरलाई स्त्रीनशाले छोपिसकेको थियो । त्यसैले त्यसपछि उसले आफूले कमलीका रूपमा सिँगारेकी केटीका कपडा खोलिदियो । कपडा खोलिदिँदा त्यो केटी खुसी भई । त्यसपछि उसले त्यो केटीलाई नरनारीको भोगका लागि तयार गर्न खोज्यो । तर त्यो त भावशून्य थिई । उसले कुनै प्रतिक्रिया नै जनाइन । भावावेशमा रामबहादुरले आफूलाई पूर्ण रूपमा पुरुषमा रूपान्तरित गऱ्यो तर त्यो भने आइमाई हुँदै भइन' ('नौ नम्बरकी', **मेरो कथा नलेखिदिनू**, २०७४/६९) ।

दोस्रो सत्ता सङ्ग्रहमा पनि सङ्कलित यस कथाले सर्जक प्रसाईको स्वैरकल्पना, आङ्गिक कृत्रिमताको उत्पादन र यौनका

स्नायविक तन्तुको संवेदना जन्माउन नसकेको स्थिति आदिका कारण प्रकृतिलाई पनि चुनौती दिइरहेको मानवको अस्वाभाविक अहम् धूलीसात् भएको स्थिति देखाउन सफल भएको छ । यस प्रकारको चिन्तनलाई सम्बोधन गर्ने स्थिति आफैँ यहाँ कथाको रूप लिएर आएको छ । यस कथाको मूल पात्र रामबहादुर उत्पादकले नौ नम्बरको सङ्केत चिह्न दिएर प्रदर्शनकक्षमा राखिएकी कृत्रिम युवतीको सम्मोहनमा डुबेको छ । कारखानाको मालिकसँग नौ नम्बरकी त्यस निर्मित युवती माग्ने रामबहादुर उक्त कृत्रिम महिलामा महिलाजन्य संवेगसमेतको अभाव भएको र नारीमा नैसर्गिक गुणको उपस्थापन हुन नसकेको स्थिति बुझ्न असमर्थ देखिन्छ । रामबहादुरले अपेक्षा गरेको जीवनभोगको सहभागिता र संवेदनालाई आत्मसात् गर्न नसकेका स्थितिलाई यस कथाले प्रतिष्ठा प्रदान गरेको छ । प्रस्तुत कथाको परिधिमा वैज्ञानिक यान्त्रिकताले मान्छेलाई विस्थापन गर्न प्रयास गरेको तर विस्थापन त्यति सहज छैन भन्ने विषयको सङ्केत पनि गरेको स्थिति देखिएको छ । यान्त्रिकताको स्थितिमा धकेलिँदै गएको वर्तमानमा रामबहादुरले प्राप्त गरेको नौ नम्बरकी नारी आफूले सहज रूपमा बेहोर्न नसकेको अनुभूति आफूमा जाग्रत मानवीय संवेदनाले आत्मसात् गरेको स्थिति प्राप्त छ । यस सीमामा कथामार्फत विशिष्ट संवेदना अभिव्यक्त भएको पाइन्छ । प्रेम परिणयका सन्दर्भमा एक पक्षमा अपेक्षित उग्र रतिकामको अवस्थालाई अर्को पक्षमा रहेको मानवीय संवेदनाको शून्यताका कारण अपेक्षितले भोग्नुपर्ने मानसपीडातर्फ यस कथाले सङ्केत गरेको छ ।

(ग) 'बिहेअघिको रात' : प्रस्तुत सङ्ग्रहको तेस्रो कथा हो । यो कथा पनि **दोस्रो सत्ता** कथासङ्ग्रहमा समावेश भइसकेको कथा हो । यस कथामा कृत्रिम अङ्ग आरोपणको वैज्ञानिक सन्दर्भ विषयको रूपमा प्रयोग भएको छ । व्यापारिक व्यवसायमा व्यस्त नायक कामदेवसँग हवाईपरिचारिका रतिको परिचयको सन्दर्भ हवाईयात्राको

क्रममा जोडिएको छ । यसरी भएको परिचय, प्रणय तथा आकर्षणमा केन्द्रित रति र कामदेवमा केन्द्रित यस कथामा कामदेवको व्यवहारबाट आकर्षित बनेकी नायिका हङ्कङ काठमाडौँको यात्रामा बिमारी बनेका कामदेवको सहयोगमा जुटेकी छ । अज्ञात अवस्थामै कामदेवप्रति आकर्षित बनेकी नायिका रति कामदेवलाई काठमाडौँमा अवतरण भएपछि डाक्टरको उपचारका लागि रति आफैँले सुझाव दिएको सन्दर्भ यहाँ व्यवस्थापन भएको छ । कामदेवको सन्दर्भबाट आकर्षित बनेकी रतिमा प्रणय संवेदनाको उत्कण्ठा विकसित बन्दै गएको सन्दर्भबाट रतिबाट बिहा गर्ने प्रस्ताव सुनेपछि कामदेवले बिहाअघि एक रात सँगसँगै बिताउनुपर्ने प्रस्ताव उपस्थित भएको छ । यस प्रश्नको सन्दर्भलाई सार्थक बनाउन रति र कामदेव सिङ्गापुर पुगेको सन्दर्भ कथाको केन्द्र र उत्कर्षमा पुगेको अवस्थामा कथा समाप्त भएको छ । होटेलको कोठामा रहेका कामदेव र रतिको वास्तविकता उद्घाटनमा पुगेर कथा स्थगन भएको छ ।

प्रणय र यौन संवेदनाका आकर्षणमा तानिएकी रतिमा रहेको अनभिज्ञता तथा निर्दोष आकर्षणमा तानिँदै रतिकै निरीहताप्रतिको रहस्यात्मक केन्द्र बनेर कथाको भोक्ताका रूपमा प्रगतिशील बनेको कामदेवको व्यवहार निकै सन्तुलित र शिष्ट स्थितिमा अभिव्यक्त भएको देखिन्छ । नायिका रतिले हवाईपरिचारिकाको जीवनयात्रामा अनेक यात्रीलाई सहयोग गरेकी भए पनि कामदेवसँगको आकर्षणको अनुभूति रतिका निम्ति अलग्गै प्रकारको देखिएको छ । तर त्यो सेवा व्यावसायिक थियो, परन्तु कामदेवको सेवा र सहयोग आन्तरिक सम्मोहन र आकर्षणबाटै भएको थियो । परिणामको बिन्दुमा पुग्ने समयमा सिङ्गापुरको एक होटेलमा आरामसाथ रात काट्न कामदेवले आफ्ना निम्ति र एउटा रतिका निम्ति अलगअलग कोठा पहिले नै निश्चित गरेर रात काट्न त्यहाँ पुगेपछिको अवस्थामा कथाले उत्कर्षता प्राप्त गरेको छ । हवाईमार्गबाट त्यहाँ पुगेको कामदेव र

रतिको होटेलमा उपस्थित हुनासाथ कामदेव व्यापारको सिलसिलामा केही समयका निम्ति बाहिर गएको र रति कामदेवको प्रतीक्षामा रहेको सन्दर्भ यहाँ विषयका रूपमा रहेको छ । कोठामा उत्सुकतासाथ प्रतीक्षारत रतिका सामु कामदेव फर्केर आएका सन्दर्भले थप उत्कण्ठा जगाएको छ ।

खानपिनको समापनपछि कोठामा आइपुगेपछिको स्थितिमा आरामको समयमा कामदेवले आफ्ना दाँत फुकालेर सुरक्षाका निम्ति रतिसँग हिफाजातका साथ राखिदिन आग्रह गर्दछ । त्यसपछि आँखाको गुच्चा पनि ब्रिफकेसमा सुरक्षित गरिदिन आग्रह गर्दछ । अत्यन्त दारुण स्थितिको बोध गर्दै रति आज्ञाकारी बनेर कामदेवले अह्राएको काम गरिरहन्छे । यसरी भएका आग्रहमा अब खुट्टा पनि र फेरि हात पनि फुकालेर एकातर्फ सुरक्षित राखिदिन आग्रह गर्दछ । यसअनुसार सबै काम गरिरहेको स्थिति यहाँ अत्यन्त कारुणिक रूपमा उपस्थित हुन्छ । यहाँ पुग्दा रतिको मानसिकता तरलित स्थितिमा परिणत भइसकेको हुन्छ । यस स्थितिमा पुगेकी रति कामदेवको आज्ञा मानिरहेकी तर किंकर्तव्यविमूढ बनेर निरीहताको संवेदित अवस्थामा कथान्त भएको छ । रतिका निम्ति आफूले पहिले नै व्यवस्था गरिदिएको नयाँ कोठाको शयनकक्षमा गएर आराम गर्ने जानकारी दिँदै कामदेवले रात्रिको शुभकामना प्रकट गरेको छ । यस सन्दर्भको साक्ष्यका निम्ति एक उद्धरण प्रस्तुत गर्न प्रयत्न गरिएको छ :

त्यसपछि कामदेव बिछ्यौनामा गएर बसेका थिए । 'रति, यहाँ आऊ त !' कामदेवको आवाज सुनेर पुलकित रति कामदेवको नजिकै पुगेकी थिइन् । 'मलाई केही सहयोग गर न है !' कामदेवले रतिको अनुहारमा हेर्दै केही हाँसेर भनेका थिए । 'यी दाँत त्यो मगको पानीमा चोपलेर राखिदेऊ न !' आफ्ना मुखबाट दाँत झिकेर रतिलाई दिँदै आफैँले केहीबेरअगि बाथरुमबाट ल्याएको मगतर्फ कामदेवले

देखाएका थिए । केही अचम्मित हुँदै रतिले कामदेवको निर्देशन पूरा गरेकी थिइन्' ('बिहेअघिको रात', **मेरो कथा नलेखिदिन्**, २०७४/६८) ।

प्रस्तुत कथामा मानवजीवनको सौम्य र आकर्षक अवयव सबै मौलिक र सक्कली उन्नयन बन्ने सन्देश प्रक्षेपण वर्तमान समयमा मानव अङ्गको आरोपण, कृत्रिम विन्यासजस्ता कुराहरू साधारण विषय बन्दै गएका छन् । मान्छेले आफूलाई संवाद र अतार्किक अवस्थामा राखेर निर्णयको तहमा पुग्ने हो भने मानसिक दुर्घटना पनि सहन गर्नुपर्छ भन्ने कुरा यस कथाकी नायिका रतिको दुर्घटनामा पुगेको मानसिकताको टीठलाग्दो अवस्थाले पाठकको मनमा पनि चिसो प्रवेश गरेको छ । कथाको आरम्भदेखि उत्कण्ठा विकसित बन्दै गएर प्राप्त हुने निष्कर्षलाई अन्तमा गएर दिने निष्कर्षलाई अन्तमा गएर नै उद्घाटन गरिएको छ । मानव अङ्गको कृत्रिम अङ्ग आरोपण र प्लास्टिकको अङ्ग विन्यासले मान्छेका जीवनमा आउन सक्ने स्वाभाविक तथा रहस्यात्मक दुर्घटनालाई यस कथाले सजीवतापूर्वक प्रस्तुत गरेको छ र यस कथाले विज्ञान कथाको काम गरेको छ । साथै कथाले विज्ञान कथाको मर्यादा धानेको कुरा स्पष्ट भएको छ ।

(घ) 'श्री' : 'श्री' शीर्षकमा तयार भएको रचना यस सङ्ग्रहमा रहेको चौथो कथा हो । छोरी श्रीको अन्वेषणशील चरित्र विकसित बन्दै गएको देखेर आमाले छोरीलाई 'तिमी वैज्ञानिक बन्न सक्छचौ' भनिएका सन्दर्भबाट आख्यानको समारम्भ भएको छ । बाबुको हाकिमी चरित्रको विपरीत छोरीले वैज्ञानिक चिन्तनको अनुसन्धाता बन्नुपर्ने विषयतर्फ उत्प्रेरित गरिरहेकी आमाको मनोदशा र छोरीको प्रतिभालाई विषय बनाइएका यस कथामा कम्प्युटरमार्फत एकै ठाउँमा बसीबसी टाढाटाढाका वस्तु, घटना र गतिविधि अवलोकन गर्न सकिने किसिमको वैज्ञानिक चेतना र साधन विकास भएको विषयबारे

छोरीले आविष्कार गरेको एकै ठाउँबाट अर्का कोठामा, अर्को ठाउँमा र निकै टाढासम्मको क्षेत्रमा भएका क्रियाकलाप पनि देखिने यन्त्रको विकास गर्न र कम्प्युटरकै माध्यमबाट सफल बनेकी छोरीले आविष्कार गरेको कुरा आमाले थाहा पाएको र आफैँले पनि ती गतिविधि देख्न पाएका सन्दर्भले यहाँ कथाको रूप प्राप्त गरेको छ ।

छोरी श्री आफैँले आविष्कार गरेको तरल पदार्थमा चोपेर लड्डु खाएपछि छोरीले आमाको ध्यान कम्प्युटरमा केन्द्रित गराउँदै आफू शौचालयमा प्रवेश गरेकी थिई । आफूले देख्न नसकिने बन्द शौचालयभित्र रहेकी छोरी श्रीको गोप्य रहनुपर्ने गतिविधि पनि दृश्य रूपमा कम्प्युटरको मोनिटरमा देख्न आमा सफल भएकी छ । यी आमाछोरीको घरमा काम गर्न आउने कान्छी नामकी पात्र काम सकेर घर फर्किने बेलामा श्री आविष्कृत तरलपदार्थमिश्रित लड्डु खाएर घर पुग्नासाथ उसमाथि उसका ससुराले गर्न खोजेको हातपातको दृश्य श्री र उसकी आमासमेतले आफ्नै घरमै बसीबसी कम्प्युटरको मोनिटरमा देख्छन् । त्यसपछिको अर्को दृश्य श्रीका बाबुलाई ख्वाइएको लड्डुपछि उनको घरबाहिरको गतिविधि हो । घरबाट बाहिर निस्किएको श्रीको बाबु कुनै नयाँ आलिसान भवनको भव्य कोठामा प्रवेश गर्दागर्दै एक अपरिचित युवतीसँग अङ्कमाल गर्दै कोठामा पसेको दृश्य पनि त्यसै कम्प्युटरको पर्दामा स्वयम्ले देख्न मात्र नभएर आफ्नी आमालाई देखाउनसमेत श्री सफल भएकी छ । छोरीको आविष्कारको परिणाम यी सबै विडम्बना आफ्ना आँखाले देख्नुपर्दा पाच्य नभएका कारण आमाले कम्प्युटर बन्द गर्न आग्रह गरेको अवस्थामा पुगेर कथाको उत्सर्गस्थिति देखा परेको छ ।

यस कथामा कम्प्युटरको माध्यमबाट देखिने दृश्यहरू सञ्चार साहित्यका विषयका रूपमा आएका सामग्री हुन् । नारी र पुरुषका बीचका विपरीत यौनका आकर्षण र विकर्षणका सन्दर्भहरू यौनमनोविज्ञानका विषय बनेर उपयोगमा आएका छन् । समलैङ्गिक

वात्सल्य, आमाछोरीका बीचको सम्बन्धबाट प्रकटमा आएको छ । अफ स्वैरकल्पनात्मक संवेग र मनोदशाको संयोजनका आधारमा तयार भएको यो कथा पनि बहुल विषयको प्रतिपादन गर्ने सिर्जनाका रूपमा प्रस्तुत भएको छ । भौतिक जीवनका एकातर्फ नैसर्गिक अपेक्षा हुन्छन् र अर्कातर्फ सामाजिक तथा सांस्कृतिक मर्यादाका पनि सीमा निर्धारण गरिएका हुन्छन् । ती सीमाको नियमन गर्न मानसिक अभीप्साहरू बलपूर्वक दमन गरिएका हुन्छन् । तिनका आकाङ्क्षाका रूपहरू विष्फोटन भएर प्रकटमा आउन तयार रहेका हुन्छन् र नैसर्गिक मार्गबाट प्रष्फुटन हुन पुग्छन् । तर यस्तो तात्त्विक वा नैसर्गिक स्थितिलाई सामाजिक मूल्यको कारण दमन गरिएको हुन्छ र मौका पाउनासाथ तिनले शिर ठाडो पार्छन् भन्ने यस कथाको आशय रहेको छ । यस्तो स्थितिले मानवीय गोप्यताको उजागर गर्न निर्मित संस्कृतिद्वारा निर्धारण गरेर चलाउँदै ल्याएका सामाजिक पद्धतिमा यस किसिमका आविष्कारहरूको विषयगत संवेदना यहाँ जीवन्त बनेर प्रकटमा आएको छ । मान्छेका निम्ति सहजै मानसिक तनाउबाट मुक्त हुने बाटो खोज्न यस कथाले सहयोग पुऱ्याएको छ । प्रस्तुत सन्दर्भको साक्ष्यका निम्ति तलको उद्धरण प्रस्तुत गर्नु अफ उपयुक्त देखिन्छ :

'छोरी तिम्रो आविष्कारले नै मलाई एउटा फूटो सम्बन्धबाट मुक्ति दिएको छ । तिमीले तिम्रो यो आविष्कारलाई पूर्णता दिनै पर्छ र तिमीले संसारका लागि आवश्यक नयाँनयाँ मुक्तिमार्ग प्रशस्त गर्ने धेरै आविष्कार गर्नुपर्छ ।' मैले दृढतापूर्वक भनेकी थिएँ । केही दिनको पलायनपछि मैले नै पुन: उसलाई प्रयोगशालामा फर्काएकी थिएँ ('श्री', **मेरो कथा नलेखिदिनु**, २०७४/६८) ।

मान्छे नैसर्गिक चाहना दबाएर अनेक कृत्रिम आवरणमा बाँचेको हुन्छ । यस बन्धनबाट मुक्त हुन अनेक प्रकारका अन्वेषणले मानसिक सत्यको उद्घाटन गर्न सहायता गरे पनि मान्छेका नैसर्गिक

स्वभावको अनावरण गर्ने काम गरेको हुन्छ । यसरी मानसिक सत्य अनावृत गरिदिने भएका कारण अनुसन्धानले सामाजिक मर्यादामा गोप्य रहनुपर्ने विषयलाई उदाङ्गो पारिदिने काम गर्दछ भन्ने आशय पनि प्रकट भएको देखिएको छ । यसलाई अत्यन्त संयमका साथ मात्र उपयोगमा ल्याउनुपर्ने कसरलाई कथ्यका रूपमा प्रकट गरेको छ । कतिपय विषयमा वैज्ञानिक अन्वेषणले सहायता गरे पनि कहीँचाहिँ अभिशापको पनि काम गर्दछ भन्ने कुरा पनि यस उद्धरणको निष्कर्ष छ । यस कारण विज्ञानका अनेक अन्वेषणले मानवीय स्वभावजन्य नैसर्गिक तथा तात्त्विक संस्कृतिमा नयाँ चुनौती थपिदिएको छ ।

(ङ) 'यन्त्रपोसाक' शीर्षकको कथा यस सङ्ग्रहको पाँचौं कथा हो । यो कथा पनि प्रसाईको (**मन सायद उघ्रँदैन**, २०५१) 'मास्क' शीर्षकमा प्रकाशित भइसकेको कथा हो । यसमा पनि विज्ञानले जन्माएका विभीषिका तथा चुनौतीपूर्ण समस्यालाई विषय बनाइएको छ । युद्धको विषाक्त प्रदूषणबाट बाँच्ने सन्दर्भमा पहिरिनका लागि एलिना र उसका दुई सन्तानका साथमा रसायनिक युद्ध प्रारम्भ हुनुअघि नै संयोगवश उनीहरूका अतिथि हुन आएका मि. शर्मा समेतलाई एलिनाका वैज्ञानिक पति अङ्कुश शर्माले यन्त्रपोसाक प्रदान गरेका थिए । विश्वको विषाक्त बनिसकेको पर्यावरणमा वैज्ञानिक अङ्कुशबाट निर्मित यन्त्रपोसाकका कारण विश्वभरिमा केही मानिसहरू मात्र बाँचिरहेको परिस्थितिको विनिर्माणले कथामा भयावय परिस्थितिको सिर्जना भएको छ । मानवीय अस्तित्वको रक्षार्थ अर्थात् मानवको रक्षाकवचको रूपमा काम लाग्ने परिधानका आविष्कारमा लागेका अङ्कुशलगायतका सबै सदस्यहरू नै यन्त्रवत् परिचालित भएको स्थिति बढ्दै गएको र आफूले आविष्कार गरेका सामग्रीहरू गलत तत्त्वको हितमा प्रयोग हुन लागेको सन्दर्भमा कथाको निर्माण भएको छ । मानवीय शाश्वत संवेदना ध्वस्त बन्दै गएको स्थितिमा यन्त्रपोसाक आविष्कारकर्ता सदस्यहरू नै अयान्त्रिक

जीवनभोगतर्फ उन्मुख भएको स्थिति पनि यहाँ सङ्केत भएको छ । यसबाट अयान्त्रिक जीवनको सत्य पुन:स्थापित हुनुपर्ने पक्षतर्फ उन्मुख बनेपछि कथान्त भएको छ ।

प्रतिभा, श्रम र साधनको शोषणमा जुटेका शक्तिका पुजारी बनेका घातक पक्षबाट जोगिन मान्छे जति प्रयत्न गर्छ त्यति नै त्यस घातक शक्तिले रचेको भड्खारोमा भासिन्छ । मान्छेमा रहेको प्रतिभा, श्रम र साधनको शोषणमा जुटेकाहरू आज आफ्नै स्वार्थमा जुटेका छन्, तिनीहरू आफ्नो हितलाई मात्र ध्यान दिन्छन् भन्ने पनि यस कथाको विषय बनेको छ । यस कथाको प्रमुख कथ्य के हो भने आजको समाजमा मान्छे अत्यन्त असहिष्णु र शोषणशील बन्दै गएको स्थिति देखिएको सन्दर्भलाई कथाले कटु टिप्पणी गरेको छ । कथाका माध्यमबाट आजका शक्तिसम्पन्न राष्ट्रहरू आआफ्ना स्वार्थमा निमग्न रहेका छन् । यिनीहरू सृजनशील प्रतिभाबाट सृजित मानव हितकारी वस्तुहरूको उपयोगबाट आफू पहिले सुरक्षित बन्ने र त्यसपछि सोही हितमा टेकेर अरूमाथि घात बर्साउने चरित्र विकसित बनेको आजको दुर्वृत्तिलाई तलको साक्ष्यले उद्घाटन गरेको छ :

'पोसाक पहिरिउन्जेल वा पोसाकमा कुनै खराबी नभएसम्म पोसाकधारीको मृत्यु, रोग, भय, भोक, प्यास, विषयवासना, माया, प्रेम इत्यादि सम्पूर्ण पृथ्वीजन्य तत्त्वहरूसँग कुनै सरोकार रहँदैनथ्यो । अँ विकसित मानसिकता र पूर्ववत् अन्तर्भावनालाई भने यसले रोकथाम गर्न सक्दैनथ्यो । यदि कुनै पोसाकधारीले पृथ्वीको जल, गन्ध, वायु, माटो, अग्नि, कुनै तत्त्वसँग कुनै पनि बेला सरोकार राख्न पोसाकबाहिर निस्केमा वा यन्त्रपोसाकमा अलिकति चुहावट भएमा पोसाकधारीको पनि मृत्यु निश्चित थियो' ('यन्त्रपोसाक', **मेरो कथा नलेखिदिनू**, २०७४/८९) ।

कुनै न कुनै रक्षाकवच धारण गरेर आफू सुरक्षित ठान्ने आजको स्वार्थी संस्कृतिलाई प्रस्तुत गर्ने काम यस कथाले गरेको छ । वैज्ञानिक आविष्कारका कारण मान्छे बिस्तारै यन्त्र संस्कृतिमा परिणत बन्दै गएको तथ्य पनि यहाँ प्रस्तुत भएको छ । भौतिक विश्वका नैसर्गिक तत्त्वहरू प्रदूषित बन्दै गएका कारण तिनबाट संरक्षण गरिनुपर्ने स्थितिको बोध गरेर त्यस्ता खतराबाट सुरक्षित रहन आज अनेक उपायहरू रचिँदै छन् तैपनि मान्छे प्राकृतिक विद्रूपताको सिकार बन्नबाट जोगिने उपायहरू पनि क्रमश: माथि उल्लेख भएका शक्तिसम्पन्नहरूको एकाधिकारमा खुम्चिँदै गएका छन् भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

(च) 'त्यो रात' शीर्षक सङ्ग्रहमा रहेको छैटौँ कथा हो । यस कथामा यान्त्रिक यौन समागम र गर्भधारणका सन्दर्भले विषयको स्थान लिएको छ । परम्परागत मानवीय निमित्त र तात्त्विक संस्कृतिले मान्छेका मनमा जन्माइदिएका द्वन्द्वले यहाँ मानसिक हलचल ल्याइदिएको छ । विवाह भएको एक दशक बितिसक्दा पनि गर्भ नरहेका कारण उत्तराको मनमा सन्तानकै चिन्ता बढेको छ । यस समस्याबाट चिन्तित बनेकी उत्तरा गुगलभित्र गएर प्रजनन विज्ञानको विषय पहिल्याउने निर्णयमा पुग्छे । यसरी छटपटिएकी उत्तराका मनमा नयाँ इच्छा जाग्रत भएको सन्दर्भ कथाले अनावृत गरेको छ । नेटको माध्यमबाट कम्प्युटरको पर्दामा देखिएका प्रश्नहरूको अपेक्षित हो भन्ने उत्तर दिँदै जाँदा अन्तमा एक पुरुषको उपस्थिति भएको र त्यसै पुरुषसँग उत्तराले सम्भोग गरेका सन्दर्भबाट गर्भधारण सम्भव भएको स्थिति यहाँ कथाको विषयका रूपमा प्रस्तुत भएको छ । भौतिक सम्भोगका समग्र क्रिया यहाँ विद्युतीय सञ्चारका माध्यमबाट सम्पन्न भएका छन् । यसै स्थितिमा पुगेर प्रस्तुत कथा समाप्त भएको छ ।

यस कथामा स्वैरकल्पनाका माध्यमबाट साइबर संस्कृतिलाई गति दिन प्रयत्न गरिएको छ । नारीमा रहेको सन्तानोत्पादनको

इच्छालाई जागृत गराएर विद्युतीय सञ्चार प्रविधिको प्रयोगका आधारमा यौनकर्म सम्पन्न भएको स्थिति प्रकटमा ल्याइएको छ । परोक्ष यथार्थमा रहेको सञ्चार विज्ञानलाई यस कथामा प्रत्यक्ष यथार्थमा ल्याएर विषयको रूप प्रदान गरिएको छ । यसरी विषय बनाइएको यौनकर्म र कम्प्युटरको पर्दामा आएको यौन समागमविषयक प्रश्नहरूको लहर पर्दामा प्रक्षेपित बन्न आएको छ । प्रश्नोत्तरको सिलसिलामा यस अन्तिम लहरमा आएका प्रश्नको विषय सम्भोगका निम्ति तयार हुने त भन्ने आशयमा प्रकट भएको छ र मनमा अनायासै आएका उतारचढाउलाई सन्तुलन गरेर उत्तराले सहमति जनाउनासाथ त्यसै पर्दाबाट बाहिर आएको पुरुषसँग उत्तराको सम्भोग भएको स्थिति देखिएको छ । त्यस पुरुषका माध्यमबाट उत्तराको अपेक्षा पूरा हुने अभिमत प्रकट भएपछि उक्त पुरुष जसरी प्रकट भएथ्यो उसै प्रक्रियामा कम्प्युटरमै समाहित भएको स्थिति कथाले प्रदर्शन गरेको छ । यस विषयको पुष्टिका निम्ति तलको साक्ष्य पर्याप्त देखिन्छ :

'यो अन्तिम प्रश्नको उत्तर लेख्ने बेलामा उनको सास पनि केही छिटोछिटो चल्न थालिसकेको थियो । यस्तो पनि कतै होला र ? भोकाएको मान्छेको मुखैमा आइपुगेको गाँसजस्तै कुरा छ यसको । के गरौँ ? एकैछिन बढो द्विविधा भयो उत्तरालाई । 'गफ लगाउँदो हो । जे होला अब । एक पटक हुन्छ भनिदिन्छु । के नै होला र ?' ('त्यो रात', **मेरो कथा नलेखिदिनू**, २०७४/९५) ।

प्रस्तुत उद्धरणको आशयले साइबर संस्कृतिले ल्याएका प्रश्नहरूलाई आज मान्छेले बिस्तारै स्विकार्दै गएको स्थिति यहाँ प्रकट भएको छ । विज्ञानले मानवीय संवेदनलाई धकेलेर यान्त्रिकतामा पुऱ्याएका प्रसङ्गहरूमध्ये यो पनि एक रहस्यात्मक प्रसङ्ग बनेर प्रकटमा आएको छ । नारीमा रहेको मातृत्वमा र सन्तानोत्पादनको संवेदनामा कुनै कमी नआएको सन्दर्भ एकातिर र सन्तानको

उत्पादनसँग जोडिएको यौन क्रियाको सन्तुष्टिको मोह पनि उत्तरामा मुखर भएको स्थितिमाथि गुगल युवकले प्रदान गरेको सन्तुष्टि परोक्ष यथार्थ र उत्तराले अनुभव गरेको सन्तुष्टि प्रत्यक्ष यथार्थका रूपमा यहाँ प्रकट भएको छ । यसरी प्रस्तुत कथामा पनि यौन, मनोविज्ञान, स्वैरकल्पना, साइबर संस्कृति र प्रत्यक्ष तथा परोक्ष यथार्थ एकैसाथ प्रयोगमा आएको देखिन्छ ।

(छ) 'मेरो कथा नलेखिदिनू' यस सङ्ग्रहको अन्तिम कथा हो । यस कथामा रहेकी नायिका कथाकार मको र भोक्ता सुनीतिको बीचमा जन्मिएको प्रजनन क्षमताको अभाव र सन्तानोत्पादनका नैसर्गिक संस्कृतिको संवेदना प्रस्तुत भएको छ । नारीमा रहेको पुत्रवात्सल्यताको बुभुक्षाको परितृप्ति सन्तान आफैँले नजन्माएर पनि हुन नसक्ने बोध गरेकी नारी पात्र पनि यस कथामा प्रयोग गरिएको छ । अर्कातिर पुरुषजन्य यौन अवयव विकास नभएको युवकसँग बिहा हुन पुगेकी युवती सुनीतिको दारुण कथा विषय बनेको यो कथा पनि विज्ञान, यौनविज्ञान र मानवीय संवेदनाको संयोजनमा सिर्जना भएको छ । पूर्ण रूपमा अङ्ग विकास नभएको र पाइपमा जन्माइएको त्यस युवकका बारेको यथार्थसँग अनविज्ञ भएर बिहा भएर बेलायत पुगेकी युवती सुनीतिले युवकको भित्री रहस्य थाहा पाएपछि गरेको विद्रोह शान्त पार्न त्यस युवकको बाबुले नै आँखा गाढेर युवतीप्रतिको आफ्नो आकर्षण अभिव्यक्त गरेपछि सोको अस्विकारसँगै नेपाल फर्किएको अवस्थामा म पात्रसँग सुनीतिको भेट भएको सन्दर्भमा यस कथाको निर्माण भएको छ । यहाँ यौन केवल भोगको विषय हो भन्ने ससुराका स्थानमा रहेका पुरुषमा देखिएको छ भने सुनीतिमा यौन एक अनिवार्य तत्त्व हुँदाहुँदै पनि मानवीय संवेदना आत्मीयता र सांस्कृतिक सन्तुलनको पनि विषय हो भन्ने कुरा यस कथाले स्थापित गरेको छ ।

मानवीय आदर्शका आधारमा बुहारी बनेकी सुनीतिमा त्यस ससुरो मानिने पुरुषको कुनै भौतिक सम्बन्ध छैन । किनभने सुनीतिसँग

बिहा भएको युवक पाइपबाट जन्मिएको र अधुरो, अपुरो पुरुषपिण्ड मात्र हो । यहाँ नातासम्बन्धका कुनै वैज्ञानिक र भौतिक तन्तुको सम्बन्ध छैन तैपनि मानवीय मर्यादा, सांस्कृतिक तथा निर्मित मान्यताका आधारमा चाहिँ यहाँ पतिपत्नी, आमाछोरा, सासूबुहारी, ससुरा बुहारीलगायतका सामाजिक तथा पारिवारिक सम्बन्धहरू उपस्थित भएका छन् । यस कथामा यसरी संस्कृतिद्वारा निर्मित र तात्त्विक पक्षहरूले आफ्नो उपस्थिति प्रश्नसूचक अवस्थामा प्रकट गरेका छन् । यिनको पुष्टिका निम्ति एक साक्ष्य पनि यहाँ प्रस्तुत गरिएको छ :

'यसमा अन्यथा सोच्नुपर्ने कुरा अथवा सरम मान्नुपर्ने कुरा नै के छ र ? म शिष्ट र सभ्य तरिकाले आफूलाई मन परेको कुरा तिमीबाट किन्न चाहन्छु । मेरो सुझाव छ तिमी पनि अनावश्यक भावनामा नबगी समयले जुराएको यो स्वर्णिम अवसर र प्रकृतिले तिमीलाई पारेको यस बेलाको रूप यौवनबाट सक्दो फाइदा उठाऊ ।' वृद्ध खुलेरै बोलेका थिए' ('मेरो कथा नलेखिदिनू', **मेरो कथा नलेखिदिनू**, २०७४/१३०) ।

ससुरा भौतिक रूपमा तिमी बुहारी होइनौ भन्ने परोक्ष यथार्थको रूप प्रकट गर्न तयार रहन्छ । यस तथ्य प्रकटका सन्दर्भले नेपाली समाजको निर्मित संस्कृतिमाथि निकै महत्त्वपूर्ण प्रश्न उभ्याइदिएको छ । यहाँ शरीर भोगको निम्ति मात्र हो र यो कृत्रिम निर्मितिबाट पनि तयार हुन्छ भन्ने संस्कारतिर मोडिएको सुनीतिको त्यो कथित ससुराको चिन्तनका ठीक विपरीत हुन्छ । समाज र जीवनको भौतिक जडता र भावनात्मक सत्य कस्तो हुन्छ भन्ने कुरा यस उद्धरणले प्रकट गरेको छ । जीवन अलिकति वस्तु हो र धेरै भावना हो; अनि यौवन, भोग भौतिक जीवनका विषयहरू यहाँ केवल कथन मात्र हुन् भन्ने चिन्तनका विपक्षमा पुगेर यस कथाको निष्कर्ष प्रकट भएको छ । यो कथा पनि मानवजीवन यान्त्रिक र जड वस्तुको प्रतीक होइन भन्ने कुरामा स्पष्ट बनेको छ ।

(ज) निष्कर्ष : प्रस्तुत सङ्ग्रहमा रहेका सातैओटा कथाहरू वैज्ञानिक सन्दर्भसँग जोडिएका छन् । यिनमा विपरीत लैङ्गिक, समलैङ्गिक र सन्दिग्ध लैङ्गिक समस्याहरू यस कथाका विषय बनेर प्रकटमा आएका छन् । साइबर संस्कृति र यान्त्रिक मानवको आविष्करण, नीति र सदाचार आदि यस कथामा संस्कृतिका रूपमा प्रयोग भएका छन् । यथार्थमा वैज्ञानिक आधारको अतिक्रमणमा आउने प्रत्यक्ष र परोक्ष यथार्थका विषयहरू पनि यहाँ प्रकट भएका छन् । सञ्चार साहित्यले आत्मसात् गर्ने प्रविधिलाई स्वैरकल्पनामा संयोजन गरेर कथाको रूप प्रदान गरिएको छ । कथाका विशिष्टताहरू लिएर यहाँका कथाहरू प्रकटमा आएका छन् । यस दृष्टिले प्रस्तुत सङ्ग्रह आफैँमा विशिष्ट संवेदनाको वाहक बनेर कथाकरण भएको छ । यिनै विशेषतालाई प्रस्तुत सङ्ग्रहका कथाको प्राप्ति मान्न सकिन्छ ।

## ३. उपन्यास खण्ड

(क) यौन र कारुणिक संवेदनाको परस्पराकर्षण र विकर्षणमा सृजित **विश्वामित्र** उपन्यास

(ख) नृशंसक संवेदनाको अनावृत आकृतिमा **रनमाया** उपन्यास

(ग) **शिखा** उपन्यास र इन्दिरा प्रसाईको औपन्यासिक कला

(घ) मनोविघटन तथा व्यवस्थापनमूलक उपन्यास : **उसको लोग्ने र बिरालो**

# यौन र कारुणिक संवेदनाको परस्पराकर्षण र विकर्षणमा सृजित 'विश्वामित्र' उपन्यास

## १. विषयप्रवेश

उपन्यासकार प्रसाईको पहिलो उपन्यास सृजनयात्राका सन्दर्भमा यो पूर्वार्द्ध चरणको सिर्जना हो । यस उपन्यासका माध्यमबाट प्रसाईले यौन र मानवीय कारुणिक संवेदनाको सहज र मार्मिक ढङ्गले उपयोग गरिएको सन्दर्भको पनि यहाँ विषयका रूपमा प्रयोग भएको स्थिति यस उपन्यासका माध्यमबाट उपस्थापन भएको स्थिति अभिव्यक्त भएको देखिन्छ । कथा सिर्जनाका सन्दर्भमा **मन सायद उघ्रँदैन**' बाट प्रवृत्त भएर **बयान** (लघु कथासङ्ग्रह, २०५५) मा आइपुग्दा उपन्यासको रूपमा **विश्वामित्र** कृति लिएर २०५५ मै पहिलोपल्ट सार्वजनिक प्रसाईको उपन्यास क्षेत्रमा पनि आख्यानमा प्रवृत्त प्रसाईको प्रस्तुत उपन्यास पहिलो उदाहरण हो । **विश्वामित्र** उपन्यासले प्रसाईलाई पहिलो कृतिकै प्रकाशनमा निकै सफल स्रष्टाको रूपमा उपस्थित गराएको छ । आख्यानको सङ्क्षिप्त आयतनमा कथा सिर्जना गर्ने दिशामा सफल देखिँदै आउने प्रसाईको बृहद् आकृतिको आख्यानवृत्तमा जीवनका आचरणलाई वितरण गरेर उपन्यास सिर्जना गर्ने काम भएको छ । प्रसाईले मिथकीय तथा सामाजिक र सांस्कृतिक जीवनका पात्रलाई सामाजिक संवेदनामा र मानवीय आचार तथा व्यवहारका पक्षलाई उपन्यासीकरण गर्ने काममा क्रियाशील बन्दै गएको स्थिति यस उपन्यासका माध्यमबाट आरम्भ भएको देखिन्छ ।

नेपाली साहित्यकै सन्दर्भमा उत्तरवर्ती चरणको आख्यानकारका रूपमा आफ्नो स्थान सुरक्षित गर्ने सफल आख्यानकारको स्थानमा प्रसाईको महत्त्व विशिष्ट तहमा रहेको स्थिति देखिन्छ । नेपाली उपन्यासकारहरूमा ध्रुवचन्द्र गौतम, जगदीश घिमिरे, पिटर जे कार्थक, गीता केशरीजस्ता उपन्यासकारको उत्तरवर्ती पुस्ताका रूपमा र भागीरथी श्रेष्ठ, पद्मावती सिंहलगायतका स्रष्टाको समवर्ती उपन्यासकारका रूपमा देखिने प्रसाईको उपन्यास सिर्जनाले मनोवैज्ञानिक उपन्यास सिर्जनाको यात्रामा निकै विशिष्ट उपस्थिति रहेको अवस्था देखिएको छ । नेपाली समाजका सांस्कृतिक तथा ऐतिहासिक एवं राजनीतिक पर्यावरणका अनेक प्रवृत्तिहरू, अनेक कोण र तिनका प्रतिकोणहरू पनि प्रसाईका उपन्यासमा प्रकट भएका छन् । उपन्यासका परिधिमा रहने पात्र, कथानक, परिवेश र कथ्यका पक्षहरूको पनि उपन्यासकारका रूपमा उपस्थित भएको सन्दर्भ कथाको स्थिति उपस्थित देखिन्छ । मनोविज्ञानका अचेतन तथा स्वचालित अर्द्धचेतन र चेतनका पक्षहरू पनि यहाँ उपन्यासकारका रूपमा उपस्थित गराएको सन्दर्भ विषय र प्रस्तुतिका रूपमा उपस्थापन गरेको अवस्था उपन्यासको आयतनमा समेटिएको स्थिति प्रकट भएको देखिन्छ । समाजले पचाएका शिष्ट र मर्यादित यौनलाई प्रस्तुत गर्ने कलामा सचेत उपन्यासकार प्रसाईका प्राप्तिको प्रारम्भिक दिशा यस उपन्यासले निर्देश गरेको देखिन्छ ।

## २. विश्वामित्र उपन्यासको आख्यानवृत्त

पहिलो प्रकरण 'प्रारम्भअघि' शीर्षकमा कथाको सङ्क्षिप्त पूर्वसङ्केतबाट उपन्यासको आरम्भ भएको छ । यसमा कथाको इतिवृत्तलाई सङ्क्षिप्तमा सङ्केत गरिएको छ । यस सङ्केतका आधारमा उपन्यासको कथाको पूर्वसङ्केत मात्रको आभास दिएर स्थगन गरिएको छ । यो सङ्केतको स्थिति पनि यहाँ विषयको प्रागभ्यासको स्थिति रहेको देखिन्छ ।

प्रारम्भ शीर्षक दिएर उपन्यासको मूल कथा दोस्रो प्रकरणबाट उद्घाटन गरिएको छ । यसरी सुरु गरिएको आख्यानवृत्त चौध प्रकरणसम्म तन्किएको छ । यस आधारमा प्रारम्भ शीर्षक दिइएको पहिलो प्रकरणमा विश्वामित्रको पुरुष केन्द्रमा मेनकाको नारी पात्रता जोडिन आएको छ । उपन्यास सुरु हुनुभन्दा पूर्वको विश्वामित्रको जीवन सुमित्रासँग बितेको र सुमित्राबाट एक छोरी र दुई छोरा भइसकेको अवस्थापछि मात्र मेनका जोडिन आएकी र मेनकाको र विश्वामित्रको दाम्पत्य जीवनतर्फ मेनवि पनि जन्मेको सन्दर्भको आधारस्थलबाट कथाले गति लिएको छ । मेनका र विश्वामित्रको वर्तमानको केन्द्रबाट आख्यानको आरम्भ भएको छ । एउटा अलग्गै व्यवहार र परिवार धानेर बसेको विश्वामित्र र मेनकाको व्यवहार सानो छोरो, गीता नोकर्नी र भान्छे उमेश, क्याम्पसका साथी ममता र सुरेन्द्र, चौकीदार मनजङ्ग, कहिलेकाहीँ सानोतिनो काम गर्न आइपुग्ने र सुमित्रातर्फको पनि सूचना दिने उमासमेतको मञ्चीय उपस्थितिको जीवनचर्याका केन्द्रबाट कथाले गति लिएको छ ।

'दुई' शीर्षक दिइएको तेस्रो प्रकरणमा विश्वामित्र र मेनकाको प्रणय संवेग, यौनको भोग तथा पारिवारिक आनन्द बोधजस्ता विषयलाई केन्द्रमा राखेर यस प्रकरणलाई गति दिइएको छ । मेनकाले विश्वास गरेकी ममताको उच्छृङ्खल आचरण र उसकै लहैलहैमा लागेर सुरेन्द्रलाई लेखेको प्रेमपत्रको दुष्परिणामले मेनकामा ल्याएको गम्भीरता पनि यहाँ विषयका रूपमा उपस्थित भएको छ । आफ्नो विगत जीवनलाई पूर्वदीप्तिका आधारमा वर्तमानमा तानेर ल्याई आफ्नो गति र वर्तमानको तुलना गरिएको र सुरेन्द्रले प्रेमपत्रको जबाफमा 'तिमीजस्ता अध्ययनशील केटीले अहिले राम्रो पढ्ने हो र असल मान्छे बन्ने हो' भन्ने जबाफ मुखैले दिएकाले आफूमा आएको परिवर्तनलाई रातभर सम्झेको सन्दर्भ यस प्रकरणको विषय बनेको छ ।

'तीन' शीर्षक अङ्कित चौथो प्रकरणमा भने उमाको आगमन र मेनकाका बीचको संवादमा उमाले पतिबाट पाएको पीडा र यातनाको सन्दर्भ तथा उमाले मेनकालाई तेल घसिरहेका समयमा भनेको विश्वामित्र सुमित्राकोमा पनि आउजाउ गरिरहेको छ कि भन्ने प्रश्नले मेनकालाई फस्काएको प्रसङ्ग यहाँ निकै पीडाप्रद बनेर उपस्थित भएको छ । उमाले दिएको विश्वामित्रविषयक प्रस्तुतिका कारण मेनकालाई केहीछिन अघिसम्मको मनमोहक सुनौलो संसार निकै फिका र पीडाप्रद अनुभूत भएको सन्दर्भ यहाँ आख्यानको अङ्ग बनेको छ । ठुलो राजा अर्थात् विश्वामित्रको आचरणमाथि उमाले उठाएका प्रश्नले जन्माएको शङ्काका कारण मेनकाको मनमा आएको आलोडनको सन्दर्भ पनि यहाँ प्रकट भएको छ ।

'चार' सङ्केत भएको पाँचौँ प्रकरणमा विश्वामित्र केही समय ढिलो गरेर घरमा आएका सन्दर्भले उमाको सूचना पुष्टि हुन खोजेको अनुभव गर्न मेनका विवश बनेकी छ । मनमा अनेक कुरा खेलेका कारण मेनकामा निद्रा नआएको र टेलिभिजनमा प्रस्तुत भएको त्रिकोणात्मक प्रेमकथामा अल्झेको नायकको मानसिक स्थिति र विश्वामित्रको स्थिति समान बोध गरिरहेकी मेनकाको उपस्थिति छ । यस स्थितिमा पुगेकी मेनकाले गरेको शङ्का पुष्टि हुने खतरा बोध गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । मानसिक पीडाले पिरोलिइरहेकी मेनकालाई आधा रातमा फस्काउन आइपुगेका विश्वामित्रको उपस्थितिलाई मेनकाले शङ्का गर्न थालेकी छ । यसमाथि पनि मेनकाको स्वचालित मनले नै अनेकौँ विषयमा मनस्ताप जन्माउन थालेको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको स्थिति देखिन्छ ।

त्यस्तै 'पाँच' शीर्षकमा सङ्केत गरिएको छैटौँ प्रकरणमा विश्वामित्रकी सुमित्रातर्फकी छोरी ओजस्वी निकै सुशील र सुन्दर महिमाशाली देखिएको स्थितिमा मेनकासमक्ष उपस्थित हुन आएको

सन्दर्भ देखिएको छ । छोरी ओजस्वी मेनकाको सम्पर्कमा आएको र भाइ मेनविसँग झुम्मिएको, त्यहीँ केही खानपिन र बसउठसमेत हुने गरेको छ । मेनकासँग विश्वामित्र बस्न थालेपछि र मेनवि जन्मिसकेपछि सुमित्रातर्फकी छोरी ओजस्वीको विश्वामित्र र मेनकाका घरमा आउजाउ बढेको अनि विश्वामित्र चार वर्षको अन्तरालपछि पुनः सुमित्रातर्फ आकर्षित बनेका सन्दर्भले यहाँ प्रश्रय पाएको छ । विश्वामित्रमा कर्तव्यबोध जन्मिएको र मेनकामा पनि अखण्डित ठानिएको विश्वामित्र खण्डित हुन लागेको स्थितिको बोध भएको स्थिति पनि यस प्रकरणको कथा बनेको छ । साथै छोरी ओजस्वी बाबुलाई भेट्न उसकै कार्यालयमा पुगेकी र बाबु विश्वामित्रको केहीछिनको प्रतीक्षा र उपेक्षा भाव, केहीछिनपछिको परस्परको संवाद, आमाको अस्वस्थताको सूचना ओजस्वीबाट सम्प्रेषित बनेको सन्दर्भ, बाबुछोरीका बीचको वात्सल्य अभिव्यक्ति र बाबालाई आफ्नोमा आउन र आमाको अवस्थाप्रति जिम्मेदार बन्न गरिएको आग्रह यस प्रकरणको कथा बनेको छ । समाज र जीवनका विषयहरू एउटा किनारामा र प्रणय तथा यौनभावनाहरू अर्को किनारामा राखेर सन्तुलित संवेगभन्दा पनि कर्तव्यबोधको उपस्थिति बढ्दै गएको अवस्था यस प्रकरणको विषय बनेको छ ।

'छ' शीर्षक सङ्केत भएको सातौँ प्रकरणमा सुमित्राको सहयोगका निम्ति घरमा आउने वचन दिएर छोरी ओजस्वीलाई बिदा गरेको बाबुको स्नेहालु भावको सम्बन्ध विकास भएको मन बोकेर चार वर्षको अन्तरालमा यसै साँझ सुमित्राको घरको ढोका खोल्न पुगेको विश्वामित्र त्यहाँको वातावरण उसका निम्ति नौलो नलागेको र अवस्थामा त्यस्तो कमजोरी नआएको देख्छ । मात्र सुमित्रा मानसिक कारणले दुर्बल बनेकी र छोरा दुर्गेश र दीपेश विद्यालयमा आवासीय बनाइएको अवस्था मात्र फेरिएको अनुभूति हुन्छ– विश्वामित्रलाई । मानसिक पीडा र अपराधबोधमा डुबेका

विश्वामित्रलाई सुमित्राले 'मलाई माफ गर है' भनेका सन्दर्भमा अपराधको बोझ अझ गरुङ्गो अनुभूत गर्न विवश बनेको विश्वामित्रले सुमित्राको हृदयको अतल गहिराइबाट प्रकट भएको देखिन्छ । यहाँ विश्वामित्रले आफ्नै प्रायश्चित्तको आवाजझैँ आन्तरिक सुस्केरा प्रकटमा आएको अनुभव गर्दछ ।

'सात' शीर्षक पाएको आठौँ प्रकरणमा मनोद्वन्द्वको सिकार बनेको विश्वामित्रको आचरण अङ्कन भएको छ । धेरै समयपछि विश्वामित्रको साथ र काख पाएकी सुमित्रा शान्त तलाउको जलझैँ स्वच्छ मनले मस्त निदाएको स्थितिमा विश्वामित्रमा मेनकाप्रति अन्याय भएको बोध गर्दै त्यहाँ मानसिक यातनाको बोध गर्दछ । उसमा दुवैतर्फ आफ्नो जिम्मेदारी चुकेको अपराधको बोध जाग्रत भएर आउँछ । सुमित्रासँग बिदा मागेर हिँड्न लाग्दा छोरीले खाना खाएर जान गरिएको आग्रहले सङ्कट उत्पन्न गरिदिएको स्थितिबाट भाग्न रात्रि समूहशालामा पुगेर मदिरा पान गरेर आधा रात बिताएपछि मेनकाका सामु हाजिर हुन पुग्छ । यस स्थितिले र उमाले सङ्केत गरेअनुसार व्यवहारमा केही परिवर्तन आए पनि मेनकाले बेवास्ता नै गरिदिई । पुन: दोस्रो दिन पनि कार्यालय नगई सुमित्राकोमा पुगेका विश्वामित्रले सुमित्रामा आएको परिवर्तन र ओजस्वीको पितृस्नेह, आफूमा क्षीण बनेको पति, पिताको वात्सल्यता पाएर रमाएकी ओजस्वी अनुभूतपछिको विश्वामित्र अपराधबोध गरेको भारी मन बोकेर मेनकाकोमा हाजिर हुन आधा रातमा पुगेको सन्दर्भ पनि यस प्रकरणमा प्रकट भएको छ ।

'आठ' शीर्षकको नवौँ प्रकरणमा विश्वामित्रको मनोद्वन्द्व उद्घाटन भएको छ । विश्वामित्रको विगत जीवनको मानसिक कथन, उसको आभिजात्य संवेग र बाल्यजीवनको स्थिति, अध्ययनका निम्ति बनारस पुगेको र मुन्नीसँग परिचय भएको, मेनकाले तराईमूलको सुरेन्द्रसँगको आकर्षण बनेजस्तै विश्वामित्र मुन्नीसित आकर्षित बनेको सन्दर्भ

पूर्वदीप्ति प्रस्तुतिमा अभिव्यञ्जित बनेको छ । बच्चा जन्मने क्रममा मुन्नीको निधन भएको सन्दर्भ पनि यहाँ विश्वामित्रको मनस्तापको विषय बनेर आएको छ । रातको तरङ्गको थकानले अल्छी बनेको विश्वामित्र उठ्दै गर्दा चौकीदार मनजङ्गले अर्को डयुटीमा जान बिदा मागेको सन्दर्भमा पुगेर यो आख्यान स्थगन भएको छ ।

'नौ' शीर्षक सङ्केत भएको दसौँ प्रकरणमा पनि विश्वामित्रकै मनस्थिति र चौकीदार मनजङ्गको विगत जीवनको हैकमी बिम्ब आफ्ना कोठामा रहेका एक जोडी तरबारका माध्यमबाट प्रकटमा आएको स्थिति छ । ती दुवै तरबारहरू चौकीदार मनजङ्ग राणाका खानदानी सानका प्रतीक थिए । तर मनजङ्गको सानसौकात धूलिसात् हुँदै गएको स्थितिमा छोराहरूले दरबारका सबै बहुमूल्य सामान बेच्दै जाँदा भाँडाबटुका, सामानतुमन र घरघडेरी नै बेचिदिने क्रममा यिनै तरबार पनि बेचिदिने हुन् कि भन्ने त्रासका कारण बरु सुरक्षित रहला भन्ने आसले मनजङ्गले ल्याएर विश्वामित्रको बैठकमा सजाएर आफ्नो अतृप्त अभीप्सा शान्त गरेको सन्दर्भ विश्वामित्रको स्वचालित मनले प्रकटमा ल्याएको छ । मनजङ्ग जन्मेपछि बाबुले अर्कै पत्नी वरण गरेको र मनजङ्गले पीडाग्रस्त जीवन धान्नुपरेको सन्दर्भ यहाँको विषय बनेको छ । यिनै विशेषताका आधारमा उपन्यासले मानसिक पीडाका कुराहरू विश्वामित्रको आलोडित मनले स्मरण गरेको छ ।

'दस' शीर्षक उल्लेख भएको एघारौँ प्रकरणमा मनजङ्गको विगत कथाको स्मृतियात्राबाट यथार्थमा ओर्लिएको विश्वामित्रको र मेनकाको दैनिक जीवनको तालिका सञ्चालनमा आएको स्थिति प्रकटमा आएको छ । मेनकाका सामु सुमित्राका विषयमा विश्वामित्र खुल्न नसकेको र मेनकाले पनि यस विषयलाई सामु नल्याएका कारण सन्तुलित रहेको वातावरणमा उमाका सन्दर्भले तरङ्गित बनाइदिएको मेनकाको मानसिकता आज विश्वामित्र र मेनकासामु

अनावृत बनेको छ । प्रसङ्गको अनावरणका कारण मेनकाका आँखा अहिलेसम्म पूर्ण देखिएको विश्वामित्र खण्डित भएको स्थितिमा देखिएको र विश्वामित्रको प्रणय प्रवाहमा पनि सरिक बन्न नसेकी मेनका र बाबुको आमन्त्रणमा पनि अबोध बालक मेनवि आउन नचाहेको सन्दर्भले विश्वामित्रमा खण्डित वात्सल्यको बोध भएको छ । यस प्रकरणमा आएर कथाले वितृष्णा र उपेक्षाको मोड जन्माएको छ ।

'एघार' शीर्षकको बाह्रौँ प्रकरणमा विश्वामित्रको कार्यालय प्रस्थानपछि मेनकामा आएको वितृष्णाले आलस्यको रूप लिएको छ । मेनकाका मनमा जन्मेका तरङ्गहरूमा विश्वामित्रको कृत्य र सुमित्रा अनि आफूमाथिको जिम्मेदार पति अनि ओजस्वी, दुर्गेश, दीपेश र मेनविको बाबुको तहमा रहने जिम्मेदारीले यहाँ विषयको रूप पाएको छ । धेरै दिनपछि पतिपत्नी मिलेर बाहिर जान सल्लाह गरेको भए पनि मेनकामा त्यति उत्साह नजागेको स्थिति यहाँ देखिएको छ । तर विश्वामित्रको दायित्व र कर्तव्य मेनका र सुमित्राको अधिकारप्रति जाग्रत भएको अनि त्यसै मानसिक द्वन्द्वमा रुमलिएको अवस्थामा विश्वामित्रको आगमनलाई पनि मेनकाले उपेक्षा गरिरहेको अवस्था पनि यहाँ कथा बनेको छ । जाँगर नभए पनि विश्वामित्रको आग्रहमा बाँधिएकी मेनका गीताभन्दा पनि उमेशको भरमा छोरो छोडेर गाडीमा बस्छे । धेरै दिनपछि मेनकाले बलैले जन्माएको खुसी लिएर साँझको समयमा मेनकादम्पती बाहिर निस्केको सन्दर्भमा यस प्रकरणको अन्त भएको छ ।

'बाह्र' शीर्षक भएको तेह्रौँ प्रकरणमा चाहिँ केही किनमेलका निम्ति विशालबजारतिर जाने आशयले मेनका र विश्वामित्र निस्किएका थिए । तर किन हो भन्दै नभनी विश्वामित्रले होटेल एभरेस्टतर्फ गाडी मोडेको स्थितितर्फ कथा एकाहोरिएको देखिएको छ । त्यहाँ पुगी केही मादक द्रव्य सेवन गरेर मनस्ताप भुल्ने प्रयासमा केही

समय बिताएर निकै रात बितेपछि फर्किएका सन्दर्भले पनि कथाका भोक्तामा वितृष्णा मौलाउँदै गएको सन्दर्भ प्रकटमा आएको छ । यसरी विश्वामित्र, सुमित्रा र मेनकाको त्रिकोणात्मक प्रणय सङ्घर्षमा आउन लागेको जीवनको मानसिक उतारचढाउ झेल्दै निकै रात बित्न लागेपछि घर फर्किएको स्थिति प्रस्तुत छ । यसै प्रकरणमा भोलिपल्टै विश्वामित्र सुमित्रासम्मुख हाजिर हुन पुगेको सन्दर्भ पनि जोडिएको छ । सुमित्रा र मेनकामा विभाजित बनेको विश्वामित्रले मेनकाका निम्ति पनि र सुमित्राका निम्ति पनि खण्डित बनेपछि आफ्ना पत्नीहरूमा, पुत्रपुत्रीमा समुचित न्याय गर्न नसकेको स्थितिमा पुगेर प्रकरण अन्त भएको छ ।

'तेह्र' शीर्षकको चौधौँ प्रकरणमा ओजस्वीको पुनरागमन, भाइ मेनविसँगको रमाइलो क्रीडा र सानीमा मेनकासँगको मैत्री व्यवहार, गाँजरको हलुवा खाएको स्मरण अनि कथामा आएका लघु परिवर्तन तथा अप्रिय अनुभूतिका छनकहरू यहाँ विषयका आधार बनेका छन् । यतिखेरै ओजस्वीको आफ्नै घरतर्फको प्रत्यावर्तन, मनजङ्गका छोराले बाबुप्रति गरेका ज्यादतीपूर्ण क्रियाकलापलगायतका सन्दर्भहरू मेनकाको मनमा खेलेका प्रश्नहरूले निकै जटिल मानसिक प्रताडना तथा यथार्थ पीडाका रूप धारणा गरेका छन् । मेनकामा कताकता विक्षिप्तताको भाव जन्मिन लागेको अवस्था एकातिर मूल कथामा पनि दुःखपूर्ण कथान्त हुन खोजेको र अर्कातिर मनजङ्गको छोरो पटकपटक मादक पदार्थ सेवन गरेका कारण प्रहरीले अब नछोड्ने गरी थुनेको सन्दर्भबाट पनि कथाले अप्रिय मोड लिन थालेको सन्दर्भ यस प्रकरणको विषय बनेको छ ।

'चौध' शीर्षक अङ्कित भएको पन्ध्रौँ प्रकरणमा कथाले आफ्नो निष्कर्ष तय गरेको छ । विश्वामित्रले संवेगबाट अविर्भाव भएको मानसिक तथा व्यावहारिक प्रताडनाका कारण पत्नी, छोराछोरी तथा नोकरचाकरका पीडासमेतको साक्षी बन्नुपरेको स्थिति प्रकटमा

आएको छ । यस स्थितिमा मेनकाले संवेगकै आधारमा निर्णय गरेका कारण सौतामाथि अफ त्यसमाथि पनि फन्डै आफूभन्दा दोब्बर उमेरको विश्वामित्रलाई पति वरण गरेको कारण दुर्घटनाको सिकार बन्नुपरेको स्थिति पनि प्रकटमा आएको छ । पत्नी सुमित्राले आफूभित्र जन्मिएको संवेग र अहम्का कारण पति विश्वामित्रको मानसिकताले घर बनाएर बसेको अपेक्षालाई तुष्टि दिन नसकेका कारण भोग्नुपरेको पीडाको स्थिति यहाँ आलोकित बनेको छ । अचेतनमै तयार भएको आत्मदहनको योजनाको सिकार बनेर ग्याँसको ज्वालामा मेनकाको जीवन समाप्त भएको क्षणमा पुगेर कथाको सन्दर्भले मेनकाको स्वचालित मनले बनाएको प्रतिशोधको भावना यथार्थ प्रकटको स्थितिमा पुग्दा यस प्रकरणले मेनकाको समग्र जीवनको इतिवृत्त पनि अन्त भएको छ ।

'समाप्त भएपछि' शीर्षकमा तयार भएको सोह्रौँ प्रकरण यस उपन्यासको उपसंहार कथन हो । अभिशप्त स्थितिको सिकार बनेका नारीको जीवन र त्यसको यथार्थताको प्रस्तुतिमा यस प्रकरणको योजना भएको छ । पत्नी अर्थात् अनेक मेनकाहरू र पति अर्थात् अनेक विश्वामित्रको प्रताडनाको चापमा परेर आत्मदहन गर्न विवश बनेका छन् भन्ने निष्कर्षका रूपमा यो प्रकरण प्रसङ्ग संयोजन गरिएको छ । यसरी दुर्दशाको कारक बनेको पुरुष विश्वामित्र नारीका निम्ति अमित्र सिद्ध भएको अवस्थामा पुगेर यो प्रकरण र सिङ्गै कथा पटाक्षेपित बनेको छ । प्रारम्भभन्दा पनि अघि कथाको सङ्केत भएको प्रस्तुत उपन्यास सुरु भएर चौध प्रकरणसम्म गतिवान् बनेको कथा तन्तु यहाँ आएर पटाक्षेपित भएको छ ।

कथाको कथनपश्चात् र समापनपूर्वका बीचमा रहेका कथाको केन्द्रमा विस्तारित आयाममा कथाको सीमा फैलिएको छ । एउटा जीवनको समग्र परिस्थितिको विकासमा उपन्यासले आयतन ग्रहण गरेको छ । उपन्यास 'समाप्त भएपछि' शीर्षकमा पुगेर अन्त हुँदा

एउटा जीवनको दुर्घटित स्थितिको पनि अनावरण भएको छ । यी दुई पृष्ठभूमि र उपसंहारका बीचमा रहेका एकदुईलगायतका सङ्ख्यात्मक संज्ञाका आधारमा सिर्जना भएका जम्मा चौधओटा परिच्छेदका आधारमा यस उपन्यासको कथालाई समेट्ने काम भएको छ । पात्रका स्वचालित मनको उक्त प्रेरणाबाट हुने संवेगात्मक निर्णयहरू उपन्यासका आयतनभरि व्याप्त छन् । मेनकाको जीवन ग्याँस विष्फोटनबाट ध्वस्त भएको सन्दर्भ उत्तरकथामा आइपुग्दा कताकता सुमित्रामा रहेको प्रतिशोधको ज्वाला पनि स्वतः समन भएको हो कि भन्ने स्थितिको आभास भएको छ । यहाँ पुग्दा उसको स्वास्थ्यमा सुधार हुँदै आउनुले यस्तो अर्थको सङ्केत गरेको छ । यस स्थितिमा आइपुग्दा उपन्यासका समग्र कथ्यहरू उपसमन भएका छन् । यी दुई सीमाका बीचमा रहेका आख्यानमा कतिपय पूर्वदीप्तिको आधारमा र कतिपय वृत्ताकारीय निर्मितिमा चेतन, अर्द्धचेतन, अचेतन र स्वचालित मनोवेगको प्रस्तुतिका कारण उपन्यासको कथाले गति प्राप्त गरेको छ ।

### ३. विश्वामित्र उपन्यासमा यौनको उपस्थापन

मनोविश्लेषणका चिन्तक सिग्मण्ड फ्रायडले मानवजीवनका समस्त क्रियाहरू अतृप्त काम बुभुक्षाका प्रतिक्रिया हुन् भनेर निष्कर्ष प्रदान गरेका छन् । उनको यस मन्थनबाट मानव यौनको पुञ्ज हो र उसका समग्र क्रियाकलाप यौनका अभिव्यक्ति हुन् भन्ने निष्कर्ष निस्किन्छ । तर यसलाई नै पूर्ण सत्यका रूपमा लिन भने सकिन्न । कतिचाहिँ सत्य हो भने यस ब्रह्माण्डका पदार्थहरूमा स्त्री गुण र पुरुष गुणको अनिवार्य उपस्थिति छ र नारी गुणमा निहित रजको र पुरुष गुणमा निहित बीजको परस्पर निसेचनको संयोग प्रक्रिया नै यौन कर्म हो । यस यौनिक विधिको आकर्षण र उपयोगका आधारमा नै समग्र भौतिक विश्वको जीव सिर्जनाले निरन्तरता पाएको छ । यसबाट केचाहिँ सिद्ध हुन्छ भने यस ब्रह्माण्डका अनेक शाश्वत

सत्यहरूमध्ये जीवन प्रजनन गतिको निरन्तरताचाहिँ यौनको माध्यमबाट परिचालित छ भन्ने कुरा सत्य हो । यसलाई नै फ्रायडले समग्र सत्यका रूपमा स्विकारेका छन् र पछिल्लो चरणका मनोविश्लेषकहरूले चाहिँ यौनलाई जीवनका अनेक सत्यहरूमध्ये एक सत्यका रूपमा ग्रहण गरेका छन् ।

यस विश्वका जीवहरूको जन्म प्रक्रिया चार भागमा विभक्त बन्दछ । पहिलो अण्डज विधि अर्थात् अण्डाको रूपमा प्रकट हुने जीव । दोस्रो भूमिमा अङ्कुराएर सिर्जना हुने बोटबिरुवा, तृण, घाँस, सागपात, झार जङ्गल र लता वनस्पति आदि । तेस्रो स्वेदज अर्थात् पसिना, फोहोरमैला आदिको प्रतिक्रियाका रूपमा जन्मिने कीटाणु र चौथो जरायुज अर्थात् सालनालमा बेरिएर भ्रूणका रूपमा जन्मिने चौपाया जीव र मानव । यस प्रकार चार समूहबाट प्रजनित जीवको उपस्थिति छ– यस भौतिक विश्वमा । यस प्रकारका जैविक अनन्त सत्यमध्ये प्रजनन सत्यचाहिँ यौन अर्थात् नारीपुरुष गुणको पारस्परिक सम्पर्कका कारण नै परिचालित छ भन्ने तहसम्म चाहिँ फ्रायडको कथनलाई सत्य मान्न सकिन्छ । यो भौतिक विश्वको समग्रताका सन्दर्भमा यसलाई आंशिक सत्यचाहिँ स्वीकार गरिनुपर्ने विषय हो । यी चार समूहका जीवहरूमध्ये मानवको हकमा विशेष व्याख्या हुन सक्ने कारण हुनुले नै समग्रता स्वीकार गर्न सकिने वैज्ञानिक सत्य भने स्थापित हुन्न ।

केचाहिँ फरक हो भने मान्छेले यौनलाई पारखका रूपमा क्रीडाको विषय बनाएर परख गर्दै छ । उसका यौन केलीका अनेक विधि र तृप्तिका विविध कोणहरू विकसित बनेका छन् । मानवले यौनलाई मनोरञ्जन र विनिमयको विषयका रूपमा उपयोग गरेझैँ अन्य प्राणीमा चाहिँ स्थान पाएको छैन । जीवनको सतत्शृङ्खला निरन्तरित राख्न आवश्यक मानिएका क्षणमा मात्र यौन कर्म ती विषयहरूमा उपयोग हुने गर्दछ । यदि अन्य जीवहरूमा पनि मानवमा

जस्तै यौन मनोरञ्जन र क्रीडाको विषय बन्यो भने त्यहाँ यौनको विकृति जन्मेको हो भन्ने बुझिन्छ । तर आजको भौतिक विज्ञानले प्रजनन कर्मका अन्य विविधताहरू विकास गरिसकेको कारण प्रजनन विधि पनि अब नैसर्गिक सत्यका रूपमा रहेन । सत्यहरू यसरी सापेक्षित सिद्ध हुने यस विश्वमा फ्रायडले स्थापना गरेको भौतिक विश्वका समग्र व्यवहार यौनजन्य प्रतिक्रिया हुन् भन्ने कुरा कहाँ निर्विकल्प सत्यका रूपमा स्थापित हुन सक्यो र ? केचाहिँ ठीक हो भने यौनलाई मानवले पारख गर्न जान्दछ ।

**विश्वामित्र** उपन्यासमा नायक विश्वामित्र र नायिका मेनकाले पारख गरेको यौनकर्म वर्ग, परिवेश र अवसरका आधारमा व्याख्या हुने विषय हो । मानवजीवनको कर्तव्य, पारिवारिक दायित्व र यौनको उपयोग, संस्कृति तथा पर्यावरणका आधारमा यौन अनेक किसिमको पनि हुन सक्छ । यहाँ नायिकाका निम्ति समलिङ्गी सखी ममताको प्रणयले सांस्कृतिक सीमा अतिक्रमण गरेर यौनको मनोरञ्जनको तह वरण गर्ने र अनैतिक दिशा लिन खोजेको सन्दर्भ पनि यहाँ अभिलक्ष्यित छ । मेनकाकी सेविका उमाले बेहोरेको यौन दुःखको दारुण पुञ्जका रूपमा उपस्थित भएको छ । अनि सौता सुमित्राले भोगेको यौन खण्डित भएका कारण पीडापूर्वक काट्नुपरेका क्षणहरू यहाँ समान्य मान्छेका भन्दा विशिष्ट वर्ग र परिधिका विषय बनेर प्रकटमा आएका छन् । त्यस्तै नायक विश्वामित्रका समलिङ्गी पात्रहरूले भोगेका यौनविषयक दृष्टिमा नायकको सापेक्षतामा मेनकाको सहपाठी सुरेन्द्रको यौनविषयक दृष्टि, नायकले नजिकबाट व्यवहार गरेको सेवक मनजङ्गको यौनप्रतिको दृष्टि पनि यहाँ वर्गीय र कृत्रिम क्रीडाका विषय बनेर प्रकटमा आएका देखिन्छन् ।

विषम लैङ्गिक यौन चिन्तन पनि यस उपन्यासमा राम्ररी नै व्यवहृत भएको छ । नायक विश्वामित्रको प्रथम विपरीत लिङ्गीय आकर्षणमा आमाले आफूलाई अध्ययनका निम्ति काकाको साथ

लागेर बनारस जान लाग्दा बिदाइको क्षणमा यो त कस्तो छोरी मान्छेजस्तो रुन्चे भनेको सन्दर्भले विपरीत लिङ्गीय चेतना उद्बोधन गराएको र आमाप्रतिको श्रद्धाभावमा आफ्नै काका पाषाण प्राचीर बनेर उपस्थित भएको सन्दर्भबाट समलिङ्ग विद्वेषको भावना जाग्रत भएको छ । विद्यार्थी कालमा बनारसमा भेट भएकी मुन्नीप्रति अचेतनमा अविर्भाव भएको विपरीत लिङ्गीय आकर्षण फ्रायडीय उद्घोषको सापेक्षित सत्यका रूपमा प्रकट भएको छ । विश्वामित्रबाट अस्पर्शित नारी मुन्नीको अर्कैसँग विवाह भएर सन्तान जन्माउनासाथ मरेको सन्दर्भले मुन्नीकी आमाप्रतिको विपरीत लिङ्गीय अश्रद्धाभावको परिपूरण गरेको छ । त्यसरी नै आफ्नी प्रथम पत्नीप्रतिको यौन सम्बन्ध गार्हस्थ मर्यादा र कर्तव्यको सीमामा रुमलिएको सापेक्षित सत्यका रूपमा प्रकट भएको छ । नवपत्नी मेनकाप्रति जन्मिएको प्रणय र यौनको प्रकटीकरण पारख तथा क्रीडाका तहमा आफ्नो किशोर अवस्थामा मुन्नीको निकट स्थितिमा अङ्कुराएको वैपरीत्य आकर्षणको असफल प्राप्तिको कारकका रूपमा प्रकटमा आएको छ । यो स्थिति पनि परस्परको पूरक बिम्बका रूपमा उपभोगको सीमामा आएकी मेनकाको उपस्थिति विश्वामित्रको यौन पारखको विषय बनेर प्रकट भएको छ । त्यस्तै वैपरीत्य आकर्षणको वात्सल्य भावको उपस्थिति छोरी ओजस्वीप्रतिको स्नेह भावमा प्रकट भएको छ ।

प्रस्तुत उपन्यासले एकातर्फ मानव यौनजन्य मानसिक परिस्थितिको शिष्टतापूर्वक उपस्थापन गरेको छ भने अर्कातर्फ यौनले वर्गीय र लिङ्गीय रूप धारण गर्दछ भन्ने विषयचाहिँ यहाँ संस्कृतिको तात्त्विक विषय नरहेर निर्मित विषय बन्न पुगेको छ । प्राचीन आचार्यहरूले भोजन, निद्रा, भय, यौनसमेत चारओटा विषयलाई नैसर्गिक सत्यका रूपमा ग्रहण गरेका थिए । तर तिनै विषयहरू आज बदलिँदो सामाजिक र सांस्कृतिक मूल्यका आधारमा विभिन्न रूपमा व्यवहृत हुँदै आएको कुरा यहाँ उपन्यासले

सतर्कतासाथ उपयोग गरेको छ । मान्छेका अचेतनमा दबेर बसेका तृष्णाहरू कुनै न कुनै अवसर पाउनासाथ विषालु सर्पले फणा उठाएजस्तै विभीषक शिर उठाएर प्रकटमा आउँछन् र सधैँ डस्न प्रयत्नरत रहन्छन् भन्ने सन्दर्भलाई यस उपन्यासमा प्रयुक्त विभिन्न मनोदशाका अभिव्यञ्जनाले पुष्टि गरेका छन् ।

### ४. विश्वामित्र उपन्यासमा यौनको दारुण संवेदनाको प्रस्तुति

उपन्यासकार प्रसाईको औपन्यासिक प्रवृत्ति समाज मनोविज्ञानको यौनको केन्द्रीयतामा जन्मिने पीडाको अभिव्यक्तिमा अडेको छ । यिनको प्रस्तुतिका क्रममा मनोजगत्का अनेक पूरक पीडाहरू जन्मिएका छन् । त्यस्ता क्षणहरू समाजको वर्ग संरचनाअनुसार, लिङ्ग व्यवस्थाअनुसार तथा जातीय संरचनाअनुसार उपन्यासमा यथास्थानमा विषय बनेर आएका छन् । जसअनुसार आभिजात्य संवेदना, अन्तर्जातीय संवेदना, निम्नवर्गीय संवेदना र वैपरीत्य तथा समलैङ्गिक यौन संवेदना आदिका आधारलाई केही साक्ष्य लिएर सिद्ध गर्नु सान्दर्भिक ठहर्छ । यस स्थितिलाई पहिलो तहमा आभिजात्य संवेदना मिश्रित वात्सल्य सवेदनाको दारुण स्थिति प्रकट गर्ने एक साक्ष्य यहाँ प्रस्तुत गरिन्छ :

'ए ! तिमीले खोइ खाएको, ला ! सकियो कि कसो ?' ऊसङ्ग भएर विश्वामित्रले भाँडामा हेर्न खोज्यो । अलिकति हलुवा थियो भाँडामा । विश्वामित्रले मेनकालाई पनि खान कर गऱ्यो । तर मेनकाले ओजस्वीलाई सम्झी । उसले एक चम्चा हलुवा चाखी हेरी । 'हो साँच्चै मीठो भएछ । म भरे खान्छु, अहिले खान मन छैन ।' मेनकाले ढाँटी तर उसलाई साँचो कुरा भन्न मन लागेन । ओजस्वीको नाम लिन पनि सकिन' (**विश्वामित्र**, १९) ।

यहाँ मेनकामा विश्वामित्रप्रति कताकता वितृष्णा भाव जाग्दै गएको दारुण स्थिति एकातिर र गाँजरको हलुवाको निर्माण अनि

त्यसको स्वादमा समृद्धिको सूचना प्रक्षेपित बनेको सन्दर्भ वर्गीय उच्चताको सङ्केत लिएर आएको छ । सौताकै छोरी भए पनि ओजस्वीप्रतिको वात्सल्य भावले तिरोहण गरेको मातृमनोदशा पनि यसै साक्ष्यमा प्रकट भएको छ । त्यस्तै आफ्नो मनमा उब्जेका अनेक शङ्काको समाधानको प्रत्यक्ष साक्षी ओजस्वीलाई बनाए पनि मनमै दबाएर राखेको सन्दर्भ यस उद्धरणले साक्ष्य गरेको छ ।

आभिजात्यका सूचक सन्दर्भहरू उपन्यासमा यत्रतत्र छरिएका छन् । तर आभिजात्य पनि स्थायी मूल्यको विषय होइन भन्ने सन्दर्भ सुमित्रासँगको विश्वामित्रको जीवनचर्या, मनजङ्गको समृद्धिको क्षयपछिको दुर्दशा आदिले सङ्केत गरेको छ । तर आभिजात्य संस्कारका आधारमा निर्माण भएको मनस्थितिमा सम्पत्ति, सान र पारिवारिक सन्तुलन सबै क्षय भइसक्ता पनि वर्गीय अहम्बाट निर्मित मनले आफ्नो पतनलाई हत्तपत्त स्वीकार गर्दैन, बरु त्यस अहम्लाई कुनै न कुनै रूपमा संरक्षित गर्ने प्रयत्नमा भित्रभित्रै स्खलित भएर पतनको दिशामा प्रवेश गर्छ भन्ने आशय पनि यहाँ प्रकट भएको स्थिति छ । यस्तो स्थितिमा मान्छे आफूले गरेका अपराधको आफैँ साक्षी भएर प्रस्तुत हुन्छ भन्ने सन्दर्भको एक साक्ष्य प्रस्तुत गर्नु उपयुक्त हुन्छ :

'सुमित्रा पनि जिद्दी स्वभावकी थिई, आफ्नो इच्छा लागेजति गरेरै छोड्थी । 'बाबूराजा किन बुझ्दैन, मैले घर र छोराछोरीका लागि गरेको काम पनि उसलाई मन पर्दैन भने नपरोस् । कति बस्नु कोठामा, छोराछोरी पनि अब त ठूल्ठूला भइसके । ढोका थुनेर बाबुआमा बसिरहँदा के भन्लान् ।' यस्तै सोच्ने गर्थी सुमित्रा ।

तर विश्वामित्र भित्रभित्रै पाकिसकेको थियो । ऊ सुमित्राका व्यवहारले गर्दा दिनदिनैजसो विद्रोही हुँदै गइरहेको थियो । सुमित्राको रूखो व्यवहारले गर्दा ऊ नगरकोटका रिसोर्टमा पनि रात बिताएर आउँथ्यो । तर आजकाल एड्सको डर भएकाले त्यहाँ पनि ऊ

रमाउन सकेको थिएन । यिनै परिस्थितिबाट गुज्रँदै गरेका विश्वामित्रको मेनकासँग भेट हुन पुग्यो, अप्रत्यासित रूपले' (**विश्वामित्र**, ५४) ।

उपन्यासका भोक्ताहरूमा सुमित्राप्रतिको विश्वामित्रको बुझाइ र विश्वामित्रप्रतिको सुमित्राको बुझाइमा रहेका आग्रह र असमानताका धारणामा रहेको वैषम्यले पनि अचेतनकै तहबाट प्रतिशोधको भावना विकसित बन्दै गएर विस्फोटको तहमा पुग्दा विश्वामित्रको जीवनमा मेनका जोडिन आएकी छ । यस स्थितिको उपस्थापन निकै कारुणिक पक्षको विषय बनेर प्रकटमा आएको छ । विश्वामित्रको र सुमित्राको अहम् अलगअलग बिन्दुतर्फ उन्मुख बन्दै गएका कारण सुमित्रा विश्वामित्रबाट अलग्गिन र विश्वामित्र मेनकासँग जोडिन पुगेको स्थिति देखिएको छ । प्रस्तुत सन्दर्भले सबै पात्रप्रति पाठकका मनमा एकातर्फ सहानुभूतिको संवेग र अर्कातर्फ आक्रोश तथा क्षोभका संवेगहरू प्रकटमा आएको स्थिति पनि कथाको रूपमा प्रकट भएको देखिन्छ । यसबाट उपन्यासको स्थिति विपरीतगामी बिन्दुतर्फ विकसित बन्दै गएर चरमोत्कर्षमा पुगेको स्थिति देखिन्छ ।

त्यसरी नै उमाको दाम्पत्य जीवनमा आएको विखण्डन र उसले भोग्नुपरेका दुर्दशाको स्थितिले पनि नेपाली परिवेशको सामाजिक र सांस्कृतिक विकारजन्य परिस्थिति मौलाएको छ । अझ पनि बहुपत्निक आचरण कायम रहेको र पत्नीले पारपाचुके गर्ने गरेका अनेक सन्दर्भहरूबाट जन्मिएका कारुणिक र विद्वेषक संवेदनाहरू पनि यहाँ उपन्यासका अङ्ग बनेका छन् । निम्नवर्गीय जीवनका यौनचित्र र तिनमा घोलिएका पात्रका आचार व्यवहारहरू यहाँ विषयका संवाहकका रूपमा प्रकट भएका छन् । समाजको संरचनाले सांस्कृतिक पाटाहरूलाई पनि निकै धूमिल बनाउँछ । वर्ग, जाति, धर्म, संस्कार आदिमा घोलिएका विकृत स्थितिहरू यस उपन्यासका अनेक सन्दर्भमा जोडिएका छन् । यस पक्षाको एक मात्र साक्ष्य यहाँ प्रस्तुत गरिनु सान्दर्भिक ठानिएको छ :

'कहाँ हुन्छ दुल्हैसाब दुइटी छोरी छन्, बिहा गर्नुपर्छ । पारपाचुके गर्नेबित्तिकै सबैले मैलाई नराम्रो भन्छन् । जे भए पनि, जस्तो भए पनि लोग्ने छ, कहिलेकाहीँ नै भए पनि घरमा आउँछ । अहिले सबैले हेप्न सक्दैनन् । पारपाचुके नगर्दा एउटाकी स्वास्नी हुनुको दु:ख मात्र छ दुल्हैसाब, पारपाचुके गरेपछि सबै रन्डा लोग्नेमान्छेले आफ्नो रखौटीजस्तो गर्न खोज्दछन् । पोहोरपरारै मेरी एउटी साथीले त्यस्तै लोग्नेसँग वाक्कदिक्क भएर पारपाचुके गरेकी थिई । एउटा मोरो दोग्लोले फकाएछ । आइमाई जात । हो न हो माया गर्ला भन्ठानिछ । बिहे गरी । त्यसपछि उसकी छोरीचाहिँले नछुने भएको वर्षै दिनमा पेट बोकी ...' (**विश्वामित्र**, २५) ।

यस समाजको संरचनामा अनेक अनैतिक क्रिया हुन्छन् तर ती अनैतिकताहरू उच्च र अभिजातवर्गका आवरणभित्र छद्म रूपमा सम्पन्न हुन्छन् भने निम्नवर्गमा चाहिँ अनावृत रूपमा सार्वजनिक भइदिन्छन् । महिलाको अस्तित्वलाई स्वतन्त्र रूपमा रहेको देख्न नसक्ने यस समाजको विकृतिलाई माथिको साक्ष्यले प्रकट गरेको छ । उपन्यासको नायक विश्वामित्रको आकर्षणमा परेकी मुन्नीसँगका सम्बन्धले मूर्त रूप पाउन नसक्ने अवस्थामा जाति र क्षेत्रको कारण नारी स्वतन्त्रताको नाममा भएका पारपाचुकेजस्ता औजार पनि सांस्कृतिक सचेतता नभएको समाजमा आर्थिक किनारीकरणका आधारमा उपेक्षा र शोषणले नकारात्मक भूमिका खेल्ने काम गरेको स्थिति माथिका साक्ष्यले प्रकटमा ल्याएको छ । नारीप्रतिको प्रताडना र यौन शोषणको बीभत्स गतिविधिको परिणति पनि यस सन्दर्भले प्रकटमा ल्याएको छ । यस समाजको संरचनामा पुरुषको प्रधानताका कारण त्यसमा पनि नारी अझै बढी शोषित छँदै छ र वर्गीय आधारमा कमजोर आर्थिक हैसियत भएका व्यक्तिहरूको सामाजिक र सांस्कृतिक प्रतिष्ठा झन् दारुण हुन्छ भन्ने कुरा यहाँ प्रकटमा आएको छ । यसरी नै त्यहाँ नैतिक र अस्मिताको

समेत शोषण हुन्छ भन्ने कुरा प्रस्तुत साक्ष्यले अझ चर्को रूपमा सिद्ध गरेको छ । नारीमाथिको शोषण पनि वर्गीय कमजोरीका कारण नै उत्साहित हुन्छ र दयनीय दुर्दशाको सिकार बन्न विवश बनाउँछ भन्ने सन्दर्भहरू यस साक्ष्यले सिद्ध गरेको छ ।

अचेतन अवस्थाबाटै उद्भव भएको विपरीत लिङ्गीय आकर्षणका सन्दर्भहरू अनायासै प्रकटमा आउन सक्छन् र स्वचालित मनोदशाका परिणामहरू कहिले दारुण दुर्घटनाका कारक पनि बन्दछन् । अझ कहिले जीवनभर निको नहुने घाउ बनेर प्रकटमा आएका हुन्छन् भन्ने कुरा पनि उपन्यासभित्र प्रशस्त पाइन्छन् । यस्तो स्थितिको सन्दर्भहरूलाई उपन्यासले कलात्मक ढङ्गले प्रकट गरेको छ । उपन्यासकारका दृष्टिबाट प्रक्षेपित अनेक प्रवेदनाहरू पाठकका निम्ति पनि हत्तपत्त निको नहुने घाउ बनेका स्थितिहरू उपन्यासमा यत्रतत्र छरिएका छन् । किशोर अवस्थामा नायक विश्वामित्रको मनको तहमा घर बनाएर बसेको विपरीत लिङ्गीय आकर्षणको भूमिका उपन्यासमा यसरी नै प्रकट भएको स्थिति छ । यस सन्दर्भमा पनि विपरीत लिङ्गीय आकर्षण मानसिक पीडाको कारण बनेको हो भन्ने तथ्यको परिपोषणको उदाहरण बनेका प्रसङ्ग स्थापनाका निम्ति एक साक्ष्य उद्धृत गर्नु सान्दर्भिक ठहर्छ :

'नेपाल आएको एक वर्षपछि उसले काकाबाटै थाहा पाएको थियो, मुन्नीको बिहा कुनै धनी मान्छेसँग भएछ । काकाले खुसी भएर यो कुरा सुनाएका थिए । सुनेर नरमाइलो अनुभव गर्न पुगेको थियो । त्यसको दुई वर्षपछि अर्को समाचार सुनाएका थिए काकाले, मुन्नी बच्चा पाएर मरी । उसको बच्चा चाचीजीले ल्याएर पालेकी छन् आदि, इत्यादि' (**विश्वामित्र**, ६९) ।

मानवीय अन्तश्चेतना अचेतनमै प्रतिशोधको ज्वालाभित्रै संयमित तथा सहानुभूतिका संवेदना पनि पालेर बाँचेको हुन्छ भन्ने कुरा यहाँ

प्रकटमा आएको छ । त्यसका निम्ति समुचित परिस्थिति आउनासाथ संवेदनाको संयमित प्रायश्चित्तको तहमा आएर प्रकट हुने पनि प्रयत्न गरिरहेको हुन्छ । यसको पुष्टि विश्वामित्रले किशोर अवस्थामा अचेतन मनको तहमै स्थान दिएर राखेकी एक अन्य समाज र संस्कारमा हुर्केकी किशोरी मुन्नीसँगको असम्पृक्त अवस्थामा उम्रेको प्रणय भाव विश्वामित्रले धेरै वर्षपछि एकपल्ट अनुबोध गरेको छ । मेनकासँग जीवन बिताइरहेका स्थितिमा विश्वामित्रले आफ्नो स्वचालित मनका अन्तर्तहबाट स्मृतिमा ल्याएर चिन्ता प्रकट गरेको सन्दर्भ विषयका रूपमा प्रकट गरेको स्थिति यहाँ पूतसत छ । मानवीय संस्कृतिका र संवेदनाका दारुण स्थितिको उद्बोधन गर्ने काम उपन्यासकार प्रसाईको प्रस्तुत कृतिका विभिन्न सन्दर्भले सिद्ध गरेको छ । आफूले अन्तस्तलबाटै मन पराएकी नारीको अर्कै पुरुषसँग विवाह भएको, विवाह भएको केही समयपछि बच्चा जन्माएर भएको मुन्नीको निधनको प्रतिशोध मुन्नीको त्यस विवाहित पतिसँगको पुरुष समलिङ्गी विद्वेषमा अचेतनमै हुर्किएको स्थिति यहाँ प्रकट भएको छ । जन्मिएका बच्चाकी आमाको निधन हुनु र त्यस बच्चाले आमा गुमाएको स्थितिलाई सुन्नुपर्दाको दारुण संवेगले अचेतनको प्रतिशोधमा झन् ऊर्जा थपेको स्थिति यहाँ प्रकटमा आएको छ ।

मान्छेले अज्ञात अवस्थामै अविर्भाव भएको अकारणकै कारणको तह प्राप्त गर्न प्रयत्न गर्दछ । यदि तिनले प्राप्त गर्न नसकेका अकारणात्मक कारणहरू नै प्रमुख कारण बनेका र तिनको जिम्मेदार मै हुँ भन्ने अपराधबोध पनि यहाँ मानसिक पीडाको कारण बनेको स्थिति देखिएको छ । मान्छे उत्तेजित स्थितिमा एउटा निर्णय गर्छ र अर्को संयमित स्थितिमा त्यही निर्णयप्रति पश्चात्तापको ज्वालाको जलनमा परेर छट्पटाउँछ । यस्ता मनोविकृति र पश्चात्तापका प्रस्तुतिहरू यहाँ विशिष्ट संवेदनाका पक्ष बनेर प्रकटमा आएका छन् । यस प्रकारको पीडामा उपन्यासका सबैजसो पात्रहरू पिरोलिएका छन् । मान्छे यस मानसिक पीडाका स्थितिलाई उपसमन गर्ने अवसरको

खोजीमा सधैँ भौतारिइरहन्छ । यस्ता छटपटी र पीडाका दारुण स्थितिहरूको संयमित मनोवेगको अभिव्यञ्जना गर्ने एक साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिएको छ :

'सुमित्रा रोइरहेकी थिई, ऊ त रुन पनि सकेन । आफ्नो लाछीपनसँग उसले घृणा पनि गर्न सकेन । त्यसपछि उसले लुगा लगायो र सुमित्रालाई बिस्तारै ढाडमा सुमसुम्यायो । सुमित्रा उसका छातीमा टाउको लुकाएर अरू रुन लागी । उसले चाहिँ सुमित्राको केश एकनास मुसारिरह्यो । विश्वामित्रले सुमित्रालाई 'नरोऊ' पनि भन्न सकेन । 'बाबुराजा किन यस्तो भएको, किन मलाई हेला गरेको हजुरले ...' अब सुमित्राको आँसु धरै बगिसकेको थियो । तर सुमित्राको प्रश्नको कुनै जबाफ थिएन विश्वामित्रसँग' (**विश्वामित्र**, ६१) ।

यहाँ विश्वामित्रमा रहेको अपराधबोधले जन्माएका सङ्कोचले निकास खोजेको छ । यहाँ सुमित्रासँगको यौन समागम असफल बनाएको स्थिति अत्यन्त मार्मिक ढङ्गले प्रतिपादन भएको छ । सुमित्राका सामु अपराधीजैँ उपस्थित भएको विश्वामित्र यौनोपभोगमा असफल भएको देखिनु सुमित्राप्रति आफूबाट अन्याय भएको छ भनेर स्विकारिनु हो भन्ने एउटा अर्थ हो भने सुमित्रामा चाहिँ अरू पनि विश्वामित्र आफूप्रति अनुदार र प्रतिशोधी नै छ भनेर आक्षेपित गर्नुको प्रतीकात्मक अभिव्यक्ति प्रकट भएको छ । यहाँ प्रकट भएको व्यवहार मानसिक अपराधको अभिव्यञ्जन हो भन्ने सन्दर्भ प्रकट भएको छ । यसरी परस्परको अचेतन तहमा हुर्किएको अपराधबोधले अभिव्यञ्जन पाएको कुरा प्रस्तुत उद्धरणले साक्ष्य गरेको छ । यस्ता सन्दर्भहरू यस उपन्यासका अनेक तह र अनेक कोणमा अभिव्यञ्जित र विमर्शित बन्ने अवस्थामा रहेका छन् ।

## ५. निष्कर्ष

उपन्यासयात्रामा प्रथम चरणमै इन्दिरा प्रसाईको सृजनदृष्टि यहाँ निकै विशिष्ट ढङ्गले प्रयोग भएको छ । यो सन्दर्भ सिर्जनाका

दृष्टिले आफैँमा स्तुत्य रहेको छ । उपन्यासको विषययोजना र वितरण, पात्रको विधान, परिवेशको निर्धारण र पात्रहरूका क्रियाको स्वाभाविक सञ्चालन, एउटा कथा र पात्रमा आएको गतिशीलताले सबै पात्र, कथा र परिवेशसमेतमा आएको गतिशीलता प्रस्तुत उपन्यासको सफलताको कारण बनेको छ । भाषिक प्रस्तुतिका दृष्टिले प्रसाईको काव्यिक कला आख्यानका सन्दर्भमा पनि त्यत्तिकै सहज र स्वाभाविक रूपमा प्रकटमा आएको छ । मीठो भाषिक शिल्प, सबल मानव मनका पत्रहरू केलाउने वैचारिक कला यस उपन्यासमा प्रसाईको प्राप्ति बनेको छ । पात्रको उमेर, परिवेश, चरित्र निर्माणको आधार, संस्कार, संस्कृतिका संवेगहरू यस पहिलै उपन्यासमा सफल ढङ्गले प्रयोग हुनु प्रसाईको उपन्यास सिर्जनाको भावी यात्रा सकारात्मक दिशामा अग्रसर भएको छ भन्ने सन्दर्भलाई यस उपन्यासले सिद्ध गरेको छ ।

# नृशंसक संवेदनाको अनावृत आकृतिमा 'रनमाया' उपन्यास

## १. उपन्यासको पृष्ठभूमि

इन्दिरा प्रसाईको दोस्रो औपन्यासिक कृति **रनमाया** (२०५८) ले २०४० को दशकमा भुटानको मानवीय संवेदनाहीन सरकारले नेपाली मूलका भुटानी नागरिकमाथि चलाएको मध्यकालीन युगका बर्बर शैलीको तर वर्तमानका शस्त्रास्त्रधारी हिंसामा चलाएको दमन, हत्या, आतङ्क, लुटपाट र देशबाट समूलोच्छेदनका रूपमा चलाएका आतङ्कको सजीव चित्र यस उपन्यासले उतारेको छ । भुटानको आन्तरिक जनध्वस्तताको घटनालाई विषय बनाएर आख्यानीकरण गरेका यस उपन्यास कृतिका जम्मा घोषित र अघोषित प्रकरणहरू सार्वजनिक भएका छन् । ती चारओटा प्रकरणहरूमध्ये पहिलो र अन्तिम प्रकरण अलिखित अवस्थामै छोडिएका छन् र दोस्रो र तेस्रो प्रकरण यहाँ उपन्यास बनेर अभिलिखित बनेका छन् । यस उपन्यासको प्राक्सन्दर्भ जुन अलिखित अवस्थामा छ । त्यो भुटानमा नेपालीको प्रवेशका तथ्यहरू 'भुटानको इतिहास' नामक कृतिमा शिव प्रधानले सविस्तार प्रस्तुत गरेका छन् । आधुनिक नेपालको निर्माणताका नेपाल र भुटानको सुखद सम्बन्ध निर्माण भएको थियो । त्यतिखेर भुटानी राजाले आफ्नो देशमा व्यावसायिक दक्षताको अभिवृद्धिका निम्ति विभिन्न कला र सीप भएका विभिन्न जाति र पेसाका नेपाली मान्छे पठाइदिन भुटानका तर्फबाट अनुरोध र आग्रह

भएको स्थितिमा नेपालबाट त्यस्तो सीप भएका केही मान्छेहरू त्यहाँ पठाइएको सन्दर्भ तत्कालीन साक्ष्यले काम गरेका छन् ।

**२. उपन्यासको पूर्वोत्तर स्थितिका अलिखित प्रकरणहरू**

यस प्रकरणमा नेपालबाट त्यहाँ पुगेका नेपालीहरू व्यावसायिक आधारमा त्यहाँ स्थापित बनेका छन् । उदाहरणस्वरूप कर्मकाण्ड र धर्मकर्मको रक्षार्थ ब्राह्मण, सुरक्षार्थ शौर्य प्रदर्शनका निम्ति क्षत्री, लुगाकपडा सिलाउने सीप विस्तारका निम्ति सूचीकार, गहना तथा कृषिऔजार निर्माणको सीप विकासका निम्ति धातुकर्मीहरू र छालाका वस्तु निर्माणका निम्ति चर्मकारहरू त्यस भूमिमा प्रवेश गरेका सन्दर्भहरू साक्ष्यका रूपमा उपलब्ध छन् । यसरी उपयोगी हुने बौद्धिक र भौतिक चेतना विकासको सीप भएका विविध कर्मीहरू त्यहाँ पुगे । यसरी नेपाल कृषिकर्ममा पनि दक्ष भएका कारण त्यहाँको भूबनोटअनुसारको कृषिकर्मका निम्ति कृषिकर्मका विज्ञ कृषकहरूको र वाणिज्य कर्ममा विज्ञ नेवारहरू पनि त्यहाँ पुगे । त्यसरी त्यहाँ जानेहरूको पारिवारिक सांस्कृतिक निरन्तरताको सन्तुलन हुने गरी सल्लाहसँगै नेपालबाट दर्जनौँ नेपाली लगेर बसोबास गराइएको सन्दर्भ पनि इतिहासले साक्ष्य गरेका सन्दर्भ पनि उपलब्ध छन् । यस कार्यबाट भुटानमा विकसित बनेको सभ्यता नेपाली र भुटानी संस्कृतिको सम्मिश्रणबाट प्रभावित छ र सहिष्णुताका साथ गतिशील बन्दै आएको हो भन्ने पक्ष पनि प्रस्तुत भएको छ । यसरी प्रस्तुत उपन्यासमा उपस्थित भएका नेपाली महाजातिका अनेक जाति र तिनका पनि प्रजातिहरूको उपस्थितिको सन्दर्भ यस उपन्यासको अलिखित पृष्ठाधारमा सिङ्गै एउटा उपन्यास अलिखित रूपमा उपस्थित छ ।

उपन्यासको उत्तर तथा अन्तिम प्रकरणचाहिँ शरणार्थी बनेर नेपाल आइपुगेका नेपाली मूलका भुटानीहरूको दुर्दशा पनि विशिष्ट विषयका रूपमा आउन सक्ने अर्को अलग उपन्यास निर्माणको

जिउँदोजाग्दो विषय बाहिरै रहेको छ । यसरी विषय र सन्दर्भको निरूपण गर्न सकिने अनेक विषयहरू छन्, ब्यूँझन्छन्– प्रस्तुत उपन्यासको परिधिमा । तिनलाई टेकेर लेखिएको ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाद्वारा संयुक्त रूपमा लिखित **ज्यागा** (२०५०) उपन्यास यस विषयको उत्तरप्रकरणमा केन्द्रित कृति प्रकाशनमा आएको छ । त्यसो त कृष्ण धरावासीको **शरणार्थी** (२०५४) उपन्यासले पनि यस सन्दर्भको आंशिक सूचना प्रक्षेपित गरेको छ । राजनीतिक सञ्जालका कारणले गरिने वञ्चितीकरण, सांस्कृतिक विभेदकताका कारण गरिने वञ्चितीकरण, राजनीतिक दृष्टिले गरिने वञ्चितीकरण यस्तो सबै निर्मित पक्ष हुन् । यस तहमा तात्त्विक वञ्चितीकरणका विषयहरूको उपस्थिति पनि नहुने होइन तर यो प्राकृतिक किसिमको हुन्छ । अङ्ग लैङ्गिकता, रङ्गभेदकता, पृथक् क्षमता, पृथक् पारिचयिकता आदिका सन्दर्भहरू तात्त्विकताका विषय हुन् । यिनलाई वञ्चितीकरणको विषय बनाउन मिल्दैन ।

वञ्चितीकरणका केही सन्दर्भहरू पनि आधुनिक राजनीतिक विश्वमा अस्वीकार्य विषय भने होइनन् । तिनको पनि एक सीमासम्मको औचित्य स्विकार्नै पर्छ । उदाहरणका निम्ति अङ्गीकृत नागरिकताका व्यक्तिले राष्ट्रको उच्च शासकीयता वा सुरक्षाको जिम्मा लिन नमिल्नेजस्ता संवेदनशील प्रश्नहरू यहाँ वञ्चितीकरणको परिभाषामा पर्नु हुन्न । यस्ता प्रश्नहरू वञ्चितीकृत विवादका विषय नै बन्दैनन् । त्यसो त वञ्चितीकरणको सीमा एकै देशभित्र पनि विभेदकताका कारणहरू प्रशस्तै जन्मिन सक्छन् । यस्ता सीमान्तीकरणका सन्दर्भहरू, जाति र प्रजातिगत भेदभावका सन्दर्भहरू, अल्पसङ्ख्यकता र विकलाङ्गताका कारण वञ्चितिमा परेका अनेक प्रश्नहरूका सञ्जालमा आजको मनोजगत् निकै प्रताडित बनेको स्थिति देखिन्छ । यस्ता सन्दर्भहरू आजका आप्रवासीयतावादी साहित्यमा, शरणार्थी साहित्यमा र भयवादीजस्ता साहित्यमा प्रशस्त देखिएका छन् ।

रनमायाको भुटानी जीवनदेखि आरम्भ भएर त्यहाँबाट धपाइएपछिको भागदौडको क्रममा बाटामा पर्ने भागेको देश र भागेर पुग्नुपर्ने लक्ष्य रहेको देशका बीच बाटामा पर्ने तेस्रो देश भारतले देखाएको मानवताप्रतिको संवेदनहीन बर्बर दानवीय संस्कारको नग्नता बेहोर्दै नेपालको सीमासम्म आएको स्थितिलाई यस उपन्यासले सम्बोधन गरेर थकाइ मारेको स्थिति उपन्यासको विषय बनेको छ ।

भुटानी शरणार्थीको विषयमा केन्द्रित भएर व्यक्तिहरूले लेखेका कृति तथा लेखहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियोगहरूले लेखेका कृति तथा प्रतिवेदन र मानव अधिकार आयोगले गरेका अनुसन्धान र अन्तर्राष्ट्रिय सहयोग तथा शरणार्थी नियोग र रेडक्रसले गरेका गतिविधिहरू पनि यस उपन्यासको उत्तरप्रकरणका विषयहरू हुन् । इन्दिरामा पूर्वप्रकरणको विषयलाई औपन्यासीकरण गर्ने उत्साह जागेमा यो उत्तरप्रकरणले पनि उपन्यासको विषय बन्ने सम्भावना देखाइरहेको छ । अन्तर्राष्ट्रिय शरणार्थीलाई कन्टेनरबाट फोहोर खन्याएझैं सीमापारि लगेर खन्याइदिने संस्कृति विस्तारित बनेको छ । त्यहाँ सांस्कृतिक, धार्मिक, भाषिक तथा सभ्यताका दृष्टिले ती जातिको विलयनको सम्भावना पनि त्यतिकै डरलाग्दो बनेर उपस्थित हुन्छ । यहाँ जोडिन आउँछ– आप्रवासीयताको प्रश्न । यहाँ जोडिन आउँछ– अन्तर्राज्य सम्प्रेषणको प्रश्न । यहाँ जोडिन आउँछ– भय र विक्षोभको प्रश्न । यहाँ जोडिन आउँछ– वञ्चितीकरण र अधिकारको प्रश्न । यसरी प्रस्तुत उपन्यासले पाठकमा उत्तरपठन, उत्तरसृजन र उत्तर अध्यवसायनका अनेक प्रश्न जन्माएर आफू पटाक्षेपित भएको छ ।

### ३. उपन्यासको लिखित पहिलो प्रकरण

राजनीतिक तथा सांस्कृतिक संवेदनामा परेको सामाजिक प्रभावबाट यहाँ उपन्यासले आकृति प्राप्त गरेको छ । सोह्रौं शताब्दीदेखि नै भुटानमा पुगेर बसेका नेपाली मूलका जनताहरू, बसोबास गर्दै आएका बासिन्दा र यस समयभन्दा पनि केही पछि

मात्र आजको चीनको तिब्बततर्फबाट प्रवेश गरेका भोटे मूलका बासिन्दाको सहज उपस्थित भएका सांस्कृतिक, धार्मिक तथा सामाजिक सहिष्णुताको प्रवाहमा रहेको जीवनपद्धतिलाई पनि यहाँ सामाजिक संवेदनाको विषय बनाइएको छ । यस्तै परम्परा पनि यहाँ सम्मिश्रित भावबाट गतिशील बन्दै आएका समाजको संरचनामा आएको विशिष्ट संवेदना विकास भएको अवस्था यहाँ गतिशील बन्दै आएको सन्दर्भमा चार सय वर्षको इतिहासपछि आएका सांस्कृतिक र सामाजिक विघटनको स्थिति बनेर देखा परेको नेपाली मूलका बासिन्दाहरूको ज्यादती पूर्ण निष्कासनका कारण जन्मेका विकृतिलाई यस उपन्यासले आफ्नो कथ्य बनाएको छ ।

रनमाया शीर्षक दिएर पूर्वदीप्ति शैलीमा लेखिएको पहिलो प्रकरणमा ताराङ्कित चिह्न दिएर पूर्वदीप्ति विषयसूत्र दसओटा लघु अनुच्छेद तयार गरिएका छन् र तिनको उपस्थितिमा रनमायाको जीवनको सङ्क्षिप्त तर यथार्थ स्थापना गरिएको छ । जीवनचिन्तन र तिनको प्रभाव तथा पारिवारिक बिम्ब चयन गरिएका यी लघु अनुच्छेदमध्ये पहिलोमा रनमायाको आन्तरिक संवेग, छोराछोरीप्रतिको ममता, चाडबाड मनाउने आग्रह र उमङ्ग, दोस्रो अनुच्छेदमा छोराको बालसुलभ अभीप्सा, तेस्रो अनुच्छेदमा शैशवबाट मुक्त भइनसकेका शिशुको इच्छा उपन्यासको विषयसूत्रका रूपमा स्थापित भएका छन् । चौथो अनुच्छेद विषय रनमायाका पतिको सहज र पारिवारिक इच्छाको सूचक बनेर प्रकटमा आएको छ । पारिभाषिक तथा नातागोताको सहज आत्मीयता तथा तिनको प्राप्तिको सूचक बनेर पाँचौँ अनुच्छेद प्रस्तुत भएको छ । रनमायाको पारिवारिक स्थिति अनि सासूबुहारीको सम्बन्ध छैटौँ प्रकरणले मर्यादापूर्वक प्रकट गरेको छ । रनमायाको परिवारप्रति इष्टमित्रको पनि सद्भाव थियो भन्ने कुरा सातौँ अनुच्छेदले प्रकटमा ल्याएको छ । व्यावसायिक रूपमा गरेका गाईपालन र त्यसको कारोबार रनमायाका छोराले

लिएको जिम्बा आठौँ अनुच्छेदको विषय बनेको छ । छोरीको विवाह तथा जातीय सांस्कृतिक स्थितिको सूचना नवौँ अनुच्छेदले सङ्केत गरेको छ । छोराछोरीको चरित्रनिर्माण र जीवनचर्याको बलियो जरो बसिसकेको स्थितिको सूचना दसौँ अनुच्छेदको विषय बनेको छ ।

अरू दुई अनुच्छेद पनि छन् । तिनमा रनमायाको शिविरको उपस्थिति र उनको मनोबिम्ब र आवेगको स्थितिलाई सङ्केत गरिएको छ । यसले समग्र उपन्यास शिविरको उपस्थितिमा किंकर्तव्यविमूढ बनेकी रनमायाको पूर्वोद्दीप्ति मनोवेग र भावसंवेग करुणधारा बनेर उद्घाटित भइरहेका छन् । यस प्रकारको सूचनाको संवाहक बनेर प्रकटमा आएका छन् । रनमायाको पीडाग्रस्त मनोदशा र विक्षिप्तोन्मुख मनस्थितिका अभिलक्षणहरू प्रस्तुत गरेर यी दुई अनुच्छेद समाप्त पनि भएका छन् । उपन्यासका सन्दर्भमा यो पहिलो प्रकरण हो र सङ्कथन विश्लेषणका आधारमा यो विषय कथनका निम्ति मौनता भङ्गको प्रकरण हो । यो उपन्यासको लिखित पूर्वप्रकरण हो । यसरी उपन्यासकार प्रसाईले आफ्नो उपन्यासको पृष्ठाधार तयार गरेर विषयमा प्रवेश गरेको स्थिति छ ।

**४. रनमाया उपन्यासको आख्यान योजना**

रनमायाको संवेगको कथयिता यहाँ उपन्यासकार प्रसाई स्वयम्ले तृतीय पुरुष प्रस्तुतिमा कथाको कथन भएको छ । कथाको कथयिता उपन्यासकार स्वयम् परिधिमा बसेर तटस्थ द्रष्टाका रूपमा कथालाई बढाइएको छ । मनमायाका र रनमायाको बीचको संवादबाट रनमायाको विवाहकालको प्रसङ्गलाई लिएर आरम्भ गरिएको उपन्यासको पहिलो परिच्छेद निकै आकर्षक ढङ्गबाट आरम्भ भएको छ । परिच्छेदका सुचनाहरू 'एक', 'दुई' जस्ता अक्षराङ्कित सङ्ख्याका आधारमा जम्मा चौधओटा परिच्छेदको योजना गरिएको छ । यी अध्यायहरूको प्रस्तुतिचाहिँ अग्रदीप्तिमा भएको छ । रनमायाको पति गोपाल खड्काको सन्दर्भ जोडिएर

आरम्भ भएका प्रस्तुत अध्यायले रनमायाको माइत र घरको सम्बन्ध विशिष्ट तवरले जोडेपछि उपन्यासले गति लिएको छ । पहिलो परिच्छेदमा नै आख्यानको विशिष्ट योजना सूचित भएको छ ।

उपन्यासको दोस्रो परिच्छेदचाहिँ रनमायाका ससुरातर्फ डोहोरिएर टुङ्गिएको पहिलो परिच्छेदमा शिवबहादुरले बुढेसकालमा गरेको बिहाबाट जन्मेको छोरो गोपालबहादुरको चरित्र उपस्थापन गरिएको छ । पहिली पत्नीतर्फको पुत्र जङ्गवीर बूढाका दृष्टिमा उपेक्षित भए पनि र गोपालबहादुर प्रिय भए पनि परिणाममा बूढाको मृत्युका क्षणमा उही उपेक्षित जङ्गवीर नै बाबुको देहावसानमा अन्त्येष्टिका सबै कृत्य पनि उसकै काँधमा आएको र ती कृत्यहरू उसैले सम्पन्न गरेको सन्दर्भ पनि यसै परिच्छेदमा वर्णन गरिएको छ । यसै प्रकरणमा गोपालबहादुरका सन्ततिको विषयमा पनि व्यवस्थित वर्णन गरिएको देखिन्छ । गोपालबहादुरको सन्तानको उपस्थितिमै यो दोस्रो परिच्छेद अन्त भएको छ ।

गोपालसिंहको जेठो सन्तति शमशेरबहादुर दसौँ कक्षा उत्तीर्ण गरेपछि गौपालन गरेर दूधको व्यापारमा जुटेको सन्दर्भबाट यो परिच्छेद आरम्भ भएको छ । व्यवसायका सन्दर्भहरू भुटानमा रहेर खेतीपाती र गाईभैँसीको पालनमा ध्यान दिने सरसल्लाहमा जुटेका प्रसङ्गहरू यस परिच्छेदका विषय बनेका छन् । नीरपोखरी नाम गरेको ठाउँमा शमशेरबहादुरले गोठ बनाएर दसबीस माउ गाई र भैँसीसमेत पाल्न थालेको विवरण पनि यहाँ विषय बनेको छ । यसरी नै गोठको छिमेकमै पर्ने जुँगे अधिकारीसँग सम्पर्कित बन्न पुगेको शमशेरको बिहा यिनै जुँगे अधिकारीकी छोरीको आचरण र जिम्मेदारीको सूचना प्राप्त गरेको सन्दर्भ यहाँ विषय बनेको स्थिति छ । यस परिच्छेदले शमशेरको अज्ञात प्रणयाकर्षणको सूत्रपात भएका सन्दर्भबाट यहाँ विषयको स्वरूप प्राप्त भएको छ ।

उपन्यासको चौथो अध्यायमा पुगेपछि विषयले नयाँ मोड लिने सूचना सङ्केत गरेको छ । गोपालको कान्छो छोरो हीराको विद्यालयमा भोटे जातिका विद्यार्थीले नेपाली मूलका भुटानी विद्यार्थीप्रति हुन लागेको ज्यादतीको सन्दर्भ उपन्यासका यस अध्यायले सूचित गरेको छ । विद्यालयबाट मध्याह्नको समयमा भागेर घर आएको ठानेर पुन: विद्यालय जानका निम्ति गरिएको आदेशमा बाबुको सन्दर्भ र छिरिङ लोपेनले कुटेको सन्दर्भका कारण उपन्यासले नयाँ समस्याको मोड लिएको स्थिति पनि यहाँ विषयको सन्दर्भ बनेर आएको छ । नेपालको पश्चिमतर्फ पाल्पाबाट भुटान पुगेका सञ्चमानसिंहका सुपुत्र शिवबहादुरसिंह खड्काको पुस्तेनी परम्पराका सन्दर्भलाई विषय बनाइएको छ । यस प्रकारको प्रसङ्ग प्रस्तुत भएका यस परिच्छेदमा गोपालसिंहका परिवारको विवरण पनि प्रस्तुत गरिएको छ । छोराछोरीको विवाह र तिनको परिचालन तथा उनका अवस्थाको विवरण अनि छोरालाई भोटेका छोराछोरीले दिएको धम्कीका कारण गोपालबहादुरको हृदयगति बन्द भएर अन्त भएको सन्दर्भ पनि यहाँ प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा गोपालबहादुरको दु:खद अन्त भएका कारण त्यस घरमा रातभर कोकोहोलो मच्चिएको सन्दर्भ पनि यहाँ प्रकट भएको छ । भुटानमा त्यस प्रकारको जटिल परिवेशमा जोसुकैको घरमा दु:खसुखका जुनसुकै घटना घटे पनि सबै छरछिमेक मिलेर त्यस घटनाको सामना गर्ने प्रचलन रहेका समाजमा गोपालबहादुरको अन्त हुँदा मलामी जानेहरूमा एकै जना पनि भोटेहरूको उपस्थिति नभएका कारण अब भुटानीहरूमा भुटानी मूलका भोटेहरू र नेपाली मूलका भुटानीहरूका बीचमा पूरै विभेदको रेखा कोरिएको अवस्था प्रकटमा आएको छ । गोपालबहादुरको निधनको तेह्रौं दिनमा भएको शुद्धि शान्तिका दिन गरिएको निम्तोमा पनि भोटेहरूको अनुपस्थिति देखिएका कारण भुटानमा नेपाली मूलका र भुटानी

मूलका मान्छेहरूको कित्ता राम्ररी नै छुट्टिन थालेको सन्दर्भ प्रकटमा आएको छ ।

सातौँ परिच्छेद पनि यसै अप्रियताको सन्दर्भमा तयार भएको छ । जागिर खोसिएका रनमायाका ज्वाइँको अवस्था अत्यन्त अन्तर्मुखी र निराशाको सिकार बन्दै गएको सन्दर्भ कथा बनेको छ । त्यसको परिणाममा उनै ज्वाइँले गाईगोठमा पासो लगाएर आत्महत्या गरेको सन्दर्भ पनि यसमा विषयका रूपमा प्रकट भएको छ । कलिलै उमेरमा मनमाया विधवा बनेर बाँच्नुपर्ने पीडाको सन्दर्भ यहाँ उपन्यासको अङ्ग बनेर आएको छ । यो प्रसङ्ग झन् पीडाजनक कथा बनेर प्रकटमा आएको स्थिति देखिन्छ । राम्रो सरकारी जागिरमा रहेका ज्वाइँको जागिर खोसिएको र शमशेरका घरमा पनि यसको पीडाका कारण ओझेलमा परेको उज्यालो जस्तो स्थिति भएको सन्दर्भ सुनकेस्रीको आतङ्कित व्यवहारले प्रकटमा ल्याएको छ । मनको चिन्ता लुकाउने ठाउँ नपाएकी सुनकेस्रीको दुःस्वप्न र दुराधर्ष पीडा यहाँ प्रकटमा आएको स्थिति पनि यहाँको विषय बनेको अवस्था देखिएको छ ।

रनमायाको सबैभन्दा कान्छो छोरो हीराबाट आफूलाई गरिएको शङ्कास्पद आमन्त्रणले कुसङ्केतक स्थितिको अनुमान गर्दै हतारहतार घर आएको शमशेर ज्वाइँको आत्महत्याको खबर सुनेर स्तब्ध बन्न पुग्दछ । ज्वाइँको भाइ शङ्करबाट उनका दाजुको अन्त भएको समाचार सुनेपछि परिवार सबै सदस्यजन स्तब्ध बनेको सन्दर्भ र अब जेजस्तो परिआउँछ त्यही नै बेहोर्नुपर्ने हुन्छ भनेर मानसिक रूपमा तयार भएको सन्दर्भ पनि यस परिच्छेदले प्रकट गरेको छ ।

आठौँ परिच्छेदको प्रवेशमै पर्यावरण निकै खराब भइसकेको सन्दर्भ हीरा मात्र होइन, हीराकी बहिनी पनि विद्यालय जान छोडेको स्थितिले प्रकटमा ल्याएको छ । नेपालीहरूलाई भौतिक र मानसिक

दुवै खालका यातना दिने र तनाव जन्माइदिन थालेका सन्दर्भहरू यहाँ विषयका रूपमा आएका छन् । त्यस्तै विद्यालयस्तरका विद्यार्थीलाई दिन थालेको अमानवीय यातना, कार्यालयतर्फ पनि कर्मचारीलाई दिन थालेको अमानवीय पीडा, सामाजिक जीवनका अनेक सन्दर्भमा पनि दिन थालेका अनेक यातनाहरू यस परिच्छेदका विषय बनेका छन् । यसरी सामाजिक, राजनीतिक र मनोवैज्ञानिक पीडाको सिकार बन्दै गएका नेपाली मूलका भुटानीहरूले बेहोर्नुपरेको चिन्तालाई यस परिच्छिेदमा उद्घाटन गर्ने प्रयास गरेको देखिन्छ ।

उपन्यासको नवौँ परिच्छेदले विद्यार्थीमाथि भुटान सरकारबाटै रचिएको दमन चक्रलाई थाहा नपाएका सामान्य जनताको तहबाट समस्या बुझ्न शमशेर विद्यालयमा पुगेको अवस्था प्रकटमा आएको छ । विद्यालय पुगेर प्रधानाध्यापकसँग कुरा गर्न पुगेको शमशेरको स्थिति र प्रधानाध्यापकको स्थिति पनि यहाँ विशिष्ट रूपले प्रस्तुत गरिएको छ । हीराले कुटाइ खाएको र अन्य नेपाली मूलका भुटानीहरूले पनि प्रताडना पाएको स्थितिबारे वस्तुस्थिति बुझ्न विद्यालय पुगेको शमशेरले विमल नाम गरेको प्रधानाध्यापकको आँखामा र अनुहारमा समेत आतङ्कको रङ्ग मडारिइरहेको देखेपछि शमशेरले पनि प्रधानाध्यापकमा लाछीपन र हतास स्थिति प्रकट भएको बोध गरेको छ । यो स्थिति देखेर फर्केको शमशेर राति सुतिरहेका समयमा गोठमा भोटेहरूले आगो लगाइदिएका कारण केही मात्र बस्तु बचाउन सफल भएको सिङ्गेको आवाजबाट मध्यरातमा झस्केर उठेको देखिएको छ । शमशेर र सुनकेस्रीले यो अत्यन्त दारुण समाचार सुनेको प्रसङ्गसमेत यहाँको विषय बनेको छ । यसरी दारुण घटना रनमायाका घरमै भित्रिन आइपुगेको सन्दर्भ यस परिच्छेदको कथाले प्रकटमा ल्याएको छ ।

उपन्यासको दसौँ परिच्छेद शमशेरको गोठमा भोटेहरूले सबै गाई, भैँसी, पाडा, बाच्छासमेत आगो लगाएर मारिदिएको बीभत्स

दृश्य हेर्न विवश बनेको शमशेरको स्थिति र दारुण प्रसङ्ग प्रस्तुत भएको छ । शमशेरका ससुराको रेखदेख र सिङ्गेको औषधोपचारबाट पनि जलेर घाइते बनेका वस्तुहरू बचाउन नसकेको स्थिति यसै परिच्छेदको विषय बनेको छ । शमशेर विरक्तिएर सिङ्गेलाई आफ्नो घरपरिवारसमेत जिम्मा दिई अल्पिएको सन्दर्भ पनि यसै परिच्छेदमा वर्णित छ । यसरी विरक्तिएर बाहिरिएको शमशेर त्यसपछि घर नफर्किएको विषय यहाँ वर्णित छ । आफ्नी पत्नीलाई पनि वास्तविकता यस्तो हो भन्ने सूचना नदिई म मिटिङमा जाने भनेर प्रस्थान गरेको शमशेर घरमा आउँदै नआएको सन्दर्भ यहाँ विषय बनेको छ ।

उपन्यासको एघारौँ परिच्छेदमा मिटिङमा पुगेको शमशेर र अरू दसपन्ध्र जनासमेतलाई गिरफ्तार गरेर गायब गरेको र सरकारी पक्षले तिनका घरहरू छानीछानी आगो लगाइदिएको सन्दर्भ पनि यहाँ आख्यानको विषय बनेको छ । शमशेरको भाइ विराज दाजुको खोजीमा दुईचार दिन बाहिर अलमलिएकै समयमा रातको मौका पारेर ज्यान जोगाएर उसका जहान, परिवार सबै भागेको सन्दर्भ पनि यस परिच्छेदको विषय बनेको छ । सामाजिक गतिविधिमा खलल आएको विद्यालयका र छात्रवासका विद्यार्थीहरूको बेहाल भएको अनि ज्यान जोगाउन गाहारो परेको स्थिति, हत्या, अपहरण र बलात्कारका स्थितिहरू बढ्दै गएको सन्दर्भ पनि यहाँ विषयका रूपमा वर्णन गरिएको छ । यसरी आतङ्क उत्कर्षमा पुगेको अवस्था सूचित भएको छ ।

शमशेर पक्डा परेको सन्दर्भको सूचना बाह्रौँ अध्यायको कथा भएको छ । यसमा विराजले दाजु जेल परेको र दाजु स्वयम्ले लेखेको पत्र लिएर घर आइपुगेका तर त्यस पत्रमा तत्काल घर छोडेर भाग्न सल्लाह दिएको सन्दर्भ यहाँ वर्णित छ । रनमाया, सिङ्गे र अन्य परिवारसमेत मुटुमा राखेर घर छोडेर बाटा लागेको सन्दर्भ पनि यहाँ विषयका रूपमा उपयोग भएको छ । पुस्तौँपुस्ता बिताएका गाउँघर,

खेतबारी, टाँटाखोला, खोलानाला, डाँडापाखाले रनमायालाई बिदा नदिएको अनुभूति पनि यस परिच्छेदमा वर्णित छ । सिङ्गै प्रकृतिसँग संवेग र संवेदना जोडेर जीवन गुजारेको ठाउँलाई चट्ट माया मारेर हिँड्नु भनेको सहज विषय होइन, यही सन्दर्भ यस परिच्छेदले सिद्ध गरेको छ ।

उपन्यासको उपान्त स्थिति तेह्रौँ परिच्छेदमा वर्णित छ । केही झिटीटोकरी र ज्यानसमेत पातमा राखेर रातदिन लुक्दै र छिप्दै भारतीय भूमिमा प्रवेश गरेका रनमायाका समूह भारतीय होटेलमा पुलिसको आडमा लुटिन्छन् । राज्य नै डाँका बनेर आक्रमणमा आइलागेपछि मान्छेको जीवन जोगाउन, अस्मिता रक्षा गर्न कति कठिन पर्छ भन्ने कुरा पनि यस परिच्छेदमा प्रकट भएको छ । रनमायाकी बुहारीलाई हातपात गरेको भारतीय पुलिसले रनमायाकी सानी छोरी लापता पारेको र होटेलमा रहेका सबै अनाथहरूको सिरीखुरी लुटाउने योजनामा लागेको होटेल मालिकसमेतको स्थिति यहाँ गम्भीरतापूर्वक प्रकट गरिएको छ । यस स्थितिलाई उपन्यासको तेह्रौँ अध्यायले प्रकट गरेको छ ।

उपन्यासको अन्तिम परिच्छेदमा होटेलमा रनमायासँग पैसा भएको सुइँको पाएका कारण पुलिसलाई सूचना दिएका कारण पुलिस आएर धनमाल र गरगहना लुटेको र बालिकालाई पनि अपहरण गरेर लगेको सन्दर्भ यस अन्तिम परिच्छेदले प्रकट गरेको छ । समाजको प्रतिष्ठा र मानवीय संवेदना देखाउने दाँत बनाएर बसेका भारतीय पुलिस र भुटानी पुलिसको साँठगाँठ थियो भन्ने कुरा पनि यस चौधौँ परिच्छेदले प्रतिपादन गरेको छ । सबै मान्छेका थाप्लामा खसेको सगरलाई विक्षिप्त मनले स्विकार्न अभ्यस्त बनिसकेकी रनमायाको मानसिकताले भुटानबाट नेपाल पसेका शरणार्थीहरूको भीडमा आफ्नो छोरो शमशेर र हीरा, मिठु र सुनमाया, माहिला र अरू आफन्तलाई अन्यमनस्कताका भावले खोजिरहेको सन्दर्भ यस

परिच्छेदले प्रस्तुत गरेको छ । यस बिन्दुमा आएर उपन्यासको चौधौँ परिच्छेद पनि अन्त भएको छ ।

एउटा मौलाएको उद्यानजस्तो शिवबहादुरको घर, परिवार र गृहस्थी, एउटा उर्वर संस्कृति र समाजको जीवन धानिरहेको शिवबहादुर गोपालबहादुर हुँदै शमशेरबहादुरसम्म आइपुगेको कथा नेपाली मूलका भुटानीहरूको सामाजिक परिवेश अनायसै बढ्दै गएको नेपाली भगाउने भोटेको अभियानले तहसनहस बनाएको सन्दर्भ एकातर्फ उपन्यासले प्रकट गरेको छ भने अर्कातर्फ मानव अधिकारको तथाकथित डङ्का पिट्ने तिनै दलाल शासकका प्रतिनिधि बनेका कथित अधिकारकर्मीहरूको मौनता यस उपन्यासमा प्रकट भएको छ । यसरी प्रस्तुत उपन्यासले मानव अधिकारको मानवीय नैसर्गिक अस्मितासमेतको योजनाबद्ध ढङ्गले अपहरण गरेको सन्दर्भ यहाँ प्रकटमा आएको छ । यसरी **रनमाया** उपन्यासको आख्यान योजना उत्कर्षमा पुगेको छ ।

### ५. वञ्चितीकरणका आधारमा उपन्यासको कथ्य

मानवजातिको विश्वमा एक महाजातिका रूपमा नेपालीको उपस्थिति निकै मौलाएको देखिन्छ । आजको विश्वमा विभिन्न मान्छे समीकृत संस्कृतिका आधारमा व्यापक रूपमा छरिएको छ । सांस्कृतिक भूगोलको सीमा हुन्न । मानवीय संवेदनाको राजनीतिक भूगोल हुन्न, भाषा र साहित्यको राजनीतिक भूगोल हुन्न । आहारविहार, निद्रा तथा भयजस्ता आदिवृत्तिको पनि राजनीतिक भूगोल हुन्न । एकातिर यसलाई विश्वग्राम भन्ने डङ्का पिटिन्छ र अर्कातिर जाति भेद, रङ्ग भेद, लिङ्ग भेद, सङ्ख्या भेद, परिचय भेद, क्षमता भेद र कुसङ्केतनका अनेक भेदका डङ्का लगाएर मानवको सास मात्र जोगाउन पाउने नैसर्गिक अधिकार पनि हनन गरिएको हुन्छ । यसरी मान्छेलाई निर्मम र नृशंस तरिकाले हत्या गरिने, अधिकारच्यूत गराउने कामको बर्बरता यस उपन्यासमा

भुटानी सरकारले देखाएको छ । यसरी उपन्यासले विषयको उठान, विषयको विकास, तिनको उत्कर्ष र अवसान, अत्यन्त दारुण एवं भयपूरित विषयको उपस्थापन गरेर उपन्यासको आख्यान योजनालाई उपस्थापन गर्न खोजिएको छ ।

उपन्यासले सम्बोधन गर्न प्रयत्न गरेका विषयहरू आरम्भदेखि अन्तसम्मको शृङ्खलामा समायोजित भएका छन् । त्यस्ता प्रमुख विषयहरूमा नेपालीहरूका आत्मगौरव र स्वाभिमानता, सांस्कृतिक पहिचान, शिक्षा र चेतनाको जागरणमा सचेतता, आजीविकाका पाटाहरूको खोजी र तिनको अनुसरण, आत्मनिर्भयताका आधार तथा इष्टमित्रप्रतिको सहयोग र सद्भावको प्रकटीकरण गर्नेजस्ता भाव पनि अभिव्यक्त भएका छन् । यिनका अतिरिक्त राजनीतिक सन्तुलनको अपेक्षाजस्ता आचार, व्यवहारको परिणाममा भोटेहरूले दिएको प्रतिफलको सिकार बन्नुपरेको सन्दर्भ पनि उपन्यासमा अभिव्यक्त भएको छ । यसरी सामान्य विषयमा विशिष्ट स्थितिका संवेदना पनि यहाँ प्रकट भएका छन् ।

नेपाली मूलका भुटानीहरूबाट भएको भुटानको बाँझो धर्तीको उर्वरीकरण, शिक्षा र चेतनाशून्य भएका त्यस क्षेत्रमा शिक्षाको आधारशिलाको स्थापना, कृषि र पशुपालन व्यवसायको उत्थान, स्वास्थ्य तथा सामाजिक जागरणहरूका सङ्केतको उद्भावना पनि नेपाली मूलका भुटानीहरूबाटै भएका सन्दर्भहरू पनि उपन्यासका विषय बनेका छन् । देशीय संवेदनाशून्य, प्रकृति र मानवीय संवेदनाशून्य जड तथा नृशंसक राक्षसतुल्य र चेतनाशून्य भोटेका दुश्चरित्रलाई आगोमा तेल थप्ने मोटो तर विवेकहीन भूसतिघ्रे छिमेकी भारतको निर्घृणी व्यवहारको चरित्र पनि यहाँ सङ्केत भएको छ । कारण अझ प्रताडना पाएका नेपाली मूलका भारतीयलाई प्रताडना दिएर यसै निहुँमा आफ्नो सण्डमुसण्ड चरित्रलाई अप्रत्यक्ष रूपमा सार्वजनिक बनाउन यस उपन्यासको विपठनबाट प्रकट हुन्छ । यस दृष्टिले

भारत र भुटानको सम्बन्धलाई हेर्न चाहनेले भारतीय षड्यन्त्रको नग्न रूप पनि यहाँ प्रकट भएको पाउन सक्ने छन् ।

यस अध्ययनमा यिनै मानवद्वेषी सांस्कृतिक दुष्कृतिका संवेदना जन्माउने र अराजनीतिक पक्षहरूलाई प्रकट गराउने प्रयत्नमा यो प्रकरणको अन्त भएको छ । उपन्यासमा प्रकट भएका संवेदनालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्न गरिएका प्रयत्न र तिनको समीक्षा गर्न गरिएका प्रयत्नमा प्रस्तुत उपन्यासको कथ्य प्रकटमा आएको छ । नेपाली मूलका भुटानीहरूमा निम्नानुसारका पीडा र उनीहरूले भोग्नुपरेका प्रदूषणका भावनाहरू जीवन्त रूपमा अभिव्यक्त भएका छन् :

(क) नेपालीहरूको आत्मगौरव र स्वाभिमान : आजीविकाका पाटाहरू जीवन निर्वाहका जुनसुकै आयाम र शैलीहरूको खोजी गर्ने तथा तिनलाई आत्मसात् गर्ने मौलिक स्वभावको सूचक शिवबहादुर खड्काले सिपाही जीवनबाट निवृत्त भएर बाँकी समस्त जीवन कृषि व्यवसायमा समर्पित गर्ने प्रयास गरेको देखिन्छ । यस प्रकारको यथार्थ जीवन निर्वाहमा समर्पित बनेका नेपालीहरू कृषि पेसादेखि सरकारी सेवासम्म पनि त्यत्तिकै समर्पित रहन्छन् र यिनीहरू जे गर्छन् समर्पणको भावले गर्छन् भन्ने कुरा निम्न साक्ष्यले सिद्ध गरेको छ :

'चिराङ जिल्लाको डम्फु स्कुलसम्म पढेकाले अङ्ग्रेजी भाषाका पनि पुस्तक पढ्न सक्ने गोपालसिंहको गाउँमा निकै ख्याति थियो । उनी गाउँघरमै शिष्ट, सभ्य, धनी र इमानदार मानिस मानिन्थे उनको परोपकारी प्रवृत्तिका कीर्तिले उनलाई गाउँलेले महाजन भन्न लागे । महाजनअनुसारकी अत्यन्तै मिलनसार, लक्ष्मीजस्ती थिइन् महाजन्नी पनि' (**रनमाया**, २०५८/२९) ।

यहाँ आत्मनिर्भर, स्वाभिमान र मेहनतकै आधारमा जीवन निर्वाह गर्ने नेपाली आचरणलाई यस उद्धरणले साक्ष्य गरेको छ ।

नेपालीहरू जहाँ पुगे पनि स्वाभिमानलाई धितो रहन दिँदैनन् बरु आफ्नो समाज र संस्थामा, आफन्त र इष्टमित्रमा स्वाभिमानपूर्वक बाँच्न चाहनु नेपालीको नैष्ठिक आचरण हो । विश्वका जुनसुकै कुनामा पुगे पनि नेपालीहरूले हम्मेसि आफ्नो स्वाभिमान गुमाउँदैनन् भन्ने कुरा यस उद्धरणले सिद्ध गरेको छ ।

(ख) सांस्कृतिक पहिचान : नेपालीहरूमा आफन्त र परचक्रीको पहिचान गर्ने एउटा उक्ति नै छ– 'मर्दाको मलामी र जिउँदाको जन्ती !' यस उक्तिको अनुसरण नेपालीहरूको जीवनको संस्कार नै बनेर रहेको छ । यस उपन्यासमा पनि यस्ता अनेक सन्दर्भहरू प्रकटमा आएका छन् । समाजको र मर्यादाको पहिचान भनेको उसको संस्कृति नै प्रमुख आधार हो । त्यस्तो एक मात्र साक्ष्य उदाहरणका रूपमा लिनु सान्दर्भिक हुन्छ :

'यसपल्ट बूढाको मलामी जाँदा एउटा अचम्मचाहिँ सबैले महसुस गरे । बूढाको मलामीमा एउटै भोटे थिएन । नत्र गाउँमा एकोहोरो शङ्ख बजेपछि सबै घरबाट कम्तीमा एकएक जना मलामी पुग्ने चलन त्यहाँ वर्षौंदेखि चल्दै आएको हो । ऊन्नै साठी घर भएको त्यस गाउँमा पाँच घर भोटेका थिए' (**रनमाया**, २०५८/४८) ।

यस उद्धरणले भोटेहरूमा मानवीय संवेदना शून्य बन्दै गएको छ भन्ने सन्दर्भ अघि सारेको छ । बालखकालदेखि नै सँगै खाइखेली हुर्केका र गाँसवास जोडेर एकै गाउँमा घुलमिल बनेर बसेका सबै जातिको दु:खसुख बाँडेर बस्ने नेपालीहरूको सापेक्ष्यतामा भोटेहरूको कठोर र अमानुषिक संवेदना यहाँ प्रस्तुत भएको छ । भुटानीहरूले भोटेहरूको तर्फबाट यसलाई पठन गरी हेर्दा हामी राष्ट्रको स्वार्थमा मानवीयताको बलिदान दिन्छौं भन्ने तर्क अघिल्तिर आउला तर त्यहींनिर नेपालीहरू विश्वको शान्ति र समृद्धिका निम्ति आत्मोत्सर्ग पनि गर्न तयार हुन्छन् भन्ने आशय यहीं प्रकट भएको छ ।

(ग) शिक्षा र चेतनाको जागरणमा सचेतता : नेपाली जहाँजहाँ पुगे पनि शैक्षिक जागरणका निम्ति जुट्नु उनीहरूको नैसर्गिक संवेदना हो । समाजलाई जागरणको दिशा शिक्षाले मात्र दिन सक्छ भन्ने पनि उनीहरूको विश्वास छ । यस दृष्टिलाई केन्द्रमा राखेर शिवबहादुर सन्तति र गोपालबहादुरका परिवारले भुटानको शिक्षाका निम्ति दिएको आर्थिक तथा नैतिक सहयोग पनि अविस्मरणीय छ । यस संवेदनाको पक्षपोषणका निम्ति एक उद्धरण साक्ष्यका रूपमा लिनु उपयुक्त हुन्छ :

'यिनीहरू कन्सुत्ले पनि लाग्छन्, के गर्नु नानी ! नोकरी खाएपछि ! हिजोआज तरबारको धारमा छ नोकरी । पुराना सबै गुरुमा र सरलाई एउटाएउटा निहुँ गरी झिक्तै उनीहरूका मान्छे भरिसके उनीहरूले । अब मेरो पालो आउन बाँकी छ । कति दुःख गरेर यो स्कुल खडा गराएको थिएँ । तिम्रो बा (अर्थात् गोपालबहादुर बस्नेत)ले पनि कति मद्धत गर्नुभएको थियो । एउटा शोक सभा गरौँ भनेको पनि यिनीहरूले मानेनन् । यो जात त जङ्गली नै जात रहेछ नानी !' बूढा हेडमास्टरले खुइय्य काटे' (**रनमाया**, २०५८/६९) ।

भुटानको अशिक्षित र जङ्गली समाजलाई सभ्य बनाउन तिनै नेपाली मूलका भुटानीहरूले दिएको योगदान यस उद्धरणले देखाएको छ । अबको सन्दर्भमा भोटे मूलका भुटानीहरूले पनि यिनै नेपालीहरूले तयार गरिदिएको पर्यावरणमा शिक्षा पाएका कारण नै समाज, जाति, राष्ट्र र भाषासम्बन्धी ज्ञान प्राप्त गरेका हुन् र तिनको चेतना विकसित बन्दै गएको हो तैपनि संवेदनाहीन यी भोटेहरू जर्जर र बर्बर सभ्यताको भासबाट माथि आउन सकेकै छैनन् भन्ने सन्दर्भ यस साक्ष्यले सिद्ध गरेको छ ।

(घ) आत्मनिर्भरताका आधार : नेपाली मान्छेको स्वाभिमान उनीहरू संसारका जुनसुकै कुनामा पुगे पनि आत्मस्वाभिमानले

उनीहरूलाई पछ्याइरहेको हुन्छ । विश्वमा पुरातन संस्कृति र आर्य तथा सच्चरित्रको चेतनाबाट विकसित बन्दै गएका नेपालीले आफ्नो सद्भावनागत विषयको उपस्थापनमै अड्ने नेपालीको संवेदना यहाँ विषयको रूपमा आएको स्थिति देखिन्छ । नेपालीले आफ्नो वैयक्तिक जीवनको आरम्भमै आत्मनिर्भरताका आधारहरू पहिल्याउँछन् र उनीहरू पराश्रयी तथा परावलम्बी हुन चाहन्नन् भन्ने सन्दर्भ पनि यहाँ सूचित भएको छ । जुनसकै मुलुकमा पुगे पनि नेपाली आफ्नै पाखुरा बजाएर बाँच्न चाहन्छ भन्ने सन्दर्भ तलका साक्ष्यले सिद्ध गरेको छ :

'त्यसपछि लगत्तैजसो शमशेरबहादुरले त्यहाँबाट एक घण्टापर नीरपोखरीमा गोठघर बनायो । पच्चीस माउ लैना गाई र दस माउ लैना भैँसी गरी दूध, घ्यूको ससानो व्यापार सुरु गऱ्यो । तीन जवान गोठाला केटा कामदार राख्यो । घरकै पुरानो सेवक सिङ्गे दाज्युलाई त्यहाँको हेरचाहको जम्मै जिम्मा दियो' (**रनमाया**, २०५८/३३) ।

प्रस्तुत साक्ष्यले शिवबहादुर, गोपालबहादुर र शमशेर-बहादुरसम्मका तीनैओटा पुस्तामा देखिएको आत्मनिर्भरताको सूचना आख्यानीकरण भएको सन्दर्भ उपन्यासमा देखिएको छ । नेपालीको पुरुषार्थको शैलीलाई यस उद्धरणले प्रतिपादन गरेको छ । यस उपस्थापनका आधारमा भुटानको पशुपालनको चेतना पनि नेपाली मूलका भुटानीहरूबाट नै स्थापित बनेको छ । कृषि, पशुपालन र तत्जन्य व्यापार, व्यवसाय पनि नेपालीहरूकै माध्यमबाट त्यस क्षेत्रमा पनि विस्तार भएका कारण आत्मनिर्भरताको विकास बन्दै गएको सन्दर्भ पनि यस साक्ष्यका आधारमा सिद्ध भएको छ ।

(ङ) राजनीतिक सन्तुलनको अभाव : जुन धर्तीमा पुस्तौँपुस्तादेखि बगाउँदै आएका पसिनाको गन्ध भोटेहरूकै नाकले सुँघे पनि नेपालीकै गन्ध आउँछ । जुन खेतका गरा र बारीका

पाटाहरूको माटो सुँघे पनि नेपालीहरूकै बास्ना आउँछ । अनि जुन गाउँठाउँको नाम लिए पनि नेपाली संस्कारकै सूचना आउँछ । यसरी शताब्दीयौँदेखि जोडिएर आएको सांस्कृतिक भूमिमा राजनीतिक अधिकारको अपेक्षा गरिरहँदाको अवस्थालाई भोटेहरूले लखेट्न खोजिरहेका सन्दर्भमा आफैँले सन्तुलन खोजेको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । यस्तो अवस्थाको साक्ष्यका निम्ति एक उद्धरण प्रस्तुत गरिनु असान्दर्भिक हुन्न :

'आमा मलाई यिनीहरूले पक्रेर जेलमा राखेका छन् । तिमरलाई पनि यिनीहरूले सास्ती दिनेछन् । मेरो पत्र पाउनासाथ तिमीहरू एक मिनेट पनि घरमा नबस्नू । सम्पत्तिभन्दा ज्यान ठूलो हो । सानातिना कुरामा निहुँ खोज्दै नेपाली जत्ति खेदिछोड्ने नियत छ अरे, यिनीहरूलाई भारतले पनि होस्टेमा हैँसे गरिसकेको बुझियो । सिङ्गे दाजुलाई साथ लिएर तिमीहरू जतिसक्दो चाँडो भुटानबाहिर निस्किनू, मैले आफूलाई अन्याय र अत्याचारको विरुद्ध लडाइँमा होमिदिएँ' (**रनमाया**, २०५८/९२) ।

यस साक्ष्यका आधारमा भुटानको साँढे बनेर संरक्षण दिने र नेपालीविरुद्ध भुटानीहरूलाई अप्रत्यक्ष रूपमा उक्साउने काम भारतले गरेको र भारतकै आडमा नेपालीहरूलाई भुटानबाट भगाइदिने आशय रहेको सन्दर्भ यसले सिद्ध गरेको छ । यसको विपठनात्मक सङ्केत के पनि हो भने भारतमा रहेका नेपालीलाई पनि यसो मौका हेरेर भारतले यसरी नै धपाउन बेर लाउने छैन भन्ने पाठ यस उद्धरणको समानान्तरतामा देखिएको छ । यो एउटा विश्वजनीन सांस्कृतिक अपराधका रूपमा विकसित हुने र आपराधिक संस्कृति तथा अमानवीय विषयका सन्दर्भ लिएर अधिल्तिर उपस्थित भएको देखिन्छ । विश्वस्तरमा समस्याको सिकार बनेका शरणार्थी र तिनका समस्याको केन्द्रमा सृजित शरणार्थी साहित्यको प्रतीकात्मक बिम्ब यस उपन्यासका सन्दर्भले जीवन्त रूप प्रदान गरेको देखिन्छ ।

### ६. आपराधिकताको कालो छाया : रनमाया उपन्यासभित्र

आपराधिक मानसिकता र भय सिर्जनाको वातावरणका कारक बनेका भोटेहरूको अमानवीय तथा कुरूपताको यथार्थ निर्माणमा उपन्यासको सिर्जना भएको छ । यसरी एकै ठाउँ जुटेका र विकृत तथा विक्षिप्त मानसिकताको सिकार बनेका भोटेहरूका भूमिगत तथा आतङ्ककारी जत्थाले आक्रमण गरेका मानव र निर्दोष पशुहरूसमेतको निर्मम हत्या एवं घातका सन्दर्भहरू पनि यहाँ विशिष्टताका सूचक बनेर प्रस्तुत भएका छन् । विद्यालयमा पुगेका बालबालिकाहरूमा गरिएका मनोवैज्ञानिक, सांस्कृतिक तथा सामाजिक ज्यादतीहरू, अमानवीय तथा नृशंसक व्यवहारहरूका कारण विद्यालयबाट भाग्नुपरेका अनेक घटना र सन्दर्भहरू यहाँ उपस्थापन भएका छन् । यसरी केटाकेटीलाई आतङ्कित बनाउनु, गाईबस्तुका गोठमै आगो लगाएर मारिदिनु, घरघरमा लुटपाट मच्चाइदिनु र घरमा आगो लगाएर खरानी बनाइदिनुजस्ता घातक हमला नेपाली मूलका भुटानीहरूले भोग्नुपरेका दुर्दशाहरू यहाँ विषय बनेका छन् ।

दारुण र अमानवीय आतङ्क मच्चिँदा पनि न नेपालले आधिकारिक रूपमा न भारतले नै पीडितको पक्षमा राष्ट्रिय स्तरमा मुख खोले । यस्ता संवेदनाहीन सन्दर्भहरू यस पछिल्लो समयका विश्वस्तरमा विकसित बन्दै गएका घटनाहरूले व्यापक प्रतिनिधित्व गरेका छन् । यस प्रकारका राक्षसी कृत्यहरू र दानवीय तथा घातक आचरणहरू पनि यस उपन्यासको विपठनबाट उद्घाटित हुन आउने विषय बनेका छन् । यस्ता कुकृत्य र घातक पक्षको एक साक्ष्य प्रस्तुत गर्नु पनि यहाँ सान्दर्भिक ठहर्छ :

‘पल्लो गाउँको शिव दाइ र बुद्धिमान दाइका घरमा आगो लगाइदिए रे ।’ गणेशले डराउँदै भनेको थियो । ‘विराज दाइ अब तिमी गइ पनि हाल हो ! केही गरी तिमी शमशेर दाइको भाइ

भनेको थाहा पाए भने मलाई पनि पो...' गणेशले हतारहतारमा भनिसक्यो । विराजले गणेशको अनुहारमा छायैछाया मात्र देख्यो' (**रनमाया**, २०५८/८३) ।

यस उद्धरणलाई मात्र सङ्केतका रूपमा लिन सकिन्छ । सिङ्गो भुटानमा नेपाली मूलका भुटानी मान्छेको स्थिति कस्तो दारुण थियो भन्ने कुरा थाहा पाउन यस साक्ष्यले मद्धत गरेको स्थिति देखिन्छ । निर्मम दानवीय हिंसामा उत्रिएका भोटेको आचरणलाई पनि यसै साक्ष्यका आधारमा आकलन गर्न सकिन्छ । यसरी सामाजिक तथा सांस्कृतिक पक्ष त परै जाऊन् मान्छेको बाँच्न पाउने नैसर्गिक अधिकार पनि बलात्कृत बन्दै गएको सन्दर्भ यस साक्ष्यले सिद्ध गरेको छ ।

भुटानी भूमिमा असुरक्षित अनुभूति भएपछि ज्यान जोगाउने आशामा पलायित बनेका भुटानीहरू बिस्तारै र सतर्कतासाथ भागेर भारतको भूमिमा प्रवेश गर्दा पनि हत्या, अपहरण र बलात्कारको सिकार बन्नुपरेका स्थितिलाई पनि यस उपन्यासले पठनकै सन्दर्भमा प्रकट गरेको अवस्था देखिन्छ । विस्थापित बनेर स्थान छोड्न बाध्य भएपछि कहीँ र कतै पनि सुरक्षा छैन भन्ने कुरा पनि यस उपन्यासले सङ्केत गरेको छ । रनमाया र उनको समूहमा परेर भागेर भारतको भागमा पसेकै रात भारतीय होटेल दलालको फन्दामा परेका र पुलिसको शोषणमा परेका स्थितिलाई पनि यस उपन्यासले घेरामा पारेको सन्दर्भका साक्ष्यका निम्ति एक उद्धरण प्रस्तुत गर्नु पनि सान्दर्भिक ठहर्छ :

'अब इधर आओ !' त्यो पुलिसले रनमायालाई घिसार्दै तान्यो र उनका जिउभरि हात हालेर खोजी गऱ्यो । कम्मरमा बाँधेको पटुकाको गाँठो फेला पारेपछि त्यो पुलिसको अनुहार उज्यालो भयो । रुपियाँको नाममा झिटीमिटी बोकेकी रनमायाको सबै रुपियाँ त्यो पुलिसले

आफ्ना गोजीमा हाल्यो । इतना सारा माल उडा के चोरी नही किया ! बूढी औरत होकर झूट बोलती है शाली ! त्यसले लात हान्यो रनमायालाई' (**रनमाया**, २०५८/९७) ।

भुटानको सीमाबाट उम्किएर बाहिर आएका रनमाया र उनको समूहका व्यक्तिहरू भारतको होटेलमा बन्धक बनाएर पुलिस स्वयम्ले नै लुटेका कारण भारत पनि यस प्रकारको अत्याचार सिर्जनाबाट लाभान्वित हुन पुगेको र अरू अपराधकर्मी दलालहरू पुलिसकै सहायताबाट लुटपाटमा उत्साहित भएको सन्दर्भ पनि यस उद्धरणले पुष्टि गरेको छ । आफ्नो साथमा रहेको सम्पत्ति पनि सुरक्षा गर्न नपाउने र रक्षकको पोसाक पाएका सरकारी डाँकाहरूले आतङ्क सिर्जना गरेर हाकाहाकी लुटेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । यसको आशय के हो भने सक्छौ भने नागरिकहरूलाई लखेट, अनि सक्छौ भने लुट र अझ सक्छौ भने बलात्कार पनि गर, अझ बढी सक्छौ भने आगो झोसेर मार्ने काम पनि गर ! तिम्रो ज्यादतीलाई हामी स्याबासी नै दिन्छौँ भन्ने किसिमको सन्देश यस साक्ष्यले प्रस्तुत गरेको छ । यसरी उपन्यासमा आपराधिक गतिविधिलाई सरकारी स्तरबाट नै प्रोत्साहन गरिएको छ भन्ने तथ्य सिद्ध भएको छ

**७. उपसंहार :**

**रनामाया** उपन्यासमा इन्दिरा प्रसाईबाट साहित्यका माध्यमद्वारा नेपाली मूलका भुटानीहरूलाई लखेट्न सिर्जना गरिएको भुटानीहरूको आतङ्कलाई कलात्मक रूपमा प्रतिपादन गर्ने काम भएको छ । यस उपन्यासको विषय शरणार्थी साहित्यको कित्तामा विकसित बनेको छ । विश्वमा आतङ्कको शिखरझैँ सिर्जना भएको यो भयावह स्थिति नै यहाँ विषय बनेको देखिन्छ ।

यो उपन्यास नेपाल प्रज्ञाप्रतिष्ठानबाट अङ्ग्रेजी भाषामा अनुवाद भएर प्रकाशित भएको छ ।

नेपाली साहित्यमा शरणार्थी साहित्यका परिधिमा व्याख्या हुन सक्ने प्रस्तुत कृतिको सिर्जना नेपाली आख्यानका क्षेत्रमा एक नयाँ आयामको स्थिति लिएर देखिएको छ । यसरी प्रसाईले भुटानको ज्यादतीलाई विषय बनाएर सिर्जना गरिएको यस उपन्यासले आजको विश्वमा सिर्जना भएको शरणार्थी समस्यालाई जीवन्त रूप प्रदान गरेको कुराको प्रतिनिधित्व गरेको सन्दर्भ स्पष्ट हुन्छ । यसबाट नेपाली साहित्यले थप र नयाँ प्रवृत्ति एवं धाराहरू पनि प्रतिष्ठाको विषय बन्न सफल हुन्छन् भन्ने सन्दर्भ प्रकट गरेको छ ।

# ‘शिखा’ उपन्यास र इन्दिरा प्रसाईको औपन्यासिक कला

## १. विषयप्रवेश

पात्रको नाम नै उपन्यासको संज्ञा भएको **शिखा** (२०५९) उपन्यास प्रसाईको तेस्रो औपन्यासिक कृति हो । (उपन्यासकार प्रसाईले **रनमाया** उपन्यासको भूमिकामा उल्लेख गरेअनुसार **शिखा** प्रसाई लिखित प्रथम उपन्यास हो र प्रकाशनका दृष्टिले चाहिँ तेस्रो उपन्यास हो ।) उपन्यासमा सामाजिक विषयवस्तु, ग्रामीण तथा सहरिया मिश्रित परिवेश, सामान्य शिक्षित तथा विशिष्ट शिक्षित परिवारको पृष्ठभूमि, पारिवारिक तथा सामाजिक जीवनका विषयहरूको केन्द्रीय भूमिमा रचित उपन्यास हो– **शिखा** । ग्रामीण, अर्द्धसहर र सहरका पर्यावरणहरूको दोसाँधमा बितेका छन्– यस उपन्यासका पात्रका दिनहरू । यस उपन्यासले पूर्वी नेपालको तराईमा पर्ने सहर विराटनगर र त्यस आसपासको ग्रामीण परिवेश अनि त्यसको आवहवामा केन्द्रित प्रस्तुत उपन्यास आरम्भतिरबाट लगभग असी प्रतिशत अंश आञ्चलिक सन्दर्भमा तयार भएको आभास हुन्छ । यस उपन्यासको आधारमा प्रसाईको उपन्यास सृजन चेतनामा आञ्चलिक चिन्तनतर्फ पनि अपरिचित छैन भन्ने सन्दर्भको साक्ष्यका रूपमा उपन्यासलाई गति प्रदान गरिएको छ । पारिवारिक वृत्तबाट आरम्भ भएको उपन्यासको सन्दर्भ यहाँ विषयको अवस्था आत्मसात् गर्न

सक्षम छ । यसले उपन्यासमा एकातर्फ स्थानीय प्रसङ्ग प्रस्तुत भएको छ भने अर्कातर्फ मनोवैज्ञानिक दृष्टिले वैश्विक रङ्ग पनि उपयोग भएको अवस्था छ ।

उपन्यास जीवनको प्रवाहलाई धीमा गति प्रदान गर्ने सिर्जनात्मक लेखन हो । यसमा स्रष्टा पर्यटकीय गतिमा बिस्तारै निरीक्षण र अनुवीक्षण गर्दै र कतै विश्राम गर्दै प्रकृतिको आनन्द र पीडा आत्मसात् गर्दै बढ्नु उपन्यासको धर्म हो । सिङ्गो जीवनको आयतनलाई विषययोजनाका आयाममा वितरण तथा व्यवस्थापन गरेर विषयमा निहित संवेदना व्यवस्थापन गर्ने अभिलक्षणहरू उपन्यासका आधार मानिन्छन् । यिनै मानकताका आधारमा उपन्यासकार प्रसाईको सृजनकर्मले गति लिएको स्थिति छ । यसभन्दा पहिलेका उपन्यासमै आफ्नो हैसियत आर्जन गर्न सफल बनेकी स्रष्टाको साक्ष्यका रूपमा **विश्वामित्र** र **रनमाया** उपन्यासहरूले आफ्नो ध्वजा फहराइसकेका छन् । यसपछिको स्थितिमा मात्र सार्वजनिक भएको कृति हो– **शिखा** उपन्यास । यस उपन्यासका प्राप्ति र सीमालाई निरूपण गर्नु सान्दर्भिक देखिएका कारण यहाँ यसलाई विवेचनाका सन्दर्भमा प्रस्तुत गरिएको छ । यसका आख्यानवृत्त, पात्रयोजना र यौन तथा वैचारिक सन्दर्भलाई व्यावहारिक सीमाभित्र विवेचना गर्नेतर्फ केन्द्रित गर्नु सान्दर्भिक रहेको देखिन्छ ।

### २. उपन्यासको आख्यानवृत्त

उपन्यासको मुख्य नारी पात्र शिखा हो । उसकी भर्खरै तल्लो कक्षामा अध्ययन गर्न लागेकी छोरीले सुन्दरतासम्बन्धी उत्सुकतालाई विषयको केन्द्र बनाएर 'राम्रो भनेको के हो ?' भनेर आमासँग अनायासै गरेको प्रश्नका निम्ति शिखाले पनि अनायासै 'राम्रो भनेको मन हो सानू !' भनेर दिएको उत्तरमा शिखाकी छोरी सानु र मनको सुन्दरता एकैसाथ समायोजित भएको छ । यस उत्तरको अवधारणामा सानो नै सुन्दरताको प्रतीकात्मक अभिव्यञ्जन हो भन्ने मनस्तलको

कुरा उद्घाटन भएको छ । यसरी सहज र संवेद्य रूपमा उठान भएको विषयबाट उपन्यासको आख्यान प्रारम्भ भएको छ । जम्मा तेइसओटा प्रकरणमा बाँडिएको प्रस्तुत उपन्यासलाई 'एक', 'दुई' लगायतका 'तेइस' सम्मका अक्षराङ्कित सङ्ख्याका आधार निर्धारण गरिएका छन् र तिनै प्रकरणमा कथाको निर्धारण भएको स्थिति छ । प्रत्येक प्रकरणहरू कथाको प्रवाहमा आउने व्यवधानको पटाक्षेपणका निम्ति प्रकरणबाट विच्छेद गरिन्छ र पुन: त्यसै कथाको निरन्तरताका निम्ति नयाँ प्रकरणको गतिलाई प्रवाहित गरिन्छ । यस उपन्यासमा पनि त्यही काम भएको छ ।

'एक' सङ्ख्यालाई शीर्षकको व्यवस्था गरिएको पहिलो प्रकरणमा माथिको सन्दर्भका आधारमा कथाको उठान गरिएको छ । यहाँ शिखाको परिवारको परिधिमा जोडिन आएका विपरीत लिङ्गीय पात्र शिखाकै पति र उनीहरूकै घरमा डेरा गरेर परिवारको सदस्यवत् बनेर बसेको रवि, समलिङ्गीय तर बालपात्र आफ्नै केन्द्रीयतामा उपस्थित सानू र उसका साथीहरूसमेतको उपस्थापन गरेर कथाको आरम्भ गरिएको छ । यसरी व्यवस्थापन गरिएको पहिलो प्रकरणमा छोरी सानूको प्रश्नसँग जोडिएको सौन्दर्य चिन्तनमा घोलिएको मानसिक प्रतिक्रिया सानू, उषो, निशा आदि पात्रको उपस्थितिमा भएको संवादका आधारबाट प्रवेश भएको कथा ती तन्तुले गति प्राप्त गर्दै जाँदा अगि बढेको छ ।

'दुई' सङ्ख्याको शीषर्क दिइएको दोस्रो प्रकरणमा सहरको पर्यावरण, शिखाको पति अर्थात् सानूको बाबा र नजिकैको अर्को कोठामा डेरा गरेर बस्ने पात्र रविसमेतको उपस्थिति अनि दुवैको जागिरेजीवनको सन्दर्भको स्पर्श गरेर यस प्रकरणको आरम्भ भएको छ । विवाहपूर्वको रोमान्टिक परिकल्पनाको सुख र अब बिहापछिको एकरसतापूर्ण जीवन अनि पतिको व्यस्तताले जन्माएको मनोनिरसता, अरु छोरी पनि जन्मिइसकेपछिको ऐकान्तिक र वितृष्णाका मानसिक

भावहरू कताकता पीडाको स्थितिमा प्रवर्तन बन्दै गएको जीवनको स्थिति, पतिको अनुपस्थितिमा कोठामा बस्ने रवि पात्रप्रति आविर्भाव भएको मनोमोह यस उपन्यासको विषयका रूपमा निर्माण भएर आख्यानको रूप लिन पुगेको सन्दर्भ यहाँ विषय बनेको छ । नारी र पुरुषका निम्ति निकै विभेदकारी संस्कार बोकेको यस नेपाली समाजमा नारीले भोग्नुपरेका पीडा र दमनका सन्दर्भहरू यहाँ विषय बनेर तर अमुखर रूपमा आएका छन् । यस प्रकार जन्मेका द्वन्द्वमा शिखाले पनि आफ्नो पति सत्यनारायणप्रतिको निष्ठा र रविप्रतिको आकर्षणका बीचको सम्बन्धलाई तनावको रूपमा सामना गर्नुपर्ने स्थितिको उपस्थापन गरेर यो प्रकरण अन्त भएको छ ।

'तीन' सङ्ख्या उल्लेख भएको तेस्रो प्रकरणको विषयमा शिखाकी छोरी बिरामी परेका कारण उपचारका निम्ति डाक्टरकोमा लानुपर्ने र विराटनगरको नजिकैको गाउँको कच्चा बाटोबाट रिक्सा चढेर रविका साथ यात्रा गर्दाको परपुरुष शरीरस्पर्श संवेदनानुभूतिलाई यौनका अनुतरङ्गका तहमा शिखाले अनुभव गरेकी छ । यस्ता संवेदनाहरू भोग्नुपर्दा र छोरीको उपचारमा जुट्नुपर्दा आएका स्थितिहरू यहाँ विषयका आधार बनेका छन् । आफ्नै पिता सत्यनारायणबाट अपेक्षित वात्सल्य प्रपूर्ति हुन नसकेका कारण रविप्रतिको सानूको अज्ञात मानसिक आकर्षण स्वचालित बालमनस्तलमा जाग्रत भएको छ । यस स्थितिले जन्माइदिएका मानसिक समस्याका बिम्बहरू यहाँ आख्यानका विषय बनेका छन् । रविको डाक्टरी उपचार त नाम मात्र हो, रविको न्यानो र स्नेहालु काखको स्पर्श नै औषधि बनेको सन्दर्भ पनि यहाँ विषयका रूपमा प्रकट भएको छ ।

आमा बिरामी भएको खबर पाएर पतिले कामत अर्थात् गाउँको घरमा जानुपरेको स्थिति र यता छोरीसमेत बिरामी भएको सन्दर्भले थपेको तनाव र रविप्रतिको अज्ञात सम्मोहन बनेको स्थितिमा शिखा निकै तनावग्रस्त देखिएकी छ । रविको बिहाको सन्दर्भ आउँदा

उनको गाउँमै बिहा भइसकेको र पत्नी अर्कै केटासँग पलायन भइसकेको सन्दर्भ पनि चर्चामा आएको र पुनर्विवाहको प्रस्ताव पनि आउने गरेको प्रसङ्गले शिखाको मनमा त्यस अज्ञात तर रविको जीवनमा जोडिन आउने केटीप्रति विद्वेषको भावमा शिखाको अचेतन पिरोलिएको स्थितिले यहाँ अचेतनमा यौनले प्रभावित तुल्याएको र सानू रविप्रतिको आकर्षणमा त्यो आउने रविपत्नी सौतेनी आमा बन्ने सम्भावनाको चोट प्रकट भएर यो प्रकरण समाप्त भएको छ ।

'पाँच' शीर्षक उल्लेख भएको पाँचौं प्रकरणमा सानूमा रहेको बालसुलभ चञ्चलताका आधारमा केटाकेटीमा रहने स्वभावको उपस्थापन गरिएको छ । सानूले रविको कोठामा गएर गरेका उपद्रवलाई लिएर रविले गरेको गाली यहाँ विषय बनेको छ । गालीलाई लिएर रुँदै आएकी छोरीको व्यवहारमा रविप्रति रुष्टता देखिएको सन्दर्भ प्रकट भएको छ । यसमा बालसुलभ कोमलता र स्वाभाविक विद्रोहको मायालु स्पर्श विषयको कथ्यका रूपमा अभिव्यञ्जित भएको छ । शिखाको पति अर्थात् सानूको बाबा एकातिर आमा बिमारी भएका कारण गाउँमा जानुपरेको र अर्कातर्फ केही मात्र सन्चो हुन थालेकी छोरी सानू रविसँग रुष्ट बनेको सन्दर्भ यहाँ प्रस्तुत भएको छ । स्वचालित मनको उत्प्रेरणाबाट अनायासै शिखाको आलिङ्गनमा बाँधिन आएको रविको व्यवहारबाट सचेत मनमा आतङ्कित बन्न पुगेकी शिखाको व्यवहारले अचेतन मनोबिम्बको उद्घाटन गरेर प्रकरण अन्त गरिएको छ ।

'छ' शीर्षकमा तयार भएको छैटौं प्रकरणमा रुन्चीकी आमाको अवस्था प्रस्तुत भएको सन्दर्भ पनि यहाँ उपन्यासका विषयमा समाज र परिवार तथा पतिबाट पनि उपेक्षित बनेकी रुन्चीकी आमाको जीवनचर्या पनि यहाँ प्रकट भएको छ । पतिको उपेक्षाबाट प्रताडित रुन्चीकी आमाले आफ्नो पतिलाई छोडिदिएमा शान्ति हुन सम्भव हुन्छ भन्ने शिखाको सल्लाहलाई स्विकार्न नसक्ने रुन्चीकी

आमाले पतिविहीन भएर बाँच्ने महिलालाई सहज नहुने धारणा उसले प्रकटमा ल्याएको स्थिति छ । यसले यहाँ विषयको रूप प्राप्त गरिरहँदा पुरुषप्रधान समाजको बिम्ब पनि अनावृत भएको छ । यहाँ नारीले लोग्नेको प्रताडनाको सिकार बन्नुपर्ने नेपाली समाजको विडम्बना रुन्चीकी आमाले भोग्नुपरेको पीडाका माध्यमबाट सार्वजनिक भएको छ ।

'सात' शीर्षकमा रचित सातौँ प्रकरणमा शिखाको पति कामतबाट आइपुगेका स्थितिमा एकातर्फ आमाको स्वास्थ्यमा केही सुधार आएको खुसी र अर्कातर्फ आफ्नै पारिवारिक वृत्तमा आइपरेको क्यान्सरजस्तो घातक बिमारको आक्रमणको भयावह समाचारले ल्याएको दारुण पीडा यहाँ विषयको रूपमा प्रकट भएको छ । कारण शिखा, शिखाको पति र शिखाको नन्देभाइ अर्थात् शिखाकी नन्द कृष्णाको पति शङ्कर उक्त बिमारबाट आक्रान्त भएको स्थितिले जन्माएको सन्दर्भ यहाँ विषयका रूपमा प्रकट भएको छ । कक्षामा शिक्षकले राम्रो भनेको दृष्टि हो र तृप्तिको अनुभूति भनेको मन हो । यस प्रकरणका विषयले उपन्यासको उपस्थापन गरिसकेको स्थिति देखिन्छ ।

'नौ' शीर्षकमा लेखिएको नवौँ प्रकरणमा पनि शिखाको मानसिक तनावमा रहेको विषयलाई यहाँ आख्यानीकरण गरिएको छ । शिखामा रहेको किशोर जीवनकालका सन्दर्भमा पनि यहाँ विषयको मनोवेदनाको उपस्थितिको अवस्था प्रकट भएको देखिएको छ । धेरै दिनपछि फेरि रविको उपस्थितिमा कथा आइपुगेको स्थिति देखिन्छ । पत्नीको पलायनपछि विचलित मानसिकताको सिकार बनेको स्थितिमा आफूप्रतिको रविको आकर्षण मर्यादाबाहिरको विषय हो भन्ने कुरा शिखा स्वयम्ले स्थापना गर्दै गरेको स्थितिमा पुगेर यस प्रकरणको अन्त भएको छ ।

'दस' शीर्षकमा रचित दसौँ प्रकरणमा शिखाको नन्देभाइ अर्थात् कृष्णाको पति शङ्करको क्यान्सरबाट भएको निधन र कृष्णाको वैधव्य जीवनको अवस्था यहाँ दारुण पीडाको विषय बनेर प्रकटमा आएको छ । यसै स्थितिमा रविको पनि प्रस्थान भएको छ र छोरी सानू पनि विद्यालय जाने स्थितिमा पुगेकी छ । शिखा आफ्नो मानसिक तहमा स्थान लिन आएको रवि बसेको कोठा अरू कसैलाई भाडामा नदिई खालि नै राख्ने स्थितिमा देखिन्छे । रवि बसेको कोठामा विधवा नन्द कृष्णा बस्न आए पनि त्यो कोठामा रविको अव्यक्त उपस्थिति देख्ने शिखाको अचेतनले रविको गमनलाई स्विकार्न सकेको छैन । पति सत्यनारायणको पारिवारिक जीवनमा कताकता तिक्तताको आस्वादन थपिएको हो कि भन्ने सन्दर्भ पनि यहाँ उपस्थित भएको देखिन्छ ।

'एघार' शीर्षकमा तयार भएको एघारौँ प्रकरणमा शिखा र उसकी मित्र उषोको आगमन र यिनीहरूको परस्परको भेटबाट उपन्यासको कथाले गति प्राप्त गरेको देखिन्छ । रविसँगको आन्तरिक आकर्षणको सन्दर्भ शिखाले उषोसमक्ष उद्बोधनको रूप नदिँदानदिँदै पनि प्रकटमा आउन खोजेको स्थिति यस प्रकरणको कथ्य बनेको छ । शिखा र रविको आन्तरिक आकर्षण संयमको सीमाबाट अतिक्रमित हुन नपाएको सन्दर्भ पनि यहाँ प्रणय र दाम्पत्य जीवनका सुख र संयमका बीचको विमर्श बनेर आएको छ । जीवन प्राप्ति र अप्राप्तिका बीचमा गरिएका सम्झौतामा पुगेर टुङ्गिने विषय हो । यसै स्थितिको निष्कर्ष दिएर प्रस्तुत प्रकरण समाप्त भएको छ । काठमाडौँबाट आएकी उषो केही समय शिखाको सम्पर्कमा रहेर फिर्ता भएको र कृष्णा वैधव्यको आवरण बोकेर शिखाको संरक्षणमा जोडिन आएको सन्दर्भ प्रस्तुत गरेर यो प्रकरण अन्त भएको छ ।

'बाह्र' शीर्षकमा तयार भएको बाह्रौँ प्रकरणमा कृष्णाको वैधव्यले शिखाको मानसिक तहमा जन्माएको पीडाको संवेदना यहाँ

जीवनबोधको दारुण अर्थ प्रक्षेपण गर्न सफल बनेको छ । जीवनको वरिपरि पीडाको गहिरो प्रताडना र परिस्थितिको मौलाइ पनि सहज हुनका लागि गरिएका प्रयत्नहरू पनि यस प्रकरणका विषयकै रूपमा उपस्थित भएका छन् । कृष्णाले पुनर्विवाह गरेर जीवन भोग्नुपर्ने शिखाको प्रस्तावको विपरीत कृष्णाले विद्यालय खोलेर विद्यार्थीमा शिक्षा प्रदान गरेर जीवनयापन गर्ने सङ्कल्प लिएको सन्दर्भ यहाँ प्रस्तुत भएको देखिन्छ । शिखा र कृष्णाका आफ्नै दृष्टि विस्तारित भएको सन्दर्भ यहाँ प्रकटमा आएको स्थिति देखिन्छ ।

'तेह्र' शीर्षकमा लेखिएको तेह्रौँ प्रकरणले तृष्णा र शिखाको मिलनको सन्दर्भ निकै विशिष्ट संवेदनाको विषय बनेर प्रकटमा आएको छ । रविबाबू, उनकी नवदुलही र आमा मरेका कारण सौतेनी आमाबाट पनि अपेक्षित माया प्राप्त गर्न नसकेकी रविकी पहिली पत्नीतर्फकी टुहुरी एक छोरीसहितको प्रवेशले शिखाको चिन्तनमा नयाँ कौतुक जन्माइदिएको छ । आमाको संवेदित मनमा रविकी छोरी पनि आफ्नै छोरी सानूको स्वरूपमा प्रतिस्थापित बनेर शिखाको मनोजगत्मा प्रवेश भएको स्थिति देखिएको छ । अर्काको पति बनेको रविप्रतिको आकर्षणमा अझ पनि वितृष्णा आउन नसकेको र रविको पुनरागमनले उही संवेदनालाई बल्झाइदिएको स्थिति यस प्रकरणमा नितान्त संवेगको विषय बनेर उपस्थित भएको छ । केही समय विराटनगरको गर्मी खाएर फर्किएपछि पनि शिखामा रविको उपस्थितिको झस्काले नछोडेको विषयलाई यहाँ विषयको रूपमा उपस्थिति गराएको देखिन्छ ।

'चौध' शीर्षकमा तयार गरिएको चौधौँ प्रकरणमा शिखा र उसको मामाको उपस्थिति, मामाको विधुर जीवन र नन्दको वैधव्यको स्थितिले शिखालाई निकै पिरोलेको छ । नेपाली समाजमा यदाकदा हुने गरेका यस्ता पात्रको पुनर्विवाह भएजस्तै यहाँ पनि बिहा भइहाल्ला कि भन्ने सन्दर्भले पनि यहाँ मनोद्वेग जन्माइदिएको छ । तर मामाले

अर्कै केटीसँग गरेको पुनर्विवाह र त्यसको नवदाम्पत्य जीवनमा आमग्न बनेको सन्दर्भ पनि यहाँ विषयका रूपमा आएको छ । यस पुरुषसमाजको विडम्बना पत्नी मरेको केही दिन पनि नबित्दै पुरुषले नवदुलही भित्र्याउने र पतिको निधन भएमा पत्नीले चाहिँ आजीवन वैधव्य जीवन भोग्नुपर्ने विकृत संस्कृतिको संवेदना यहाँ विषयको स्थानमा स्थापित बनेको छ । यस प्रकरणमा नेपाली समाजको पुरुषप्रधान संस्कृतिप्रति सूक्ष्मतम व्यङ्ग्य प्रकट गरिएको छ ।

'पन्ध्र' शीर्षक अङ्कित भएको पन्ध्रौँ प्रकरणमा रविको पुनरागमन, रविकी पत्नी तृष्णासँगको भेटमा जीवन सम्झौता र सन्तुष्टिमा भोगिने र तृप्त हुनैपर्ने विषय हो भन्ने सन्दर्भ प्रस्तुत भएको छ । तापसी र उषोसमेतको उपस्थिति अनि जीवनका संयम तथा अनुभूतिका समाहितिहरू समेटिएको सन्दर्भ पनि यहाँ प्रकट भएका छन् । वैयक्तिक कारणले शिखा काठमाडौँ पुगेका सन्दर्भ पनि यसै प्रकरणको विषय बनेको छ । रवि र तृष्णा, तापसी र उषोलगायतका पात्रहरूको उपस्थितिमा काठमाडौँको छोटो बसाइले प्रदान गरेको आकर्षण र विकर्षणको द्वन्द्व उपन्यासको यसै प्रकरणको विषयका रूपमा उपस्थित भएको स्थिति छ । जीवनको भोग, भावना र यथार्थ दुवै पक्षको योगबाट अनुभव गरिने विषय हो । जीवनमा पनि यस किसिमको परिस्थितिसमेतको सम्झौताबाट मात्र पूर्णता प्राप्त हुन्छ भन्ने बोध हुने कुरा यहाँ रविका कथनबाट प्रकटमा आएका छन् ।

'सोह्र' शीर्षक उल्लेख भएको सोह्रौँ प्रकरणमा काठमाडौँको बसाइमा आफ्ना मामामाइज्यू र मामाघरकी हजुरआमा, आफ्ना बाल्यकालदेखिका मित्र र अरू पनि स्वजनहरूसँगको आपसी भेटघाट तथा रविबाबू र उनका परिवारहरूसँगको भलाकुसारीसम्बन्धी कार्यको समापन भएपछि शिखाले विराटनगर फर्किन गरेको तर्खर प्रत्यावर्तन यहाँ प्रस्तुत भएको छ । काठमाडौँ आउनुका उद्देश्यहरू परिपूर्ति भएपछि घर फर्किने क्रममा रात्रिबसको यात्रामा भएको दारुण कुकृत्य

यहाँ चर्चा भएको स्थिति देखिन्छ । सँगैको सिटमा एक निकै प्रौढ बनेका पुरुषसँगको सहयात्रामा बाहिरबाट भलाद्मी देखिने पुरुषको महिलाप्रतिको कुकृत्यको पीडा बेहोर्नुपरेको सन्दर्भ पनि यहाँ प्रकट भएको छ ।

'सत्र' शीर्षक भएको सत्रौँ प्रकरणमा कृष्णासँगको रेखदेखमा घरैमा छोडेकी छोरी सानू, पति सत्यनारायण र सासूसमेतको जिम्मेदारी बोध गर्ने शिखाले फर्किने समयमा तापसीसँग बिदा माग्न प्रयत्न गरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । तापसी र उषोको उपस्थिति, उनीहरूको जीवन भोगका प्रसङ्ग तथा भावी योजनाका निर्णयहरू पनि यहाँ प्रकट भएका छन् । शिखा फर्किने निर्णय गरेर भोलिपल्ट नै प्रत्यावर्तनको तयारीमा रहेको बेलुका शिखा र उसका सबै साथीको मनमा भोलि हुने शिखाको प्रत्यावर्तनले जन्माइदिएको वियोगव्यथाले थपेको चिन्ताको वर्णन यहाँ प्रकट भएको छ ।

'अठार' शीर्षकको अठारौँ प्रकरणमा शिखा विराटनगरको नजिकै रहेको उनीहरूको कामतमा सासू र सानू समेतसँग भेट्न पुगेको सन्दर्भ यहाँ विषय बनेको छ । सानू गाउँमा पुग्नासाथ बिरामी परेका कारण विराटनगर फिर्ता आएको विषय पनि यहाँ प्रस्तुत छ । सानूलाई लिएर अस्पतालका निम्ति प्रस्थान गरेको स्थितिमा नदीमा शिखा लडेको र उसले बोकेको झोला पनि बाढीमा बगेर गएको सन्दर्भ र सँगै आएको हजामले बचाएर ल्याएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । आमा र सानूसमेत भएर डाक्टरको उपचार गरिएको, सानूको बिमारी बिसेक भएको सन्दर्भले यहाँ विषयको स्थान पाएको छ । सानूलाई सीधै डाक्टरकोमा पुऱ्याएर सहरको घरमा आउँदा सानूको बाबा घर आइनपुगेको स्थितिले शिखामा निकै उदासीनता जन्माएको विषय यहाँ उपस्थित भएको छ ।

'उन्नाइस' शीर्षकको उन्नाइसौँ प्रकरणमा छोरी सानू हुर्किंदै गएको र पहिलोपल्ट रजस्वला भएका सन्दर्भले विषयको स्थान

लिएको छ । यहाँ शिखाका मनमा आफू पहिलोपल्ट रजस्वला हुँदाको समयका सामाजिक मूल्य र त्यसका परिधिमा टिकेका प्रचलनहरू सानू पर सरेको आजका स्थितिले आफ्नो स्मृतिमा बल्झाइदिएको छ । सानूमा बिस्तारै कैशोर्यको प्रवेश भएको र बाबुसँगको आकर्षण यहाँ प्रकट भएको छ । आजको सानूको उपस्थिति देख्दा शिखा आफ्नो विगतको स्मृतिमा अनूदित बन्न पुगेको सन्दर्भमा यहाँ विषयका रूपमा स्थापित भएको स्थिति देखिन्छ । बिस्तारै आफूप्रति वितृष्णा बढ्दै गएको सन्दर्भ शिखाको व्यवहारमा प्रकट भएको पाइन्छ ।

'बीस' शीर्षकमा लिखित बिसौँ प्रकरणमा तयार भएको सानू, सुजाता, बाबु, जयन्द्र आदि पात्रको उपस्थितिमा छ । शिखाले भारतीय शिक्षण संस्थाबाट प्राप्त नक्कली प्रमाणपत्र चर्चाको विषय बनेको छ । अनि यस्ता प्रमाणपत्रको उपादेयता शिक्षक बनेर उपयोग गरिनुपर्ने शिखाका मामाले आफूलाई दिएको सल्लाह यहाँ विषयको प्रस्तुति बनेको छ । नेपालको शिक्षामा घुन बनेर घुसेको भारतीय नागरिक जयन्द्रले नेपालतर्फका विद्यार्थीहरूलाई नक्कली शैक्षिक प्रमाणपत्र वितरण गरेको सन्दर्भ पनि यहाँ टिठलाग्दो पाराले प्रकटमा आएको छ ।

'एक्काइस' शीर्षकमा तयार भएको एक्काइसौँ प्रकरण सुजाताकी आमा निकै छिप्पिएको उमेरमा पोइल गएको र रुन्ची अत्यन्त दारुण अवस्था भोगेर बसे पनि सुजाताचाहिँ पोइल गएको स्थितिको साक्षी बनेको सन्दर्भ यहाँ अऊ मार्मिक स्थितिमा प्रकटमा आएको अवस्था वर्णित छ । हिजोसम्म आफ्नो मात्र प्रिय ठानिएकी छोरी सानू पनि अब निकै परपर हुँदै गएको सन्दर्भ पनि यहाँ शिखाका निम्ति वितृष्णाको कारक बन्दै गएको अवस्था यस प्रकरणको विषय बनेको छ । शिखाले आफू निकै वार्द्धक्यमा पुगेको अनुभूति आत्मसात् गर्न लागे पनि बाहिरबाट भने त्यस्तो अवस्था नदेखिएको सन्दर्भले यो प्रकरण समाप्त भएको छ ।

'बाइस' शीर्षकमा सृजित बाइसौँ प्रकरणमा सानू र उसका बाबुको अचेतनमा विपरीत लिङ्गीय पितृरति प्रणय ग्रन्थिको चेतना अचेतनमै आविर्भाव भएको स्थिति देखिएको छ । पितापुत्रीका बीचमा विकसित हुने इलेक्ट्रा कम्प्लेक्सको उपस्थापनले उपन्यासमा यौनमनोविज्ञानको भावना आविर्भाव भएको सन्दर्भ यहाँ विषय बनेर प्रकटमा आएको छ । आमालाई सहरका घरमा एक्लै छोडेर बाबु सत्यनारायण र छोरी सानू कामतको घरतिर जाने निर्णय गरेका सन्दर्भले माथिको मनोविज्ञानको सन्दर्भ विषयका रूपमा प्रतिष्ठापित भएको छ ।

'तेइस' शीर्षकमा लेखिएको तेइसौँ प्रकरण यस उपन्यासको अन्तिम प्रकरण हो । यो प्रकरण निकै पटाक्षेपित बनेको स्थितिमा तयार भएको छ । पारिवारिक पर्यावरणमा आएको असन्तुलनका कारण वितृष्णा बोध गरेकी शिखा अनायासै हरिद्वार पुगेकी छ । शिखा त्यहाँका साधुबाट बलात्कृत बन्न पुगेको सन्दर्भ निकै कष्टकर बनेर प्रकट भएको छ । त्यस पवित्र मानिने स्थलमा पनि नारीको सुरक्षा हुन नसकेको सन्दर्भ यहाँ आएको छ । निष्कर्षमा पुग्दा सुरक्षाका निम्ति नारीको शोषणमा नारी नै दलाल बनेको र अर्की नारीले सुरक्षा गर्नुपरेको सन्दर्भमा पुगेर उपन्यास अन्त भएको छ । यसरी प्रस्तुत उपन्यासले आफ्नो आख्यानवृत्तलाई उपसंहारको तहमा पुऱ्याएको छ ।

### ३. प्रणय र यसप्रतिको वितृष्णा भाव

उपन्यासले लिएको जीवनको गतिमा यौन र मनोविज्ञानको उपस्थिति रहेको देखिन्छ । यस उपन्यासका आयतनभरि समलैङ्गिक विषयको चिन्तन र यस विषयको भोक्ता बनेर आएका प्रमुख पात्रहरूमा नारीका रूपमा शिखाको उपस्थिति रहेको छ । शिखाको परिधिमा शिखाकी सासू, शिखाकी छोरीसमेत तीन पुस्ताका बीचमा आउन सक्ने पात्रहरू पनि यहाँ भोक्ताका रूपमा उपस्थित बनेका

छन् । शिखाको सम्पर्कमा आएकी रुन्चीकी आमा, शिखाकी नन्द कृष्णा, रविबाबूकी पत्नी तृष्णा, उषो, तापसी, सुरैया, अम्माबहिन, दयालु पन्जाबी आमालगायतका नारीहरूको उपस्थिति शिखाका निम्ति समलिङ्गी विकर्षण बीजको उपस्थिति यहाँ पात्रविधानका दृष्टिले प्रस्तुत गरिएको छ । शिखामा रहेको नारी भावले अरूअरू नारी पात्रमा विद्वेष भावको उपस्थिति उपन्यासमा मनोवैज्ञानिक समस्याको विषय बनेर उपस्थित भएको देखिन्छ । यिनमा कतै प्रणयको समलिङ्गी आकर्षणभित्र सुषुप्त क्षोभ र ईर्ष्या र कतै विकर्षणभित्र नैतिक सदाचारको औपचारिक आकर्षण रहेको सन्दर्भ यहाँ विषयका रूपमा प्रस्तुत भएको छ ।

रवि मञ्चीय पुरुष पात्रका रूपमा केन्द्रीय भूमिकामा रहेको छ र उसका परिधिमा अनेक पुरुष पात्रहरूको उपस्थिति रहेको छ । रविको परिवृत्तमा सानूको बाबा, कृष्णाको पति अर्थात् शिखाको नन्देभाइ, शिखाका मामा, जयन्द्र मास्टर, हजाम, काठमाडौँको यात्रा टुङ्ग्याएर रात्रिबसबाट फर्किंदा सँगैको सिटमा यात्रा गर्ने पुरुष पात्र र हरिद्वारमा पुगेको स्थितिमा शिखामाथि बलात्कार गर्ने साधुजस्ता पात्रहरूको उपस्थितिमा उपन्यासले गति ग्रहण गरेको छ । पुरुषपुरुषका बीचको विकर्षणभित्र रहेको आन्तरिक रोष पनि यहाँका पात्रहरूमा बीज बनेर रहेको छ । त्यस्तै आकर्षणको औपचारिक सीमाभित्र पनि सुषुप्त रूपमा विकर्षणको दावानल सल्किरहेको अवस्था पनि उपन्यासका भोक्ताका हृदयमा रहेको देखिन्छ । समाजका सामान्य पुरुषको उपस्थितिमै निर्माण भएको चारित्रिक उपस्थितिमा यस उपन्यासका पात्रहरूको जीवनभोग प्रस्तुत भएको छ । मध्यवित्त परिवारको जीवनचर्या, आर्थिक र सांस्कृतिक जीवनको उपस्थापन नै यहाँ उपन्यासका नारीपुरुष भोक्ताका रूपमा सार्वजनिक भएको स्थिति देखिन्छ ।

समलिङ्गीय पात्रको बीचको विकर्षणको ठीक विपरीत विषमलिङ्गीय पात्रका बीचको आकर्षण जीवन्त ढङ्गले प्रकट

भएको स्थिति देखिन्छ । शिखा र रविका बीचमा रहेको विपरीत लैङ्गिक आकर्षण शिखा र सानूका बाबाका बीचको विपरीत लिङ्गीय सम्बन्ध तुलनात्मक दृष्टिले विकर्षणको चरम बिन्दुमा देखिएको छ । तर पारस्परिक विपरीत लैङ्गिक आकर्षणमा पितृरतिप्रणय ग्रन्थिको संवेग प्रकटमा आएको स्थिति देखिन्न्छ । थाहै नपाई आकर्षण र विकर्षणका द्वन्द्वको सिकार बनेका र भित्रभित्र दावानल दहनले पिरोलिएका पात्रहरूको उपस्थितिका आधारमा यहाँका पात्रको मनस्थिति निर्माण भएको छ । सांस्कृतिक मर्यादाको सीमामै व्यवहार गर्दागर्दै पनि स्वचालित मनको प्रभावका कारण यस उपन्यासका पात्रहरू कतै सामाजिक औपचारिकताका कारण रुन्चीकी आमाजस्ता नारी पात्रहरू पतिबाट प्रताडित बनेर जीवन धान्न विवश छन् र कतै पतिको निधन भएका कृष्णाजस्ता वैधव्यको सिकार बनेर जीवन धान्न विवश बनेका छन् । कतै साधुको आवरणमा शिखाजस्ता नारीहरू बलात्कृत हुन पनि विवश छन् भन्ने निष्कर्ष यहाँ प्रकटमा आएको छ । कतै पत्नीको निधन भएको महिनादिन पनि नबित्दै नवदुलही भित्र्याउन हतारिएका पुरुषहरूको उपस्थिति पनि यहाँ उपस्थापन गरिएको छ ।

आपराधिक यौनवृत्तिको विक्षिप्त मानसिकता भएका पुरुषहरूको पनि यहाँ उपस्थिति देखिन्छ । त्यसो त यहाँ नेपाली समाजको आफ्नै मर्यादा र सीमाको व्यवहार निर्वाह गर्न शिखा आफू सतर्क रहँदारहँदै पनि उसमा रहेको स्वचालित मनोवृत्ति रविप्रतिको आकर्षणमा कतै सीमातिक्रमणको अवस्थामा पुग्ने त होइन भन्ने स्थिति पनि आउन खोजेको देखिन्छ । रात्रिबसको सहयात्री बनेर आएको पुरुष पनि आपराधिक यौनको पाशविक बिम्ब बनेर प्रस्तुत भएको छ । त्यस्तै साधुको वेशमा रहेका यौन अपराधी पुरुषको आचरण पाशविक यौनवृत्तिको प्रतीक बनेर उपस्थित भएको छ । पत्नीमाथि दानवीय आक्रमण गर्ने पति र पत्नीमा प्रतिशोधको हैसियत देखाउन नसक्ने नारीको अवस्था पनि यहाँ देखिएको छ । त्यस्ता हिंसाका कारक

बनेका पतिलाई छोडेर पोइल जाने पत्नीको आचरण पनि विषय बनेर उपस्थित भएको छ । यिनले मान्छेमा रहेको सचेत र असचेत मानसिकताको उपस्थिति आवश्यकताअनुसार प्रकटमा ल्याइएको स्थिति देखिन्छ । नैतिक, आर्थिक, शैक्षिक र यौनिक अपराधका अनेक सन्दर्भहरूमा व्याख्या हुने मनोवृत्तिको स्थिति यहाँ उपन्यासभरि नै वितरण भएको अवस्था छ ।

### ४. मानसिक स्थितिको उपस्थापन

उपन्यासकार प्रसाईको मूलभूत विशेषता बनेको मनोवृत्तिको आधारमा पात्रको क्रियाकलाप प्रस्तुत गर्नु हो । कतै नारी मानसिकताको सहज र स्वाभाविक प्रस्तुति देखिन्छ भने कतै पुरुष पात्रको मनस्थितिको स्वाभाविक प्रस्तुति प्रयोगमा आएको देखिन्छ । त्यस्ता विशिष्ट क्षणहरूलाई कतै पारस्परिक कथनका माध्यमबाट प्रकटमा ल्याउने काम भएको छ भने कतै एकालापीय कथनमा र कतै भने मानसिक आलोडनमा मात्र प्रकटमा ल्याउने गरेको स्थिति उपन्यासका विभिन्न सन्दर्भमा प्रकट गरिएको देखिन्छ । त्यस्ता स्थितिहरूलाई सूक्ष्म ढङ्गले निरूपण गर्न सकिन्छ । यहाँ वर्गीय दृष्टिले सम्पन्न र विपन्न मनोवेग, उमेरका दृष्टिले बाल र वयस्क मनस्थिति, यौनका दृष्टिले नैसर्गिक र आपराधिक मनस्थिति र लैङ्गिक दृष्टिले नारी र पुरुष मनस्थितिमा आभिव्यञ्जित मनोगतिहरूलाई विवेचना गर्न सकिने स्थिति देखिन्छ ।

प्रणय र आत्मीयताको प्रवर्द्धन गर्न वर्गीय पक्ष पनि कारण बनेर उपस्थित हुन्छ । जीवन सार्थक वा निरर्थक बनाउन अभाव र सम्पन्नता बराबरै जिम्मेदार बन्दछन् भन्ने सन्दर्भ उपन्यासका विभिन्न कोणमा प्रकट भएको छ । त्यस्तै अभावको सिकार बनिरहेका दम्पतीमा अभावले जन्माएका अनेक रडाकाहरू यौन विकृतिका कारण बन्दछन् र घरपरिवार नै ध्वस्त हुने स्थितिमा पनि दाम्पत्य भत्काउनु हुन्न भन्ने अठोट यहाँका पात्रले प्रकट गरेको स्थिति

देखिन्छ । यस सन्दर्भको पुष्टिका निम्ति एक साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

'मेरो कुरा सुन्नासाथ ऊ केही डराएको अनुहार पारेर बोली– 'काँ' र दि उनलाई हिँड्न काँ' दिन्छन् र ? फेरि जे भए पनि लोग्नेसँग बस्दा गाउँ, समाजले कसैकी स्वास्नी भनेर इज्जत गर्छन् । भित्र जे भए पनि बाहिर हेप्न सक्तैनन् । नत्र एक्लै बसे ब्वाँसाहरू पछि लाग्न थालिहाल्छन् नि ! छोराछोरीहरूलाई पनि हिङ नभए पनि हिङ बाँधेको टालोसरह बाबुको छायासम्म त हुन्छ । भो दिदी ! अब मेरो जिन्दगी यसै बित्छ ! मलाई काल पनि छिटो आउँदैन !' (**शिखा**, २०५९/३३) ।

यस समाजका पुरुषका हैकम, महिलालाई पाकेको फल ठान्ने विकृति, महिलाको निरीहता यहाँ विषयका रूपमा प्रस्तुत भएको छ । रुन्चीकी आमाको जीवनको पीडा यस समाजमा निम्नवर्गीय जीवनको साझा पीडा हो । यस पीडाको सन्दर्भलाई उपन्यासकारभित्र निहित महिला स्रष्टाले गर्नुपरेको समस्यामूलक परिस्थितिको सामना रुन्चीकी आमाको बिम्बमा अभिव्यक्त भएको छ । नेपाली समाज पुरुषप्रधान भएका कारण नारी पुरुषको छत्रछायाबाट बाहिर पर्नासाथ असुरक्षित र अभिभावकविहीन बन्न पुग्ने सन्दर्भ पनि यस साक्ष्यले सिद्ध गरेको छ । पुरुषबाट पीडित रहेका नारीमा स्वतन्त्रताको भाव जाग्रत हुन नसकेको र पुरुषबाट उपेक्षित हुनुपर्दा जीवन नै व्यर्थ ठान्ने नारी मनोव्यथाको सन्दर्भ पनि यस उद्धरणले प्रकट गरेको छ ।

जीवनको निस्सारता अनेक कोणमा देखेकी शिखाले कतै अस्तित्व र कतै विसङ्गतिको बोध गरेकी छ । कतै अरूको पारपाचुकेमा आफ्नै पारपाचुकेको स्थिति अनुभव गरेकी छ । कतै अरूको वैधव्यमा आफैँ विधवा बन्नुपरेको स्थितिको बोध गरेकी छ । समाजले निर्धारण गरिदिएका मर्यादाका सीमाहरू केही मात्र पनि

यताउता परे भने नारीले भोग्नुपर्ने दुर्दशा उसले साम्नेमै झलझली देखेकी छ । यस्ता अनेक सन्दर्भहरू आएका छन्– उपन्यासभित्र । तिनमा एक मात्र साक्ष्य प्रस्तुत गर्नु पनि पर्याप्त हुन्छ :

'यस बेला कृष्णा कस्तो मानसिक पीडा भोगिरहेकी होली ! यौवनको खुट्किलो चढ्दै गरेकी नवयौवना, जीवनका कैयौँ सुखभोगका आवश्यकताको महसुस गर्न प्रारम्भ मात्र गरेकी छ, ऊ अब केही दिनमै विधवा हुन्छे । कानुनी रूपमा विधवाले जतिसुकै मान्यता पाए पनि समाजका आँखालाई संस्कारको रोग लागुन्जेल एउटी विधवाको जीवन उसका निम्ति नै गह्रौँ भएर बित्नेछ' (**शिखा**, २०५९/४०) ।

शिखाकी नन्दको पति क्यान्सरको आक्रमणबाट मरण निश्चित भएको क्षणमा शिखाको सामु उपस्थिति भएको भयावह सांस्कृतिक संसार यस साक्ष्यमा उभिएको छ । भर्खरको तारुण्य जीवन बोकेर नन्द कृष्णाले सिङ्गो जीवन बिताउनुपर्ने छ भन्ने दारुण पीडाबाट कृष्णाभन्दा पनि शिखा पिरोलिएकी छ । चेतनामा चिन्ता जाग्रत हुनु भीषण अभिशाप हो र चेतना नै नहुनु बरु अभिशप्त वरदान हो भन्ने मनोभाव प्रस्तुत भएको यो सन्दर्भ माथिको उद्धरणले प्रकट गरेको छ । राज्यमा आएका एकल महिलाका निम्ति अनुकूल मानिने कथित कानुनले जीवनको निस्सारतामा सार भर्न नसक्ने र सांस्कृतिक सन्दर्भ नै परिमार्जित हुनुपर्ने निष्कर्ष यस साक्ष्यले प्रकटमा ल्याएको छ ।

मानसिक तहको आकर्षण र विकर्षणको स्थिति पनि अनौठो हुन्छ । एउटै विषय, स्थिति, पात्र र क्रियाकलाप कसैका निम्ति आकर्षणको केन्द्र बन्दछ भने अर्काका निम्ति अनाकर्षणको विषय बनिदिन्छ । आचार, व्यवहार, मर्यादा र जीवन संस्कृति मन र दृष्टिको सहज सन्तुलनका आधारमा मात्र अनुकूल भइदिन्छ । मन र दृष्टिको सन्तुलन नै आकर्षणको केन्द्र हो अनि असन्तुलन नै विकर्षणको

पनि केन्द्र हो भन्ने निष्कर्ष उपन्यासभित्र जहाँतहीँ प्राप्त गर्न सकिन्छ । यस सन्दर्भको पक्षपोषणका निम्ति एक साक्ष्य प्रस्तुत गर्नु पनि सान्दर्भिक नै ठहर्छ :

'मैले तपाईंसँग नाटक गरेकी छैन, रविबाबू ! मैले त जीवनमा कुनै पुरुषले मप्रति प्रेम गरेको यो पहिलोपल्ट हो भन्ने कुराको आभास पाएकी छु । साँच्चै भनूँ भने रविबाबू ! म लोग्नेसँग नाटक भोगिरहेकी छु, नाटक बाँचिरहेकी छु र नाटक बिताइरहेकी छु । आफ्नो इच्छाविपरीत समाज र सन्ततिको निम्ति जीवन बिताउनु के नाटक होइन र ? तपाईं त मभित्रको वास्तविक यथार्थता हो । तपाईंले दिनुभएको प्रेमको सानो क्षण मलाई कर्तव्यपथमा डोऱ्याउने डोरी हुनेछ । मेरो मन सधैँ तपाईंको प्रेमप्रति लालायित छ र मलाई लाग्छ– यो प्रेम मभित्र आजीवन रहिरहनेछ । तर वास्तविक धरातलमा तपाईंको हात समातेर हिँड्ने साहस ममा छैन, रवि !' (**शिखा**, २०५९/४८) ।

मान्छेको मानसिकता अज्ञात अवस्थामै कहिले आकर्षणको र कहिले विकर्षणको सिकार बन्दछ । यस उपन्यासमा शिखाप्रति उसको पतिले विकर्षण भाव भोगिरहेको क्षणमा रविप्रति शिखा आकर्षणको भाव भोगिरहेकी छ । शिखाको मनमा स्थान बनाएर बसेको पतिको प्रतीक रवि र रविको मनमा पत्नीको स्थान जमाएर बसेकी शिखा भए पनि त्यसलाई यथार्थ र बाहिरी धरातलमा प्रकट गर्ने हिम्मत शिखामा पनि छैन र रविमा पनि छैन । त्यसरी नै शिखाको मनमा विकर्षणको पुञ्ज बनेर बसेको पति सत्यनारायण र रविको मनमा आकर्षणको घर बनाएर बसेकी शिखाको यथार्थतालाई वास्तविक यथार्थमा ल्याउन सामाजिक तथा सांस्कृतिक मर्यादाले अनुमति दिएको छैन । केवल यी दुवै बाहिरी यथार्थको सिकार बनेर जीवन भोगिरहेको सन्दर्भ यहाँ प्रकट भएको छ । जीवन यस्तै आकर्षण र विकर्षणको बीचको सम्झौतामा तलमाथि हुनासाथ दुर्घटित भइदिन्छ ।

यौनलाई राक्षसी र पाशविक वृत्तिमा पनि प्रयोग गर्ने नारीपुरुष विपरीत तथा नारीनारी समलिङ्गी स्थिति यहाँ विषय बनेर उपस्थित भएका छन् । यसरी यौन र परिस्थतिको व्यवस्थापन खलबलिएका अवस्थामा मान्छे विषमलिङ्गी प्रकोपको मात्र सिकार हुने होइन, समलिङ्गी प्रकोप तथा यौनवृत्तिको दुराचारबाट पीडित बन्दछ भन्ने सन्दर्भ पनि उपन्यासमा प्रकट भइसकेको स्थिति देखिन्छ । नारीलाई भोगको साधन ठान्ने पुरुषजमातका बीचमा नारीको रक्षक पनि पुरुष नै घोषित हुने सन्दर्भ पनि यस उपन्यासमा प्रशस्त प्रकट भएका छन् । अनाकर्षित स्थितिको यौनशोषण औपचारिक पतिपत्नीका बीचमा नै भए पनि पाशविक दुर्वृत्तिको सीमामा पर्दछ भन्ने आशयका सन्दर्भ त माथि पनि प्रकटमा आइसकेका छन् । यस्तो स्थितिको प्रदर्शन गर्ने विषमलिङ्गी यौन प्रकोपको एक मात्र बिम्ब यहाँ प्रस्तुत गर्नु पनि सान्दर्भिक नै हुन्छ :

'यात्रुले खाना खाइसकेका हुनाले अब बसभित्र सम्पूर्ण बत्ती निभाइएका थिए । म पनि सानूलाई काखमा सजिलोसँग सुताएर आँखा चिम्लेर निदाउने प्रयत्नमा लागेँ । मेरो मनमा एकतमासको डरले डेरा जमाइसकेको हुँदा म निदाउन सकेकी थिइनँ । मेरो सहयात्री पनि निदाएको थिएन । ऊ छटपटी गरिरहेको थियो । म निद्राको तरङ्गमा पुग्न लागेकी थिएँ त्यसै बेला उसले नजानिँदो गरी उसको तिघ्राले मेरो तिघ्रालाई ठेल्न थालेको मैले थाहा पाएँ । मैले ऊतिर पुलुक्क हेरेँ । ऊ निदाएको अभिनय गर्दै थियो । मैले आफू नै केही खुम्चेर उसको तिघ्राको दबाबबाट मुक्ति खोजेँ । तर मेरो भागको सिटमा समेत अतिक्रमण गरिसकेको उसको मोटो शरीरलाई पन्छाउन म सक्तिनथेँ । ... मेरो सहयात्री एउटा हातले मेरो मुख थुनेर अर्को हातले पालैपालो मेरो वक्ष गिजोलिरहेको थियो' (**शिखा**, २०५९/८९) ।

नारीको अस्मिता जहिले पनि र जहाँ पनि असंरक्षित र खतरापूर्ण अवस्थामा रहेको छ भन्ने सन्दर्भ यस उद्धरणले प्रकट गरेको छ । शिशु काखमा राखेर दूध खुवाइरहेकी एउटी नारीको स्थितिमाथि पाशविक तरिकाले आक्रमण गर्ने पुरुषको दुष्कृत्यको आचरणलाई नग्न रूपमा चित्रण गर्ने काम यस साक्ष्यले प्रकट गरेको देखिन्छ । मौका पर्नेबित्तिकै सिनोमा खनिने प्रवृत्तिले यहाँ आफ्नो विकृत रूप उदाङ्गो पारेको छ । नारी र पुरुष प्रकृतिको नैसर्गिक निर्मिति मात्र हो । यो केवल भालेपोथीको जैविक सङ्केत मात्र हो । यसलाई विभेदकारी स्थितिको स्वरूप प्रदान गर्नेचाहिँ समाज हो । सामाजिक विकारका कारण पनि समाजले प्रदान गरेको परिधान र प्रसाधन, जीवनचर्या र चरित्रनिर्माणका विभेद, कार्यव्यापार र लज्जा, निद्रा, भय आदिका विभेदहरू नारीलाई समाजले प्रदान गरेको स्थिति देखिन्छ । नारीमा रहने तात्त्विक भिन्नताको पुरुषअनुकूल व्याख्या गरेर निर्मित संस्कृतिको सिकार बनाउने स्थिति समाजले प्रक्षेपित गरेको स्थिति यस साक्ष्यले प्रकट गरेको छ ।

अघिल्लो अनुच्छेदमा प्रश्न बनेर आएका विषमलिङ्गी यौन प्रकोपको भयावह स्थितिजस्तै नारी समलिङ्गी प्रकोप पनि यहाँ कम भयावह देखिन्न । दाम्पत्यको व्यवस्थापनमा असन्तुलन आएको अनुभव गरेर पलायित बनेकी शिखाको जीवनमा हरिद्वारमा घटेको दारुण घटनाले अरू सिङ्गो धर्ती नै भासिएको स्थिति प्रकट गरिदिएको छ । पति, पुत्री र परिवारका सबै सदस्यहरूबाट पृथक् अवस्था अँगालेर हरिद्वार पुगेकी शिखा मानसिक रूपमा भने त्यही विराटनगरको घर, पति, पुत्री, सासू र अन्य स्वजनहरूको स्मृति झन् जीवन्त बनेर बल्झिन आइरहेको पाउँछे । अरू भौतिक रूपमा भने शिखालाई लाग्न थाल्छ– आफ्नो अस्तित्व धूमिल बन्दै गएको स्थिति ऊ आत्मसात् गर्न लाग्दछे । आफ्नो अस्मिता समलिङ्गी अम्मा बहिनबाट

व्यवहार भएको आपराधिक सन्दर्भको एक साक्ष्य यसरी प्रस्तुत गर्नु उपयुक्त हुन्छ :

'सुनो, तुम पूरी जिन्दगी कैसे काटोगी ! ऐसा तो सब जगह चलता रहता है । स्त्रीको पुरुष भोगेगा ही, किसी भी तरह । तुम नाही मत करो । मेरी मानो । नन्दीकेसर से सादी बनालो । वह अच्छा आदमी है ।' –अम्मा बहिनले मैले नमागेको सल्लाह दिएकी थिई । त्यसपछि मलाई त्यो घृणित बुढियाको मुखै हेर्न मन लागेन' (**शिखा**, २०५९/१२२) ।

अम्मा बहिनको आवासमा आश्रय लिएर बसेकी शिखालाई त्यहींको बाबा नन्दिकेसरले गरेको बलात्कारबाट पीडित बनेको अवस्था, अम्मा बहिनको सहायता लिन पुग्दा उल्टै नन्दिकेसरसँग बिहा गरेर जीवन बिताउनु उपयुक्त हुने सल्लाह दिएबाट उसमा समलिङ्गीय विद्वेषको पोषक तत्त्व मुखर बनिरहेको सन्दर्भ यहाँ प्रकट भएको देखिएको छ । यस व्यवहारबाट के स्पष्ट हुन्छ भने नारीको विद्वेषक नारी नै हुन्छे भन्ने सन्दर्भलाई यस साक्ष्यले सिद्ध गरेको छ । यसरी प्रस्तुत उपन्यासमा समाज मनोविज्ञानका सन्दर्भहरूको विवेचना गर्न पनि सकिन्छ । यिनै विशेषताहरू अन्वेषण गरेर नै उपन्यासले सिद्ध गर्न खोजेको सन्दर्भको निष्कर्ष आकलन गर्न सकिन्छ ।

**५. उपसंहार**

नेपाली उपन्यास परम्परामा आफ्नो प्रतिष्ठा आर्जन गर्न सफल बनेको सन्दर्भ यहाँ इन्दिरा प्रसाईका उपन्यासहरूले सिद्ध गरिसकेका छन् । शिखा नायिकाको केन्द्रमा रचित उपन्यासमा यस समाजका सांस्कृतिक र आर्थिक जीवनका सन्दर्भमा आएका विभिन्न प्रसङ्गहरू यहाँ उपन्यासका उपकरण बनेर प्रयोग भएका छन् । नेपाली समाजको सांस्कृतिक, पारिवारिक र आर्थिक पर्यावरणको

सन्दर्भमा रहेका आञ्चलिक स्थितिहरू पनि यहाँ विषयको रूपमा प्रतिपादन भएको देखिन्छ । मानसिक स्थितिमा आएका विशद् पक्षहरूको पनि यहाँ व्यवस्था भएको देखिन्छ । समाज मनोविज्ञानलाई विषयको केन्द्र बनाएर सिर्जना गरिएको प्रस्तुत उपन्यास नेपाली पर्यावरणमा केन्द्रित सामाजिक उपन्यास हो । समवर्ती उपन्यासको इतिहासमा यस उपन्यासले आफ्नो भूमिका निर्वाह गरेको छ । खास गरेर यो उपन्यास नेपाली समाजको २०५० पूर्वको समयको सामाजिक पर्यावरणको केन्द्रमा सिर्जना भएको छ ।

मध्यम आयतनमा रचित यस उपन्यासको आख्यानवृत्त अग्रगामी शिल्पमा सिर्जना भएको छ । भाषामा कवितात्मक कोमलता र विचारमा आलोचनात्मकता पनि यस उपन्यासको विषय बनेको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा सृजित यस उपन्यासले नेपाली उपन्यास सिर्जनाको समवर्ती चरणको प्रतिनिधित्व गरेको छ । समयको केही विस्तृत आयतन समेटिएको प्रस्तुत उपन्यासमा अधिकतर नारी समस्याको संवेदना उनिएको छ । यस उपन्यासले प्रसाईको उपन्यासकारितालाई सबल गति प्रदान गरेको छ । उपन्यासको संरचना विधानले यस सन्दर्भको पुष्टि गरेको छ । यस उपन्यासले पनि प्रसाईको उपन्यास सिर्जनाको गतिलाई उत्कर्षतातर्फ उत्प्रेरित गरेको छ ।

# मनोविघटन तथा व्यवस्थापनमूलक उपन्यास : 'उसको लोग्ने र बिरालो'

## १. उपन्यासको आधारभूमि

आख्यानकार इन्दिरा प्रसाईको चौथो औपन्यासिक कृतिका रूपमा प्रकाशित **उसको लोग्ने र बिरालो** (२०६०) शीर्षकमा प्रकाशित भएको छ । मध्यम आकृतिको तर निकै मार्मिक सिर्जनाका रूपमा आएका यस कृतिले प्रसाईको मानवीय संवेदना, मनोविज्ञान तथा पारिवारिक जीवनका विषयलाई मानवीय संवेदनाको स्थिति प्रदान गरेको छ । पुरुषप्रधान समाजको सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारसमेतलाई विषयवस्तु बनाएर गरिएको आख्यानात्मक सिर्जनाको यो एक उदाहरण हो । यस कृतिले विश्वका नारी तथा पुरुष मान्छेको मानसिक रचना र नेपाली सामाजको आर्थिक तथा सांस्कृतिक संरचनालाई संश्लेषण गरेर उपन्यासको आकृति प्रदान गर्ने काम गरेको छ । वर्गगत विषमता, लिङ्गगत सांस्कृतिक निर्मितिको विषमता, आर्थिक अधिकारका विषमता अनि यस समाजका निर्मितिमा देखिएका संस्कृतिगत अराजकताजस्ता संवेदनाका पक्षहरू यस उपन्यासका निम्ति अन्तर्निहित विषय बनेका छन् । समाजले परम्परादेखि स्विकारेर ल्याएका तात्त्विक संस्कृतिमाथि थोपरिएका निर्मित संस्कृतिका आवरणले मानवीय नैसर्गिक अधिकारका तात्त्विक संवेदनालाई उपेक्षा गरेका र कम महत्त्व दिएका कारण मानवको जीवन दुर्घटित र ध्वस्त बन्न सक्ने

सम्भावना उपन्यासले देखाएको छ । यस्ता अति संवेदनशील विषयलाई नै यहाँ औपन्यासीकरण गरेर प्रकटमा ल्याइएको छ ।

**२. उपन्यासको आख्यानयोजना**

विषयको विपर्यासीकरण गरेर सिर्जना गरिएको प्रस्तुत उपन्यासको तत्कालीन वृत्तमा थोरै दिन मात्र समेटिएका छन् र उपन्यासको आख्यानीकृत प्राग्वृत्तमा आभास र नीला अर्थात् अहिलेका दम्पतीको वर्तमान र नीलाको पूर्वपति दर्पण तथा आभासकी पूर्वपत्नी रूपासमेतको कथा आख्यानित बनेर विगतको पृष्ठभूमिमा जोडिई उपन्यासको आख्यान संयोजित बनेको छ । यस्ता स्थितिले आत्मसात् गरेको संवेदित अवस्था उपन्यासको प्राग्भूमिमा अर्को बृहत् उपन्यासको सम्भावित आधारभूमि बनेर रहेको छ । नीला र आभासको वर्तमानमा जोडिन आएको तेस्रो मानवेतर प्राणी तर सजीव पात्र बिरालोको भूमिका यी दुवै पात्रको वर्तमानलाई प्रदूषित बनाउने माध्यमको आधार बनेर उपस्थित भएको देखिन्छ । उपन्यासको वर्तमानोत्तर अवस्थामा आभासको बाँकी सिङ्गो जीवन दिशाहीन बनेर अकथित कथनमा लम्पसार परेको छ । यसलाई पनि पाठकले उत्तरपठनको विषय भनेर ग्रहण गर्न सक्ने स्थितिमा लिन सक्छन् । किन यसरी अनेक विषयहरू समीकरण नै नगरी असरल्ल अवस्थामै छोडेर उपन्यास अन्त भएको होला भनेर छटपटाउँछन् । वास्तवमा जीवनको यथार्थता पनि समेटिएर सलक्क परेर कहाँ अन्तसम्म पुग्छ र ? असरल्लमै त अन्त भइदिन्छ भन्ने आशय उद्घाटन गर्छ साहित्यले । यहाँ पनि त्यहीँ काम त भएको छ– उपन्यास रचनाका माध्यमबाट ।

आत्मनिर्णयको बिन्दुमा पुगेर त दर्पण र नीलाको जीवनको कथा टुङ्गिएको होला ! त्यस्तै बिन्दुमा पुगेरै त टुङ्गिएको होला आभास र रूपाको पूर्वजीवन पनि । यसरी विवृत्तारम्भको सन्दर्भगत अर्थ आफैँ पाठकले अन्वेषण गरेर निष्कर्ष निकाल्ने अधिकार प्राप्त गर्दछ– यस उपन्यासको पठनबाट । आत्मनिर्णयको निकै सकारात्मक

दिशामा पुगेकी नीलाको जीवन कुनै सकारात्मक तर एक्लै पनि जीवन जिउन सक्ने दिशातर्फ गतिवान् बन्न तयार देखिएको छ । यहाँ आभासको जीवनचित्र प्रकाशमा आएझैँ नीलाको जीवनचित्र पनि छोटो समयका आयतनमा प्रकाशमा आएर स्पष्ट देखिएको छ । दर्पण र रूपाको जीवन पनि प्रकटमा आउन सक्ने सम्भवना उपन्यासको अर्को कोणमा सुषुप्त अवस्थामा रहेको छ । तर त्यो भने प्रकाशमा आएको छैन । यसै कारण उपन्यासको वर्तमानले देखाएका उसका संवेदनाहरूले एक सशक्त गति र दिशाको निर्देश दिएका छन् । त्यसै कारण उपन्यासको समापनपछि पनि यस कृतिले सङ्केत गरेका उपन्यासका अलिखित कोण र अवस्थामा अर्को सशक्त तर लेखिनुपर्ने उपन्यासको सङ्केत छ । त्यस कारण प्रस्तुत उपन्यास नयाँ सम्भावित बिन्दुमा पुगेर टुङ्गिएको छ ।

सैद्धान्तिक दृष्टिले प्रस्तुत उपन्यास विवृत्तारम्भी र विवृत्तान्ती बनेर तयार भएको छ । उपन्यासको आरम्भभन्दा पूर्वको स्थितिलाई आकलन गरेर अर्को एउटा सिङ्गो उपन्यासको विवृत्त पठन गर्न सकिन्छ । त्यस कारण पनि यो उपन्यास विवृत्तारम्भी सिद्ध भएको छ । त्यहाँ दर्पण र नीलाको जीवन छ, उनीहरूकी छोरीको आगमन छ र उनीहरूको जीवनको रोमान्स छ । सङ्गठन छ र विघटन पनि छ तर त्यसको लेखन मात्र छैन । त्यसरी नै आभास र रूपाको जीवन पनि छ । तिनको पनि रोमान्स छ, खटपट छ र विघटन पनि छ । यस्ता विवृत्तारम्भी धर्मका सम्भावनाहरू उपन्यासमा अनेक छन् । अर्थात् यस उपन्यासको प्रारम्भ हुनुभन्दा पनि पहिलाको संवेदनापूर्ण तर अकथित आख्यानहरू उपन्यासका वरिपरि बग्रेल्ती छरिएर रहेका छन् । अनावृत विवृत्त्यन्त्यका दृष्टिले पनि दर्पण रूपाको जीवन पनि यहाँ प्रशस्त व्याख्येय पक्षहरू पाठकका अघिल्तिर उपस्थित हुन आउँछन् । यस्ता अनेक सन्दर्भको उपस्थापन गरेर उपन्यास समाप्त भएको छ । त्यस कारण उपन्यास विवृत्तान्तधर्मी बनेर अवसान भएको छ ।

### ३. 'उसको लोग्ने र बिरालो' उपन्यासको आख्यानवृत्त

उपन्यासको आख्यान जम्मा नौ दिनको वर्तमानमा समेटिएको छ । त्यसै कारण माथि 'उपन्यासको आख्यानयोजना' शीर्षकअन्तर्गत उपन्यासको प्राक्सन्दर्भ र पश्चसन्दर्भको विवृत्तीकरण गरिएको हो । यसमा उपन्यासको आरम्भ आभास र नीलाको दाम्पत्य जोडिएको आठौँ र नवौँ दिनको क्रियाव्यापारका आधारमा व्यवस्थापन गरिएको छ । नेपाली समाजका सांस्कृतिक सन्दर्भमा पछिल्लो चरणतिर आएका पारिवारिक सङ्गठन तथा विघटनका समस्या र तिनका प्रदूषित निकासलाई विषय बनाउँदै पतिपरित्यक्ता नीला र पत्नीपरित्यक्त आभासको दाम्पत्य जीवनको संयोजनबाट उपन्यासको विषय उठान गरिएको छ । यसरी उपन्यासको विषयको प्रत्यक्ष उठान अन्तबाट गरिएको छ र जम्माजम्मी नौ दिनको दाम्पत्य मञ्चीय आख्यानयोजना गरेर जीवनकै सन्दर्भबाट आरम्भ गरिएको छ र यसलाई उपन्यासको पहिलो प्रकरण तर सबै विषय विन्यासका दृष्टिले अन्तिम प्रकरणका रूपमा लिन सकिने स्थिति प्रतिपादन गरिएको छ । यहाँ आभास र नीलाको दाम्पत्य जीवनले उपसंहारको रूप प्राप्त गरिसकेको छ । नीलाले गरेको पहिलो निर्णय यहाँ देखिन्न । दोस्रो निर्णय आभाससँगको वैवाहिक जीवनको प्रवेश र तेस्रो निर्णय ऋण लिएर आफ्नै सानो घरको निर्माण र त्यस घरमा गरेको प्रवेशसम्मको कथा यहाँ विषयका रूपमा रहेको छ । यसको साक्षीका रूपमा आभास र मिलन नाम दिइएको छाउरो बिरालोसमेत यहाँ उपस्थित भएका छन् ।

'पहिलो दिन' शीर्षक दिएर लेखिएको यसमा उपपरिच्छेदको व्यवस्था छैन । यस परिच्छेदमा नीला र आभासको सानो तर औपचारिक विवाहको मर्यादा अदालतमा गएर दिइने सन्दर्भ र यो वातावरण नीलाकै साथी उर्मिला अनि उसको पति सुदेशले मिलाएका छन् । यस विषय र गतिविधिको साक्षी उर्मिला र सुदेश बनेर

सम्पन्न भएको विवाहको सूचना प्रक्षिप्त भएका कारण यहाँ उपन्यासको दोस्रो परिच्छेद तयार भएको छ । ईश्वरलाई साक्षी मानेर गरेको बिहामा अदालतको दर्ता आवश्यक नभएको सन्दर्भ पनि यहाँ उपस्थित भएको छ । बिहाको पहिलो दिन आभासको शयनकक्षमा पुगेकी नीलाले सुतेपछि ठीक अघिल्तिर आँखैमा पर्ने गरी कुहिरेआँखा भएको बिरालाको निकै ठूलो आकारको तस्बिर टाँगिएको देखेकी छ । यो दृश्य देख्दा आतङ्कित बनेकी नीला निदाउनै नसकेका सन्दर्भले आभासको मनोरचनाको स्थितिप्रति निकै जटिल अवस्था सङ्केतित भएको छ । आभासका पिताजीको मूर्तिकारिताप्रतिको आकर्षण, उनको मूर्तिको सिर्जनाले घर नै एक सङ्ग्रहालयको रूप लिन पुगेको सन्दर्भ त्यसकै समानान्तरतामा आभास आफैँको चाहिँ क्यामेराबाट फोटो लिने र तिनको साजसज्जाको स्थिति अनि घरमा बिराला खोजीखोजी ल्याएर पाल्ने संवेदनाका सन्दर्भहरू मनोविघटन र व्यवस्थापनमा आएका जटिलताहरू निकै प्रभावकारी तथा रहस्यात्मक संवेगका कारक बनेर यसै प्रकरणमा उपस्थित भएका छन् ।

'दोस्रो दिन' शीर्षकमा तयार भएको तेस्रो परिच्छेदमा पहिलो दिनमै आभासको घरको र उसका मानसिक स्थितिको आचारणबाट झन्डै निसासिएकी नीला राणापरिवारको सान, सौगात र सम्पन्नताको उत्तराधिकारका रूपमा आभासले बाबुबाटै पाएको अधिकार आभाससँग जोडिन आएकी नवविवाहिता नीलाका हातमा आएको परिस्थितिको बोधबाट झन् निसासिन लागेको स्थितिमा देखिन्छे । नीला आभासले नारायणघाट जाने निर्णय गरेबाट केही राहतको अनुभवसम्म गर्दछे । नारायणघाट जहाँ आभासका बाबुले जोरजाम गरेको समृद्ध र भव्य कामत छ, प्रशस्त कामदार र नोकरचाकरहरू घर, कामत र उद्यानको व्यवस्थापनमा जुटेका छन् । त्यहाँ गएर रेखदेख तथा काम कारोबार मिलाएर आउने हिसाबले नारायणघाट पुगेर त्यहीँ रात बिताएको सन्दर्भ यस प्रकरणको आख्यान बनेको छ । यस परिच्छेदमा

उपप्रकरणको व्यवस्थाबिनै कथाको योजना गरिएको छ । यहाँ राणा परिवारको हैकम तथा नोकरचाकरको सम्भ्रान्त संस्कृति र मर्यादाको सूचना सम्प्रेषण गर्ने काम भएको छ । यसरी दोस्रो परिच्छेद मानवीय संवेदनाभन्दा पनि अधिक सम्भ्रान्त तथा आभिजात्य वैभव र आडम्बरको सूचना सम्प्रेषित गरेर अन्त भएको छ ।

'तेस्रो दिन' शीर्षक दिइएको चौथो परिच्छेदमा चितवनको नारायणघाटमा सूर्योदय भएको छ । यो बिहान नित्यक्रिया र त्यहाँको पर्यावरण बरबगैँचा, खेतबारी र कामदारहरूको आवाससमेतको निरीक्षण गर्ने क्रममा खर्च भएको छ । त्यहाँ आभासको नजर एउटा छाउरो बिरालोमा गाडिन्छ । त्यसलाई काठमाडौँ लिएर जाने सल्लाह, बिहानको भोजन तथा ठाउँठाउँको फोटो लिनेजस्ता कामका आधारमा आभासको जीवनचित्रको प्रकटीकरण पनि यस परिच्छेदको विषय बनेको छ । यस आधारमा आभासको बिरालाप्रतिको आकर्षणको कुण्ठा निकै जटिल तवरबाट विकसित भएको हो कि भन्ने भान नीलामा अझ वृद्धि हुन्छ । तीनओटा उपपरिच्छेदमा व्यवस्थित बनेको यस 'तेस्रो दिन' उल्लेख भएको चौथो परिच्छेदमा आँखा पनि राम्रो उघ्रिइनसकेको छाउरो बिरालो नीलाको काखमा राखेर आभास गाडी हाँकेर काठमाडौँ फर्किने क्रममा यात्रा आरम्भ गर्दछ । बिरालो नीलामा दिएर आफूले गाडीको स्टेयरिङ समाएको आभासको ध्यानचाहिँ गाडीमा कम र बिरालामा ज्यादा गएको देखेर नीला निकै आतङ्कित बन्दछे । यस्तै स्थितिमा र गाडीले गति लिइरहेकै अवस्थामा बिरालाले शौच गरिदिएकाले नीलामा आन्तरिक घृणाको भाव र आभासमा विकसित बिरालाप्रतिको व्यामोह भाव एकैपल्ट प्रकट भइदिन्छ । यी दुवैमा देखिएको मनोभाव र कुण्ठा झन्डै आक्रोशको रूप लिने स्थितिमा प्रवर्तन भएको स्थिति देखिन्छ । यसै स्थितिमा पुग्दा उनीहरूको यात्रा पनि काठमाडौँको निवासमा भित्रिन पुग्दछ ।

'चौथो दिन' शीर्षक दिइएको एकै प्रकरणमा अन्त गरिएको पाचौँ परिच्छेदमा नीलाले देखेको सपना र मिलन नाम भएको बिरालो बिरामी परेको सन्दर्भ वर्णित छ । रातभर नीलाबाट असम्पृक्त बनेको आभास बिरालाप्रति भने अत्यन्त सम्पृक्त बनेको र भोलिपल्ट बिहान झिसमिसेमै बिरालोलाई तातो र सफा हावामा घुमाउन निस्केको सूचना नीलालाई घरका कामदारहरूबाट प्राप्त हुन्छ । दिनरात त्यही बिरालाको चिन्तामा डुबेको आभास बिरालाको स्वास्थ्य परीक्षणका निम्ति डाक्टर दत्तको सहयोग लिन र सेवा प्राप्त गर्नका निम्ति उद्यत देखिन्छ । यात्राका कारण बिरालो अस्वस्थ बनेको र डाक्टरको उपचारबाट स्वस्थ बनेको सन्दर्भ पनि यस परिच्छेदको विषय बनेको छ । भर्खर भित्रिएकी नयाँ दुलही नीलाको बेवास्ता र बिरालाको सुश्रुषामा बढी चासो देखाएका कारण नीलामा क्षोभको पारो चढ्दै जान्छ । अगिल्लो दिनभरको गाडीको यात्रा, बिरालाको शौचको सिकसिको साफ गरिसक्दा पनि दिगमिगी नघटेको र डाक्टरको सेवा पाएको बिरालाको अवस्था अनि गाडी हाँक्दा परेको तनाव आदिका मिश्रणले आभासमा परेका थकानको स्थिति अझ पनि यस परिच्छेदमा वर्णन भएको छ ।

'पाचौँ दिन' अर्थात् उपन्यासको छैटौँ परिच्छेदलाई दुई उपपरिच्छेदको व्यवस्थामा वितरण गरिएको छ । यस परिच्छेदमा रातिको समयमा नीला र आभासको कोठासँगै जोडिएको कोठामा राखिएको मिलन नाम गरेको बिरालो म्याउँका म्याउँ गरेर कराएको सन्दर्भ उपन्यासमा व्याख्या गरिएको छ । कराएको बिरालोलाई काखीमा च्यापेर यताउता घुमाइरहेको आभासको स्थिति निकै अनौठो लाग्दो देखिएको छ । यस गतिविधिलाई नियाल्दानियाल्दै पनि निकै गम्भीरतासाथ निदाएको भान गर्ने नीलाको स्थितिको संवेदना यहाँ विषय बनेको छ । साथै बिहा र यात्राका निम्ति लिएको बिदापछि कार्यालयमा उपस्थित हुन पुगेकी नीलालाई उसकी साथी उर्मिलाले गरेको प्रश्न, नीला र आभास नारायणघाट पुगेको सन्दर्भ पनि यहाँ

बहसमा आएको छ । नीलाको मानसिक तहमा आभासका व्यवहारका कारण आएको बेचैनी र थकान शारीरिक तहमा पनि प्रकटमा आएको देखिन्छ । यो सन्दर्भ यहाँ निकै टिठलाग्दो विषयका रूपमा अभिव्यक्त भएको देखिन्छ । आभासको मानसिकतामा नीलाको मनमा रहेका पीडा र चिन्ताका संवेदनाप्रति कुनै चासो नै छैन तर बिरालाको बिमार र असुविधा, भोक, तिर्खाप्रति भने चिन्तित बनेर पूरै समय व्यतीत गरिरहेका सन्दर्भचाहिँ अधिकतर महत्त्व पाएको छ ।

उपन्यासको सातौँ परिच्छेद तर सन्दर्भको 'छैटौँ दिन' को प्रकरण यहाँ विषयको रूपमा उपस्थित भएको छ । नीलाकी छोरी स्मृतिले आमालाई गरेको फोनको सन्दर्भमा यो परिच्छेद आरम्भ भएको छ । विशिष्ट संवेदनामा डुबेर नीलाले छोरीलाई फोन गर्न गरिएको प्रयासले यहाँ स्थान पाएको छ । आफूले उठाएको फोनमा छोरीले आभाससमेतको आराम कुशलताको प्रश्न अनि आमाको प्रसन्नताको स्थितिप्रति आशङ्कित बनेर थपेको प्रश्न आदिको उपयुक्त जबाफ दिन नसकेको सन्दर्भ यहाँ विषय बनेको छ । यस्ता सन्दर्भले नीलामा अझ वेदना बल्झाएको सन्दर्भ पनि यहाँ उपस्थित भएको छ । नीलालाई आफ्नै मोटरमा राखेर बैङ्कको कार्यालयमा उपस्थित हुन ल्याएको आभासको क्रियालाई त्यहाँ उपस्थित अन्य साथीहरूले देखेको र साँच्चै नै सुन्दर व्यवहार भएको सन्दर्भ मानेर गरेको स्वागत र प्रशंसाको सन्दर्भ पनि यसै परिच्छेदको विषय बनेको छ । यसरी उपन्यासले आफ्नो उत्कर्षको संवेदना उपस्थापन गरेको स्थिति आफैँमा उपयुक्त नै देखिन्छ । निर्विकार भावमा उपस्थित भएकी नीलाको आन्तरिक तह विस्फोट हुन लागेको अवस्था कसैले पनि नदेखेको सन्दर्भ आन्तरिक ज्वाला बनेर भड्किन लागेको अवस्था पनि विषयका रूपमा अन्त:सन्निहित रहेको देखिन्छ ।

आभास र नीलाको जीवनको 'सातौँ दिन' शीर्षकको कथा उपन्यासको आठौँ परिच्छेदको सन्दर्भ बनेर आएको छ । प्रस्तुत

परिच्छेदलाई तीनवटा उपपरिच्छेदको व्यवस्था गरेर आख्यानको वितरण गरिएको छ । यसमा कथाको सधैँको जस्तै बिरालाको हावा खाने क्रियाको सहयोगी बनेर रहेको आभासको व्यवहार झ्यालबाट बगैँचातिर हेरेर नीला दिग्दार बनेकी छ । नवविवाहित लोग्नेको यो व्यवहार देखेर दिग्दारको मनस्थितिमा पुगेकी नीला मौन बनेको अवस्थामा पुगेको स्थिति अगिल्तिर आएको छ । आभास नीलाको दृष्टिमा आफ्नो हुन सक्दैन ऊ केवल बिरालाको मात्र हुन योग्य छ भन्ने निष्कर्षमा पुगेको अवस्थालाई यसै सातौँ दिनका दिन उपन्यासले उद्घोष गरेको छ । त्यसैले नीलाले नयाँ अपार्टमेन्ट आफ्नो नाममा रजिस्ट्री गरेर आएको र अब भोलि त्यसै सानो तर सुन्दर र स्वच्छ निवासमा सर्ने सन्दर्भ यस उपन्यासको अंशले प्रस्तुत गरेको छ । आभासको जीवनमा जोडिन आएको एक मित्र मात्रको रूपमा मात्र नीलाले आफूलाई स्विकारेको र आभासकै चालकले नीलालाई उसको नयाँ निवासमा पुऱ्याइदिएको सन्दर्भमा पुगेर यस परिच्छेदको पनि अन्त भएको छ ।

आख्यानको योजना यस प्रकार भएको प्रस्तुत उपन्यासमा विषयका दृष्टिले बाहिरी सतहमा आकस्मिक मनोरचनामा देखिने परिवर्तनको गतिमा दौड्ने नीलाको स्वचालित चिन्तन एकातर्फ गतिशील रूपमा उपस्थित भएको छ र त्यही मनोरचना अर्कातर्फ स्थितिशील तथा कुनै विशिष्ट किसिमको कुण्ठाको सिकार बनेको आभासको मनस्थितिलाई माथिको आख्यानयोजनामा वितरित गरेको छ । यसरी आकस्मिक रूपान्तर बनेको कथान्तरताले सिद्ध गर्दै गएको स्थिति यहाँनिर देखिन्छ । मध्यम स्तरको आयतन भएका यस उपन्यासले निम्नमध्यमवर्गको आर्थिक परिधिमा जीवन धानिरहेकी नारी र उच्च तथा अभिजात्य परिधिको जीवनचरित्र भोगिरहेको राणा परिवारको व्यक्ति आभासको विशिष्ट तथा कुण्ठित मनोरचनाको योजनामा अलमलिएको पात्रको जीवनचरित्रलाई विषय बनाएर कथायोजना गरिएको छ । यसै स्थितिमा पुगेर उपन्यासको आख्यान समाप्त भएको छ ।

## ५. केही साक्ष्यका आधारमा मनोरचनाव्यवस्थापनको समीक्षण

नीलाले दर्पणसँग भोगेको जीवनको स्थिति र उससँगको व्यवहारबाट जन्मेको मनोदशाको सूचना उपन्यासमा परोक्ष रूपमा मात्र भएको छ । एउटी छोरी जन्मेपछिको अवस्थामा नीला र दर्पणको जीवनको दाम्पत्य जीवन विघटनको स्थितिमा पुगेको मनोरचनालाई व्यवस्थापन गरेर जीवन धान्न सफल बनेकी नीलाको जीवनचर्या उपन्यासको आयतनमा विस्तारित बनेको छ । मनोविखण्डनका क्षणमा पनि सहज भएर त्यसको व्यवस्थापनको दिशा पहिल्याउने प्रयत्नको पहिलो कडी नीलाले आफ्नो पतिको ढोँगी चरित्रलाई व्यवस्थित गर्नै नसकेको स्थिति देखिएको छ । यस कारण मनोव्यवस्थापनको सहज मार्ग पति दर्पणलाई त्यागेर नयाँ दिशा पहिल्याउन खोजेको प्रयत्न यहाँ यसरी प्रकट भएको छ :

'...दुई जोईको साझे पोइ पाएर पनि पतिपरायणा उसकी आमाको संस्कार ओढेकी नीलाले उसको आँखा छलेर रन्डीबाजी मात्रै गर्ने लोग्नेलाई पनि स्वीकार गर्न सकिन । कालान्तरमा आफ्नो इज्जत र प्रतिष्ठाका रूपमा नीलाको अस्तित्वलाई आफ्नो पूजाकोठामा राख्न खोज्ने दर्पणको संसार नीलाले नै भताभुङ्ग पारिदिई । एउटा झूट र आडम्बरपूर्ण लोग्नेस्वास्नीको सम्बन्धलाई उसले स्वीकार गर्नै सकिन । उसको अन्तर्मनले स्वीकार गर्न नसकेको दर्पणको पोतेको झुत्तो लगाउन पनि नीलाले सकिन । दर्पणको देखावटी सम्बन्धलाई नीलाको आत्माले अङ्गीकार गर्न सकेन । सोकेसमा सजाएर राखिएको दाम्पत्य सम्बन्धमा कसरी बाँच्न सक्छन् ?' (**उसको लोग्ने र बिरालो**, २०६०/२८-२९) ।

परम्परित नेपाली रूढ संस्कृतिमा पुरुषप्रधानता र नेपाली समाजमा नारीहरूले धान्नुपरेको बहुपत्नीत्वको ठेकेदार बन्ने पतिको आचरणको सिकार बन्दै आएको पुस्तैनी परम्परा यहाँ साधारण र सनातनको भ्रम बनिसकेको सन्दर्भ पनि विशिष्ट कथ्य बनेर प्रकट

भएको छ । नीलाले विघटनमा पुगेको परिवारबाट आफूलाई संयमित गर्दै आफ्नो विभग्न मनलाई व्यवस्थापनको दिशा दिन प्रयत्न गरेको सन्दर्भ यहाँ निकै कठोर निर्णयको मोड दिने स्थितिमा देखा परेको छ । यस्तो मोडमा आइपुग्दा आफ्नो मात्र होइन, छोरी स्मृतिको जीवनसमेतको विखण्डन हुँदै गएको सन्दर्भ पनि यहाँ व्यवस्थापन गर्न प्रयत्न भएको छ । यस प्रकारको आख्यानयोजनामा सांस्कृतिक वितण्डाले भूमिका खेलेको देखिएको छ । यसरी भ्रमित संस्कृति ग्रसित मनोव्यवस्थापनको सन्दर्भ अऊ पनि अव्यवस्थित रहेको छ भन्ने कुरा उपन्यासले प्रकट गरेको छ । उपन्यासभित्र मनोव्यवस्थापनको नाजुक सन्दर्भलाई अत्यन्त सचेतातापूर्वक प्रकटमा ल्याउन प्रयत्न गरिएको स्थिति स्पष्ट छ ।

नीलामा मात्र होइन, मनोव्यवस्थापनको समस्या आभासमा पनि निकै जटिल अवस्था देखिन्छ । मान्छेको मानसिक जटिलताको निर्माण विशिष्ट क्षण र परिस्थितिमा हुन्छ र त्यसको जटिलता शान्त गर्न आवश्यक पर्ने संवेदनशील व्यवहारहरू आआफ्नै किसिमले तय भएका हुन्छन् । तिनमा कतिपय त संस्कारगत हिसाबले निर्माण भएका हुन्छन् र कतिपय वंशाणुगत हिसाबले पनि निर्माण भएका हुन्छन् । तिनको प्रभाव मान्छेको आचार, व्यवहारमै प्रकट हुन आउँछ । अऊ तिनको प्रभाव निर्माण हुने संवेदना र परिस्थितिको अभिव्यञ्जन गर्ने काम सिर्जनाले गरेको हुन्छ । त्यस्तो स्थितिको साक्ष्यका निम्ति एक सन्दर्भ प्रस्तुत गर्नु आवश्यक रहन्छ :

'सरयुग काका उनीहरूलाई पुऱ्याएर फर्किसकेका थिए । नीला छक्क परेर मूर्ति र पेन्टिङका डङ्गुर हेरिरहेकी थिई । 'बुबाहजुर धेरैजसो यसै घरमा राज हुन्थ्यो । विशालनगरमा त्यति मन पराइबक्सन्नथ्यो । मलाई पनि सानो छँदा काठमाडौँ पटक्कै मन पर्दैनथ्यो । ठूला स्कुलमा पढाउनका लागि मम्मीहजुर मलाई लिएर काठमाडौँमै राज भयो । अहिले मलाई खाना पकाएर खुवाउने दलबहादुर

दाइले त्यति बेला बुबाहजुरको खानपिन हेर्थें । मम्मीहजुर मलाई होस्टेलमा राख्न मन नपराउने, बुबाहजुरलाई काठमाडौँ बस्न मनै नपर्ने र मेरो शिक्षाका लागि यहाँ राम्रो स्कुल नभएका कारण बुबाहजुर र मम्मीहजुर धेरैजसो अलगअलगै बस्नुहुन्थ्यो' (**उसको लोग्ने र बिरालो**, २०६०/६०-६१) ।

आभासको मानसिक संवेदना निर्माणको पृष्ठभूमि र त्यसले पारेको प्रभावको स्थिति पनि यस उद्धरणमा अभिव्यञ्जन भएको छ । आफ्ना बाबाआमाको संस्कार तथा जीवनका आरम्भमै विशिष्ट परिस्थितिको तर अचेतनकै तहमा पर्दै गएका प्रभावको चित्र यहाँ ससन्दर्भ उपस्थित भएको छ । आमा र बाबाका बीचमा जन्मिएको विविक्त वासको परिस्थितिलाई आभासले शैशव अवस्थादेखि नै विविक्त मनोव्यवस्थापनको परिस्थितिमा अभ्यास गरेको देखिन्छ । दलबहादुरसँगको बसउठमा बाबुको मानवीय सम्बन्धको जीवन बितिरहेको र मनोवृत्तिको निर्माण अनि तिनको संरक्षणमा आफ्नो जीवन बितिरहेको अवस्था देखेको र विविक्त परिस्थितिमै जीवन बिताइरहेकी आमाको अवस्थाबाट शैशवदेखि नै परिचित बनेको पात्रको रूपमा आभासको निर्माण भएको छ । यस्तो स्थितिमा आचरण निर्माण भएको आभास बिस्तारै क्यामराको आधारमा तस्बिर खिच्नमा आकर्षित बन्दै जान्छ । यसैमा आफ्नो कुण्ठा समन गर्न अभ्यस्त आभास र त्यस्तै कुण्ठामा निमग्न नीला आआफ्ना भाव संवेगका जटिलताको व्यवस्थापनमा विवश छन् । क्यामराका फोटामा र घरमा पाल्दै ल्याएका बिरालामा मनोव्यवस्थापन गर्न आभास आफूले पालेका बिरालामध्ये पहिलो नैनकला, चुआ, हेन्द्री, वंशी, मनमती, अनङ्गसमेत छओटा बिराला यसअघि नै बेहोरिसकेको र यसपल्ट मिलन पनि जोडिन आएको सन्दर्भको साक्षी बन्न नीला विवश बनेको सन्दर्भले यो पक्षको पुष्टि भएको छ ।

नैनकला, हेन्द्री, मनमतीजस्ता पोथी बिराला पालेको अनुभव र पोथीले पाएका सन्तति भालेकै आक्रमणबाट समाप्त भएको सन्दर्भ यहाँ ल्याएर आभासमा रहेको विपरीत लिङ्गगत द्वेषी भावलाई उद्घाटन गर्ने काम गरिएको छ । आभासको सम्पर्कमा रहन आउने नारीको मनोव्यस्थापनमा पनि द्वेषी भावको उपस्थिति रहेको देखाइएको छ । यहाँ चुआ, वंशी, अनङ्ग र पछिल्लो मिलन आभास र नीलाको संयोगको स्थितिलाई प्रतीकात्मक अर्थ संवरण गर्ने मनोव्यवस्थापन राम्ररी भएको सन्दर्भ प्रकटमा आएको देखिन्छ । पोथीभन्दा भाले बिराला नै पाल्ने भाव अभिव्यक्त गर्ने आभासको क्रियाकलापमा समलिङ्गी आकर्षणको अचेतनताले सामाजिक र यौनमनोवैज्ञानिक समलिङ्गी चेतनाले स्थापित हुने मौका पाएको छ । मनोव्यवस्थापनको स्थितिलाई यस उद्धरणले पुरुष साहचर्यका रूपमा उद्बोधन गर्ने काम गरेको छ । विपरीत तथा समलिङ्गीय आकर्षण र विकर्षणका संवेदनाहरू मानसिक कुण्ठाका जटिलताका रूपमा प्रकट भएका छन् र यहाँ तिनको व्यवस्थापन गर्ने प्रयत्नहरू भएका छन् । यसरी आभासका मनोरचनाका जटिलताहरू यहाँ अधिकतर व्यवस्थित बनाउन प्रयत्न भएका छन् । यस कृतिका स्रष्टा स्वयम् नारी भएका कारण पुरुषको तुलनामा नारीको मानसिक आवेगलाई संयमित ढङ्गले व्यवस्थापन गर्ने काम उपन्यासभित्र जताततै भएको छ ।

### ५. मनोरचनाको विघटनको स्थिति

मानसिक रचनाका परिस्थितिहरू विशिष्ट किसिमका हुन्छन् । त्यस्तो दशा कहिले कसैको संयोगबाट आविर्भाव हुन्छ र कहिले कुनै परिस्थितिको विच्छेदबाट पनि आविर्भाव हुन्छ । मानवीय मनोविश्लेषकहरूका अनुसार मान्छेको निद्रित अवस्थामा पनि र विनिद्रित अवस्थामा पनि मनका जटिलताहरू क्रियाशील बनिरहन्छन् । आत्मीय जनको वियोगमा र परकीय जनको संयोगमा पनि मनोदशाको सङ्घटन र विघटनको सूचना प्रक्षेपित बनिरहेको स्थिति देखिन्छ ।

यस्तो मनोदशा प्रस्तुत उपन्यासका विभिन्न सन्दर्भमा प्रकट भएको छ । विभिन्न मनोवृत्तिका दुष्परिणामका कारण विघटित बनेका मानसिक अवस्थालाई इन्दिरा प्रसाईले कलात्मक ढङ्गले प्रक्षेपण गरेका स्थितिले उपन्यासले विश्लेष्य वस्तुको रूप प्राप्त गरेको देखिन्छ । उपन्यासकार प्रसाईद्वारा यस उपन्यासमा पात्रका मनोदशाको स्थिति उद्बोधन भएका अनेक सन्दर्भहरू पनि आख्यानका अङ्ग बनेर उपस्थित भएका छन् । उपन्यासमा जीवन र यसका मूल्यहरू विघटनको क्षणमा पुगेका र जीवनले ध्वस्तता आमन्त्रण गर्न बाध्य हुनुपरेको सन्दर्भ पनि यहाँ उपन्यासका विषय बनेर रहेका छन् ।

जीवनमा परिस्थिति अनेक तरिकाले आइलाग्छन् र मान्छेले तिनलाई सन्तुलित तवरले व्यवस्थापन गर्नुपर्ने हुन्छ । उपन्यासकारद्वारा यस कुरालाई माथिका सन्दर्भमा प्रस्तुत गरिसकिएको छ । तर जतिसुकै संयमित हुन खोजे पनि मनोविघटनका परिणामहरू भोग्न पनि मान्छे नै विवश हुन्छ भन्ने कुरा पनि उपन्यासमा कथ्य बनेर प्रकटमा आएको देखिन्छ । यहाँ सुनौलो सपना देखेर निर्माण भएको र जोडिएको दर्पण र नीलाको दाम्पत्य जीवनको सङ्गठन, यिनै दम्पती र छोरी स्मृतिसमेतको लोभलाग्दो पारिवारिक सङ्गठन, साथीभाइ इष्टमित्रलगायतका सम्मोहक परिवृत्त छँदाछँदै पनि मुख्य पात्र नीलाका मानसमा लागेको डँढेलो नै उपन्यासमा मानसिक विघटनको कारण बनेको देखिन्छ । यसै सन्दर्भलाई यहाँ एक साक्ष्य प्रस्तुत गरेर पुष्टि गर्नु पनि सान्दर्भिक नै ठहर्नेछ । उदाहरणका निम्ति एक साक्ष्य :

‘हामीकहाँ रक्तदान गर्ने परिपाटी नभएकाले यो ठूलो कुरा भएको हो । विदेशतिर यो सामान्य कुरा हो । तपाईं स्वस्थ हुनुभो । मेरो रगत खेर गएन ।’ आभासले जबाफ दिएको थियो । आभासको कुरो साँचो हुँदाहुँदै पनि उसको बोल्ने अथवा जबाफ फर्काउने शैली नीलालाई पटक्कै मन परेन । केही अघि आभाससँग कुरा गर्दागर्दै

नीला भने संवेदनापूर्ण भावमा झन्डैझन्डै तरल हुन खोजेकी थिई । तर आभासले उसको संवेदनात्मक आवाजको कम्पन महसुस नै गरेको थिएन । 'कस्तो रूखो मानिसको रगत मेरो शरीरमा परेछ ।' त्यस बेला उसलाई कसोकसो वितृष्णा हुन खोजेको थियो' (**उसको लोग्ने र बिरालो**, २०६०/२७-२८ ।

नीलाले आफू प्रसूति हुन लागेको स्थितिमा जसको रगत ग्रहण गरेर जीवन जोगाएकी थिई त्यसै मान्छेप्रति दोस्रो पति मानेर पस्निन पुग्नुपरेको स्थिति भने यहाँ नीलाले बडो विडम्बनासाथ स्विकार्नुपरेको छ । कहिलेकाहीँ आकस्मिक रूपमा मात्र भेटघाट भए पनि छोरी स्मृतिको अन्नप्रासनको निम्तामा आएका कारण मात्र भेट भएका बेलाको आभाससँगको संवादले नीलामा स्वाभिमानपूर्ण मनोविज्ञानको प्रवृत्ति जीवन्त छ भन्ने कुरा पनि यहाँ प्रकटमा आएको छ । विशिष्ट तवरबाट निर्माण भएको मानसिकतामा फेरि एकपल्ट धक्का लाग्न खोजेको छ । यसरी मनोविघटनको संवेदना प्रारम्भिक तहबाटै विकसित बन्दै गएको सन्दर्भलाई यस उद्धरणले साक्ष्य गरेको छ । यसको आशय पनि त्यसको विशिष्ट विघटनको सन्दर्भका साथ यहाँ विशिष्ट संवेदनाको अवस्थाप्रति सचेत बनेर प्रकटमा आएको छ ।

नेपाली समाजको संस्कार र मनोरचनाको परिस्थितिगत अवस्थालाई विघटनका अवस्थामा पुग्दा पनि संयम र धैर्यका साथ सन्तुलनमा राख्न प्रयत्न गरिएको छ । आभास र नीलाको सहमतिमा एकपल्टको विघटन गरेर ध्वस्त भइसकेका अवस्थामा पुन: विघटनको स्थिति पनि यहाँ मनोविघटनका पक्षको सन्दर्भ नै बनाएर उपस्थापन गरिएको देखिन्छ । यस पक्षलाई उपन्यासकार इन्दिरा प्रसाईद्वारा पात्रको मनोविघटनलाई पुन: प्रतिपादन गरिएको स्थिति देखिन्छ । यस परिस्थितिको साक्ष्य गर्ने अर्को एक उपयुक्त सन्दर्भ प्रस्तुत गरेर पुष्टि गर्नु पनि सान्दर्भिक हुनेछ :

'आभास मानिसलाई बाँच्नका लागि चाहिने सबैभन्दा आवश्यक कुरा मनको सुख रहेछ । मैले तिमीबाट सुख पाउन सकिनँ । माया त म पनि तिमीलाई नै गर्छु, तर खोइ म तिमीसँग खुसी हुन सकिनँ र खुसी भएको बहाना बनाएर म तिमीलाई झुक्याउन पनि सक्तिनँ, अझ आफूलाई त सक्तै सक्तिनँ ।' नीलाले एकदमै हतारहतार भनेकी थिई' (**उसको लोग्ने र बिरालो**, २०६०/१०९-११०) ।

यस्ता विघटनका पक्षहरू पनि यहाँ सन्दर्भ बनेर उपस्थित भएका छन् । समाज संवेदनाको विषयभित्र रहेको र अझ परिवारभित्रका दाम्पत्य जीवनका सांस्कृतिक र पारिवारिक सीमाका पक्षहरू यहाँ पनि देखिएका छन् । नीला र आभासको बीचका सम्बन्धको ऊर्जाबाट बाँकी जीवन सार्थक बनाउन खोजिएका सबै प्रश्नहरू विघटनमा पुगेको अवस्थालाई माथिका साक्ष्यले प्रकट गरेको छ । मनको सङ्गठित अवस्थालाई व्यवहारमा ल्याउन सकिएमा मात्र सुखानुभव हुने रहेछ भन्ने बोध गरेपछि नीलाले विघटित मनको पनि व्यवस्थापन गर्ने प्रयत्न गर्न जानेको स्थिति यहाँ उल्लेख छ । मान्छेले आफूले आफैँलाई झुक्क्याएर बाँच्ने बहाना गर्‍यो भने आफैँ चकानाचूर हुने गरी विघटित हुन्छ भन्ने सन्दर्भको अभिमतलाई यस उद्धरणले साक्ष्य गरेको छ । यसरी विघटित बनेको मन फेरि नजोडिने अवस्थामा पुगेको र सिसाझैँ चकनाचूर भएको स्थिति माथिका उद्धरणले प्रस्तुत गरेको छ । यसको पनि व्यवस्थापन गर्न सकियो भने जीवन फेरि पनि सुन्दर हुन्छ र यसैअनुसार जीवनले प्रदर्शित हुनुपर्छ भन्ने सन्देश यस साक्ष्यले दिएको छ ।

### ६. उपसंहार

'उसको लोग्ने र बिरालो' सामाजिकभन्दा पनि बढी मनोवैज्ञानिक समस्या प्रक्षेपण गर्ने तर शिष्ट र संवेदानापूर्ण यौनचिन्तनको विषयलाई आधार बनाउने कृति हो । यसले यौनलाई शिष्टतापूर्वक पाठकसमक्ष

प्रस्तुत गर्ने काम गरेको छ । यो उपन्यास एकल र लघु परिवारको संस्कृति विकसित बन्दै गएको आजको समाजमा त्यस्तो परिवार झन् विकारग्रस्त बन्दै र विकृतिमा डुब्दै छ भन्ने सन्देश दिने ढङ्गले प्रस्तुत भएको छ । जीवन र जगत् भोगको सन्दर्भ आजको नेपाली मध्यम तथा निम्नमध्यमवर्गीय परिवारले तिक्त स्वाद समेटेर भोग्दै छ भन्ने पनि यसको आशय हो । कुण्ठा, निराशा र वितृष्णाबाट बाहिर निस्किन प्रयत्न गर्नेहरूको जीवन पनि कटुताका भड्खारातिर भासिँदै छ भन्ने यस उपन्यासको आशय रहेको छ । यिनै कथ्यहरूको सेरोफेरोमा जोरजाम भएको प्रस्तुत उपन्यास जीवनका निम्ति निकै प्रेरणादायी सिद्ध भएको छ ।

प्रस्तुत उपन्यास **उसको लोग्ने र बिरालो** अङ्ग्रेजी भाषामा अनूदित भएको छ । त्यसै गरी अङ्ग्रेजी भाषाबाट अरबी भाषामा समेत अनूदित भएको छ । नेपाल इजिप्ट दौँत्यसम्बन्धको स्वर्णजयन्तीका उपलक्ष्यमा इजिप्ट सरकारबाट अरबी भाषामा यस उपन्यासको प्रकाशन भएको हो । नेपाली भाषाबाट अरबी भाषामा अनुवाद हुने पहिलो भाषासाहित्यको पुस्तकको गरिमा पनि यही उपन्यासको भागमा परेको छ ।

जीवनका अनेक संवेदना र तिनले जन्माएका विकारहरू आजको मान्छेका निम्ति आत्मघाती साधन बन्दै छन् भन्ने उपन्यासको सार रहेको छ । रूपा र दर्पण, आभास र नीला आजको विघटित जीवन संस्कृतिका प्रतिनिधि भोक्ता हुन् भन्ने पनि यस उपन्यासका सन्दर्भले सिद्ध गरेका छन् । बन्दाबन्दैको जीवन र परिवार नै विघटित बनिसकेका सन्दर्भहरू प्रक्षेपण गर्नु यस उपन्यासको आशय रहेको छ । उर्मिला र सुदेशको प्रस्तावबाट एकपल्ट विघटित बनेको दाम्पत्य जीवनलाई फेरि नयाँ लेप लगाएर जोडजाड गर्न गरिएको प्रयत्न पनि विफल बन्दै गएर विघटित बन्न पुगेको सन्दर्भ यस

उपन्यासको विषय बनेको छ । कुण्ठाका निकास र मनोवैज्ञानिक क्षतिका अनेक आपूर्तिको अन्वेषण र चयन गर्ने विषयहरूको चयनबाट तयार भएको प्रस्तुत उपन्यासले नेपाली साहित्यको भण्डारमा राम्रै स्थान लिन पुगेको छ । यस अर्थले उपन्यासकार पनि श्रेयको भागी बनेको तथ्य सिद्ध हुन्छ ।

## ४. समग्र निष्कर्ष

आख्यानकार प्रसाईका प्राप्ति र सीमा

# आख्यानकार प्रसाईका प्राप्ति र सीमा

**प्राप्ति**

(क) सिर्जनामा सर्जकले भोगेका अनुभव, अध्ययन र अनुभूतिबाट आर्जित ज्ञानका सीमामा समाज तथा सांस्कृतिक स्रष्टाको सृष्टिचेतनाका क्रममा मानवमा प्रभाव पार्न आउने आन्तरिक तत्त्वहरूमा उसका आदिवृत्ति, संस्कारको निर्माण तथा परम्परा र वंशाणुगत गुणको भूमिका जीवन्त रहन्छ । यसरी नै समाज र संस्कृतिका, पर्यावरण तथा विशेष परम्पराका, युगीन चिन्तनका विशिष्ट प्रभावहरू स्रष्टाका सिर्जनामा अभिव्यञ्जित हुन्छन् । सिर्जनामूलक चेतनाको ऊर्जा स्रष्टाले आर्जन गरेका शिक्षादीक्षा, उसका परिधिको आवहवा र सांस्कृतिक तथा सामाजिक स्थितिसमेत उत्प्रेरक पक्ष बनेर रहेको हुन्छ । स्रष्टा इन्दिरा प्रसाईमा पूर्वीय संस्कारको अविच्छिन्न शृङ्खलाको अनुस्यूतिको निरन्तरता छ, नेपाली संस्कार र संस्कृतिको पनि अविच्छिन्न गतियुक्त अनुस्यूति छ र आधुनिक ज्ञान तथा तिनले प्राप्त गरेका प्रभावहरूको पनि यसै अनुस्यूतिमा समायोजित बनेको रङ्ग तथा तिनको स्थिति जीवन्त छ । यिनै प्रभावको न्यूनता र आधिक्यताका स्थितिहरू संयोजित बन्दै गएर स्रष्टा इन्दिरा प्रसाईको विशिष्ट सिर्जना चेत तयार भएको छ ।

(ख) स्रष्टा इन्दिरा प्रसाईको सर्जक व्यक्तित्व निर्माणमा खपत भएको ऊर्जाको सूचना यहाँ सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु पनि सार्थक हुन्छ । उनको व्यक्तित्व निर्माण, सृजनयात्रा र चिन्तनको

समेत पारस्परिक सम्बन्ध सृजित सामग्रीले सहज र संवेदित सत्य र तथ्यको साक्ष्य गरेर कथाको आयतनमा प्रस्तुत भएका छन् । जीवनका यथार्थ तथ्यहरू अनावृत हुँदै सर्जकको सृजनयात्राको आरोहणक्रम क्रमशः प्रकटमा आएको स्थिति देखिन्छ । यस्ता वस्तुगत संवेदना र तिनले आत्मसात् गरेका तथ्यहरूको समायोजन गर्दै स्रष्टा प्रसाईको आख्यानयात्रालाई कथाका सन्दर्भमा सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक संवेदनाका आधारलाई समीक्षात्मक विवेचनाका आधारमा निष्कर्ष दिने जमर्को गरिएको छ । यस दृष्टिले आख्यान सिर्जनामा पनि पूवार्द्ध चरणको अन्त २०५५ मा आइपुग्दा **मन सायद उघ्रँदैन** (२०५१) र **बयान** (२०५५) दुई कथासङ्ग्रह र पहिलो उपन्यास **विश्वामित्र** (२०५५) प्रकाशनमा आएका छन् । यिनको सन्दर्भमा माथिको लेखनमा चर्चा गरिएको नै छ । अन्ततः प्रसाईको सृजनयात्रा र जीवनयात्राको सन्दर्भ सँगसँगै गतिशील बन्दै गएको स्थिति देखिएको छ । यस प्रकार आख्यानकार प्रसाईको जीवनयात्राको अध्ययनबाट आधुनिक नेपाली उपन्यास र कथाको परम्परामा विशिष्ट प्राप्तिको अभिलक्षण देखिएको सन्दर्भको पुष्टि भएको छ ।

(ग) आख्यानकार प्रसाईका आविर्भाव त २०३०-२०४० को अवधिमै भएको हो । यस समयबाट उद्भव भएको सिर्जन क्षमताको प्रतिफलन **मन सायद उघ्रँदैन** २०५१ मा आएर भएको छ । २०५१ पूर्वको समयमा सिर्जना भएका कथाहरूको सङ्ग्रह हो– **मन सायद उघ्रँदैन** । प्रस्तुत सङ्ग्रहका कथाले प्रसाईको कथा सिर्जनाको आधारशिला तयार गरिदिएको छ । तिनमा कथाकार प्रसाईबाट समाज मनोविज्ञान, यौन र कताकता बाल तथा अपराध मनोविज्ञानका पनि अभिलक्षणहरू प्रकट भएका छन् । यिनका अतिरिक्त विपरीत लैङ्गिक आकर्षण र विकर्षणको मनोविज्ञान कथामा अन्तर्भूत गर्न प्रयत्नरत कथाकारका रूपमा देख्न पाइन्छ । अर्थ र राजनीतिका

संस्कार तथा पुरुषप्रधान सत्ताको प्रभावले जन्माएका अनेक विकृतिहरूले कथाको आवरण प्राप्त गरेका छन् । कथाकार प्रसाई हाम्रा वरिपरि छरिएर बसेका विषयहरूमा कथा पहिल्याउने कथाकार हुन् । सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक समस्याहरूका संवेदनाले मानवीय मर्ममा स्पर्श गरेका अनेक स्थितिलाई कथाको रूप प्रदान गर्न समर्थ बन्दै गएको सन्दर्भ यहाँ प्रस्तुत भएका कथामा देखिन्छ । यसरी स्रष्टा प्रसाईको आख्यान सिर्जनाको धरातल २०५१ पूर्व नै तयार भएको कुरा सार्थक बन्न पुगेका तथ्य पुष्टि हुन्छ । प्रसाईमा अन्तर्निहित स्रष्टाले सिर्जनात्मक भावी यात्राको क्रममा यिनै आधारभूमिलाई आवाद गर्दै आफू सिर्जनाशिखरको आरोहणमा अग्रसर बनेको सन्दर्भ नै **मन सायद उघ्रँदैन**को प्राप्ति बनेको छ ।

(घ) दोस्रो कथासङ्ग्रह **बयान**मा रहेका कथाहरू लघु आकृतिका छन् । यसमा समाविष्ट कथाले वर्तमान नेपाली समाजको बिम्ब उतार्न प्रयत्न गरेका छन् । एकातर्फ परम्परित प्रक्रियाका आधारमा वर्तमानका सीमामा रहेका मानवीय संवेदनाहरू यहाँ अभिव्यञ्जित बनेका छन् भने अर्कातर्फ विश्वजनीन मानवीय संवेदनाका अनेक प्रश्नहरू पनि कथ्यको आधार बनेर आएका छन् । समाज, जीवन, मनोविज्ञान, यौन, धर्म, संस्कृति र दर्शनका अनेक आयामहरू कथाका बीज बनेर आएका छन् र तिनमा प्रकथात्मकताका छनकहरू पनि सामाजिक तथा सांस्कृतिक जीवनका सन्दर्भ बनेर प्रकट भएका छन् । जीवनका शाश्वत पक्षका सीमामा रहेका मानवीय आचार, व्यवहार, मानवीय अस्मिता र नैतिक आचरणका पक्षहरू यहाँ विषयका संवाहक बनेर प्रकटमा आएका छन् । भाषाको प्रयोगका सङ्क्षिप्त अभिव्यक्ति कला र संवेदनाका उत्कर्ष क्षणहरू ग्रहण गर्नु र तिनको लघु आयतनमा उपस्थापन गर्न सक्नुजस्ता अवस्थाहरू यहाँ विषय र तिनका कथ्यहरूका पोषक बनेर आएका छन् । त्यस्ता स्थितिलाई यहाँ कथाका विषय, कथनको विषय बनाएर ल्याउन सक्नु

पनि उनको प्राप्तिको विषय बनेको देखिन्छ । यसबाट सङ्क्षिप्त कथनमा व्यापक विषयको उपस्थापन गर्न सक्ने क्षमता लघुतम आयतनमा बृहत्तम् प्राप्ति, सांस्कृतिक तथा सामाजिक मूल्य प्रसाईको प्राप्ति बनेको देखिन्छ । यस प्रकारको शिल्प सन्धानका आधारमा स्रष्टा प्रसाई सफल लघु कथाकारका रूपमा प्रतिनिधित्व गर्न सक्ने क्षमता आर्जन भएका कारण उनको सिर्जनात्मक सन्दर्भ पनि प्राप्तिकै रूपमा स्थापित भएको छ ।

(ङ) यसपछि प्रसाईको तेस्रो कथासङ्ग्रह **दोस्रो सत्ता** शीर्षकमा प्रकाशित छ र यसले कथाकार प्रसाईको कथायात्राको उत्तरार्द्ध चरणलाई प्रतिनिधित्व गरेको छ । यसमा सङ्कलित कथाहरूले पुरुष सत्ताका कारण जन्मिएका मनोवैज्ञानिक चिन्तनमा अचेतन र अर्द्धचेतन तथा स्वचालित मनका गतिविधिहरू क्रियाशील भएका छन् । यसमा मानवहृदयको विशिष्ट संवेदनाका साथ प्रकट हुने मानसिक संवेग र मनका ऊहापोहहरू कथाका कथ्य बनेका छन् । मानसिकताका विशिष्ट क्षणहरूलाई कथाको रूप प्रदान गर्ने कला यसमा सङ्कलित कथाहरूमा निकै आकर्षक र मार्मिक संवेदनाका वाहक बनेर प्रकटमा आएका छन् । मनको दारुण अवस्थाको प्रस्तुति नै यहाँ प्राप्ति बनेको छ । लैङ्गिक आधारमा दमित बन्न विवश नारीहरूको पीडा, आर्थिक अभावका कारण जन्मेका वितृष्णाका भाव र सांस्कृतिक प्रताडनाका आधारमा दमित बनेका नारी र पुरुष मनोविज्ञानका सन्दर्भहरू यस सङ्ग्रहमा कथाका प्राप्ति बनेका छन् । बहुविवाह र अनमेल विवाहका सन्दर्भहरू, यौन र प्रजनन क्षमता तथा परम्परित जैविक तथा यौनिक संस्कारका सन्दर्भहरू पनि यहाँ कथाका आधारमा कथाकारका प्राप्ति बनेका छन् ।

मान्छेमा निहित नैसर्गिक प्रणय भावको दुरुपयोगका कारण मान्छे नैँ सिकार बनेका प्रेमीप्रेमिकाका प्रश्नहरू यहाँ कथाका कथ्य बन्ने भएका कारण प्रसाईको कथा सिर्जनामा विषयले मनोरचनाका

आयाम प्रक्षेपण गर्ने काम गरेको छ । यिनै विषयले कलाको रूप प्राप्त गरेको सन्दर्भ पनि व्यापक रूपमा प्रकट भएको देखिन्छ । कथामा प्रयुक्त भाषा र कथानक योजना तथा प्रस्तुतीकरण र संरचनामा पनि यस चरणमा आइपुग्दा प्रसाईमा निकै परिपक्वताको स्थिति देखिएको छ । कथामा विषय व्यवस्थापन र कथनशिल्पको कला, भाषामा कवितात्मकता र अभिव्यक्तिमा व्यङ्ग्यात्मकताको प्रस्तुति तथा सूत्रात्मकता र ध्वन्यात्मक संवेदनाको उपस्थापन भएका सन्दर्भहरू प्रसाईका कथाको प्राप्ति बनेर प्रकटमा आएका छन् । सांस्कृतिक दृष्टिले सम्मानित भाषाको प्रयोग र यौनको शिष्ट र सन्तुलित अवस्थामै कथ्य प्रक्षेपण गर्ने क्षमता प्रसाईमा व्यवहृत बनेको सन्दर्भ पनि कथाको रूप प्राप्त गर्न सफल भएका छन् । यिनै विशेषताका आधारमा कथाकार प्रसाईका उपलब्धिलाई निरूपण गरेर निष्कर्ष प्राप्तिको श्रेय दिन सकिने स्थिति देखिन्छ ।

(च) **मेरो कथा नलेखिदिनू** शीर्षकको सङ्ग्रहमा सातओटा कथा छन् र यी सातैओटा कथाहरू भौतिक तथा शरीररचना वैज्ञानिक सन्दर्भसँग जोडिएका छन् । यिनमा विपरीत लैङ्गिक, समलैङ्गिक र सन्दिग्ध लैङ्गिक समस्याहरू शरीररचना विज्ञानका संवाहक विषय बनेर प्रकटमा आएका छन् । यसमा समाविष्ट कथाका विषय बनेर रहेका कृत्रिम अङ्गविन्यासका सन्दर्भहरू स्वैरकल्पनात्मक संवेगका आधारमा पछिल्लो चरणमा विज्ञान चेतनाका कथाले परिपक्वता प्राप्त गरेका छन् । यो उनको थप प्राप्ति हो । त्यस्तै साइबर संस्कृति र यान्त्रिक मानवको आविष्करण, नीति र सदाचार आदि यस कथामा संस्कृतिका रूपमा प्रयोग भएका छन् । यथार्थका वैज्ञानिक आधारको अतिक्रमणमा आउने प्रत्यक्ष र परोक्ष यथार्थका विषयहरू पनि यहाँ प्रकट भएका छन् । सञ्चार साहित्यले आत्मसात् गर्ने प्रविधिलाई स्वैरकल्पनामा संयोजन गरेर कथाको रूप प्रदान गरिनु प्रसाईको पछिल्लो चरणको थप

प्राप्ति हो । यस्ता अनेकौं विशिष्टताहरू प्रसाईका कथाका प्राप्तिमा समाहित भएका छन् । यस दृष्टिले प्रस्तुत सङ्ग्रह आफैंमा विशिष्ट संवेदनाको वाहक बनेर कथाकरण भएका सामग्रीका रूपमा प्रकटमा आएको छ । यिनै विशेषतालाई प्रस्तुत सङ्ग्रहका कथाको प्राप्ति मान्न सकिन्छ ।

(छ) पूर्वार्द्ध चरणको सीमान्तमा उपन्यास यात्राको प्रकाशनको आरम्भ 'विश्वामित्र' उपन्यासका आधारमा भएको छ । पूर्वार्द्ध चरणमै आरम्भ भएको सृजनदृष्टि यहाँ निकै विशिष्ट ढङ्गले प्रयोगमा आएको छ । यो सन्दर्भ सिर्जनाका दृष्टिले आफैंमा स्तुत्य रहेको छ । प्रस्तुत उपन्यासको विषययोजना र कथाको वितरण, पात्रको विधान, परिवेशको निर्धारण र क्रियाकलापको स्वाभाविक सञ्चालन, एउटा कथा र पात्रमा आएको गतिशीलताले सबै पात्र, कथा र परिवेशसमेतमा ल्याउन सक्ने गतिशीलता यसमा राम्ररी प्रयोग भएको छ । यस कलालाई प्रस्तुत उपन्यासको प्राप्तिको कारण बनेको मान्न सकिन्छ । भाषिक प्रस्तुतिका दृष्टिले प्रसाईको काव्यिक कला आख्यानका सन्दर्भमा पनि त्यत्तिकै सहज र स्वाभाविक रूपमा प्रकटमा आएको छ । मीठो भाषिक शिल्प, सबल मानव मनका पत्रहरू केलाउने वैचारिक कला यस उपन्यासमा प्रसाईको प्राप्ति बनेको छ । पात्रको उमेरसमूह, परिवेशको संरचना, चरित्रनिर्माणको कला, संस्कार तथा संस्कृतिजन्य संवेगहरू यस पहिलै उपन्यासमा सफल ढङ्गले प्रस्तुत भएका छन् । यिनले प्रसाईको उपन्यास सिर्जनाको सम्भावित यात्रा सकारात्मक दिशामा अग्रसर भएको छ । यस कुराका निम्ति भरपर्दो प्राप्तिका रूपमा यो उपन्यास उपस्थित भएको छ ।

(ज) **रनमाया** इन्दिरा प्रसाईको दोस्रो प्रकाशित औपन्यासिक सिर्जना हो । यसै उपन्यासको भूमिकामा प्रसाईले आफ्नो प्रथम उपन्यास कृति **शिखा** हो र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रकाशन पालो कुर्दाकुर्दा तेस्रो प्रकाशित उपन्यास बन्न पुगेको पीडाजन्य

यथार्थ पनि अभिव्यक्त गरेकी छन् । **रनमाया**मा साहित्यका माध्यमद्वारा नेपाली मूलका भुटानीहरूलाई लखेट्न सिर्जना गरिएको भुटानीहरूको आतङ्कलाई कलात्मक आवरणमा विरोध गर्ने काम भएको छ । मानवीयताको संवेदना जहाँ र जहिले पनि पीडाप्रदायक हुन्छ र यस्ता विषयमा न्यायिक आवाज बुलन्द गर्नु सान्दर्भिक हुन्छ । यो काम प्रस्तुत उपन्यासमा हुनु नै यस कृतिको प्राप्ति हो । यस उपन्यासको विषय 'शरणार्थी साहित्यको कित्तामा पर्ने स्थितिमा देखिएको छ । विश्वमा आतङ्कको शिखरझैं सिर्जना भएको 'शरणार्थी समस्याका भयावह रूप नै यहाँ विषय बनेको छ । नेपाली साहित्यमा 'शरणार्थी साहित्यका परिधिमा व्याख्या हुन सक्ने प्रस्तुत कृतिको सिर्जना गरेर 'शरणार्थी समस्यालाई निराकरण गरिनुपर्ने सन्देश नेपाली आख्यानका क्षेत्रमा एक नयाँ आयामको स्थिति बनेर आउन सक्नु उपन्यासको थप प्राप्ति हो । यसरी प्रसाईले भुटानको सरकारले जन्माएको राक्षसी प्रवृत्तिलाई विषय बनाएर सिर्जना गरिएको यस उपन्यासले आजको विश्वमा सिर्जना भएको 'शरणार्थी समस्यालाई जीवन्त रूप प्रदान गर्न सक्नु पनि विशिष्ट प्राप्ति हो । यस कृतिले 'शरणार्थी सन्दर्भमा प्रतिनिधित्व गरेको विषय नेपाली साहित्यमा नयाँ प्राप्तिलाई नयाँ प्रवृत्ति एवं धाराको रूप प्रदान गर्न सक्ने सम्भावनाले प्राप्तिको अवस्था प्रदान गरेको छ ।

(ऊ) आधुनिक नेपाली उपन्यास परम्परामा आफ्नो प्रतिष्ठा आर्जन गर्न सफल बनेकी प्रसाईको सिर्जनाको सन्दर्भ कथामा जस्तै उपन्यासमा पनि निकै उच्च देखिएको छ । उनका उपन्यासहरूले सिद्ध गरिसकेका प्राप्तिमा पछिल्लो उपन्यास **शिखा** पनि जोडिन आएको छ । शिखा नायिकाको केन्द्रमा रचित उपन्यासमा यस समाजका सांस्कृतिक र आर्थिक जीवनका सन्दर्भमा आएका विभिन्न सन्दर्भहरू नेपाली मानवका आचरणको बिम्बका रूपमा प्रयोग भएका छन् । नेपाली समाजको सांस्कृतिक, पारिवारिक र आर्थिक

पर्यावरणको सन्दर्भमा रहेका आञ्चलिक चरित्र र जीवनचर्याहरू, तिनले जन्माएका परिस्थितिहरू यहाँ उपन्यासको प्राप्ति बनेर आएका छन् । यहाँ स्रष्टा प्रसाईले प्रस्तुत गरेका सन्दर्भहरू नेपाली समाजका ग्रामीण, सहर र अर्द्धसहरका बिम्बका रूपमा प्रकट भएका देखिन्छन् । समग्र मानवका मानसिक स्थितिमा आएका विसङ्गत पक्षहरू पनि यहाँ व्यवस्थित बनेर कथानकसँग जोडिएका छन् । समाज मनोविज्ञानलाई विषयको केन्द्र बनाएर सिर्जना गरिएको प्रस्तुत उपन्यास नेपाली पर्यावरणमा केन्द्रित सामाजिक उपन्यास हो । यसले आफ्ना समकालीन उपन्यासको इतिहासमा विशिष्ट भूमिका निर्वाह गरेको छ । विशेष गरी नेपाली समाजको २०५० पूर्वको समयको सामाजिक पर्यावरणको केन्द्रमा छरिएको विषय यस उपन्यासको प्राप्ति बनेको छ ।

वस्तुत: मध्यम आयतनमा सृजित यस उपन्यासको आख्यानवृत्त अग्रगामी शिल्पमा तर्जुमा भएको छ । भाषामा कवितात्मक कोमलता, भावमा व्यङ्ग्यात्मकता र विचारमा आलोचनात्मकता पनि यस उपन्यासको विषय बनेको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा सृजित यस उपन्यासले नेपाली उपन्यास सिर्जनाको समवर्तीचरणको प्रतिनिधित्व गरेको छ । समयको केही विस्तृत आयतन समेटिएको यो उपन्यास अधिकतर नारीसमस्याको संवेदनामा उनिएका अनेक उल्झनको प्रतिनिधि कृति बनेको छ । यस उपन्यासले प्रसाईको उपन्यासकारितालाई सबल गति प्रदान गरेका विषयलाई विशिष्ट प्राप्तिका रूपमा लिन सकिने स्थिति देखिन्छ । उपन्यासको संरचना विधानले उनको विशिष्टतालाई पनि सङ्केत गरेको छ । यस उपन्यासले पनि प्रसाईको उपन्यास सिर्जनाको गतिलाई उत्कर्षता प्रदान गरेको छ र यो पनि सर्जकको प्राप्ति बनेको छ ।

(ञ) मनोवैज्ञानिक संवेदनाको जटिल संरचनालाई उद्घाटन गर्ने ध्येयमा केन्द्रित **उसको लोग्ने र बिरालो** उपन्यास विपरीत यौन

तथा असामान्य मनोदशालाई कथ्य बनाउने क्रममा सिर्जना भएको छ । वर्गीय आधारमा आभिजात्य जनित कुण्ठाग्रस्त पुरुष आभासमा विकसित बनेको बिरालाप्रतिको आकर्षण, एकपछि अर्को बिरालाको जोरजाम, बिरालाप्रतिको चिन्ता र चासोको प्राथमिकता नायकको मनोरचनाको उद्घाटन उपन्यासकारको प्राप्ति बनेको छ । नीलासँग सम्बन्धविच्छेद बनेको पहिलो पति र आभाससँग सम्बन्ध विच्छेद बनेकी पहिली पत्नीको सम्बन्धविच्छेदको प्रदूषण उपन्यासका नायकनायिका आभास र नीलाको उपस्थितिमा अनुपस्थित नायकनायिका दर्पण र रूपाको अलग उपन्यास समानान्तर पठनमा अझ टीठलाग्दो बनेर उपस्थित हुन्छ । यस प्रकार अकथित कथनमा प्रस्तुत उपन्यासको समानान्तरता निर्वाह हुनु विशिष्ट प्राप्ति हो । आभिजात्य संस्कारले जन्माएको मानसिक कुण्ठा आभासमा जटिल ढङ्गले भासमान भएको कुरा उपन्यासले प्रस्तुत गरेको छ । बाल्यकालमा बाबुबाट अलग रहनाका कारण र आमाको संरक्षण र अनुशासन बेहोर्नाका कारण जन्मेको कुण्ठा नारी पोथी बिरालाप्रतिको प्रतिशोधात्मकता उपन्यासमा बिरालाप्रतिको आकर्षण र पत्नीप्रतिको विकर्षण बनेर प्रकटमा आएको छ । बाबुको स्नेहको क्षति परिपूर्णता यहाँ बिरालाको सुश्रुषाबाट पूर्ति हुनु र आमाको अति वात्सल्य र स्नेह क्षति पत्नी रूपा र नीलाप्रतिको विकर्षणबाट परिपूर्ति भएको छ । मानव मनमा सुषुप्त बनेर रहेको अतृप्त संवेगको अवस्था आभास र नीलाका माध्यमबाट प्रकटमा आउनु उपन्यासको प्राप्ति बनेको छ ।

**सीमा**

प्रसाईको सिर्जना क्षेत्रमा देखिएका यी प्राप्तिलाई तिरोहित गरिहाल्ने र ऋणात्मक दिशातर्फ धकेल्ने क्षमताका तहमा झार्न सक्ने खालका सीमाहरू देखिन्नन् । यहाँ भाषाका व्याकरणगत सानातिना कसरमसर भए पनि तिनको प्रभाव कमजोर नै देखिन्छ । विषयवस्तुका दृष्टिले भने प्रसाईले समाज, विज्ञान र मनोविज्ञानको

क्षेत्रसमेत समेट्ने प्राप्ति अर्जित गरेका कारण सीमाहरूको व्याख्या गरिहाल्नुपर्ने स्थिति पनि देखिएको छैन । यिनै क्षाम्य सीमाका आधारमा आख्यानकार प्रसाईको सर्जक व्यक्तित्व निर्माण भएको स्थिति देखिन्छ ।

# सन्दर्भ सामग्री


गौतम, लक्ष्मण (२०७३), 'कथाको अध्ययन', काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान

प्रसाई, इन्दिरा (२०५१), 'मन सायद उघ्रँदैन', ललितपुर : साझा प्रकाशन

प्रसाई, इन्दिरा (२०५५), 'बयान', काठमाडौँ

प्रसाई, इन्दिरा (२०५५), 'विश्वामित्र', काठमाडौँ : पिलग्रिम बुक हाउस

प्रसाई, इन्दिरा (२०५९), 'शिखा', काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

प्रसाई, इन्दिरा (२०५९), 'रनमाया', काठमाडौँ : नइ प्रकाशन

प्रसाई, इन्दिरा (२०५९), 'उसको लोग्ने र बिरालो', काठमाडौँ : नइ प्रकाशन

प्रसाई, इन्दिरा (२०६२), 'दोस्रो सत्ता', ललितपुर : साझा प्रकाशन

प्रसाई, इन्दिरा (२०७४), 'मेरो कथा नलेखिदिनू', काठमाडौँ : नइ प्रकाशन

प्रसाई, नरेन्द्रराज (२०६३), 'नारीचुली', काठमाडौँ : नइ प्रकाशन

श्रेष्ठ, दयाराम (२०३९), 'पच्चिस वर्षका नेपाली कथा', काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

श्रेष्ठ, दयाराम (२०४५), 'नेपाली कथाको समकालीन सन्दर्भ', ललितपुर : साझा प्रकाशन

शर्मा, मोहनराज (२०३५), 'कथाको विकास प्रक्रिया', ललितपुर : साझा प्रकाशन

सुवेदी, राजेन्द्र (२०५१), 'स्नातकोत्तर नेपाली कथा' (सम्पा.) ललितपुर : साझा प्रकाशन

सुवेदी, राजेन्द्र (२०७३), 'समसामयिक नेपाली उपन्यास', काठमाडौँ : तन्नेरी प्रकाशन

सुवेदी, राजेन्द्र (२०७३), सांस्कृतिक अध्ययन र नेपाली साहित्य, पाठ्यसामग्री प्रकाशन, काठमाडौँ

# इन्दिरा प्रसाईको परिचय



**बुबा** : गणेशप्रसाद शर्मा (१९९०-२०४६), **आमा** : दुर्गादिवी नेपाल (१९९५); **जन्म** : २०१४ साल फागुन ३ गते (दार्जिलिङ, भारत); **शिक्षा** : एमबिए; **कृति** : ५७ पुस्तक (कथा, कविता, उपन्यास, जीवनीमूलक निबन्ध, समीक्षा, सम्पादन); **विभूषण र पुरस्कार** : गद्दीआरोहण रजतपदक (२०५३), वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८), प्रबल गोरखा दक्षिणबाहु (२०५९); युवावर्ष मोती पुरस्कार (२०५१), मैनाली कथा पुरस्कार (२०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), राष्ट्रिय गौरव युवासम्मान (२०५३), भद्र घले पुरस्कार (२०६४), देरुनीख पुरस्कार (२०६७), दीपज्योति पुरस्कार (२०६७), भानुभक्त प्रज्ञापुरस्कार (२०७१), भानुभक्त स्वर्णपदक (२०७१), भारती खरेल पुरस्कार (२०७३), धनमान लघुकथा पुरस्कार (२०७६), वासुशशी पुरस्कार (२०७७); **भ्रमण** : नेपालका विभिन्न जिल्ला तथा भारत, द.कोरिया, बेलायत र अमेरिका; **परिकल्पना तथा प्रबन्धन** : बालकृष्ण सम शताब्दी महोत्सव (२०५९), डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०), देवकोटा शताब्दी महोत्सव (२०६५), अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६), विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१), आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१), डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको

उपाधि (२०७१), डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४), नेपाल-भारत नेपाली भाषासाहित्य प्राध्यापक सम्मेलन (२०७५), प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचक (२०७७) आदि; **संस्थापक तथा अध्यक्ष** : त्रिमूर्ति निकेतन (२०५९ देखि), नइ प्रकाशन (२०५२ देखि); **उपाध्यक्ष** : वानीरा फाउण्डेसन (२०७६ देखि); **प्राध्यापन** : महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर र पशुपति बहुमुखी क्याम्पस, काठमाडौं (२०४७-२०७०); **कार्यकारी अध्यक्ष** : गोरखापत्र संस्थान (२०६१); **सल्लाहकार** : श्री ५ को सरकार (२०६१); **कार्यकारी उपाध्यक्ष** : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१-२०७२) ।

## कृति

### कथासङ्ग्रह

१. मन सायद उघ्रँदैन (२०५१)
२. बयान (२०५५)
३. दोस्रो सत्ता (२०६२)
४. मेरो कथा नलेखिदिनू (२०७४)

### उपन्यास

१. विश्वामित्र (२०५५)
२. रनमाया (२०५८)
३. शिखा (२०५९)
४. उसको लोग्ने र बिरालो (२०६०)

### कवितासङ्ग्रह

१. वायुपङ्खी घोडा (२०५७)
२. तिमी हुनुको (लामो कविता : २०५७)
३. नेपाल न्युज डट कम (२०५९)
४. माल्दाइलाई चिठी (२०६१)
५. ए समुद्र ! (लामो कविता : २०६३)
६. शारदा (लामो कविता : २०६९)
७. धिपधिप (अर्ग्यानिक कवितासङ्ग्रह : २०७७)

**खण्डकाव्य**

१. हरिमाया (२०७४)

**समीक्षात्मक पत्र निबन्ध**

१. प्रिय नरेन्द्र (२०६१)

**जीवनीमूलक निबन्ध**

१. मेरी सासू (२०६५)
२. भागीरथा प्रसाईको निर्वाण (२०६९)

**समीक्षा**

१. पुष्पलता र भीरमाया (२०६९)
२. उषा शेरचनको शङ्खघोष (२०७२)

**कोश**

१. विश्वनारी नेपाली स्रष्टाकोश (२०७१)

**अनुवाद**

१. मेरा जीवन : मेरी कहानी (२०५४) नेपाली भाषाबाट हिन्दी भाषा

**सम्पादन**

१. त्रिमूर्ति निकेतन (२०६०)
२. देवकोटाको राष्ट्रिय चिन्तन (२०६६)
३. देवकोटा शताब्दी कविता (२०६६)
४. बगेको खोला (लेखक : दुर्गादेवी नेपाल : २०७२)
५. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (२०७३)

**नरेन्द्रराज प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सिर्जना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)
३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)
५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)
७. उकालीओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीत शिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरिको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२२. कवितामा घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानुभक्त दुई सय वर्ष (२०७२)

**अङ्ग्रेजी र अन्य भाषा**

1. The Husband & the Cat (A Noble, Translation by Brazesh Khanal : 2005)
2. Ranamaya (A Novel, Translation by Keshab Sigdel : 2017)
3. Being of You (Long Poem, Translation by Mohan Sitaula : 2017)
4. Do Not Inscribe My Story Please (Short Story, Translation by Durga Banwasi : 2019)

५. उसको लोग्ने र बिरालो (उपन्यास, अरबिक भाषा सन् २०१० : इजिप्ट सरकारको संस्कृति मन्त्रालयबाट प्रकाशित पहिलो नेपाली साहित्य) ।

**इन्दिरा प्रसाईबारे लेखिएको मुख्य कृति**

- **प्रा.राजेन्द्र सुवेदी**

१. आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि (२०७७)

**इन्दिरा प्रसाईबारे एमए शोधपत्रहरू (त्रिभुवन विश्वविद्यालय)**

- **सुरेन्द्र भट्टराई**

१. इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०५५)

- **शीतला काफ्ले**

२. उपन्यासकार इन्दिरा प्रसाई (२०६७)

- **शशीकला रोकाहा**

३. उसको लोग्ने र बिरालो उपन्यासमा पात्र विधान (२०७५)

- **सुभद्रा सापकोटा**

४. रनमाया उपन्यासको विधातात्त्विक अध्ययन (२०७६)



: